# वार्षिक प्रतिवेदन

(आ. ब. २०७४/२०७५)

## नेपाल कानून आयोग

## बानेश्वर, काठमाडौ

## भदौ, २०७५

नेपाल कानून आयोग

(नेपाल कानून आयोग ऐन, २०६३ को दफा २२ बमोजिम तयार गरिएको)

# वार्षिक प्रतिवेदन

(आ. ब. २०७४/२०७५)

नेपाल कानून आयोग

**नेपाल कानून आयोग**

**बानेश्वर, काठमाडौं**

**भदौ, २०७५**

# संक्षेपिकरण

आ.व. : आर्थिक वर्ष

आयोग : नेपाल कानून आयोग

ऐनः नेपाल कानून आयोग ऐन, २०६३

नेपाल कानून आयोग

# प्राक्कथन

नेपाल कानून आयोग ऐन, २०६३ को दफा २२ मा नेपाल कानून आयोगले वर्ष भरिमा सम्पन्न गरेको काम कारवाहीको विवरण सहितको वार्षिक प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्नुपर्ने व्यवस्था रहेको छ । सोही प्रयोजनका लागि आर्थिक वर्ष २०७४/७५ मा यस आयोगबाट सम्पादित काम कारवाहीको विवरण समावेश गरी प्रस्तुत वार्षिक प्रतिवेदन तयार गरिएको छ । प्रतिवेदनमा मूलतः यस आयोगबाट सम्पादन भएका मुख्य मुख्य काम, आयोगको गठन एवं संगठनात्मक स्वरुप, जनशक्ति, भौतिक संरचना, बित्तीय विवरण, भावि कार्यदिशा, कानून र न्यायको सुधारमा भएको सुझाव र सिफारिस, समस्या र सुझावका अलावा आयोगका विभिन्न गतिविधीहरु समावेश गरिएका छन ।

कानून निरन्तर परिमार्जन र सुधार भई रहने विषय हो । यसै तथ्यलाई विचार गरी यस आयोगले पनि नेपालको कानून तथा न्यायका क्षेत्रको अध्ययन तथा अनुसन्धान गर्दै कानून तर्जुमा गरि कानूनको सुधार र परिमार्जनलाई निरन्तरता दिन सम्बद्ध निकायलाई सुझाव दिइरहेको छ । त्यसैगरी नयाँ ऐनका मसौदा तयार गर्ने, कानूनको संहिताकरण गर्ने, प्रचलित कानूनलाई समसामयिक बनाउने, प्रभावकारी रुपमा कार्यान्वयनयोग्य कानून वनाउन अध्ययन र अनुसन्धान गरी संशोधन एवं परिमार्जन गर्ने, प्रचलित नेपाल कानूनको एकिकरण, पुनरावलोकन वा खारेज गर्ने सम्बन्धमा नेपाल सरकारलाई सिफारिस गर्ने साथै यस आयोगको वेबसाइट मार्फत नेपाल कानून लगायतका अन्य सामाग्रीको प्रकाशन गर्ने कार्य समेत गर्दै आइरहेको छ ।

माथि उल्लिखित कामका अतिरिक्त यस आ.ब.मा वि.सं २०७२ सालमा प्रारम्भ भएको नेपालको संविधान कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यक पर्ने विभिन्न कानूनको अध्ययन र तर्जुमाको कामलाई पहिलो प्राथमिकतामा राखेर गर्नु पर्नाको कारणले आयोगका नियमित रुपमा गर्नुपर्ने गरि वार्षिक कार्यक्रममा तोकिएका कतिपय अध्ययन, अनुसन्धान र तर्जुमा लगायतका कार्यलाई आगामी आ.ब. मा निरन्तरता दिनुपर्ने अवस्था रहेको छ । कानूनको सुधार निरन्तर रुपमा हुने एक प्रक्रिया भएकोले यसको निरन्तर सुधार र परिमार्जन मार्फत नै परिष्कृत हुने हुँदा न्याय र कानूनको क्षेत्रलाई आधुनिक, समसामयिक र सम्बृद्ध बनाउदै लैजाने उद्देश्यले यस आयोगको स्थापना भएको देखिन्छ । तथापि यस आयोगको स्थायी

भवन नभएको, कार्यबोझ अनुरुप जनशक्ति एवं स्रोत साधन सम्पन्न बनाउन नसकिएको कारणले आयोगलाई आफ्नो लक्ष्य प्राप्त गर्न र ऐनले दिशानिर्देश गरेको उद्देश्य हासिल गर्नमा केही कठिनाई भोगि रहेको छ ।

अन्त्यमा, प्रस्तुत प्रतिवेदनमा उल्लिखित विषयवस्तु सरोकारवाला व्यक्ति, निकाय एवं न्याय र कानूनका क्षेत्रमा सम्वद्ध सबैलाई जानकारीमुलक हुने विश्वासका साथ यो प्रतिवेदन तयारी एवं प्रकाशनमा संलग्न सबैप्रति आयोग हार्दिक आभार व्यक्त गर्दछ ।

**नेपाल कानून आयोग**

**भदौ, २०७५**

नेपाल कानून आयोग

# बिषय सूची

## परिच्छेद - १

## आयोगको संक्षिप्त परिचय


| | | पृष्ठ |
|---|---|---|
| १.१ | पृष्ठभूमि | १ |
| १.२ | आयोगको विकासक्रम : संक्षिप्त सिंहावलोकन | २ |
| १.३ | नेपाल कानून आयोगको गठन र संगठनात्मक संरचना | ५ |
| | १.३.१ आयोगको गठन | ५ |
| | १.३.२ आयोगको संगठनात्मक संरचना | ७ |
| १.४ | आयोगको काम, कर्तव्य र अधिकार | ७ |
| १.५ | प्रतिवेदन अवधि | ९ |
| १.६ | आयोगलाई उपलब्ध साधन स्रोत | १० |
| | १.६.१ मानव स्रोत (जनशक्ति) | १० |
| | १.६.१.१ प्रशिक्षार्थी विद्यार्थी | ११ |
| | १.६.१.२ विशेषज्ञ जनशक्ति | १२ |
| | १.६.२ भौतिक साधन स्रोत | १२ |
| | १.६.२.१ आयोगको भवन | १२ |
| | १.६.२.२ सञ्चार | १३ |
| | १.६.२.३ पुस्तकालय | १४ |
| | १.६.३ आयोगको वित्तीय स्थिति | १४ |


## परिच्छेद - २

## कानून निर्माणमा आयोगको भूमिका


| | | |
|---|---|---|
| २.१ | विषय प्रवेश | १५ |
| २.२ | नेपाल कानून आयोग ऐन, २०६३ बमोजिम आयोगको भूमिका | १६ |
| २.३ | कानून तर्जुमा | १६ |
| २.४ | कानून संशोधनमा आयोगको भूमिका | १७ |


नेपाल कानून आयोग

२.५ कानून निर्माणमा एकरुपता कायम गर्ने प्रयास १७

२.६ कानूनको केन्द्रिय अभिलेख राख्ने कार्य १८

## परिच्छेद -३

## आ.व. २०७४/०७५ को वार्षिक कार्यक्रम र कार्यप्रगति

३.१ आयोगको प्रमुख कार्य २०

३.२ आयोगले सञ्चालन गरेका कार्यक्रमहरु २१

३.२.१ विधेयक तर्जुमा २१

३.२.१.१ प्राणी उद्यान प्राधिकरणका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २१

३.२.१.२ पेट्रोलियम पदार्थ तथा ग्यासको कारोबार सम्बन्धी विधेयक २२

३.२.१.३ शिक्षाको अधिकारका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २२

३.२.१.४ शिक्षा सम्बन्धी कानूनलाई संशोधन तथा एकिकरण गर्न बनेको विधेयक २२

३.२.१.५ वैयक्तिक गोपनियता सम्बन्धी विधेयक २३

३.२.२ तर्जुमाको क्रममा रहेका विधेयकहरु २३

३.२.३ अन्तरक्रिया तथा गोष्ठी २३

३.२.४ इन्टर्नसिप कार्यक्रम सञ्चालन २४

३.२.५ आयोगको वेवसाइट अद्यावधिक २५

३.२.६. कानूनको जानकारी गराउने सम्बन्धी कार्यक्रम (Legal Dissemination Program) २५

३.२.७ राय-सुझाव संकलन २६

३.२.८ क्षमता अभिवृद्धि २६

३.२.९ विभिन्न निकायसँगको सहकार्यमा सम्पन्न भएका कार्यहरु २७

३.३ अन्तर्राष्ट्रिय स्तरको भेटघाट कार्यक्रम २७

## परिच्छेद - ४

## कानून र न्याय क्षेत्रमा सुधारका लागि सुझाव तथा सिफारिस


| | | |
|---|---|---|
| ४.१ | अर्न्तराष्ट्रिय सन्धि/महासन्धि कार्यान्वयन सम्बन्धमा | २९ |
| ४.२ | संविधानसँग बाँझिएका कानून संशोधनमा आयोगको भूमिका | ३० |
| ४.३ | प्रचलित कानूनको संशोधन सम्बन्धमा | ३१ |
| | ४.३.१ सार्वजनिक खरिद सम्बन्धी कानूनको संशोधन | ३१ |
| | ४.३.२ प्रमाण ऐन, २०३१ को संशोधन | ३१ |
| ४.४ | नेपाल पक्ष भएका अर्न्तराष्ट्रिय सन्धि सम्झौताको कार्यान्वयन सम्बन्धी कानून निर्माण | ३२ |
| ४.५ | कानून सम्बन्धी दक्ष जनशक्तिको विकास | ३३ |
| | ४.५.१ कानून तर्जुमा सम्बन्धी जनशक्तिको विकास | ३३ |
| | ४.५.२ कानून शिक्षाको गुणस्तरीय र सर्वसुलभता | ३४ |


## परिच्छेद - ५

## नेपाल कानून आयोगको भूमिकाको प्रभावकारीता


| | | |
|---|---|---|
| ५.१ | भौतिक पूर्वाधार | ४० |
| ५.२ | जनशक्ति व्यवस्था र विकास | ४१ |
| ५.३ | कानून सम्बन्धी अध्ययन र प्रकाशनको व्यवस्था | ४१ |
| ५.४ | राज्य पुर्नसंरचनाको सन्दर्भमा आयोगको भूमिका | ४२ |


नेपाल कानून आयोग

# अनुसूचीहरु


| | | |
|---|---|---|
| अनुसूची-१ | पदाधिकारीको नामावली | ४५ |
| अनुसूची-२ | नेपाल कानून आयोगमा बि.सं.२०१० सालदेखि हालसम्मका अध्यक्षको नामावली | ४६ |
| अनुसूची-३ | नेपाल कानून आयोगमा बि.सं.२०१० सालदेखि हालसम्मका उपाध्यक्षको नामावली | ४७ |
| अनुसूची-४ | प्रशासनिक संगठन संरचना | ४८ |
| अनुसूची- ५ | कर्मचारी दरबन्दी | ४९ |
| अनुसूची- ६ | कार्यरत कर्मचारीको नामावली | ५० |
| अनुसूची- ७ | आयोगको वर्तमान भौतिक अवस्थाको विवरण | ५२ |
| अनुसूची- ८ | आयोगको वित्तीय विवरण र आ. व. २०७४/०७५ को प्रगती विवरण | ५३ |
| अनुसूची- ९ | वार्षिक कार्यक्रम २०७४/०७५ | ५५ |
| अनुसूची- १० | आर्थिक वर्ष २०७४/७५ मा आयोगबाट तयार भई सम्बन्धित मन्त्रालयमा पठाइएका विधेयकको सूची | ६२ |
| | (१) प्राणी उद्यान प्राधिकरणका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | ६२ |
| | (२) पेट्रोलियम पदार्थ तथा ग्यासको कारोवार सम्बन्धी विधेयक | ८३ |
| | (३) शिक्षाको अधिकारका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | १२७ |
| | (४) विद्यालय तथा शिक्षण संस्था संचालनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | १४६ |
| | (५) वैयक्तिक गोपनियता सम्बन्धी विधेयक | १८७ |
| अनुसूची- ११ | आयोगको वेवसाइटमा रहेका कानूनहरुको विवरण | २०७ |
| अनुसूची- १२ | आ.व.२०७४/७५ मा सम्पन्न भएको कार्यक्रम सम्बन्धी विवरण | २०८ |

# परिच्छेद - एक

# आयोगको संक्षिप्त परिचय

## १.१ पृष्ठभूमि

कानून आधुनिक राज्य प्रणालीको अनिवार्य तत्व हो । कानूनले नै राज्यको शासकिय स्वरुप निर्धारण गरेको हुन्छ । राज्यका विभिन्न अङ्ग र निकायहरुको काम, कर्तव्य र अधिकार कानूनद्वारा निर्धारण गरिएको हुन्छ । राज्य र नागरिक तथा नागरिक नागरिक बीचको सम्बन्ध र व्यवहार नियमन र नियन्त्रण गर्ने कार्यमा कानूनको महत्वपूर्ण भूमिका रहेको  हुन्छ । कानून निर्माण गरी राज्यमा शान्ति, सुव्यवस्था र सुशासन कायम गर्नु  सरकारको कर्तव्य मानिन्छ । राज्यमा कानूनको शासन कायम हुन कानून स्वच्छ, निष्पक्ष र सद्विवेकमा आधारित हुनपर्दछ । यसका लागि राज्यले कानून निर्माणको विधि प्रक्रिया र संयन्त्र पनि कानूनद्वारा नै सुनिश्चित गरेको हुन्छ ।

समाज गतिशील हुन्छ र समाजको विकाससँगै मानिसहरुको व्यवहार र सम्वन्धहरु पनि परिवर्तन हुँदै जान्छ । समाजको परिवर्तनसँगै परिवर्तित व्यवहारहरुलाई सहजीकरण र नियमन गर्न विद्यमान कानूनमा सामयिक सुधार एवं परिमार्जन गर्नु पर्ने हुन्छ भने कतिपय पुराना कानून खारेज गरी नयाँ कानून निर्माण गर्नुपर्ने हुन्छ । विज्ञान र प्रविधिको विकाससँगै मानिसको आकांक्षा र आवश्यकतामा बृद्धि भैरहेको हुन्छ । देशको समग्र विकास गरी जनताको जीवन स्तर अभिवृद्धि गर्दै सम्बृद्धिको लक्ष्य हासिल गर्ने चुनौती सरकार सामु रहेको हुन्छ । जनताको आकांक्षा अनुरुप सम्वृद्धि हासिल गर्नका लागि सरकारले निर्माण गरेको विभिन्न नीति र कार्यक्रमहरुको संचालन र व्यवस्थापनका लागि समेत कानूनको आवश्यकता पर्दछ । आर्थिक, सामाजिक र साँस्कृतिक रुपमा पछाडि परेका वर्ग र समुदायको उत्थान गर्दै सम्वृद्धि र विकासको मूल प्रवाहमा सहभागी गराउनका लागि समेत कानूनद्वारा विशेष व्यवस्था गर्नुपर्ने हुन्छ । समग्रमा समाजको अग्रगामी परिवर्तन मार्फत आम नागरिकको आर्थिक, सामाजिक विकासका निमित्त राज्यले बनाउने नीति कार्यक्रमको कार्यान्वयनका लागि नयाँ कानून निर्माण गर्नुपर्ने हुन्छ ।

नेपाल कानून आयोग

विश्वव्यापी रुपमा प्रतिपादन भएका कानूनका नविनतम अवधारणा र सिद्धान्त एवं सर्वोत्तम अभ्यास (Best Practices), अदालतले प्रतिपादन गरेका कानूनी सिद्धान्त तथा मुलुकले सन्धि सम्झौता मार्फत गरेको अन्तर्राष्ट्रिय प्रतिवद्धताको कार्यान्वयन गर्ने सन्दर्भमा पनि नयाँ कानूनको निर्माण तथा विद्यमान कानूनको नियमित सुधार एवं परिमार्जन गरी रहनु पर्ने आवश्यकता रहन्छ ।

विद्यमान कानूनमा समायानुकूल संशोधन, परिमार्जन र सुधार गर्दै राष्ट्रको आवश्यकता अनुसार निरन्तर रुपमा समय सापेक्ष कानून बनाउने उद्देश्यले विश्वका विभिन्न मुलुकमा "कानून आयोग" वा "कानून सुधार आयोग" को गठन गर्ने गरेको पाइन्छ । कमन ल प्रणाली अपनाउने मुलुकहरुमा सामान्यतः कानूनको नियमित सुधार गर्न त्यस्तो आयोग गठन गर्ने गरिन्छ । सार्क मुलुकहरुमध्ये भारत, पाकिस्तान, श्रीलंका र बंगलादेशमा कानून आयोगको गठन भएको छ । "कमन ल" प्रणाली अवलम्बन गर्ने मुलुकहरु बेलायत, क्यानडा, अमेरिका, न्यूजिलैण्ड, आयरलैण्ड, तान्जानिया, केन्या, मरिशस, युगाण्डा, दक्षिण अफ्रिका लगायतका मुलुकहरुमा पनि कानून सुधार आयोग स्थापना गरिएका छन् । नेपालको सन्दर्भमा नयाँ कानूनको मस्यौदा तर्जुमा गर्ने तथा भईरहेको कानूनलाई समयसापेक्ष संशोधन, परिमार्जन, पुनरावलोकन र संहिताकरण समेतको काम गर्नको वि.सं. २०१० साल देखि विभिन्न रुपमा कानून आयोगको गठन भएको पाइन्छ ।

## १.२ आयोगको विकासक्रम : संक्षिप्त सिंहावलोकन

औपचारीक रुपमा कानून निर्माण गर्ने पद्धतीको विकास हुनु भन्दा अघि विभिन्न धार्मिक ग्रन्थ र शास्त्रहरुका आधारमा शासन संचालन गर्ने गरिएको पाइन्छ । नेपालको इतिहासमा सबैभन्दा पहिला किराँतकालमा देशको शासन विधान किराँत समुदायको पवित्र ग्रन्थ, जसलाई "किराँत मुन्धुम" भनिन्छ द्वारा सञ्चालित थियो भने लिच्छवीकालमा विभिन्न धर्मशास्त्रहरु अनुसार न्याय प्रशासन सञ्चालन गर्ने गरेको र धर्मशास्त्रले नसमेटेका विषयमा "राजाज्ञा" र "सनद" जारी गर्ने गरेको पाइन्छ । सोहीकालमा अंशुवर्माले धर्मशास्त्रका विभिन्न विषयमा विद्वानहरुसँग

छलफल गरी "लोकव्यवहार" अनुसार कानून बनाउने गरेको इतिहास छ । मल्लकालमा जयस्थिति मल्लले तत्कालीन सामाजिक अवस्थालाई विचार गरी नयाँ कानूनी व्यवस्था गर्न "विद्वान्हरुको समिति" बनाएका थिए । कानूनका विद्वानहरुको सहायता लिई चार वटा कूननहरु गृह निर्णय, क्षेत्र निर्णय, जात निर्णय र मानव न्यायशास्त्र बनाई जारी गरको पाइन्छ । त्यसैगरी, शाहकालीन राजा राम शाहले विभिन्न थितिको व्यवस्था गरी तत्कालीन समयको न्याय व्यवस्था र कानूनलाई उदार र समयानुकूल सुधार गरेका कारणले नै "न्याय नपाए गोरखा जानु" भन्ने लोकोक्ति नै चलेको पाईन्छ । राणाशासनकालमा जंगबहादुर राणाले सम्वत् १९१० सालमा "मुलुकी ऐन" बनाउँदा कानून मस्यौदा गर्ने एक निकाय "कौशल अड्डा" गठन गरी २१० जना पदाधिकारीलाई मस्यौदा बनाउन निर्देशन गरेको इतिहास छ । राणा शासन कालमै वि.स. १९९३ मा कम्पनि कानून पेटेण्ट, डिजाइन र ट्रेडमार्क राख्नु तथा वि.स. १९९४ मा नेपाल बैंक कानून बनेको देखिन्छ ।

वि.सं. २००७ सालको परिवर्तन पछि नेपालको शासन व्यवस्थामा आधुनिकीकरण शुरु भएकोले कानून सुधारको क्षेत्रमा समेत बिशेष प्रयास शुरु गरेको देखिन्छ । सोही क्रममा कुनै नयाँ कानून निर्माण गर्न, कानूनको संहिताकरण गर्न तथा भैरहेका कानूनहरुको पुनरावलोकन गरी आवश्यकता अनुसार संशोधन गर्ने लगायतका जिम्मेवारी कानून आयोगलाई सुम्पिने अभ्यासको शुरुवात भइ सोही अनुरुप विभिन्न समयमा देहाय बमोजिमका कानून आयोगहरु गठन भएको पाइन्छ :-

(१) वि.सं २००९ को बुच कमिशनले सर्वप्रथम कानून आयोगको गठन गर्न सिफारिस गरेकोले २०१०/९/६/१ को मन्त्रिमण्डल बैठकबाट ल कमिसन खडा गर्ने निर्णय भएको थियो । त्यस्तो निर्णय हुँदा देहायको व्यहोरा उल्लेख भएको पाइन्छ जसमा एकजना चेयरम्यान र ६ जना सदस्य रहने तथा आयोगको काम कारबाही सूचारु रुपले चलाउन देहायका तीन सेक्सनमा बाँडिने व्यहोरा समेत उल्लेख भएको पाइन्छ :

(क) देवानी विषयक ऐन, सवाल, सनदको सेक्सन ।

(ख) फौजदारी विषयक ऐन, सवाल, सनदको सेक्सन ।

(ग) मालको सवाल, अड्डाअड्डालाई भएका सवाल र श्रेस्ता अपिल विषयक सवाल, सनदको सेक्सन ।

उक्त आयोगले नेपालको अन्तरिम शासन विधान, २००७ मा रहेका राज्यका निर्देशक सिद्धान्तसंग बाझिएका प्रचलित नेपाल कानून, ऐन, सनद, सवाल लगायत कानूनको अध्ययन गरी निर्देशक सिद्धान्तसंग अनुकूल हुनेगरी कानून बनाउने, छरिएर रहेका कानूनी दस्तावेजलाई एकत्रित गरी संहिताकरण गर्ने र नयाँ ऐनका मस्यौदा तयार गरी सुझाव सिफारिस गर्ने गरी आयोगको काम, कर्तव्य, अधिकार तोकिएको पाइन्छ । उक्त आयोगले मिति २०१०/११/३ का दिनदेखि कार्य प्रारम्भ गरेको र वि.सं. २०१२ सालमा "नेपाल दण्ड विधान" तयार गरी पेश गरेको थियो ।

(२) त्यसपछि, मिति २०१७/६/२७ मा पुनः दुई वर्षका लागि दोस्रो ल कमिसन गठन भएको र मिति २०१७/७/१५ मा नेपाल राजपत्रमा सो सम्बन्धी सूचना प्रकाशन भएको पाइन्छ । ज्यादै छोटो अवधिमा पनि यस कमिशनले मुलुकी ऐनको आधुनिकिकरणको काम थालनी गरेको र नयाँ मुलुकी ऐनको मस्यौदा तयार गरी सिफारिश गरेको पाइन्छ ।

(३) तेस्रो पटक मिति २०२०/१०/८ को निर्णयबाट २०२०/१२/१० मा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी कानून आयोगको गठन तथा स्थापना भएको र त्यसपछि पनि पटक पटक म्याद थप हुँदै २०२७ सालसम्म उक्त आयोगलाई कानूनका क्षेत्रमा अध्ययन, अनुसन्धान, कानून तर्जुमा, संशोधन, संहिताकरण लगायतको कार्य गर्ने जिम्मेवारी तोकेको पाइन्छ ।

(४) प्रचलित नेपाल कानूनमा विशेष गरी फौजदारी, देवानी, वाणिज्य तथा प्रमाण सम्बन्धी कानूनहरुमा भैरहेको अभाव र त्रुटीहरु हटाई सकेसम्म सरल वैज्ञानिक र व्यावहारिक रुप दिई छुट्टाछुट्टै ऐनहरुको तर्जुमा गर्न चौथो पटक मिति २०२९/२/१९ मा कानून आयोग गठन भएको देखिन्छ ।

(५) मिति २०३६/८/२६ मा नेपाल कानून सुधार आयोगको नामबाट अपराध संहिता र अपराध कार्यविधि संहिताको मस्यौदामा प्राप्त भएका सल्लाह र सुझावहरुको अध्ययन गरी त्यसलाई कार्यान्वयन गराउन मिलाउनु पर्ने भनी ठहर गरिएका कुराहरुलाई मस्यौदामा मिलाई अद्यावधिक गर्ने तथा दण्ड



नेपाल कानून आयोग

सजाय सम्बन्धी नीति, हर्जना, क्षतिपूर्ति दिलाउने लगायतका विषयमा कार्य गर्न पाँचौ पटक आयोग गठन भई मिति २०४१/८/२० सम्म कार्यरत रहेको देखिन्छ ।

(६) तत्कालिन श्री ५ को सरकारको मिति २०४१/८/२१ को निर्णयबाट छैठौं पटक नेपाल कानून सुधार आयोग गठन भई २०५७/१/१९ सम्म कार्यरत रहेको देखिन्छ । यसरी कार्यकारिणीको निर्णयबाट विभिन्न कालक्रममा विभिन्न नामबाट आयोगको गठन हुँदै आए तापनि छुट्टै कानून र स्पष्ट अधिकार क्षेत्रको अभावमा तत्कालीन आयोगहरु कार्यरत रहेका थिए ।

(७) विगतमा सरकारको कार्यकारी आदेशबाट आयोग गठन भई कार्यक्षेत्रगत शर्तहरु (TORs) तोकिने अभ्यास रहेकोमा नेपाल कानून आयोग ऐन, २०६३ ("ऐन" भनिएको) लागू भए पश्चात प्रथम पटक कानून प्रदत्त अधिकारबाट आयोगको गठन हुने व्यवस्था भएको छ । ऐनको दफा ४ वमोजिम आयोगको गठन हुने र दफा १० र २१ बमोजिम आयोगको काम, कर्तव्य, अधिकार सम्बन्धी व्यवस्था रहेको हुँदा आयोगको आफ्नो कार्यक्षेत्र तथा अधिकारका सम्बन्धमा अघिल्ला आयोगहरू भन्दा बढी स्पष्ट र अधिकार सम्पन्न रुपमा रहेको पाइन्छ । विगतका कार्यकारी निर्णय वा आदेशबाट गठन हुने अभ्यासको अन्त्य भई नेपाल कानून आयोग ऐन, २०६३ बमोजिम आयोग एक कानूनी निकाय (Statutory Body) को रुपमा रहने व्यवस्था प्रारम्भ भएको छ ।

## १.३ नेपाल कानून आयोगको गठन र संगठनात्मक संरचना

### १.३.१ आयोगको गठन

कानूनको तर्जुमा, संहिताकरण तथा प्रचलित कानूनको संशोधन, एकीकरण र पुनरावलोकन गर्ने तथा कानून र न्याय सम्बन्धी विषयमा अध्ययन र अनुसन्धान गर्ने उद्देश्यले लागू भएको नेपाल कानून आयोग ऐन, २०६३ मिति २०६३/९/३० देखि प्रारम्भ भएको हो । ऐनको दफा ४ अनसुार आयोगको गठन देहाय वमोजिम गरिएको छ :-

(क) सर्वोच्च अदालतको न्यायाधीश भइसकेको वा हुने योग्यता पुगेका व्यक्तिहरूमध्येबाट नेपाल सरकारले नियुक्त गरेको व्यक्ति - अध्यक्ष

(ख) नेपाल न्याय सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा रही काम गरिसकेको वा वरिष्ठ अधिवक्ता वा अधिवक्ताको हैसियतले कम्तीमा पन्ध्र वर्ष कानून व्यवसायीको रूपमा काम गरेको वा कानूनको अध्यापन, अनुसन्धान, तर्जुमा वा कानून वा न्यायको क्षेत्रमा कम्तीमा पन्ध्र वर्षको अनुभव हासिल गरेका व्यक्तिहरू मध्येबाट नेपाल सरकारले नियुक्त गरेको व्यक्ति - उपाध्यक्ष

(ग) खण्ड (ख) बमोजिमको योग्यता पुगेका व्यक्तिहरू मध्येबाट नेपाल सरकारले मनोनीत गरेको कम्तीमा एकजना महिला रहने गरी बढीमा तीनजना - सदस्य

(घ) सचिव, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय - सदस्य

(ङ) सचिव (कानून), प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(च) नायव महान्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय - सदस्य

(छ) सचिव - सदस्य-सचिव

आयोगमा हाल कार्यरत पदाधिकारीको नामावली अनुसूची - १ मा समावेश गरिएको छ भने आयोगका हालसम्मका अध्यक्षको नामावली अनुसुची - २ र उपाध्यक्षको नामावली अनुसुची - ३ मा समावेश गरिएको छ ।

नेपाल कानून आयोग

### १.३.२ आयोगको संगठनात्मक संरचना

आयोगवाट सम्पादन हुने काम कारवाहीलाई व्यवस्थित तथा प्रभावकारी रुपमा सम्पादन गर्न आयोगमा प्रशासन र तर्जुमा तथा अनुसन्धान गरि दुई महाशाखा रहेका छन् । आयोगमा हालको संगठन संरचना अनुसार कुल ३३ स्वीकृत दरबन्दी रहेको छ, जसमध्ये नेपाल न्याय सेवा, कानून समूहको राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिव -१, राजपत्राङ्कित प्रथम श्रेणीको सहसचिव -२, राजपत्राङ्कित द्वितीय श्रेणीको उपसचिव -२, राजपत्राङ्कित तृतीय श्रेणीका शाखा अधिकृत -५, राजपत्र अनंङ्कित प्रथम श्रेणीको नायब सुब्बा -५ र राजपत्र अनंङ्कित द्वितीय श्रेणीको खरिदार -४ गरी १९ पद नेपाल न्याय सेवाको रहेको छ । सामान्य प्रशासन समूह लेखा समूहको राजपत्रांकित तृतीय श्रेणीको लेखा अधिकृत -१, राजपत्र अनंङ्कित प्रथम श्रेणीको नायब सुब्बा -३ र बाँकी अन्य दरबन्दी अन्य सेवा समूहका रहेका छन् । आयोगको प्रशासनिक संगठन संरचना अनुसूची - ४ मा समावेश गरिएको छ ।

## १.४ आयोगको काम, कर्तव्य र अधिकार

नेपाल कानून आयोग ऐन, २०६३ को दफा १० मा व्यवस्था गरिए अनुसार आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) नयाँ कानून बनाउने वा विद्यमान कानूनमा संशोधन गर्ने सम्बन्धमा वा कानून तथा न्याय सम्बन्धी समसामयिक विषयमा अध्ययन तथा अनुसन्धान गर्ने, गराउने,

(ख) कानूनको संहिताकरणका लागि आवश्यक संहिताको मस्यौदा तयार गरी नेपाल सरकार समक्ष पेश गर्ने,

(ग) प्रचलित कानूनमा एकीकरण वा पुनरावलोकन गर्ने तथा सो सम्बन्धमा नेपाल सरकारलाई आवश्यक सुझाव दिने,

(घ) नयाँ कानून निर्माण गर्ने र आवश्यकताअनुसार प्रचलित कानूनमा संशोधन गर्ने सम्बन्धमा व्याख्यात्मक टिप्पणी सहितको मस्यौदा नेपाल सरकार समक्ष पेश गर्ने,

(ङ) हाल प्रयोग नभएका, एक आपसमा बाझिएका, असमान, विभेदजन्य, मानव अधिकार विरूद्धका तथा कार्यान्वयन हुन नसकेका कानूनको बारेमा अध्ययन गरी त्यस्तो कानून खारेज, संशोधन वा पुनरावलोकन गर्ने सम्बन्धमा नेपाल सरकार समक्ष सुझाव पेश गर्ने,

(च) अन्तर्राष्ट्रिय सन्धि, सम्झौताका प्रावधानलाई आवश्यकता अनुसार प्रचलित कानूनमा समावेश गर्न नेपाल सरकारलाई मस्यौदा वा सुझाव दिने,

(छ) कानूनको तर्जुमा, संहिताकरण, एकीकरण, पुनरावलोकन, सुधार र विकास गर्ने सम्बन्धमा आवश्यकता अनुसार सम्बन्धित निकाय वा संस्थासँग परामर्श, छलफल तथा अन्तरक्रिया गर्ने वा सो सम्बन्धमा सम्बन्धित निकाय वा संस्थासँग सहकार्य गर्ने,

(ज) विशेष किसिमका कानूनको अध्ययन र अनुसन्धान तथा मस्यौदा तर्जुमा गर्नको लागि विशेषज्ञको सेवा प्राप्त गर्ने,

(झ) कानून निर्माण प्रक्रियामा आवश्यकता अनुसार जनधारणा र राय सुझाव संकलन गर्ने,

(ञ) कानूनको मस्यौदालाई परिमार्जन गर्ने सिलसिलामा आवश्यकता अनुसार गोष्ठी, सेमिनार तथा अन्तरक्रिया जस्ता कार्यक्रम सञ्चालन गर्ने,

(ट) अन्य मुलुकका कानून आयोग तथा कानून तर्जुमा गर्ने निकायहरूसँग सम्पर्क गरी आवश्यक जानकारी तथा सूचनाहरू आदान प्रदान गर्ने,

(ठ) सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त अनुरूप कानून भए नभएको विषयमा अध्ययन गर्ने तथा सो अनुरूप भएको नदेखिएमा

कानून तर्जुमा, खारेज तथा पुनरावलोकन गर्ने सम्बन्धमा नेपाल सरकार समक्ष मस्यौदा पेश गर्ने,

(ड) आयोगको वार्षिक कार्यक्रम तयार गर्ने,

(ढ) नेपाल सरकारले तोकेको तथा आयोगले आवश्यक सम्झेको कानून तथा न्यायसँग सम्बन्धित अन्य कामहरू गर्ने ।

नेपाल कानून आयोग ऐन, २०६३ को दफा १० ले निर्दिष्ट गरेका कार्यहरुका अलावा आयोगले कानूनको अज्ञानता क्षम्य हुदैंन भन्ने भनाईलाई आत्मसात गर्दै विभिन्न कानून र तीनका प्रावधानहरुका वारेमा सरोकारवालाहरुलाई जानकारी प्रदान गर्ने तथा प्रचार प्रसार गर्ने कार्य पछिल्ला वर्षहरुमा गर्दै आईरहेको छ ।

आयोगले विद्यमान नेपाल कानूनहरुको पूर्ण पाठ तथा खारेज भैसकेका कानूनहरुको अभिलेख समेत आयोगको वेवसाइटमा सबैले उपयोग गर्न सक्ने गरी अद्यावधिक गरी उपलब्ध गराउदै आएको छ । साथै, कतिपय नेपाल कानूनको अंग्रेजी भाषामा र नेपाल पक्ष भएका सन्धि सम्झौताको नेपाली भाषामा समेत अनुवाद गरी आयोगको वेवसाइट मार्फत उपलब्ध गराउदै आएको छ ।

नेपाल सरकारबाट नियुक्त हुने आयोगका अध्यक्ष, उपाध्यक्ष र सदस्यहरूको योग्यता र पदावधि तथा नियुक्ति गर्दा वा पदबाट हटाउँदा आवश्यक पर्ने कार्यविधि र आयोगको काम, कर्तव्य र अधिकार ऐनमा नै व्यवस्था भएबाट आफ्नो काम कारबाही सञ्चालन र व्यवस्थापन गर्नको लागि आयोग स्वतन्त्र रहेको देखिन्छ ।

## १.५ प्रतिवेदन अवधि

नेपाल कानून आयोग ऐन, २०६३ को दफा २२ बमोजिम आयोगले प्रत्येक आर्थिक बर्ष समाप्त भएको मितिले साठी दिनभित्र आयोगको बार्षिक प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्नुपर्ने कानूनी व्यवस्था रहेको छ । सो प्रयोजनका लागि मिति २०७४/४/१ देखि २०७५/३/३१ सम्मको अवधिमा आयोगले सम्पादन गरेका काम



नेपाल कानून आयोग

र त्यस अवधिमा आयोगमा कार्यरत जनशक्ति तथा अन्य स्रोतसाधनका आधारमा आयोगको कार्य प्रभावकारिता, प्रगति र वर्तमान अवस्थामा केन्द्रीत रहेर यो वार्षिक प्रतिवेदन तयार गरिएको छ ।

## १.६ आयोगलाई उपलब्ध साधन स्रोत

हाल आयोगमा उपलब्ध रहेको मानव तथा भौतिक साधनस्रोतको अवस्था देहाय बमोजिम रहेकोछ :

### १.६.१ मानव स्रोत (जनशक्ति)

आयोगको एकमात्र भरपर्दो मानव स्रोतको रुपमा निजामती सेवामा कार्यरत जनशक्ति रहने व्यवस्था छ । हाल ३३ जना कर्मचारीको दरबन्दी कायम रहेको छ भने करारमा ३ जना कर्मचारी कार्यरत रहेका छन् । कार्य प्रकृतिका आधारमा नै विज्ञ र कानून क्षेत्रको ज्ञान, सीप, क्षमता भएका जनशक्ति रहनुपर्ने यस आयोगका कुल ३३ स्वीकृत दरबन्दी मध्ये जम्मा १९ पद नेपाल न्याय सेवाको रहेको छ । उक्त स्वीकृत दरवन्दी पनि प्राय जसो रिक्त रहने गरेका कारण आयोगमा काम गर्ने दक्ष जनशक्तिको अभाव सदैव खड्किने गरेको छ ।

कानूनको अध्ययन र अनुसन्धान गरी नयाँ कानून निर्माण वा मौजुदा कानूनको सुधार मार्फत कानूनी प्रणालीको विकास गरी यसलाई सम्वृद्ध बनाउन महत्वपूर्ण योगदान गर्ने उद्देश्य रहेको यस आयोगमा पुस्तकालयको व्यवस्थापन गर्न आवश्यक पर्ने दक्ष जनशक्तिको अभाव कायम रहेको छ । त्यसैगरी कानून निर्माणसँग प्रत्यक्ष सरोकार रहने विषयमा सम्बन्धित विषयको विशेषज्ञ सेवा लिन सकिने व्यवस्था नेपाल कानून आयोग ऐन, २०६३ को दफा १७ मा रहेको भएपनि सो को लागि आवश्यक बजेट विनियोजन हुन सकेको छैन । कानून निर्माण गर्दा त्यसको समाजशास्त्रीय विश्लेषण र कानूनको निर्माणबाट पर्ने विभिन्न प्रकारका प्रभावको विश्लेषण गरिनु पनि उत्तिकै महत्वपूर्ण हुने हुँदा यस प्रकारका कार्य गर्न सक्ने दक्ष

जनशक्तिको अभाव रहेको छ । उपरोक्त पृष्ठभूमीमा आयोगले उपलब्ध सिमित जनशक्तिबाटै आफ्नो कार्यसम्पादन गर्नुपर्ने बाध्यता छ ।

आयोगमा हाल कार्यरत रहेका कर्मचारी दरबन्दी सम्बन्धी विवरण अनुसूची -५ मा समावेश गरिएको छ । साथै उक्त दरवन्दी अनुरुप प्रतिवेदन अवधिमा आयोगमा कार्यरत कर्मचारीको नामावली अनुसूची -६ मा समावेश गरिएको छ ।

### १.६.१.१ प्रशिक्षार्थी विद्यार्थी

आयोगले नेपालका विभिन्न विश्वविद्यालयका कानून संकाय अन्तरर्गतका कलेजहरुमा कानून विषयको स्नातक तहमा अध्ययनरत विद्यार्थीहरू मध्येबाट सम्बन्धित कलेजको सिफारिशमा नेपाल कानून आयोगमा प्रशिक्षार्थी (इन्टर्न) को रुपमा कार्य गर्ने अवसर उपलब्ध गराउँदै आएको छ । कानून तर्जुमा र कानूनको अध्ययन अनुसन्धानमा विद्यार्थीहरूलाई व्यवहारीक रुपमा संलग्न गराई उनीहरुको ज्ञान, सीप र क्षमता अभिवृद्धि गर्ने गरिएको छ । विद्यार्थीहरुलाई कानून तर्जूमाको क्षेत्रमा आकर्षित गरी कानून तर्जूमा गर्ने जनशक्ति निर्माण गर्न आयोगले संस्थागत पहल समेत गर्दै आएको छ । प्रशिक्षार्थी विद्यार्थीहरुलाई प्रोत्साहन भत्ता स्वरुप मासिक रुपमा प्रति विद्यार्थी रु. ५०००।- उपलब्ध गराउने गरिएको छ ।

आ.व. २०७४।७५ मा नेपाल ल क्याम्पस, काठमाण्डौ स्कूल अफ ल, नेशनल ल कलेज र चक्रवर्ती हविव एजुकेशन एकेडेमीका वि.ए.एलएलवी तहमा अध्ययनरत १० (दश) जना विद्यार्थीहरुलाई पाँच महिनाको लागि इन्टर्नशीप कार्यक्रममा संलग्न गराइएको थियो । विद्यार्थीहरुले यस कार्यक्रममा देखाएको चासो र उत्साह तथा सम्बन्धित कलेजको सुझाव र प्रतिक्रियाको आधारमा

नेपाल कानून आयोग

कार्यक्रमलाई आगामी वर्षहरुमा पनि निरन्तरता दिन उपयुक्त देखिएको छ ।

### १.६.१.२ विशेषज्ञ जनशक्ति

आयोगको कार्य प्रकृति अनुसार आयोगमा विभिन्न विषयका विशेषज्ञ जनशक्तिको आवश्यकता पर्दछ । त्यसकारण कुनै विशेष कानून निर्माणको क्रममा सो कानूनसँग सम्बन्धित विषयको विशेषज्ञको सेवा लिन सकिने व्यवस्था नेपाल कानून आयोग ऐन, २०६३ को दफा १७ मा रहेको छ । तथापी आयोगले विशेषज्ञ सेवा लिनको लागि आवश्यक बजेटको व्यवस्था हुन नसकेको हुँदा विशेषज्ञको सेवा लिने प्रयोजनको लागि बजेट विनियोजन हुनु पर्ने आवश्यकता रहेको छ ।

## १.६.२ भौतिक साधन स्रोत

### १.६.२.१. आयोगको भवन

कुनै पनि कार्यालयको भौतिक अवस्था र पूर्वाधारले कार्यालयको काम गर्ने वातावरणमा प्रभाव पारेको हुन्छ । सिंहदरबार परिसरभित्र रहेको आयोग  सम्वत २०७२ साल वैशाख १२ गतेको विनाशकारी भुकम्प पश्चात बानेश्वर स्थित अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रको परिसरमा रहेको प्रि फ्याव टहराहरुमा स्थानान्तरण भई सोही स्थानबाट कार्यसंचालन हुदै आएको छ । वि.सं. २०६१ साल श्रावणदेखि जमलबाट सिंहदरबार परिसरमा सरेको आयोगको हालसम्म पनि आफ्नो स्थायी जग्गा वा भवन छैन । एकातर्फ सरकारले उपलब्ध गराएको सिमित स्पेश (ठाउँ) बाट आयोगले आफ्नो कार्य सम्पादन गरिरहेको छ भने अर्को तर्फ अर्न्तराष्ट्रिय सम्मेलन केन्द्र विकास समितीले पटक पटक उक्त परिसरबाट स्थानान्तरण हुन ताकेता गर्दै आइरहेको अवस्था छ । आयोगलाई उपयुक्त भवन उपलब्ध गराउन शहरी विकास तथा आवास

नेपाल कानून आयोग

मन्त्रालयसँग अनुरोध गर्दा सिंहदरवार परिसरमा भवन उपलब्ध गराउन नसकिने मौखिक जवाफ समेत प्राप्त भएको छ । यस स्थितीमा आयोगका निमित्त उपयुक्त भवनको आवश्यकता टड्कारो रुपमा खट्किएको छ ।

आयोगको आफ्नै भवनको अभावमा आयोगको पुस्तकालय, सेमिनार हल र सूचना प्रविधि समेतको व्यवस्थापन गर्न बाधा परेको छ ।

आयोगमा रहेको भौतिक स्रोत साधनहरुको विवरण अनुसूची-७ मा समावेश गरिएको छ ।

**१.६.२.२ सञ्चार**

आयोगको एउटा प्रमुख परिचय नै विभिन्न ऐन तथा नियमहरु रहेको आयोगको वेबसाइट बनेको छ । विश्वभरका सेवाग्राहीले प्रयोग गर्ने वेबसाइटमा यस आर्थिक वर्षमा पनि प्रचलित ऐन संग्रहहरुलाई मिलाएर व्यवस्थापन गर्ने कार्य सम्पन्न गरिएको छ र बाँकि कार्यलाई समेत निरन्तरता दिदै आइरहेको छ । आयोगको वेबसाइटलाई अद्यावधिक गर्नका लागि आवश्यक सूचनाको पहिचान गर्ने र वेबसाइट मार्फत सही सूचना प्रवाह गराउनका लागि कुनै निर्धारित मापदण्ड आयोगले निर्धारण गर्न सकेको छैन । आयोगसँग सो कार्य गर्नका लागि जिम्मेवारी दिन सकिने प्राविधिक जनशक्ति व्यवस्था गर्ने तर्फ पनि कारवाही अगाडि बढाउनु पर्ने भएको छ । आयोगको वेवसाईट प्रयोगकर्तासगँ अन्तरक्रिया गर्न मिल्ने खालको वेबसाइटको निर्माण गर्नेतर्फ आयोगले काम कारवाही अगाडि बढाएको भए तापनि अझै प्रभावकारी हुन सकेको छैन । पटक पटक आयोगको

नेपाल कानून आयोग

वेवसाइट अतिक्रमण (Hacking) हुने भएकोले वेवपेज सुरक्षा समेत प्रमुख चुनौतिको विषय बन्दै गएको छ ।

#### १.६.२.३ पुस्तकालय

आयोगमा वि.सं. २०३६ साल मा पुस्तकालय स्थापना भएको हो । पुस्तकालयमा हाल नेपाल कानून आयोगले खरिद गरेका, विभिन्न सरकारी तथा गैरसरकारी निकायहरूबाट प्राप्त भएका विभिन्न विषयसँग सम्बन्धित ३००० भन्दा धेरै पुस्तकहरू रहेका छन् । पुस्तकालय व्यवस्थापनको लागि दक्ष एवं विज्ञ जनशक्ति र उपयुक्त भवन (कोठा) को अभावमा यस आयोगको पुस्तकालय व्यवस्थापन सहजरुपले हुन सकिरहेको छैन ।

### १.६.३ आयोगको वित्तीय स्थिति

नेपाल सरकारको वित्तिय स्रोतबाट आयोगले आफ्नो कार्यक्रम सञ्चालन गर्दै आएको छ । त्यसैले आयोगको सम्पूर्ण कार्यक्रमको सञ्चालनको लागि आर्थिक रुपले नेपाल सरकार माथि नै पूर्णरुपमा भर पर्नु पर्ने अवस्था छ ।

आर्थिक वर्ष २०७४/७५ मा आयोगका लागि वजेट उपशिर्षक नं. ३११०१२३ (चालु खर्च) अर्न्तगत रु. ३,६०,९७,०००/- र वजेट उपशिर्षक नं. ३११०१२४ (पूँजीगत खर्च) तर्फ जम्मा रु. १४,२९,०००/- वार्षिक वजेट निकासा प्राप्त भएको थियो । आयोगको वित्तीय विवरण र यस आ. व. को प्रगती विवरण अनुसूची - ८ मा समावेश गरिएको छ ।

# परिच्छेद -२

## कानून निर्माणमा आयोगको भूमिका

### २.१ विषय प्रवेश

कानून बनाएर मात्र कानून निर्माणको कामले पूर्णता पाउने होइन । कानूनको प्रभावकारी कार्यान्वयन हुन सक्यो वा सकेन भन्ने कुरा यकिन गर्न प्रचलित कानूनको कार्यान्वयनको वास्तविक स्थिति अध्ययन, पुनरावलोकन एवम् प्रभाव मूल्यांकन गरी विद्यमान कानूनमा सामयिक सुधार गर्नुपर्ने हुन्छ । अध्ययन अनुसन्धानको क्रममा कुनै कानून समयानुकूल नदेखिएमा त्यस्तो कानून पूरै खारेज गरी नयाँ कानून बनाउनुपर्ने पनि हुन्छ । त्यसैगरी विद्यमान आर्थिक सामाजिक, सास्कृतिक, राजनैतिक, वातावरणीय एवम् अन्य आवश्यकताको आधारमा कुनै विषयमा नयाँ कानूनको निर्माण गर्नुपर्ने हुन्छ । कानूनको प्रभावकारी कार्यान्वयन हुन नसकेमा कानूनको अवज्ञा बढ्ने जोखिम उत्पन्न हुन्छ र त्यस्तो जोखिमबाट बच्न विद्यमान कानूनको निरन्तर सुधार एंव परिमार्जन गरी कानून बनाउनुपर्ने देखिन्छ । विश्वव्यापी रुपमानै कानून सुधारलाई कानूनको शासनको आधारको रुपमा लिइएको पाइन्छ । कुनैपनि कानून स्वच्छ (Fair), युक्तिसंगत (Rational), तर्कपूर्ण (Reasonable), आधुनिक (Modern), सरल (Simple) र मितव्ययी (Cost Effective) छ भने त्यस्तो कानूनलाई असल कानून (Good Law) मानिन्छ । त्यस्तो कानून उपयोगी (Effective) तथा पहुँचयोग्य (Accessible) पनि हुनुपर्दछ भन्ने मान्यता रहेको देखिन्छ । यसप्रकार नयाँ कानून निर्माण वा विद्यमान कानूनमा सुधारका लागि अध्ययन अनुसन्धानको महत्वपूर्ण भूमिका रहेको हुन्छ । अतः उपर्युक्त आवश्यकता पूरा गर्न विश्वका प्रायः मुलुकहरुमा कानून सम्बन्धी अध्ययन अनुसन्धान गरी नयाँ कानून निर्माण गर्न वा विद्यमान कानूनमा सुधार गर्नको लागी कानून आयोग वा कानून सुधार आयोगको गठन गर्ने गरेको पाइन्छ ।

नेपाल कानून आयोग

## २.२ नेपाल कानून आयोग ऐन, २०६३ बमोजिम आयोगको भूमिका :

नेपाल कानून आयोग ऐन, २०६३ को प्रस्तावना र दफा ३ मा कानूनको तर्जुमा, संहिताकरण तथा प्रचलित कानूनमा संशोधन, एकीकरण र पुनरावलोकन गर्न तथा कानून र न्याय सम्बन्धी विषयमा अध्ययन र अनुसन्धान गर्नको लागि नेपाल कानून आयोगको स्थापना गरिएको कुरा स्पष्ट उल्लेख छ । यसरी कुनै विषयमा नयाँ कानून निर्माण गर्न कानूनको तर्जुमा गर्ने वा कुनै विषयको कानूनको संहिताकरण गर्ने प्रमुख काम आयोगलाई तोकिएको छ । साथै प्रचलनमा रहेका कानूनको पुनरावलोकन गरी संशोधन वा एकीकरण गर्ने कानून निर्माणसँग सम्बन्धीत दोस्रो महत्वपूर्ण कामको जिम्मेवारी पनि नेपाल कानून आयोगको रहेको छ । यसका साथसाथै कानून र न्याय सम्बन्धी विषयमा अध्ययन अनुसन्धान गर्ने कामलाई तेस्रो महत्वपूर्ण कामको रुपमा ऐनमा उल्लेख गरीएको छ । समग्रमा कानून निर्माण र कानून सुधारको क्षेत्रमा सम्पूर्ण जिम्मेवारी सहित नेपाल कानून आयोगको स्थापना गरिनुपर्ने उक्त ऐनको उद्देश्य रहेको देखिन्छ ।

## २.३ कानून तर्जुमा

नेपाल कानून आयोगले आवश्यक र उपयुक्त देखेको कुनै विषयमा वा नेपाल सरकारको कुनै मन्त्रालयको अनुरोधमा कुनै विषयमा  नयाँ कानून (विधेयक) को तर्जुमा गर्ने कार्य गरी आएको छ ।  त्यसरी विधेयक तयार गर्ने क्रममा आयोगले कुनै विषयमा कानून निर्माण गर्दा अन्तर्राष्ट्रिय  मापदण्ड र अभ्यास तथा अन्तर्राष्ट्रिय स्तरमा कुनै मुलुकको सर्वोत्तम अभ्यास समेतको अनुशरण गर्दै नेपालको समसामयिक परिस्थिति र सन्दर्भ अनुकूल हुने गरी नयाँ कानूनको तर्जुमा गर्ने गर्दछ । नेपाल सरकारका सम्बन्धीत निकायका प्रतिनिधी, विधेयकसँग सम्बन्धीत विषयका विशेषज्ञ समेतलाई विधेयकको मसौदा क्रममा संलग्न गराई परामर्श र पृष्ठपोषण समेत लिई विधेयकको मस्यौदा गर्ने गरीएको छ । कुनै नयाँ विषयमा विधेयकको तर्जुमा गर्नु अघि अवधारणपत्र तयार गर्न र सो अवधारणापत्रमा नै सरोकारवाला निकाय र समुदाय समेतको राय प्रतिक्रिया र परामर्श लिन अर्न्तक्रिया कार्यक्रम आयोजना गर्ने गरिन्छ । यसरी तयार गरेको विधेयकको मसौदा नेपाल

सरकारको सम्बन्धीत मन्त्रालय र निकायमा पठाउने गरिएको छ । नयाँ विधेयकको मस्यौदा गर्दा वा संशोधन गर्ने विधेयक मस्यौदा गर्दा सरोकारवालासँग परामर्श गर्ने, सरोकारवालाको धारणा संवोधन गर्ने, कानून तर्क संगत, यूक्ति संगत र ठोस अवधारणामा आधारित बनाउने काममा उल्लेख्य उपलव्धि हासिल गरेको र मस्यौदा गर्ने काम पारदर्शी बनाउन सफलता प्राप्त गरेको छ ।

## २.४ कानून संशोधनमा आयोगको भूमिका

नेपाल कानून आयोग ऐन २०६३ को दफा १० बमोजिम नेपाल कानून आयोगलाई कानूनको पुनरावलोकन गरी कानूनमै संशोधन वा एकीकरण गर्ने जिम्मेवारी सुम्पिएको सन्दर्भमा आयोगले प्रचलित कानूनको सुधार र परिमार्जन गरी प्रचलित कानूनमा संशोधन गर्नुपर्ने देखिएमा संशोधित कानूनको मसौदा तर्जुमा गरी सिफारिस सहित नेपाल सरकारका सम्बन्धीत मन्त्रालयमा पठाउने गरेको छ । त्यसैगरी आयोगले निष्कृय रहेका र हाल व्यावहारिक रुपमा प्रचलनमा नरहेका कानूनहरुको पहिचान गरी खारेज गर्नका लागि नेपाल सरकार समक्ष प्रत्येक वर्ष आफ्नो वार्षिक प्रतिवेदन मार्फत सिफारिस गर्दै आइरहेको छ ।

## २.५ कानून निर्माणमा एकरुपता कायम गर्ने प्रयास

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम ऐन वा अध्यादेशको विधेयक र नियमको मस्यौदा तयार गर्ने कार्य कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयलाई तोके तापनि नेपाल सरकारका विभिन्न मन्त्रालयहरु वा अन्य निकायबाट पनि कानूनी मस्यौदा तयार हुने गरेको पाइन्छ । यसबाट ऐनको मस्यौदा र तर्जुमामा एकरुपता नभई शैली र ढाँचा समेत फरक-फरक हुन गई कानून व्याख्या र कार्यान्वयनमा यदाकदा भ्रम उत्पन्न हुने गरेको पाइन्छ । आयोगले कानून निर्माणमा विज्ञताको भूमिका र एकरुपताको सुनिश्चितताको लागि आफ्नो तर्फबाट प्रयत्न गर्दै आइरहेको छ । कानूनको निर्माणमा आयोगको सहभागिताबाट नेपालमा कानून निर्माणको प्रक्रियामा एकरुपता र कानूनमा हुनुपर्ने न्यूनतम गुणस्तरको

सुनिश्चितता कायम गर्न आयोगले प्रयत्न गरिरहेको छ । यस प्रयोजनका लागि आयोगले कानून तर्जुमाको दिग्दर्शन तयार गरी प्रकाशन समेत गरेकै छ ।

कानूनको शासन र सक्षम कानून प्रणालीको विकासका लागि आवश्यक हुने सुझाव उपलब्ध गराउने प्रयास स्वरुप अदालतबाट न्यायिक पुनरावलोकनको क्रममा जारी भएको आदेशहरुको कार्यान्वयनको सन्दर्भलाई समेत ध्यान दिई आयोगले त्यसको अध्ययन तथा विश्लेषण पश्चात आवश्यक सुझाव नेपाल सरकारसमक्ष प्रस्तुत गर्ने गर्दछ । यस बाहेक कानून तथा न्यायको क्षेत्रमा कुनै पनि विषयमा अध्ययन, अनुसन्धान र पुनरावलोकन गरी आयोगले आवश्यक सुझाव नेपाल सरकार समक्ष पेश गर्ने गरेको छ ।

यसरी कानून निर्माणमा स्तरीयता र एकरुपता कायम गर्ने सम्बन्धमा आयोगले उपलब्ध सीमित स्रोत साधनबाट सक्दो प्रयास गरी आएको छ । तथापि, यस विषयमा अन्य सरोकारवालासँगको परामर्श र समन्वयमा दीर्घकालिन नीति र योजना बनाई काम गर्नुपर्ने आवश्यकता रहेको छ ।

### २.६ कानूनको केन्द्रिय अभिलेख राख्ने कार्य

नेपाल कानून आयोगले प्रचलित नेपाल कानून तथा खारेज भैसकेका नेपाल कानूनहरु र कानून सम्बन्धी महत्वपूर्ण ऐतिहासिक सामाग्रीहरु समेतको केन्द्रिय अभिलेख राखी सबैले उपयोग गर्न सक्ने गरी आफ्नो वेभसाइटमा उपलब्ध गराउदै आएको छ । कानून निर्माणमा आवश्यक स्रोत र सन्दर्भ सामाग्रीका रुपमा प्रचलित र खारेज भैसकेका कानूनहरुको आवश्यकता पर्ने तथा कानून निर्माण कार्यमा गरिने अध्ययन अनुसन्धानमा समेत कानून सम्बन्धी सामाग्रीहरुको आवश्यकता रहने सन्दर्भमा आयोगले आफ्नो प्रयोजनका लागि विभिन्न सामाग्री संकलन र अभिलेख गर्ने गरेकोमा त्यस्तो सामाग्रीबाट कानून तर्जुमा गर्ने तथा कानून सम्बन्धी अध्ययन गर्ने अन्य निकाय र व्यक्तिहरु समेतले लाभ लिन सकुन भन्ने उद्देश्यले आयोगले संकलन गरेका नेपाल कानून र त्यससँग सम्बन्धीत महत्वपूर्ण सामाग्रीहरु सबैले

सहज र सुलभ रुपमा उपयोग गर्न सक्ने गरी आयोगको वेभसाइट मार्फत उपलब्ध गराउदै आएकोमा अब त्यस्ता सामाग्री आयोगले छुट्टै एप निर्माण गरी सो मार्फत समेत सबैको लागि उपलब्ध गराउने तयारी गरेको छ ।

नेपाल कानून आयोग

# परिच्छेद -३

## आ.व. २०७४/७५ को वार्षिक कार्यक्रम र कार्यप्रगति

### ३.१ आयोगको प्रमुख कार्य

आयोगको प्रमुख कार्य विधेयकको मस्यौदा तर्जुमा गर्ने रहेको हुँदा विभिन्न विषयमा विधेयकको तर्जुमा गर्ने र यसरी तर्जुमा भएका विधेयकको मस्यौदा तथा अन्य कुनै कानून तर्जुमा गर्नुपर्ने विषयका अवधारणापत्रका सम्बन्धमा सम्बन्धित सरोकारवाला व्यक्ति वा निकाय मार्फत सुझाव तथा पृष्ठपोषण लिने उद्देश्यले गोष्ठी तथा अन्तर्रक्रिया कार्यक्रम सञ्चालन गर्ने गरिएको छ । साथै, आयोगले कानूनको जानकारी प्रदान गर्ने प्रचार-प्रसार गर्ने कार्यक्रम सञ्चालन गर्ने गरी Legal Dissimination कार्यक्रम गर्दै आएको छ।

त्यसैगरी कानून प्रणालीलाई सुदृढ एवं परिस्कृत बनाउन अध्ययन र अनुसन्धानको महत्वपूर्ण भूमिका हुने भएकोले आयोगले नयाँ कानूनको आवश्यकता पहिचान र प्रचलित कानूनको पुनरावलोकन सम्बन्धमा अध्ययन तथा अनुसन्धान गरी अबधारणापत्र तयार पार्ने, प्रचलनमा रहेका तर कार्यान्वयनमा नआएका कानूनको खारेजी, संशोधन तथा एकिकरण लगायतका बिषयमा अध्ययन प्रतिबेदन तयार गर्ने, कुनै नेपाल कानून तथा सर्बोच्च अदालतका फैसला, अन्तर्राष्ट्रिय कानून र सन्धि सम्झौताको दायित्वको कार्यान्वयन सम्बन्धी बिषयमा अध्ययन गर्ने विधिशास्त्रीय नविनतम अवधारणाका सम्बन्धमा अध्ययन र अनुसन्धान गर्ने कार्य समेत गर्ने गरेको छ। न्याय प्रशासनमा सूचना तथा प्रविधिको प्रयोग र पहुँचमा अभिवृद्धि गर्ने उद्देश्यले नेपाल कानून, अन्तर्राष्ट्रिय सन्धि सम्झौता तथा नीतिहरुको पाठ तथा ती सामाग्रीलाई अंग्रेजी भाषामा अनुवाद गरी आफ्नो वेवसाईटमा राख्ने कार्य गर्दै आएको छ।

आयोगले सञ्चालन गर्ने कार्यहरु स्वीकृत वार्षिक कार्यक्रम बमोजिम सञ्चालन गर्ने गरेको छ । आयोगको आर्थिक वर्ष ०७४/०७५ को स्वीकृत बार्षिक कार्यक्रम अनुसूची - ९ मा समावेश गरिएको छ ।

## ३.२ आयोगले सञ्चालन गरेका कार्यक्रमहरु

### ३.२.१ विधेयक तर्जुमा

नेपाल कानून आयोग ऐन, २०६३ को दफा १० बमोजिम आयोगले नयाँ कानूनको तर्जुमा, विद्यमान कानूनमा संशोधन, परिमार्जन, पुनरावलोकन, एकीकरण तथा संहिताकरण गर्ने र कानून तथा न्याय सम्बन्धी समसामयिक विषयमा अध्ययन तथा अनुसन्धान गरी कानूनको मस्यौदा तर्जुमा गर्ने लगायतका कार्य सम्पादन गर्दै आएको छ । आर्थिक वर्ष २०७४/७५ को वार्षिक कार्यक्रममा आयोगलाई पाँच वटा विधेयक तर्जुमा गर्न बजेट विनियोजन भए बमोजिम आयोगको स्वीकृत बार्षिक कार्यक्रममा उल्लेख भए अनुरुप आयोगले आवश्यक देखेका र विभिन्न मन्त्रालयबाट विधेयक मस्यौदाको लागि अनुरोध भई आएका देहायका ५ वटा विधेयकहरु तर्जुमा गरी आवश्यक कारवाहीका लागि सम्बन्धित मन्त्रालयमा पठाइएको छ :

#### ३.२.१.१ प्राणी उद्यान प्राधिकरणका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

वन्यजन्तुको संरक्षण, अध्ययन, अनुसन्धान र त्यसको प्रजनन क्षमता विकास तथा विस्तारका लागि प्राणी उद्यानको स्थापना र सञ्चालनलाई प्रवर्द्धन गर्न, वन्यजन्तु मुलुकको राष्ट्रिय सम्पदा र मानव जीवनको अत्यवश्यक तथा उपेक्षा गर्न नसकिने पक्ष हो भन्ने विषयमा जनचेतना अभिवृद्धि गर्न र त्यसबाट सर्वसाधारणलाई मनोरञ्जन प्रदान गर्न त्यस्तो उद्यानको सञ्चालन र व्यवस्थापनको नियमनकारी संरचना बिकास गरी कार्यान्वयन गर्न नेपाल प्राणी उद्यान प्राधिकरणको स्थापना र सञ्चालन गर्न बनेको विधेयक आयोगको मिति २०७४/०५/१९ को बैठकबाट पारित भई नेपाल सरकार, वन तथा भू-संरक्षण मन्त्रालयमा पेश गरिएको छ ।

नेपाल कानून आयोग

**३.२.१.२ पेट्रोलियम पदार्थ तथा ग्यासको कारोवार सम्बन्धी विधेयक**

पेट्रोलियम पदार्थ तथा ग्यासको पैठारी, सञ्चय तथा बिक्री वितरण सहज बनाउन, मुलुकमा गुणस्तरयुक्त तथा वातावरणमैत्री पेट्रोलियम पदार्थ तथा ग्यासको नियमित र सर्वसुलभ आपूर्तिलाई सुनिश्चित गर्न तथा त्यस्ता पदार्थको प्रतिस्पर्धी मूल्य सुनिश्चित गरी उपभोक्ताको हित संरक्षण गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न बनेको विधेयक आयोगको मिति २०७४/०५/१९ को बैठकबाट पारित गरी नेपाल सरकार, आपूर्ति मन्त्रालयमा पेश गरिएको छ ।

**३.२.१.३ शिक्षाको अधिकारका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक**

शिक्षा प्राप्त गर्ने प्रत्येक व्यक्तिको आधारभूत मानव अधिकारलाई व्यवहारमा कार्यान्वयन गरी शिक्षामा सबैको पहुँच सुनिश्चित गर्न, शिक्षा प्राप्त गर्ने संविधान प्रदत्त नागरिकको मौलिक हकलाई सरल, सहज तथा सर्वसुलभ र जीवनोपयोगी बनाउन र आधारभूत तहसम्मको शिक्षालाई अनिवार्य र माध्यमिक तहसम्मको शिक्षालाई निशुल्क बनाउन र निशुल्क शिक्षाका आवश्यकता तत्व पहिचान गरी कानूनी व्यवस्था गर्न बनेको विधेयक आयोगको मिति २०७४/१२/२३ को बैठकबाट पारित गरी नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा पेशगरिएको छ ।

**३.२.१.४ शिक्षा सम्बन्धी कानूनलाई संशोधन तथा एकिकरण गर्न बनेको विधेयक**

विद्यालयको भौतिक पूर्वाधार तथा मापदण्ड, विद्यालय शिक्षाको पाठ्यक्रमको ढाँचा तथा पाठ्यपुस्तकको स्तर, सिकाइको सुनिश्चिता तथा शिक्षाको गुणस्तर, परीक्षण प्रणाली तथा समकक्षताको आधार निर्धारण, छात्रवृत्ति, अनुसन्धान तथा विकास र शिक्षासँग सम्बन्धित संघीय कानूनद्धारा नियमन गर्नुपर्ने अन्य आवश्यक व्यवस्था गर्न र विद्यालय तथा शिक्षण संस्थामा सुशासन प्रवर्द्धन गर्न आयोगको

मिति २०७५/०१/१० को बैठकबाट पारित गरी नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा पेश गरिएको छ ।

**३.२.१.५ वैयक्तिक गोपनियता सम्बन्धी विधेयक**

नेपालको संविधान बमोजिम प्रत्याभूति भएको प्रत्येक व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्यांक, पत्राचार तथा चरित्र सम्बन्धी विषयको गोपनियताको हकलाई सुनिश्चित गर्न, सार्वजनिक निकाय वा संगठीत संस्थामा रहेका वैयक्तिक सूचनाको संरक्षण र सुरक्षित उपयोगको सुनिश्चितता गर्न तथा व्यक्तिको गोपनियता अतिक्रमण हुन नदिने व्यवस्था गरी मर्यादित जीवनस्तर प्रबर्द्धन गर्न बनेको विधेयक आयोगको मिति २०७५/०३/२२ को बैठकबाट पारित भई नेपाल सरकार, गृह मन्त्रालयमा पेश गरिएको छ ।

आर्थिक वर्ष २०७४/७५ मा आयोगबाट तयार भै सम्बन्धित मन्त्रालयमा पठाइएका विधेयकहरुको पूर्ण पाठ अनुसूची - १० मा रहेको छ ।

**३.२.२ तर्जुमाको क्रममा रहेका विधेयकहरु**

नेपाल सरकारका विभिन्न मन्त्रालय तथा निकायबाट अनुरोध भई आएका तथा आयोगले आवश्यक ठानेका अन्य कतिपय विषयका विधेयक तर्जुमा सम्बन्धी अवधारणापत्र तयार गर्ने, सरोकारवालासंग परामर्श गर्ने र विधेयक तयार गर्ने काम चालु आ.व. मा पनि निरन्तर रहेको छ । आ.व. २०७४/७५ मा प्रारम्भ गरिएका तर पूरा नभएका केही विधेयकको मस्यौदा यस आ.व.मा पूरा गरिनेछ भने थप नयाँ विधेयकको तर्जुमा गर्ने कार्यक्रम समेत रहेको छ ।

**३.२.३ अन्तरक्रिया तथा गोष्ठी**

आयोगले आर्थिक वर्ष २०७४/७५ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत देहायका विषयमा अन्तरक्रिया तथा गोष्ठी सम्पन्न गरेको छः

**३.२.३.१** शिक्षाको अधिकारका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको मस्यौदा उपर सरोकारवालाहरुको राय, प्रतिक्रिया तथा सुझाव लिने उद्देश्यले काठमाडौंमा छलफल कार्यक्रम सम्पन्न गरिएको ।

**३.२.३.२** सार्वजनिक खरिद कानूनको पुनरावलोकन विषयमा विज्ञहरुबाट राय, सुझाव संकलन गर्ने उद्देश्यले काठमाडौमा छलफल कार्यक्रम सम्पन्न गरिएको र प्राप्त सुझावहरुलाई प्रतिवेदन मार्फत सम्बन्धित निकायमा सिफारिस गरिएको ।

**३.२.३.३** वैयक्तिक गोपनियता सम्बन्धी विधेयक उपर सरोकारवालाहरुको राय, प्रतिक्रिया तथा सुझाव लिने उद्देश्यले काठमाडौंमा परामर्श गोष्ठी सम्पन्न गरीएको ।

### ३.२.४ इन्टर्नसिप कार्यक्रम सञ्चालन

इन्टर्नसिप कार्यक्रम अन्तर्गत कानून विषय अध्ययन गरेका न्याय एवं कानूनको क्षेत्रका जनशक्तिलाई कानूनको सैद्धान्तिक ज्ञानका अतिरिक्त कानूनको तर्जुमा लगायतका विषयमा व्यावहारिक ज्ञान प्रदान गर्ने उद्देश्यले कानून विषय अध्यापन गर्ने नेपालका विभिन्न कलेजका कानून संकायमा स्नातक तहमा अध्ययन गर्ने १० जना विद्यार्थीलाई आयोगबाट सम्पादन हुने विभिन्न काम, कारबाहीको अवलोकन र कार्य सम्पादनमा समेत संलग्न गराइएको थियो । यस कार्यक्रमबाट विद्यार्थीहरुको ज्ञान, सीप, क्षमता अभिवृद्धि हुने र आयोगका काम कारवाहीमा समेत सहयोग पुग्ने देखिएकोले इन्टर्नसिप कार्यक्रमलाई अघिल्लो आ. व. हरुमा जस्तै यस आर्थिक वर्षमा पनि निरन्तरता दिइएको छ ।

आ.व. २०७४/०७५ मा नेपाल ल क्याम्पस, काठमाडौं स्कूल अफ ल, नेशनल ल कलेज, चक्रवर्ति हवि एजुकेशन एकेडेमी लगायतका कलेजमा वि.ए. एलएलबीमा अध्ययनरत १० जना विद्यार्थीले यस आयोगमा

इन्टर्नसिप सम्पन्न गरेका छन् । इन्टर्नसिप गर्न आएका विद्यार्थीले विभिन्न कानूनको पुनरावलोकन गर्ने, कानूनको अवधारणापत्र तयार गर्ने एवं कानूनको तर्जुमा गर्ने, आयोगको वेबसाइट (Website) मा भएका ऐन कानूनको अध्ययन गर्ने र अद्यावधिक भए वा नभएको अनुसन्धान गर्ने लगायतका कार्यमा सहयोगीको भूमिका निर्वाह गरेका हुँदा आयोगले आफ्नो काममा संलग्न गराई निजहरुको क्षमता बिकासका लागि अनुभव हासिल गर्न अवसर दिइएको थियो ।

### ३.२.५ आयोगको वेवसाइट अद्यावधिक

नेपाल कानून आयोगले वि.सं. २०६५ सालदेखि नै आफनो वेवसाइट तयार गरी उक्त वेबसाइटमा विद्युतीय ढाँचामा विभिन्न प्रचलित नेपाल कानूनहरु प्रकाशन गर्ने र समय समयमा ती कानूनका संग्रहलाई वेवसाइटमा अद्यावधिक गर्ने कार्य गर्दै सेवाग्राहीहरुलाई सरल एवं सहज ढंगले नेपाल कानून सम्बन्धी जानकारी प्रदान गरी विद्युतिय माध्यमबाट त्यसको पहुँच सुनिश्चित गरि आएको छ । आयोगको वेवसाइटमा नेपालको संविधान, प्रचलित ऐन, नियम तथा आदेशहरु नेपाली र अंग्रेजी भाषामा अद्यावधिक गरी उपलब्ध गराउँदै आएको छ । साथै खारेज भएका ऐन, नियम, गठन आदेश लगायतका नेपाल कानून तथा कानून सम्बन्धी दस्तावेजहरु समेत समावेश गर्ने गरेको छ । आर्थिक वर्ष २०७४।७५ मा २ वटा आदेश, ८१ वटा ऐन, १९२ वटा नियम र ६ वटा अंग्रेजी अनुवाद गरि नयाँ तथा संशोधित ऐन तथा नियमहरु अद्यावधिक गरिएका छन् ।

आयोगको वेवसाइटमा रहेका कानूनहरुको विवरण अनुसूची - ११ मा संलग्न छ ।

### ३.२.६ कानूनको जानकारी गराउने सम्बन्धी कार्यक्रम (Legal Dissimination Program)

नेपाल कानून आयोग

कानूनका प्रयोगकर्ता तथा अन्य सरोकारवालाहरुलाई नयाँ कानूनका बारेमा समयमै जानकारी प्राप्त हुन नसक्दा र नयाँ कानूनका बारेमा अभ्यस्त नहुँदा कानूनको प्रयोग र पालनामा एकरुपता कायम गर्न कठिनाई पर्न सक्ने तथा असहज हुनेभएकोले आयोगले विभिन्न जिल्लामा कानूनको जानकारी गराउने सम्बन्धी कार्यक्रम सञ्चालन गर्दै आएको छ । यस आ.व. मा पनि कानूनको जानकारी सम्बन्धी सात वटा कार्यक्रम (Legal Dissemination Program) सम्पन्न गरिएको छ । यस प्रकारको कार्यक्रमको उपदेयता र प्रभावकारीता सम्बन्धमा सरोकारवालाहरुको सकारात्मक र उत्साहजनक सहभागीता रहने गरेकोले आगामी आ.व.मा पनि यस कार्यक्रमलाई निरन्तरता दिइएको छ । चालु आ.व.मा सम्पन्न भएको कार्यक्रम सम्बन्धी विवरण अनुसूची-१२ मा संलग्न छ ।

### ३.२.७ राय-सुझाव संकलन

यस आयोगबाट तयार गरिएका र अध्ययनको क्रममा रहेका विभिन्न विधेयकको मस्यौदा उपर विभिन्न जिल्लाका सरोकारवाला निकायसँग स्थलगत रुपमा बाँके, बर्दिया, कपिलवस्तु, रुपन्देही, पाल्पा, गुल्मी, सुर्खेत, कास्की, पर्वत, बाग्लुङ्ग, धादिङ, मकवानपुर, झापा, इलाम, विरगञ्ज तथा बारा जिल्लाहरुमा उक्त मस्यौदाका प्रावधान तथा प्रस्तावित कानूनको कार्यान्वयनसँग सम्बन्धित विषयमा सरोकारवालाहरुसँग राय सुझाव संकलन गर्ने काम सम्पन्न भएको छ ।

### ३.२.८ क्षमता अभिवृद्धि

१. विश्वका विभिन्न मुलुकका कानून आयोगहरुबाट भइरहेका कानून निर्माण प्रक्रिया बुझ्ने र त्यहाँ भएका सर्वोत्तम अभ्यासको अनुशरण गर्ने तथा अन्तरक्रिया र अनुभव आदान प्रदान गरी नेपाली कानून परिमार्जन गर्ने उद्देश्यले यस आ.व. मा आयोगका अध्यक्ष, उपाध्यक्ष र सह-सचिव सहितको टोली क्यानडाको Law Commission को

निमन्त्रणमा उक्त देशको भ्रमण गरी कानून तर्जुमासँग सम्बन्धित विभिन्न निकायसँग अन्तरकिया/अनुभव आदान-प्रदान गरेको ।

२. आयोगका सचिव, उप-सचिव र शाखा अधिकृतहरु सहितको टोलीले दक्षिण कोरियाको Korea Legislation Research Institute (KLRI) को निमन्त्रणामा उक्त देशको भ्रमण गरी कानूनको अध्ययन अनुसन्धान एवम् तर्जुमासँग सम्बन्धित विभिन्न विषयमा अनुभव आदान प्रदान गरेको ।

३. आयोगको कम्प्युटर अपरेटरलाई हार्डवेयर तथा नेटवर्किंगसँग सम्बन्धित डेढ महिने कम्प्युटर तालिममा सहभागी गराइएको ।

**३.२.९ विभिन्न निकायसँगको सहकार्यमा सम्पन्न भएका कार्यहरु**

**३.२.९.१ संयूक्त राष्ट्र संघीय विकास कार्यक्रम (यूएनडिपी) सँगको सहकार्य**

आर्थिक वर्ष २०७४/७५ मा UNDP सँगको सहकार्यमा मकवानपुर, चितवन, सुर्खेत र पर्सामा गरी ४ ठाउँमा “कार्यस्थलमा हुने यौन जन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१” सम्बन्धमा ४ वटा Legal Dissemination Program हरु सम्पन्न भएको छ । त्यसैगरी शिक्षाको अधिकार सम्बन्धी विधेयक उपर UNDP सँगको सहकार्यमा मकवानपुर र कास्कीमा गरी २ वटा गोष्ठी सम्पन्न भएको छ ।

**३.३ अन्तर्राष्ट्रियस्तरको भेटघाट कार्यक्रम**

आ.व. २०७४/७५ को अवधिभित्र नेपाल कानून आयोग देहायका विभिन्न मूलुक तथा अन्तर्राष्ट्रिय निकायका पदाधिकारी बीच नेपाल कानून आयोगको भूमिका तथा नेपालको संविधान र विभिन्न कानूनी विषयमा छलफल एवंम् अभ्यासको आदान प्रदान कार्यक्रम सम्पन्न भएको थियो ।

**३.३.१** यस आयोगका अध्यक्ष, उपाध्यक्ष तथा कर्मचारीसँग यस आयोगको कार्यालयमा दक्षिण कोरियाको Korean Legislative Research Institute का अध्यक्ष तथा अन्य पदाधिकारीहरु सहितको टोलीले यस आयोगको भूमिका,

काम, कर्तव्य एवं गतिविधिको विषयमा र नेपालको संविधान, नेपालको कानूनी प्रणाली र कानूनका अन्य विविध विषयमा छलफल भएको र छलफल कार्यक्रमबाट दुई पक्षीय रुपमा विषयहरु आदान प्रदान भएका थिए ।

**३.३.२** आयोगका अध्यक्ष,उपाध्यक्ष तथा कर्मचारीसँग आयोगको भूमिका, काम, तथा अन्य गतिविधिका बारेमा म्यानमारको टोलीसँगयस आयोगमा छलफल गरेको हुँदा सहकार्य र दुई पक्षीय सम्वन्ध विस्तारमा सहयोग पुग्ने देखिन्छ ।

**३.३.३** Heage Conference on Public International Law का First Secretary Philippe Lortie र Principal Legal Officer Laura Martinez-Mora ले नेपाल कानून आयोगका अध्यक्ष, उपाध्यक्ष र सचिवसँग सौहार्दपूर्ण भेटघाट गर्नु भएको थियो । उक्त भेटघाटमा नेपालको Civil Law Jurispredence को बारेमा छलफल भएको थियो ।

**३.३.४** Indian Institute of Management का प्रोफेसरले नेपाल कानून आयोगका अध्यक्षसँग आयोगमा भेटघाट गर्नु भएको थियो । उक्त भेटघाटमा नेपालको संवैधानिक विकासबारे जानकारी आदान प्रदान गरिएको थियो ।

**३.३.५** ALIN सँगको सहकार्य : Asian Legal Information Network को सन् २०१८ जुन २६ र २७ सम्म मंगोलियामा भएको वार्षिक साधारण सभा र अन्तर्राष्ट्रिय सम्मेलनमा नेपाल सरकारको निर्णय अनुसार नेपाल कानून आयोगका अध्यक्ष माधव पौडेलले पर्यवेक्षकको रुपमा भाग लिनु भएको थियो । साधारण सभामा ALIN का २५ सदस्य, ६ पर्यवेक्षक र ३ जना सचिवालय पदाधिकारीले भाग लिन पाएको थियो । जुन २८ मा भएको सम्मेलनको विषय "Legal Challenges for Stronger Economic Cooperation in Asia" रहेको थियो । सम्मेलनमा आयोगका अध्यक्ष माधव पौडेलले "Legal Framework of Foreign Investment in Nepal" विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । ALIN का पदाधिकारीहरुसँग भएको छलफलमा उहाँहरुले नेपाल कानून आयोगलाई ALIN को सदस्यता लिन आग्रह गर्नु भएको थियो ।

नेपाल कानून आयोग

नेपाल कानून आयोग

## परिच्छेद - ४

## कानून र न्याय क्षेत्रमा सुधारका लागि सुझाव तथा सिफारिस

नेपालको कानून प्रणालीलाई आधुनिकीकरण गरी अझ बढी प्रभावकारी, सक्षम, मानव अधिकार मैत्री बनाई यसलाई स्थायित्व दिनु आवश्यक रहेको छ । नेपाल कानूनलाई संहिताकरण गर्ने नेपाल सरकारको नीति अनुरुप फौजदारी र देवानी विषयका कानूनलाई संहिताकरण गर्ने कार्य व्यवस्थापिका-संसदबाट अघिल्लो वर्ष संहिताहरु पारित भए पछि नेपालको फौजदारी कानून र देवानी कानूनलाई संहिताकरण गर्ने करिब छ दशक अघिको हाम्रो आकाक्षां पूरा भएको छ । ती संहिताहरुको कार्यान्वयनको क्रममा देखापर्ने समस्याहरुलाई पहिचान गरी ती संहिताहरुलाई समयानुकुल र सामयिक सुधार गर्नुपर्ने देखिन्छ । देवानी संहिताको कार्यान्वयनसँगै उद्योग, व्यापार, व्यवसाय, लगानी सम्बन्धी कानूनहरु पनि सामयिक सुधार र परिमार्जन गर्नुपर्ने आवाज उठेका छन् सो क्रममा कम्पनी ऐन, २०६३ : साझेदारी ऐन, २०२० र दामासाही सम्बन्धी ऐन, २०६३ को परिमार्जन गर्ने कार्य प्रारम्भ भैसकेको छ । नेपाल कानून आयोग ऐन, २०६३ को दफा १० बमोजिम आयोगले नेपाल सरकार समक्ष देहाय बमोजिम सुधार सुझाव प्रस्तुत गरेको छ :

### ४.१ अर्न्तराष्ट्रिय सन्धि/महासन्धि कार्यान्वयन सम्बन्धमा :

नेपालको कानून प्रणालीमा हुनुपर्ने सुधार र नेपालले अख्तियार गरेको नीति अनुरुप केही अर्न्तराष्ट्रिय सन्धिको नेपाल पक्ष हुने सम्बन्धमा आ.व २०७३/७४ को वार्षिक प्रतिवेदनमा उल्लेख भएबमोजिम भई नसकेका देहायका अर्न्तराष्ट्रिय महासन्धिको पक्ष हुन सिफारिस गरिएको छ ।

(क) महिला र बालबालिकाको ओसारपसारको निवारण, दमन तथा सजाय गर्ने प्रोटोकल, २०१६ (Protocol to prevent, suppressed, punish, trafficking, supplementing UN c to c, 2016),

(ख) हातहतियार तथा त्यसको पाटपूर्जा र खरखजानाको गैर कानूनी उत्पादन तथा ओसार पसार विरुद्धको प्रोटोकल (Protocol against illicit

नेपाल कानून आयोग

manufacturing of and trafficking in firearms, their parts and components and ammunitation supplementing the UN to c, 2016),

(ग) विवाहको सहमति, विवाहको लागि न्यूनतम उमेर तथा विवाह दर्ता सम्बन्धी महासन्धि, १९६२ (Convention on consent to marriage, minimum age for marriage and registration of marriages, 1962),

(घ) शिक्षामा भेदभाव विरुद्धको महासन्धि (Convention against discrimination in education,1962) ।

तथापि सिफारिस बमोजिम आवश्यक सिफारिस कार्यान्वयन र कारवाही गर्न सम्बन्धित निकायबाट भए नभएको सम्बन्धमा भने जानकारी सार्वजनिक नभएकोले उपर्युक्त सन्धि तथा प्रोटोकलको पक्ष हुन पुनः सिफारिस गरिएको छ ।

## ४.२ संविधानसँग बाझिएका कानून संशोधनमा आयोगको भूमिका सम्बन्धमा

नेपालको संविधान प्रारम्भ भएपछि संविधान कार्यान्वयनका लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले निर्माण गर्नुपर्ने कानूनको विवरण, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयले पहिचान गरी त्यसको सूची समेत तयार भइसकेको छ । नेपालको संविधानको धारा ३०४ मा यो संविधान प्रारम्भ हुदाका बखत कायम रहेका नेपाल कानून खारेज वा संशोधन नभएसम्म लागू रहने व्यवस्था गरे तापनि सविधानसँग बाझिएका कानून यो संविधान बमोजिम संघीय संसदको पहिलो अधिवेशन बसेको मितिले एक वर्षपछि बाझिएको हदसम्म स्वतः अमान्य हुने व्यवस्था गरिएको छ । अतः ती विषयमा कानून पहिचान गरी बाझिएका कानून संशोधन गर्ने काम गर्न केही समय मात्र बाँकी छ । सम्बन्धीत विषयगत (Sectoral) मन्त्रालयले ती कानून निर्माण गर्दा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा भर पर्नुपर्ने हुन्छ जसले गर्दा सो मन्त्रालयमा कार्यभार (workload) बढ्ने अवस्था छ । अतः कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयले सम्बन्धित मन्त्रालयसँग समन्वय गरी आयोग मार्फत पनि संविधानसँग

बाझिएका कानूनमा संशोधन सम्बन्धी विधेयक तर्जुमा गर्ने व्यवस्था गरेमा उक्त जिम्मेवारी समयमै पुरा गर्न आयोगको भूमिका रहनेछ । आयोगले कार्यदल गठन गरी त्यसरी बाझिएका कानून पहिचान गर्ने कार्य सुरु गरी सकेको छ ।

## ४.३ प्रचलित कानूनको संशोधन सम्बन्धमा

### ४.३.१ सार्वजनिक खरिद सम्बन्धी कानूनको संशोधन

सार्वजनिक क्षेत्रको आर्थिक कारोवार सम्बन्धमा सार्वजनिक खरिद ऐन, २०६३ छाता ऐनको रुप हो । सबै प्रकारका सार्वजनिक खरिद यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम गर्ने क्रममा व्यवहारिक रुपमा सार्बजनिक खरिदमा विभिन्न समस्या र विकृतीहरु देखा परेको भन्ने गुनासो एकातर्फ आउने गरेको र अर्कोतर्फ सार्वजनिक निकायहरुले पनि उक्त ऐन नियमको कार्यान्वयन गरी सार्वजनिक खरिद गर्ने क्रममा विभिन्न समस्याहरु रहेको कुरा व्यक्त गर्ने गरेको सन्दर्भमा नेपाल कानून आयोगले मिति २०७५/०३/०४ मा "नेपालको मौजुदा सार्वजनिक खरिद सम्बन्धी कानूनमा गर्नुपर्ने नीतिगत तथा प्रक्रियागत सुधार" विषयक एक अर्न्तक्रिया कार्यक्रम आयोजना गरेको थियो । उक्त कार्यक्रममा सार्वजनिक खरिद सम्बन्धी विभिन्न विज्ञहरु तथा सरोकारवालाहरुले उठाएका विषयवस्तुहरुलाई सम्बोधन गर्ने गरी विद्यमान सार्वजनिक खरिद सम्बन्धी कानूनलाई संशोधन गर्न उपयुक्त हुने देखिएकाले आयोगले उक्त कार्यक्रममा उठेका विषयवस्तुसहित संशोधनका लागि नेपाल सरकारसमक्ष सिफरिस गरेको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ मा सामयिक संशोधन गर्नु अति आवश्यक भएकाले ऐन संशोधनका लागि सिफारिस गरिएको छ उक्त अन्तरक्रिया कार्यक्रम सम्बन्धी प्रतिवेदन अनुसूचीमा संलग्न छ ।

### ४.३.२ प्रमाण ऐन, २०३१ को संशोधन

मुलुकी देवानी (संहिता) ऐन, २०७४, मुलुकी अपराध (संहिता) ऐन, २०७४, मुलुकी देवानी कार्यविधि (संहिता) ऐन, २०७४, मुलुकी फौजदारी कार्यविधि

(संहिता) ऐन, २०७४ र फौजदारी कसुर सजाय निर्धारण तथा कार्यान्वयन ऐन, २०७४ कार्यान्वयन भैसकेको र यी संहिता ऐनहरुले नयाँ कानूनी मान्यता र सिद्धान्तहरुलाई अवलम्बन गरेको तथा सूचना प्रविधिको क्षेत्रमा भएको द्रुततर विकास एवम् आर्थिक सामाजिक रुपमा विश्वव्यापिकरणले पारेको प्रभावका कारण प्रमाण सम्बन्धी कानूनमा समेत समयानुकूल सुधार गर्नुपर्ने देखिएको छ । यसै आवश्यकतालाई मध्यनजर गरी नेपाल कानून आयोगले प्रमाण ऐन, २०३१ को संशोधनको कार्य अगाडी बढाएको छ । उक्त ऐन संशोधनको मस्यौदा तयार गरी नेपाल सरकारसमक्ष पेश गर्ने आयोगको तयारी छ । अतः प्रमाण ऐन, २०३१ को संशोधनलाई नेपाल सरकारले पनि शिघ्र व्यवस्थापिका संसद समक्ष पेश गर्नेछ भन्ने अपेक्षा आयोगको छ ।

## ४.४ नेपाल पक्ष भएका अर्न्तराष्ट्रिय सन्धि सम्झौताको कार्यान्वयन सम्बन्धी कानून निर्माण

नेपाल अर्न्तराष्ट्रिय शान्ति, मानव अधिकार, आर्थिक, सामाजिक र सास्कृतिक सहयोग एवम् वातावरण तथा दिगो विकाससँग सम्बन्धीत करीब २०० वटा विश्वव्यापी र क्षेत्रिय वहुपक्षिय अर्न्तराष्ट्रिय महासन्धिको पक्ष राष्ट्र बनेको छ । ती बहुपक्षिय महासन्धिको कार्यान्वयन दायित्व पुरा गर्न कार्यान्वयन गर्न नेपालले विभिन्न राष्ट्रिय कानूनको निर्माण गर्नुपर्ने आवश्यकता रहेको छ । हालसम्म नेपाल पक्ष भएका त्यस्ता बहुपक्षीय महासन्धि कार्यान्वयन गर्ने सम्बन्धमा के कति कानून बनेका छन् ? प्रचलित कानूनहरु ती महासन्धिको कार्यान्वयन गर्न पर्याप्त छन्, छैनन् ? प्रचलित कानूनलाई महासन्धि अनुकुल बनाउन के कस्तो संशोधन गर्नुपर्ने अवस्था छ ? आदि विषयमा व्यापक अनुसन्धान भएको पाइदैन ।

वास्तवमा नेपाल पक्ष भएका सन्धि सम्झौताहरुको आधिकारिक अभिलेख र प्रकाशनको व्यवस्था पनि व्यवस्थित र नियमित हुन सकेको पाइदैन । उपर्युक्त पृष्ठभूमीमा नेपाल पक्ष भएका सन्धि सम्झौताको अभिलेखीकरण, प्रकाशन र ती

सन्धिहरुको कार्यान्वयन स्थिति सम्बन्धमा सरकारले विशेष व्यवस्था गरी सबैले जानकारी पाउन सक्ने गरी उपलब्ध गराउनुपर्ने देखिएकाले आयोगले यस सम्बन्धमा नेपाल सरकारलाई यथाशिघ्र आवश्यक व्यवस्था गर्न सिफारिस गर्दछ ।

## ४.५ कानून सम्बन्धी दक्ष जनशक्तिको विकास

जनताको प्रतिस्पर्धात्मक बहुदलिय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, वालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता तथा स्वतन्त्र, निष्पक्ष, सक्षम न्यायपालिका र कानूनी राज्यको अवधारणा लगायतका लोकतान्त्रिक मूल्य र मान्यतामा आधारीत समाजवाद प्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्ने नेपालको संविधानमा उल्लेखित उद्देश्य प्राप्त गर्न सो अनुरुप कानून र विधिको आवश्यकता पर्दछ । कानूनको अभावमा विधिको शासनको परिकल्पना सम्म पनि गर्न सकिदैन । अतः कानून निर्माण, सुधार र कार्यान्वयनका लागि कानून सम्बन्धी दक्ष जनशक्तिको आवश्यकता पर्दछ । विधीको शासन कायम हुन सकेमा मात्रै लगानी सुरक्षित हुन सक्दछ र लगानीको सुरक्षाको प्रत्याभूतीले लगानीको वातावरण सिर्जना हुन्छ । सम्बृद्धीको लागि लगानी पुर्वशर्तको रुपमा रहेको हुन्छ । लगानीले रोजगारी सिर्जना गर्नुका साथै उत्पादकत्व वृद्धि गर्न सक्दछ । साथै भौतिक पूर्वाधारको विकास र आर्थिक सम्वृद्धि हासिल गर्न योगदान गर्दछ । उपर्युक्त औद्योगिक र व्यवसायिक वातावरणको लागि उपर्युक्त कानूनी र व्यवसायीक संयन्त्र र पूर्वाधारको समेत आवश्यकता रहन्छ । ती आवश्यकता पूरा गर्नका लागि समेत मुलुकमा दक्ष कानूनी जनशक्तिको आवश्यकता पर्दछ । उल्लेखित सन्दर्भमा नेपालमा कानून सम्बन्धी जनशक्तीको विकासका लागि रणनैतिक योजना बनाई कार्यान्वयन गर्न आवश्यक देखिएको छ । जनशक्ती विकासको सन्दर्भमा देहायका क्षेत्रमा कार्य गर्नुपर्ने देखिन्छ ।

### ४.५.१ कानून तर्जुमा सम्बन्धी जनशक्तिको विकास

नेपाल संघिय संरचनामा प्रवेश गरेसगै संघीय सरकार, प्रदेश सरकार र स्थानीय तह गरी ७६१ वटा सरकारले कानून निर्माण गर्नुपर्ने अवस्था

सिर्जना भएको छ । विगतमा केन्द्रमा मात्र कानून निर्माण गर्ने व्यवस्थापिकिय अधिकार रहेकोमा कानून तर्जुमा सम्बन्धी सीमित जनशक्ति बाटै पनि कानूनको मस्यौदा गर्ने कार्य हुदै आएको थियो । अतः संघीय राज्यको आवश्यकता अनुरुप कानून तर्जुमा सम्बन्धी जनशक्ति विकास गर्नु अपरिहार्य भएको छ । संघीय र प्रदेशको व्यवस्थापिका तथा कानून मन्त्रालयका कर्मचारी र स्थानीय तहका कर्मचारीलाई विभिन्न चरणमा कानून तर्जुमा सम्बन्धी समग्र सैद्धान्तिक र व्यवहारिक ज्ञान दिने गरी तालीम सञ्चालन गर्नुपर्ने देखिन्छ । नेपाल सरकारबाट निश्चित बजेट स्रोत उपलब्ध भएमा आयोगबाट उल्लेखनीय जिम्मेवारी पूरा गर्न सकिने छ ।

अर्कोतर्फ संघीय र प्रदेश व्यवस्थापिकाका सदस्यहरुलाई कानून तर्जुमाको सामान्य सैद्धान्तिक जानकारी, व्यवस्थापन विधि सम्बन्धी विशेष जानकारी दिने उद्देश्यले नियमित रुपमा अभिमुखिकरण तालीम दिनुपर्ने देखिन्छ । स्थानिय तहका जनप्रतिनिधिहरुलाई स्थानिय कानून निर्माण प्रक्रिया र सो प्रक्रियामा जनप्रतिनिधिहरुको भूमिका सम्बन्धमा तालीम दिनुपर्ने देखिएको छ । उपर्युक्त तालीम कार्यक्रममा संघीय मामिला मन्त्रालय र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयले समन्वय गरी कार्य गर्नुपर्ने देखिन्छ ।

### ४.५.२ कानून शिक्षाको गुणस्तरीयता र सर्वसुलभता

केही वर्षयता कानून विषयमा स्नातक तहको ५ वर्षे पाठ्यक्रम विभिन्न विश्वविद्यालयहरुले सञ्चालन गरी आए पश्चात विगतको तीन वर्षे एल.एल.वि शिक्षा भन्दा गुणस्तरमा केही सुधार भएको देखिएको छ । कानूनी शिक्षाको गुणस्तर कमजोर हुदाँ दक्ष कानूनी जनशक्तिको अभाव हुन जान्छ । जसको प्रतिकूल प्रभाव सक्षम र स्वतन्त्र न्यायपालिकाको स्थापनामा समेत पर्न जान्छ । कानूनी जनशक्ति दक्ष र सक्षम नभएमा त्यस्तो जनशक्तिबाट विधिको शासन स्थापना गर्ने राष्ट्रिय उद्देश्य पुरा गर्न सकिदैन । सक्षम र दक्ष जनशक्ति विकासका लागि कानूनी शिक्षाको गुणस्तरीयता र

सर्वसुलभता अति आवश्यक पर्दछ । अतः यो आवश्यकता पुरा गर्न निम्न कार्यहरु गर्न जरुरी देखिन्छ :-

(क) राष्ट्रिय आवश्यकता अनुरुप कानूनी शिक्षाको गुणस्तरीयता अभिवृद्धी गर्दै कानूनको शिक्षामा सबैको पहँच पुग्न सक्ने गरी कानूनी शिक्षामा सुधार सम्बन्धमा अध्ययन गरी सुझाव पेश गर्न एक अधिकारसम्पन्न कार्यदल गठन गरी उक्त कार्यदलको सुझावको आधारमा कानून शिक्षा सुधार सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने ।

(ख) कानून शिक्षाको सर्वसुलभताको लागि हरेक प्रदेशमा कम्तिमा एक वटा कानून विषय अध्ययन गराउने कलेज स्थापना गर्ने ।

(ग) कानूनको शिक्षालाई गुणस्तरीय बनाउने क्रममा हाल चलिरहेको ५ वर्षे स्नातक तहको पाठ्यक्रममा एक रुपता कायम गर्ने गरी पाठ्यक्रम सुधार गर्ने ।

(घ) त्रि.वि अन्तर्गतको ३ वर्षे स्नातक तहको अध्ययनलाई सैद्धान्तिक ज्ञानका साथै व्यवहारिक ज्ञान उन्मुख उन्मुख बनाउने गरी पाठ्यक्रम तयार गर्ने । साथै नियमित विद्यार्थीको रुपमा मात्रै उक्त अध्ययन गर्न पाउने व्यवस्था कायम राखी देशका अन्य स्थानमा पनि ३ वर्षे स्नातक तहको अध्ययन व्यवस्था गर्ने ।

(ङ) कानून क्षेत्रको जनशक्ति विकास : कानून क्षेत्रको जनशक्तिको क्षमता विकास गर्ने क्रममा न्यायाधीश, न्याय सेवाका कर्मचारी र कानून व्यवसायी समेतको क्षमता विकास सम्बन्धमा कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिएको छ । यस क्रममा राष्ट्रिय न्यायीक प्रतिष्ठानको स्थापना भई प्रतिष्ठानले विभिन्न विषयमा क्षमता विकास सम्बन्धी कार्य गर्दै आएको भए पनि कानून व्यवसायी र न्याय सेवाका कर्मचारीको हकमा पर्याप्त तालीम र कार्यक्रम सञ्चालन हुन सकेको देखिदैन । तसर्थ न्याय सेवा तालीम केन्द्रलाई साधन स्रोत सम्पन्न बनाई न्याय सेवाका कर्मचारीलाई तालीम दिने संस्थाको रुपमा अझ प्रभावकारी बनाउन पर्ने देखिएको छ । जहाँसम्म कानून व्यवसायीको क्षमता विकासको सन्दर्भ छ नेपाल

बार एसोसिएसन र नेपाल बार काउन्सिल मार्फत क्षमता विकास सम्बन्धी कायक्रम सञ्चालन गर्ने गरी साधन स्रोतको व्यवस्था हुनुपर्ने देखिएको छ ।

(च) <u>अन्तर्राष्ट्रिय कानून सम्बन्धी जनशक्तिको विकास</u> :- नेपाल विभिन्न अन्तर्राष्ट्रिय सन्धि सम्झौताको पक्ष बन्नुका अतिरिक्त संयुक्त राष्ट्र संघ लगायत विभिन्न अन्तर्राष्ट्रिय संघ संस्थाको सदस्य राष्ट्र रहेको छ । विश्वव्यापिकरणको प्रभावले आर्थिक, सामाजिक र सांस्कृतिक रुपमा सीमा पार सम्बन्ध र कारोबारको विस्तार हुदै गएको छ । विश्वका विभिन्न मुलुकहरुमा नेपालीहरु रोजगारी र व्यवसायको लागि जाने तथा कतिपय मुलुकमा बसाइसराई समेत गर्दै आएको पाइन्छ । अन्तर्राष्ट्रिय सर्म्पक र सम्बन्धको विस्तारसँगै त्यस प्रकारका व्यवहारहरुको नियमन र व्यवस्थापन गर्नका लागि अन्तर्राष्ट्रिय कानूनका विविध पक्षहरुको ज्ञान आवश्यक पर्दछ ।

नेपालको सन्दर्भमा अन्तर्राष्ट्रिय कानून सम्बन्धी जनशक्ति विकासको सम्बन्धमा सरकारी र गैर सरकारी दुवै क्षेत्रमा विशेष व्यवस्था रहे भएको पाइदैन । नेपाल पक्ष भएका वा हुने अन्तर्राष्ट्रिय सन्धि सम्झौताको पक्ष बन्ने क्रममा वा त्यस्तो सम्झौताको दायित्व बहन गर्ने क्रममा अन्तर्राष्ट्रिय कानून बमोजिम गर्नुपर्ने काम कारबाहीमा गम्भीर त्रुटी र गल्तीहरु समेत हुने गरेको पाइएको छ । तसर्थ कानून सम्बन्धी जनशक्ति विकासका लागि समय समयमा सो विषयमा नेपाल न्याय सेवा कानून समूहका अधिकृत कर्मचारीहरु तथा अर्थ, परराष्ट्र, पर्यटन, गृह, श्रम तथा रोजगार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका अन्तर्राष्ट्रिय मामिला हेर्ने शाखाका अधिकृत कर्मचारीहरु एवम् संघीय संसद सचिवालयका कर्मचारीहरुका लागि तालीम कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिएको छ ।

नेपाल कानून आयोग

अर्कोतर्फ संघीय संसदका सदस्यहरुका लागि समेत अन्तर्राष्ट्रिय सन्धि सम्झौताको अनुमोदन, सम्मीलन तथा स्वीकृती सम्बन्धी विषयपूर्व अन्तर्राष्ट्रिय सन्धि सम्झौताको सम्बन्धमा संसदको भूमिका विषयमा अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्नु उपयुक्त हुने देखिन्छ ।

(छ) नयाँ कानूनको प्रचार प्रसार गर्ने कार्य :- "कानूनको अज्ञानता क्षम्य हुदैन" भन्ने मान्यताको आधारमा नै कानूनको कार्यान्वयन र पालना हुने वा गर्ने गरिन्छ । सोही कारण कानून निर्माण भैसके पश्चात नेपाल राजपत्रमा कानूनको प्रकाशन गरिए तापनि कानूनको औपचारिक प्रकाशनले मात्र कुनै नयाँ कानूनको सम्बन्धमा सर्वसाधारण र आम सरोकारवालाहरुले जानकारी प्राप्त गर्ने अवस्था रहेको पाइदैन । तसर्थ, कुनै नयाँ कानून निर्माण भएपश्चात उक्त कानून र त्यसका व्यवस्थाहरुका सम्बन्धमा सम्बन्धीत सरोकारवाला र सर्वसाधारणलाई जानकारी दिलाउन विभिन्न संचार माध्यम एवं नयाँ कानून सम्बन्धी जानकारी दिने (Legal Dissemination Program) विभिन्न क्षेत्र र तहमा सञ्चालन गर्नुपर्ने हुन्छ । खासगरी जनताको दैनिक व्यवहार र जीवनमा प्रत्यक्ष प्रभाव पार्ने प्रकृतीका कानूनहरुको बारेमा कानून निर्माण गर्दा नै सो प्रयोजनका लागि कानून प्रमाणीकरण भएको मितिभन्दा केही समयपछि कानून लागू हुने गरी प्रावधान राखिएको हुन्छ तथापी उक्त अवधीमा सो कानून सम्बन्धमा प्रचार प्रसार सम्बन्धी कुनै कार्यक्रम नराखेको कारण उक्त कानून सम्बन्धमा जनतामा भ्रम उत्पन्न हुन सक्ने वा अन्योल सिर्जना हुन सक्न देखिन्छ ।

अतः कुनै नयाँ कानून निर्माण भएपश्चात उक्त कानून सम्बन्धमा सम्बन्धीत सरोकारवाला र सर्वसाधारणलाई जानकारी दिन नयाँ कानूनको व्यापक प्रचार प्रसार गर्नु अपरिहार्य देखिएको छ । यसबाट कानून कार्यान्वयन गर्न सहज हुन जाने र नयाँ कानून सम्बन्धमा

नेपाल कानून आयोग

पृष्ठपोषण प्राप्त भै कानून सुधारका लागि योगदान समेत हुन जान्छ ।

(ज) कानूनी सूचना संस्थाको व्यवस्था वा स्थापना सम्बन्धमा :- "कानूनको अज्ञानता क्षम्य हुदैन" भन्ने मान्यताको कारण कानून सम्बन्धी जानकारी वा सूचना सर्वसुलभ रुपमा सबैलाई उपलब्ध गराउने दायित्व राज्यको हुने देखिन्छ । परम्परागत रुपमा कुनै नयाँ कानून निर्माण भएपश्चात त्यसको औपचारिक प्रकाशन राजपत्र (गजेट) मा गर्ने गरिन्थ्यो । तर सूचना प्रविधिको विकाससँगै विश्वव्यापी रुपमा नै विभिन्न मुलुकहरुमा कानूनी सूचना उपलब्ध गराउने विभिन्न संस्थागत प्रयास भएको पाइन्छ । प्रारम्भमा विश्वव्यापी रुपमा वा क्षेत्रीय रुपमा गैरसरकारी क्षेत्रबाटै कानूनी सूचना उपलब्ध गराउने संस्थागत प्रयास भएको देखिन्छ । पछिल्लो समयमा विभिन्न मुलुकहरुले समेत आफ्नो मुलुकको कानूनी सूचना उपलब्ध गराउने विभिन्न संस्थागत व्यवस्था गरेको देखिन्छ । यसक्रममा WorldLII, AustLII, BAILII, CanLII, HKLII, LII Cornell, PacLII आदि कानूनी सूचना संस्थाहरु प्रमुख देखिन्छन ।

नेपालको सन्दर्भमा प्रचलित नेपाल कानून तथा सर्वोच्च अदालतका फैसला लगायत अन्य कानूनी सूचनाहरु एकीकृत रुपमा अभिलेख राखी अद्यावधिक रुपमा उपलब्ध गराउने सम्बन्धमा कुनै निकाय तोकिएको वा व्यवस्था गरिएको छैन । सर्वोच्च अदालतले कानून पत्रिका आफ्नो वेभसाइटमा राख्ने गरेको छ । मुद्रण विभागले राजपत्रहरु आफ्नो वेभसाइटमा राखेको छ । कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयले प्रचलित कानूनहरुको संग्रहलाई वेभसाइटमा राख्ने गर्दछ । नेपाल कानून आयोगले प्रचलित नेपाल कानूनहरु, खारेज भैसकेको नेपाल कानून, कानून सम्बन्धी ऐतिहासिक लिखतहरु तथा नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि

सम्झौताहरु नेपाली र अङ्ग्रेजी भाषामा अनुवाद गरी आफ्नो वेभसाइट मार्फत उपलब्ध गराउदै आएको छ । हालसम्म नेपालमा कानूनी सूचना सार्वजनिक रुपमा नियमित र सरल रुपमा सबैले उपयोग गर्न सक्ने गरी उपलब्ध गराउन कुनै निकाय तोकिएको छैन । अतः उपरोक्त पृष्ठभूमिमा नेपाल कानून आयोगले हाल गरिरहेको कानूनी सूचना प्रवाह सम्बन्धी कार्यलाई थप र परिमार्जन गरी समग्र कानूनी सूचनाको एकिकृत प्रवाह गर्ने कार्य व्यवस्था गर्नुपर्ने वा छुट्टै कानूनी सूचना प्रवाह सम्बन्धी संस्था स्थापना गर्ने गरी व्यवस्था गर्न अपरिहार्य भैसकेको छ । खासगरी प्रदेश र स्थानीय तहले समेत कानून निर्माण गर्ने वर्तमान सन्दर्भमा सबै कानून सम्बन्धी सूचना एकिकृत रुपमा संकलन, संरक्षण र अद्यावधिक गरी उपलब्ध गराउने व्यवस्था गर्न आवश्यक देखिएको छ ।

नेपाल कानून आयोग

# परिच्छेद-५

# नेपाल कानून आयोगको भूमिकाको प्रभावकारीता

नेपाल कानून आयोग ऐन, २०६३ को दफा १० बमोजिम आयोगलाई तोकिएको कार्यलाई प्रभावकारी रुपमा सम्पादन गर्ने क्रममा अनुभव गरिएका देहायका विषयहरुको उपयुक्त सम्बोधन भएमा आयोगले आफ्नो भूमिका थप प्रभावकारी बनाउन सक्ने दखिन्छ ।

## ५.१ भौतिक पूर्वाधार

नेपाल कानून आयोगको आफ्नै कार्यालय परिसर र भवन आयोगले आफ्नै भवनमा सेमिनार कक्ष, वैठक कक्ष, पुस्तकालय, सूचना प्रविधि कक्ष, प्रशिक्षार्थी प्रशिक्षक कक्ष लगायत आयोगको जनशक्तिको लागि आवश्यक कार्यकक्ष समेतको व्यवस्था गरी आयोगको काम कारबाहीलाई प्रभावकारी रुपमा सञ्चालन गर्न सहज र उपयुक्त वातावरण गर्न सकिने हुँदा आयोगको निमित्त उपयुक्त भवन र परिसरको स्थायी व्यवस्था हुनु पर्ने आवश्यकता टड्कारो रुपमा खट्किएको छ ।

आयोगको आफ्नै भवन भएमा सूचना प्रविधी र सञ्चार सम्बन्धी स्थायी संरचना स्थापित गरी आयोगले उपलब्ध गराउने सेवालाई सूचना प्रविधी मैत्री बनाई आयोगको काम कारबाही प्रभावकारी रुपमा सञ्चालन गर्न सकिने अवस्था छ ।

आयोगमा पुस्तकालय कक्षका लागि स्थान अभावको कारण आयोगको पुस्तकालयलाई व्यवस्थित गर्न नसकिएको परिप्रेक्ष्यमा उपयुक्त पुस्तकालय कक्ष र पुस्तक खरिदको लागि पर्याप्त बजेट उपलब्ध भएमा आयोगको पुस्तकालयलाई कानून तर्जुमा सम्बन्धी विषयको लागि सन्दर्भ पुस्तकालयको रुपमा विकास गर्न सकिनेछ ।

नेपाल कानून आयोग

## ५.२ जनशक्ति व्यवस्था र विकास

आयोगको संगठन, संरचना तथा व्यवस्थापनको दरबन्दी सिर्जना भएतापनि आयोगको सहमति समेत नलिई कर्मचारीको दरबन्दी कटौति गर्ने, आयोगका कर्मचारी काजमा अन्यत्र लैजाने प्रवृत्ति तथा सबै दरवन्दी पूर्ति नहुँदा आयोगको कार्य सञ्चालन सहज र प्रभावकारी हुन सकिरहेको छैन । आयोगको काम विज्ञता र अनुसन्धानमूलक हुने भएतापनि त्यसअनुरुप दक्ष कर्मचारी आयोगले पाउन सकिरहेको छैन । हालसम्म आयोगको दरबन्दीमा निजामति सेवाबाट सबै कर्मचारी उपलब्ध गराउने गरिएको र निजामति सेवामा भैरहने निरन्तरको सरुवाका कारण प्रायः आयोगमा कर्मचारी दरबन्दी पूरा नहुने गरेकाले आयोगमा रहने केही दरबन्दी आयोगको आफ्नै कर्मचारीको रुपमा भर्ना गर्न सकिने गरी कानूनी व्यवस्था हुन सकेमा आधारभूत जनशक्तिको अभाव नरहने अवस्था हुनेछ । सो कार्यका लागि आयोगको ऐन संशोधन गरी केही कर्मचारी भर्ना गर्न सक्ने व्यवस्था गर्ने र आयोगलाई सो को लागि आवश्यक बजेट विनियोजन हुनु उपयुक्त देखिन्छ । खास गरी पुस्तकालय व्यवस्थापक, निजी सहायक, अनुसन्धान अधिकृत, सूचना प्रविधी अधिकृत, कम्प्युटर अपरेटर, चालक एंव कार्यालय सहयोगीको दरबन्दी आयोगबाटै भर्ना गर्न सकिने व्यवस्था गर्नु उपयुक्त हुने देखिन्छ । आयोगको लागि जनशक्ति व्यवस्थासँगै आयोगको जनशक्तिको क्षमता विकासको लागि Legislative Drafting सम्बन्धी विषयमा तालिम तथा छोटो अवधिको course अध्ययन गर्न पठाउने व्यवस्था गर्नु आवश्यक छ । त्यसैगरी अन्य मुलुकका कानून आयोग वा कानून सुधार आयोगसँग सम्पर्क र सम्बन्ध विस्तार गरी एक अर्का बीच कानून तर्जुमा र कानून प्रणाली सम्बन्धी अनुभव आदान प्रदान र असल अभ्यास (Best Practice) को अनुकरणको अवसरको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

## ५.३ कानून सम्बन्धी अध्ययन र प्रकाशनको व्यवस्था

नेपाल कानून आयोग ऐन, २०६३ को दफा १० को देहाय खण्ड (क) मा कानून तथा न्याय सम्बन्धी समसामयीक विषयमा अध्ययन तथा अनुसन्धान गर्ने, गराउने काम उल्लेख गरिएको भए तापनि आयोगलाई कानून अनुसन्धानको क्षेत्रमा

प्रभावकारी काम गर्ने निकायको रुपमा हालसम्म स्थापित गर्न नसकिएको परिप्रेक्ष्यमा अध्ययन अनुसन्धानसँग सम्बन्धीत कार्य गर्नका लागि आयोगमा पर्याप्त बजेट व्यवस्था हुनुपर्ने देखिन्छ । पर्याप्त र गुणस्तरीय अनुसन्धानको अभावमा कानून तर्जुमाको कार्यले गुणस्तरीयता पाउन सक्दैन । अध्ययन अनुसन्धान विना बनेको कानून कार्यान्वयन गर्न समेत समस्या आउने सम्भावना रहन्छ । अतः ऐनले परिकल्पना गरे बमोजिम कानून सम्बन्धी विषयमा अध्ययन अनुसन्धान गर्न आयोगले विशेषज्ञको सेवा लिन सकिने प्रावधान ऐनको दफा १० को खण्ड (ज) तथा दफा १७ मा उल्लेख भए पनि सो को लागि आवश्यक पर्ने पर्याप्त साधन स्रोतको व्यवस्था हुनुपर्ने देखिएको छ । कानून सम्बन्धी विषयमा अध्ययन गर्ने तथा अन्य विशेषज्ञहरुलाई अध्ययन गर्न लगाई अनुसन्धानमूलक लेख तथा अनुसन्धान कृतिलाई नियमित रुपमा प्रकाशनको व्यवस्था गर्ने गरी आयोगले वार्षिक रुपमा एउटा जर्नल प्रकाशन गर्ने व्यवस्था हुन सकेमा आयोगको भूमिका थप प्रभावकारी हुन जानेछ ।

## ५.४ राज्य पुर्नसंरचनाको सन्दर्भमा आयोगको भूमिका

संघीयता कार्यान्वयन भैसकेको परिप्रेक्ष्यमा संघ, प्रदेश र स्थानीय तह तीनै तहबाट कानून निर्माणको कार्य हुने व्यवस्था अनुरुप कानून निर्माण हुने गरेको छ । नेपाल कानून आयोग ऐन, २०६३ ले कानूनको तर्जुमा, संहिताकरण तथा प्रचलित कानूनको संशोधन, एकीकरण र पुनरावलोकन गर्न तथा कानून र न्याय सम्बन्धी विषयमा अध्ययन र अनुसन्धान गरी नेपाल सरकार समक्ष पेश गर्ने गरी आयोगको कार्यक्षेत्र निर्धारण गरेको सन्दर्भमा प्रदेश सरकार र स्थानीय तहले निर्माण गर्नुपर्ने कानूनको सन्दर्भमा आयोगको क्षेत्राधिकार स्पष्ट उल्लेख भएको देखिदैन । यस स्थितिमा भर्खरै मात्र स्थापित प्रदेश सरकार र स्थानीय तहमा कानून निर्माण सम्बन्धी ज्ञान र अनुभव कम रहेको, कानून निर्माण सम्बन्धी दक्ष जनशक्तिको अभाव रहेको समेतको सन्दर्भलाई दृष्टिगत गरी प्रदेश सरकारको लागि आवश्यक कानूनको तर्जुमा समेत आयोगबाटै गर्ने गरी आयोगको ऐनमा संशोधन हुनु उपयुक्त देखिन्छ । त्यसरी व्यवस्था हुन सकेमा एउटा प्रदेश सरकारले अनुरोध गरी निर्माण गरेको कानून अन्य

नेपाल कानून आयोग

प्रदेश सरकार वा स्थानीय तहले समेत उपयोग गर्न सक्ने गरी आयोगले कानूनको मस्यौदा तयार गरी उपलब्ध गराउन सक्ने संभावना रहेको छ । यसबाट कानून निर्माणमा हुने खर्चमा मितव्ययिता आउनुका साथै कानून निर्माणमा एकरुपता र गुणस्तरीयता समेत कायम रहन जाने देखिन्छ ।

नेपाल कानून आयोग ऐन, २०६३ प्रारम्भ हुनु भन्दा अघि नेपालमा कानून आयोगको गठन नेपाल कानून सुधार आयोगको नाममा कार्यकारी निर्णय बमोजिम तदर्थ आयोगको रुपमा हुने गरेको थियो । कानून आयोगलाई एक स्वतन्त्र र सक्षम स्थायी आयोगको रुपमा संस्थागत गर्ने उद्देश्यले नै कानून आयोग सम्बन्धी छुट्टै ऐन निर्माण गरिएको देखिन्छ । नेपाल कानून आयोग ऐन, २०६३ बमोजिम कानून आयोगलाई एक स्वायत्त कानूनी संस्थाको रुपमा विकास गरेको छ । आयोगमा अध्यक्ष र उपाध्यक्षको साथै नेपाल सरकारका विशिष्ट श्रेणीका ४ जना पदाधिकारीहरु पदेन सदस्य रहने तथा नेपाल सरकारले मनोनित गर्ने ३ जना अन्य सदस्य रहने प्रावधान रहेको भए पनि आयोगको अध्यक्ष तथा उपाध्यक्ष मात्र पुरा समय काम गर्ने पदाधिकारी हुने प्रावधानले आयोगमा कानूनी विज्ञ जनशक्तिको अभाव रहने गरेको छ । मनोनित हुने ३ जना सदस्यहरुको पदावधी २ वर्षको मात्र हुने र समयमा नै पदपूर्ति नहुने गरेका कारण मनोनित हुने सदस्यको भूमिका आयोगमा उल्लेखनिय हुन सकेको देखिदैन । अतः आयोगको ऐन संशोधन गरी नेपाल सरकारबाट मनोनित हुने सदस्यको पदावधी समेत आयोगको अध्यक्ष र उपाध्यक्ष जस्तै ५ वर्षको लागी हुने व्यवस्था गर्नु उपयुक्त देखिन्छ । साथै त्यसरी नियुक्त हुने सदस्य कानून सम्बन्धि फरक फरक बिषयमा विज्ञता हासिल गरेको व्यक्ति हुने प्रावधान राख्नु उपयुक्त हुन्छ । नेपाल कानून आयोग ऐन, २०६३ को दफा ५ मा आयोगको मानार्थ सदस्य नियुक्त गर्न सकिने प्रावधान रहेको भए पनि हाल सम्म उक्त दफा बमोजिम मानार्थ सदस्य नियुक्त गरेको दृष्टान्त देखिदैन । नेपाल कानून आयोग ऐन २०६३ को दफा १६ को उपदफा (२) मा आयोगलाई आवश्यक पर्ने कर्मचारी नेपाल सरकारले उपलब्ध गराउने प्रावधान रहेको भएतापनि सामान्यतया आयोगको स्वीकृत दरबन्दी बमोजिम पूरा कर्मचारी उपलब्ध हुन सकेको देखिदैन । अतः आयोगको स्वीकृत दरबन्दी अनुसार केही दरबन्दी आयोग

आफैले पदपूर्ति गर्न सक्ने गरि ऐनमा संशोधन भएमा आयोगको कर्मचारीमा कार्यविशिष्टिकरण हुने र दरबन्दी खाली रहने अवस्था समेत समाधान हुने देखिन्छ ।

नेपाल कानून आयोग ऐन २०६३ को दफा १७ मा आयोगले आवश्यकतानुसार विशेषज्ञको सेवा लिन सक्ने प्रावधान राखिएको भएपनि सोको लागि आवश्यक पर्ने पर्याप्त बजेट उपलब्ध हुन सकेको पाइदैन ।

माथि उल्लेखित विभिन्न विषयहरुको सन्दर्भमा नेपाल कानून आयोग ऐन, २०६३ मा पुनरावलोकन गरी आयोगको संरचनामा आवश्यक हेरफेर गर्नुपर्ने र आयोगलाई प्रभावकारी गराउने गरी पुर्नसंरचना गर्नु पर्ने देखिएको छ ।

नेपाल कानून आयोग

# अनुसूची-१

## पदाधिकारीको नामावली

| क्र.स | नाम | पद |
|---|---|---|
| १. | श्री माधव पौडेल | अध्यक्ष |
| २. | श्री भेष राज शर्मा | उपाध्यक्ष |
| ३. | श्री राजिव गौतम, सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | सदस्य |
| ४ | श्री डिल्लीराज घिमिरे, सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | सदस्य |
| ५. | श्री खगराज पौडेल, नायव महान्यायधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय | सदस्य |
| ६. | श्री चिरञ्जीवी खनाल, सचिव, नेपाल कानून आयोग | सदस्य-सचिव |

नेपाल कानून आयोग

# अनुसूची-२

## नेपाल कानून आयोगमा बि.सं.२०१० सालदेखि हालसम्मका अध्यक्षको नामावली

| क्र.सं. | नाम | नियुक्ति मिति | कैफियत |
|---|---|---|---|
| १. | बडाकाजी श्री मणिकलाल राजभण्डारी | २०१०।०९।०६ | |
| २. | श्री बिनोद प्रसाद धिताल | २०२०।१०।०८ | |
| ३. | श्री नयन बहादुर खत्री | २०२९।०२।२९<br>२०३६।०८।२३ | |
| ४. | श्री बिश्वनाथ उपाध्याय | २०४१।०८।०२ | |
| ५. | श्री हरगोबिन्द सिंह प्रधान | २०५२।०१।१९ | |
| ६. | श्री निरञ्जन थापा | २०५९।११।१६ | |
| ७. | श्री बाबुराजा जोशी | २०६३।०४।१५ | |
| ८. | श्री उमेशचन्द्र झा | २०६८।०९।१२ | |
| ९. | श्री माधव प्रसाद पौडेल | २०७३।०३।२६ | |

नेपाल कानून आयोग

# अनुसूची-३

## नेपाल कानून आयोगमा बि.सं.२०१० सालदेखि हालसम्मका


## उपाध्यक्षको नामावली

| क.सं. | नाम | नियूक्ति मिति | कैफियत |
|---|---|---|---|
| १. | श्री उदय नेपाली श्रेष्ठ | २०६०।०४।१९ | |
| २. | श्री हरिप्रसाद न्यौपाने | २०६३।०५।२६ | |
| ३. | श्री प्रचण्ड राज प्रधान | २०६८।०९।१२ | |
| ४. | श्री भेषराज शर्मा | २०७२।१०।१३ | |

नेपाल कानून आयोग

# अनुसूची-४

## प्रशासनिक संगठन संरचना



# अनुसूची- ५

## कर्मचारी दरबन्दी

| | | |
|---|---|---|
| १. | सचिव (विशिष्ट श्रेणी) नेपाल न्याय सेवा, कानून समूह | १ |
| २. | सहसचिव (रा.प. प्रथम श्रेणी) नेपाल न्याय सेवा, कानून समूह | २ |
| ३. | उपसचिव (रा.प. द्वितीय श्रेणी) नेपाल न्याय सेवा, कानून समूह | २ |
| ४. | शाखा अधिकृत (रा.प. तृतीय श्रेणी) नेपाल न्याय सेवा, कानून समूह | ५ |
| ५. | लेखा अधिकृत (रा.प. तृतीय श्रेणी) नेपाल प्रशासन सेवा, लेखा समूह | १ |
| ६. | कम्प्यूटर इन्जिनियर (रा.प. तृतीय श्रेणी) नेपाल विविध सेवा | १ |
| ७. | नायब सुब्बा, नेपाल प्रशासन सेवा, सा.प्र. समूह | ३ |
| ८. | नायब सुब्बा, नेपाल न्याय सेवा कानून समूह | ५ |
| ९. | कम्प्यूटर अप्रेटर,नेपाल विविध सेवा | १ |
| १०. | खरिदार, नेपाल न्याय सेवा, कानून समूह | ४ |
| ११. | हलुका सवारी चालक इन्जिनियरिङ्ग सेवा | ३ |
| १२. | कार्यालय सहयोगी | ४ |
| १३. | स्वीपर | १ |
| **कूल दरबन्दी** | | **३३** |

नेपाल कानून आयोग

# अनुसूची- ६

## कार्यरत कर्मचारीको नामावली

| | | | |
|---|---|---|---|
| १) | श्री चिरञ्जीवी खनाल | - | सचिव |
| २) | श्री राजेन्द्र थापा | - | उप–सचिव |
| ३) | श्री सीता शर्मा अधिकारी | - | उप–सचिव |
| ४) | श्री हरिकृष्ण के.सी. | - | शाखा अधिकृत |
| ५) | श्री मनुका घिमिरे | - | शाखा अधिकृत |
| ६) | श्री यदु राज शर्मा नेपाल | - | लेखा अधिकृत |
| ७) | श्री झलक के.सी. | - | नायब सुब्बा |
| ८) | श्री चण्डेश्वरी प्रजापति | - | कम्प्यूटर अप्रेटर |
| ९) | श्री शिवराज पौडेल | - | नायब सुब्बा |
| १०) | श्री पारस मणि शर्मा | - | नायब सुब्बा |
| ११) | श्री सौरब बराल | - | खरिदार |
| १२) | श्री सन्दीप लामिछाने | - | खरिदार |
| १३) | श्री मोती कुमारी पौडेल | - | खरिदार |
| १४) | श्री कृष्ण गोविन्द महर्जन | - | हलुका सवारी चालक |
| १५) | श्री खिलप्रसाद दाहाल | - | हलुका सवारी चालक |
| १६) | श्री बहादुर महर्जन | - | हलुका सवारी चालक |
| १७) | श्री धन बहादुर क्षेत्री | - | हलुका सवारी चालक (सेवा करार) |
| १८) | श्री राम प्रसाद राजबाहक | - | हलुका सवारी चालक (सेवा करार) |
| १९) | श्री मिठे राना | - | कार्यालय सहयोगी |
| २०) | श्री रामबहादुर रानामगर | - | कार्यालय सहयोगी |
| २१) | श्री दिलशोभा पोडे | - | स्विपर |

नेपाल कानून आयोग

| | | | |
|---|---|---|---|
| २२) | श्री सविता राना | - | कार्यालय सहयोगी (सेवा करार) |
| २३) | श्री सृजना लम्साल | - | कार्यालय सहयोगी (सेवा करार) |
| २४) | श्री कर्ण बहादुर बस्नेत | - | कार्यालय सहयोगी (सेवा करार) |

नेपाल कानून आयोग

# अनुसूची- ७

## आयोगको वर्तमान भौतिक अवस्थाको विवरण

| | | |
|---|---|---|
| (क) | आयोगको आफ्नो स्थायी भवन | - नभएको |
| (ख) | सवारी साधन विवरण | |
| | कार | - ४ वटा |
| | जीप | - २ वटा |
| | मोटरसाइकल संख्या | - ७ वटा |
| | स्कुटर सख्या | - २ वटा |
| | इलेक्ट्रिक स्कुटर सख्या | - २ वटा |
| (ग) | अन्य भौतिक स्रोत साधन | |
| | डेक्सटप कम्प्युटर संख्या | - २४ सेट |
| | प्रिन्टर संख्या | - १२ थान |
| | ल्यापटप कम्प्युटर संख्या | - २० थान |
| | फ्याक्स संख्या | - २ थान |
| | फोटोकपी मेशिन संख्या | - २ थान |
| | क्यामरा | - १ थान |
| | प्रोजेक्टर | - २ थान |
| | मल्टिफङ्सन | - १ थान |
| | स्कयानिङ मसिन | - २ थान |
| | टेलीभिजन | - १ थान |

नेपाल कानून आयोग

# अनुसूची- ८

## २०७५ सालको असार महिनाको खर्चको फाँटवारी पूँजीगत

म.ले.प.फा.नं
. १३

नेपाल सरकार
नेपाल कानून आयोग
२०७५ साल असार महिनाको खर्चको फाटवारी

आर्थिक बर्ष : ७४/७५
बजेट उपशीर्षक नम्बर :३११०१२४
बजेट उपशीर्षकको नाम :नेपाल कानून आयोग पुंजिगत

| यो महिनाको खर्च | यो महिना सम्मको निकासा | ब.शि.नं. | हिसाबको नाम | जम्मा बार्षिक बजेट | यो महिना सम्मको खर्च | बाँकी | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | बजेट | निकाशा |
| ९१५०० | १६३,८२०.०० | २९३११ | फर्निचर तथा फिक्चर्स | १६४,०००.०० | १६३,८२०.०० | १८०.०० | |
| २०६९९८ | ५९८,७९८.०० | २९४११ | सवारी साधन | ६००,०००.०० | ५९८,७९८.०० | १,२०२.०० | |
| ७९१०० | १३६,८३१.७० | २९५११ | मेशिनरी औजार | ४६५,०००.०० | १३६,८३१.७० | ३२८,१६८.३० | |
| ० | ० | २९७१२ | सफ्टवेयर निमाण र खरिद खर्च | २००,०००.०० | ०.०० | २००,०००.०० | |
| ३७७५९८ | ८९९,४४९.७० | | | १,४२९,०००.०० | ८९९,४४९.७० | ५२९,५५०.३० | |

कोषको अवस्था

| | | | |
|---|---|---|---|
| बैशाख मसान्त सम्मको निकासा रु. | ८९९,४४९.७० | बैंक मौजदात रू | |
| बैशाख मसान्त सम्मको | | कर दाखिला गर्न बाँकी | |
| खर्च रू | ८९९,४४९.७० | (.) रू | ० |
| जम्मा बाँकी रू | ० | जम्मा रू | |
| पेश्की रू | ० | जम्मा बाँकी रू | |
| खुद खर्च रू | ८९९,४४९.७० | खुद बाँकी रू | |
| | | बैंक खाता नं. स.अ. | |

तयार गर्ने | पेश गर्ने | सदर गर्ने

# २०७५ सालको असार महिनाको खर्चको फाँटवारी साधारण

म.ले.प.फा.नं. १३

नेपाल सरकार

नेपाल कानून आयोग

२०७५ साल असार महिनाको खर्चको फाटवारी

आर्थिक बर्ष : ०७४/७५

बजेट उपशीर्षक नम्बर :३११०१२३

बजेट उपशीर्षकको नाम :नेपाल कानून आयोग चालु

| यो महिनाको खर्च | यो महिना सम्मको निकासा | ब.शि.नं. | हिसाबको नाम | जम्मा बार्षिक बजेट | यो महिना सम्मको खर्च | बाँकी | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | बजेट | निकाशा |
| ६८२,१४६.७० | ११,५९९,०५८.६० | २११११ | तलब | १५,२८४,०००.०० | ११,५९९,०५८.६० | ३,६८४,९४१.४० | |
| २१,०००.०० | २८७,८६२.०० | २१११३ | मंहगी भत्ता | ४२०,०००.०० | २८७,८६२.०० | १३२,१३८.०० | |
| ४,६५०.०० | २२९,१२५.०० | २१११९ | अन्य भत्ता | ४४५,०००.०० | २२९,१२५.०० | २१५,८७५.०० | |
| ०.०० | १८७,५००.०० | २११२१ | पोशाक | २६३,०००.०० | १८७,५००.०० | ७५,५००.०० | |
| ९९६२८.४ | ३०२,५९१.८० | २२१११ | पानी तथा विजुली | ५१८,०००.०० | ३०२,५९१.८० | २१५,४०८.२० | |
| २१,०००.०० | २८९,७४३.१९ | २२११२ | संचार महसुल | ३१७,०००.०० | २८९,७४३.१९ | २७,२५६.८१ | |
| ११५,०६०.०० | १,३६४,७३१.०० | २२१२१ | घर भाडा | १,४५१,०००.०० | १,३६४,७३१.०० | ८६,२६९.०० | |
| २२६,६०४.४७ | ९३२,१६८.५० | २२२११ | इन्धन | १,३८१,०००.०० | ९३२,१६८.५० | ४४८,८३१.५० | |
| ६०,१०७.२७ | ७५१,३६३.११ | २२२१२ | सचालन तथा ममत संभार | ७५४,०००.०० | ७५१,३६३.११ | २,६३६.८९ | |
| ७६०० | ४८,५८४.८० | २२२१३ | बीमा | १०७,०००.०० | ४८,५८४.८० | ५८,४१५.२० | |
| ९०,१७३.६० | ५२७,२६६.७० | २२३११ | कार्यालय सम्बन्धी खर्च | ८९०,०००.०० | ५२७,२६६.७० | ३६२,७३३.३० | |
| ० | ३८,१५२.०० | २२३१३ | पुस्तक तथा सामाग्री खर्च | १००,०००.०० | ३८,१५२.०० | ६१,८४८.०० | |
| ० | ०.०० | २२३१४ | इन्धन अन्य प्रायोजन | २३,०००.०० | ० | २३,०००.०० | |
| ० | ०.०० | २२४११ | सेवा र परामर्श खर्च | ५०,०००.०० | ० | ५०,०००.०० | |
| १७०,७४०.०० | १,०२०,८४९.३५ | २२४१२ | अन्य सेवा शुल्क | १,३५६,०००.०० | १,०२०,८४९.३५ | ३३५,१५०.६५ | |
| १,४१५,०९०.३९ | ६,६७०,३८४.७७ | २२५२२ | कार्यक्रम खर्च | ११,७५४,०००.०० | ६,६७०,३८४.७७ | ५,०८३,६१५.२३ | |
| ०.०० | ५३,३७५.०० | २२६११ | अनुगमन मूल्याकन खर्च | ३४०,०००.०० | ५३,३७५.०० | २८६,६२५.०० | |
| १६४२९० | १६६,५९०.०० | २२६१२ | भ्रमण खर्च | २००,०००.०० | १६६,५९०.०० | ३३,४१०.०० | |
| १०,७१९.०० | ४२३,६४३.१५ | २२७११ | विविध खर्च | ४४४,०००.०० | ४२३,६४३.१५ | २०,३५६.८५ | |
| ३,०८८,८०९.८३ | २४,८९२,९८८.९७ | | | ३६,०९७,०००.०० | २४,८९२,९८८.९७ | ११,२०४,०११.०३ | |

## कोषको अवस्था

| | | | |
|---|---|---|---|
| असार मसान्तसम्मको निकासा रु. | २४,८९२,९८८.९७ | बैंक मौजदात रू | |
| असार मसान्तसम्मको खर्च रू | २४,८९२,९८८.९७ | कर दाखिला गर्न बाँकी (.) रू | |
| जम्मा बाँकी रू | ० | जम्मा रू | |
| पेश्की रू | | जम्मा बाँकी रू | |
| खुद खर्च रू | २४,८९२,९८८.९७ | खुद बाँकी रू | |
| | | बैंक खाता नं. स.अ. | ००१००१०५२०१२६६ |

तयार गर्ने

पेश गर्ने

लेखा अधिकृत

सदर गर्ने

सचिव

# अनुसूची- ९

**नेपाल सरकार**

# नेपाल कानून आयोग

## वार्षिक कार्यक्रम २०७४/७५

| क्र. स. | विवरण | क्रियाकलाप | चौमासिक | | | | पुष्ट्याई | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | प्रथम | द्वितीय | तृतीय | जम्मा | | |
| १. | विधेयक तर्जुमा | | २ | २ | १ | ५ | | |
| | क) आयोगले आवश्यक ठानेको विषयमा कानून तर्जुमा<br>ख) अन्य निकायबाट आयोगलाई प्राप्त विषयमा कानून तर्जुमा<br>ग) अन्य विषयमा | • संविधान कार्यान्वयन गर्न आवश्यक कानून तर्जुमा<br>• संघियता कार्यान्वयन सम्बन्धी कानून तर्जुमा<br>• अन्य विषयमा आवश्यक कानून तर्जुमा | • साउनमा प्रारम्भ गरी भाद्र मसान्तमा तयार गर्ने (१ वटा)<br>• साउनमा प्रारम्भ गरी कार्तिक मसान्तमा तयार गर्ने (१ वटा) | मंसिरमा प्रारम्भ गरी फाल्गुण मसान्तमा तयार गर्ने (२ वटा) | • चैत्रमा प्रारम्भ गरी असार मसान्तमा तयार गर्ने (१ वटा) | | • संविधानमा नया खालका प्रावधानहरु रहेको र शासकीय स्वरुपमा परिवर्तन लगायतका विषय सम्वोधन गरी संविधानको कार्यान्वयन गर्नुपर्ने भएकोले<br>• अन्य समसामयिक विषयमा सनायानुकुल कानून निर्माण गर्नुपर्ने भएकोले<br>• आयोगलाई अन्य | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कानून तर्जुमा | | | | | | निकायवाट तर्जुमाका लागि अनुरोध भई आउने भएकोले | |
| २. | वेवसाईट व्यवस्थापन | | | | | | | १००० पेज |
| | क. वेवसाईट अद्यावधिक गर्ने कार्य | • मौजुदा कानूनमा भएका संशोधन अद्यावधिक गर्ने<br>• नयाँ कानूनहरु अद्यावधिक गर्ने<br>• मौजुदा कानूनको अंग्रेजी अनुवाद र अन्तर्राष्ट्रिय कानूनी द:तावेजको नेपाली अनुवाद अद्यावधिक गर्ने<br>• विभिन्न कानूनी द:तावेज वेवसाईटमा राख्ने | • प्रचलित कानूनहरु अद्यावधिक गरी वेवसाईटमा राख्ने (निरन्तर) | | | | • सूचना प्रविधिको माध्यमवाट सर्वसाधारणलाई कानूनको जानकारी प्रदान गर्न | • नवीनतम (Innovative) कार्य<br>• प्रादेशिक कानूनहरु समेत आयोगको वेवसाईटमा अद्यावधिक गरिने<br>• विषय अनुसारका कानूनी लिखतलाई छुट्टाछुट्टै राखिने |

नेपाल कानून आयोग

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ख. अनुवाद | • आवश्यकतानुसार नेपाली कानूनलाई अंग्रेजीमा अनुवाद गर्ने<br>• आवश्यकता अनुसार अन्तर्राष्ट्रिय कानूनी दस्तावेजलाई नेपालीमा अनुवाद गर्ने<br>• विभिन्न कानूनी दःतावेजलाई आवश्यकतानुसार अनुवाद गर्ने | • आवश्यकता र महत्वका आधारमा कानूनी लिखतलाई अनुवाद गरी नेपाली र अंग्रेजी भाषामा अपलोड गर्ने (निरन्तर) | | | | • अन्तर्राष्ट्रिय स्तरमा नेपाली कानूनको जानकारी प्रदान गर्न<br>• विभिन्न अन्तर्राष्ट्रिय कानूनी दस्तावेजलाई नेपालीमा उपलब्ध गराउन | |
| ३. | अन्तक्रिया र गोष्ठी | | ३ | ४ | ३ | १ | | |
| | क. Legal Dissemination Program | नयाँ तथा महत्वपुर्ण कानून तथा अन्तरनिहित प्रावधानहरुको वारेमा जानकारी प्रदान तथा प्रचारप्रसार गर्ने | १<br>मुलुकी देवानी संहिता र मुलुकी अपराध संहितामा निहित मुख्य मुख्य प्रावधानको वारेमा जानकारी प्रदान तथा प्रचारप्रसार गर्ने( भाद्रमा( १ वटा | २<br>मुलुकी देवानी संहिता र मुलुकी अपराध संहितामा निहित मुख्य मुख्य प्रावधानको वारेमा जानकारी प्रदान तथा प्रचारप्रसार गर्ने (मंसिर र पुसमा (१ र १ वटा | २<br>मुलुकी देवानी संहिता र मुलुकी अपराध संहितामा निहित मुख्य मुख्य प्रावधानको वारेमा जानकारी प्रदान तथा प्रचारप्रसार गर्ने( वैशाख र ज्येष्ठमा (१ र १ वटा | ५ | • कानूनको अज्ञानता क्षम्य हुदैंन भन्ने कानूनी सिद्वान्त लाई कार्यान्वयन गर्न<br>• कानूनमा व्यवःथा गरिएका महत्वपुर्ण, जटिल तथा नया प्रावधानको ज्ञान सर्वसाधारणलाई दिन | नवीनतम ( Innovative) कार्य (देवानी संहिता तथा अपराध संहितामा निहित मुख्य मुख्य विषयवःतु उपर स्थानीय तहलाई लक्षित गरी Legal Dissemination कार्यक्रम |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | आयोजना गरिने |
| | खा गोष्ठी रअन्तर्क्रिया | • आयोगवाट तर्जुमा गरिने र भएका विधेयकहरु बन्धमा सरोकारवाला एवम् विज्ञहरुसंग छलफल तथा अर्न्तक्रिया गरी राय सुझाव संकलन गर्ने<br>• आयोगको वार्षिक कार्यक्रमको समिक्षा तथा निर्माण सम्बन्धमा छलफल तथा अन्तर्क्रिया गर्ने | २ विधेयकको मःयौदा तयार भएपश्वात सरोकारवालाको राय सल्लाह प्राप्त गर्ने उद्देश्यले गोष्ठीको आयोजना गर्ने ( भाद्र १५ भित्र ( १, र कार्तिक १५ भित्र (१ | २ विधेयकको मःयौदा तयार भएपश्वात सरोकारवालाको राय सल्लाह प्राप्त गर्ने उद्देश्यले गोष्ठीको आयोजना गर्ने ( फाल्गुण १५ भित्र (२ | १ विधेयकको मःयौदा तयार भएपश्वात सरोकारवालाको राय सल्लाह प्राप्त गर्ने उद्देश्यले गोष्ठीको आयोजना गर्ने ( असार १५ भित्र (१ | ५ | • तर्जुमाको क्रममा रहेका वा तर्जुमा गर्नुपर्ने विषयका सम्बन्धमा सरोकारवाला तथा सम्बन्धित विषयका विज्ञहरुसंग राय सल्लाह एवम् सुझाव संकलन गर्न<br>• संकलित राय सुझाव लाई पृष्ठपोषणका रुपमा ग्रहण गरी मःयौदा तर्जुमा गर्ने वा आवश्यक परिमार्जन गर्न<br>• आयोगले वर्ष भरी गरेका काम कारबाहीको समिक्षा एवम् विश्लेषण गर्दै आगामी कार्यक्रम थप प्रभावकारी वनाउन छलफल तथा अर्न्तक्रिया गर्न | |
| ४. | अध्ययन अनुसन्धान | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | अध्ययन अनुसन्धान गर्नेरगराउने | • कुनै विषयका सम्बन्धमा अध्ययन अनुसन्धान गरी च्मकभबचअज एबउभच तयार गर्ने<br>• कानून तर्जुमा गर्ने सम्बन्धमा सर्वोच्च अदालतवाट भएका निर्देशनात्मक आदेशहरुको अध्ययन गर्ने<br>• नेपाल सरकारवाट अनुरोध भए वमोजिम विभिन्न विषयमा अध्ययन तथा अनुसन्धान गर्ने | प्रथम चौमासिकमा विषय वस्तुको पहिचान गर्ने | दोस्रो चौमासिकमा कार्यको थालनी गर्ने | १ तेस्रो चौमासिकमा कार्य सम्पन्न गर्ने | १ | • नेपाल कानून आयोग ऐन २०६३ को दफा १० वमोजिम कानून तथा न्यायको क्षेत्रमा अध्ययन तथा अनुसन्धान गर्न<br>• तर्जुमाको क्रममा रहेका कानूनको वारेमा अवधारणा स्पष्ट गर्न<br>• सम्बन्धित विषयमा सैद्धान्तिक तथा व्यवहारिक ज्ञानको विश्लेषण गरी कानून तर्जुमा कार्यमा सहजिकरण गर्न<br>• समय परिस्थिति एवम् राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशका आधारमा कःतो कानून वनाउन उपयुक्त हुन्छ सो को विश्लेषण गरी कानून तर्जुमा गर्न | |
| ५. | अवधारणापत्र तयार गर्ने | | ४ | ४ | २ | १० | | |
| | | • आयोगले आवश्यक ठानेको कुनैपनि विषयमा कानून तर्जुमा गर्नका लागि अध्ययन गरी अवधारणापत्र तयार गर्ने<br>• मौजुदा कानूनको | साउनमा सुरु भई कार्तिक मसान्तमा तयार गर्ने | मंसिरमा सुरु भई फाल्गुण मसान्तमा तयार गर्ने | चैत्रमा सुरु भई असार मसान्तमा तयार गर्ने | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | पुनरावलोकन गर्न अध्ययन तथा अनुसन्धान गरी अवधारणापत्र तयार गर्ने | | | | | | |
| ६. | क्षमता अभिवृद्धि | ● कर्मचारी तथा पदाधिकारिको क्षमता अभिवृद्धि गराउने | | | | | ● आयोगका पदाधिकारी तथा कर्मचारीको क्षमता अभिवृद्धि गर्न<br>● कर्मचारीलाई उत्प्रेरित गरी मनोवल उच्च राख्न | |
| ७. | प्रशिक्षार्थी सेवा लिने | ● प्रशिक्षार्थीहरुलाई आयोगको काम कारवाहीमा संलग्न गराउने<br>● विभिन्न विषयमा अध्ययन अनुसन्धान गराउने | | | | १० जना | ● कानून विषय अध्ययनरत विद्यार्थीलाई आयोगले गर्ने कार्यको वारेमा जानकारी दिन<br>● आयोगको काम कारबाहीमा प्रत्यक्ष संलग्न गराई कानून तर्जुमाको व्यबहारिक ज्ञान दिन<br>● उनीहरुको ज्ञानको उपयोग गर्न | |
| ८. | कानूनको खारेजी, परिमार्जन, संशोधन र ऐकिकरण गर्ने सम्बन्धमा अध्ययन | ● ङ संविधान अनुकूल कानूनको पुनरावलोकन गर्ने सम्बन्धमा परिमार्जन, खारेजी र एकिकरण गर्न अध्ययन | साउनमा सुरु भई कार्तिक मसान्तमा प्रतिवेदन तयार गर्ने | मंसिरमा सुरु भई फाल्गुण मसान्तमा प्रतिवेदन तयार गर्ने | | २ वटा | विद्यमान कानूनमा रहेका कमी कमजोरी औंल्याउने र खारेजी, परिमार्जन, संशोधन तथा एकिकरणका लागि अध्ययन गरी नेपाल सरकार समक्ष | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | गर्ने<br>● समय अनुकूल कानूनको निर्माणर परिमार्जनरखारेजीरएकिकरण गर्ने | | | | | सुझाव दिने | |
| ९. | प्रकाशन | ● जोर्नल प्रकाशन गर्ने<br>● आयोग संग सम्बन्धित अन्य काम कारवाही, आदिको वुकलेट प्रकाशन गर्ने<br>● अध्ययन अनुसन्धानवाट प्राप्त भएका प्रतिवेदन, अवधारणापत्र आदि प्रकाशन गर्ने | साउनमा लेख रचना आव्हान गर्ने | फाल्गुण सम्ममा लेख रचना सम्पादन गर्ने | असार मसान्त भित्र प्रकाशन गर्ने | | आयोगले वर्षभरी गरेका प्रगति तथा काम कारवाही सर्वसाधारण एवम् सरोकारवाला हरु समक्ष पुर्याउने तथा अध्ययन अनुसन्धान वाट प्राप्त प्रतिवेदन, अवधारणा पत्र आदिको प्रकाशन गरी आयोगको प्रगति सार्वजनिक गर्ने | |
| १०. | आयोगको मोवाईल App संचालन | ● मोवाईल, ट्याव वा ग्याजेटमा चल्ने आयोगको आधिकारिक App मा ऐन, कानूनको अद्यावधिक राख्ने | निरन्तर | निरन्तर | निरन्तर | | ● समय र प्रविधि अनुकुल संविधान, ऐन, नियम आदिमा सहज र आधिकारिक पहुच सुनिश्चित गर्न | नवीनतम (Innovative) कार्य |
| ११. | कानूनी शव्दकोष तयारी र निर्माण | ● आधिकारिक कानूनी शव्दावली तयार गरी प्रकाशन गर्ने | कानूनी शव्दावलीको दोस्रो चरणको कार्य सुरु गर्ने( भाद्रमा | | ज्येष्ठ मसान्त सम्म दोस्रो चरणको कार्य सम्पन्न गर्ने | | | नवीनतम (Innovative) कार्य |

# अनुसूची- १०

## आर्थिक वर्ष २०७४/७५ मा आयोगबाट तयार भई सम्बन्धित मन्त्रालयमा पठाइएको विधेयकको सूची

### (१) नेपाल प्राणी उद्यान प्राधिकरणका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७४

**प्रस्तावना :** वन्यजन्तुको संरक्षण, अध्ययन, अनुसन्धान र त्यसको प्रजनन क्षमता विकास तथा विस्तारका लागि प्राणी उद्यानको स्थापना र सञ्चालनलाई प्रवर्द्धन गर्नु वन्यजन्तु मुलुकको राष्ट्रिय सम्पदा र मानव जीवनको अत्यवश्यक तथा उपेक्षा गर्न नसकिने पक्ष हो भन्ने विषयमा जनचेतना अभिवृद्धि गर्न र त्यसबाट सर्वसाधारणलाई मनोरञ्जन प्रदान गर्न त्यस्तो उद्यानको सञ्चालन र व्यवस्थापनको नियमनकारी संरचना बिकास गरी कार्यान्वयन गर्न नेपाल प्राणी उद्यान प्राधिकरणको स्थापना र सञ्चालन गर्न वान्छनीय भएकोले,

नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदले यो ऐन बनाएको छ।

**परिच्छेद - १**

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "नेपाल प्राणी उद्यान प्राधिकरण ऐन, २०७४" रहेकोछ।

(२) यो ऐन प्रमाणिकरण भएको मितिले एकानब्बेऔं दिनदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले दफा ५ को उपदफा (२) को खण्ड (क) बमोजिमको अध्यक्ष सम्झनु पर्छ।

(ख) "इजाजतपत्र" भन्नाले दफा २० बमोजिम दिइने इजाजतपत्र सम्झनु पर्छ।

(ग) "कार्यकारी निर्देशक" भन्नाले दफा १२ बमोजिम नियुक्त कार्यकारी निर्देशक सम्झनु पर्छ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।



नेपाल कानून आयोग

(ङ) "वन्यजन्तु" भन्नाले घरपालुवा वाहेक जुनसुकै प्रजातिको जमिन वा पानी वा दुवै ठाउँमा बस्ने उभयचर, स्तनधारी, घस्रने वा माछा प्रजातिका वन्यजन्तु सम्झनु पर्छ र सो शब्दले पन्छी प्रजातिको वन्यजन्तु समेतलाई जनाउँछ ।

(च) "प्राणी उद्यान (जुलोजिकल गार्डेन)" भन्नाले वन्यजन्तुको अध्ययन, अनुसन्धान वा संरक्षण गर्ने, त्यसको प्रजनन क्षमता विस्तार गर्ने र त्यसबाट संरक्षण, शिक्षा र मनोरंजन प्रदान गर्ने उद्देश्यले इजाजतपत्र प्राप्त गरी निश्चित ठाँउ वा क्षेत्रभित्र वन्यजन्तुको पालन, पोषण र व्यवस्थापन गर्ने उद्यान सम्झनु पर्छ ।

(छ) "प्राधिकरण" भन्नाले दफा ३ बमोजिम स्थापना भएको नेपाल प्राणी उद्यान प्राधिकरण सम्झनु पर्छ ।

(ज) "मन्त्रालय" भन्नाले नेपाल सरकारको वन तथा भूसंरक्षण मन्त्रालय सम्झनु पर्छ ।

(झ) "सदस्य" भन्नाले समितिको अध्यक्ष वा सदस्य सम्झनु पर्छ ।

(ञ) "समिति" भन्नाले दफा ५ बमोजिम गठन हुने सञ्चालक समिति सम्झनु पर्छ ।

(ट) "संरक्षित क्षेत्र" भन्नाले प्राकृतिक वातावरणको संरक्षण र प्राकृतिक स्रोतको सन्तुलित उपयोगको लागि एकिकृत योजना अनुसार व्यवस्थापन गरिने क्षेत्र सम्झनु पर्छ ।

## परिच्छेद - २

## प्राधिकरणको स्थापना, गठन र सञ्चालन

३. **प्राधिकरणको स्थापना** : प्राणी उद्यानको स्थापना, सञ्चालन र व्यवस्थापन सम्बन्धी कामको नियमन तथा अनुगमन गर्न र त्यस्तो उद्यानको भरपर्दो र उत्तरदायीपूर्ण सञ्चालन गराउन नेपाल सरकारले यो ऐन प्रारम्भ भएपछि नेपाल प्राणी उद्यान प्राधिकरण स्थापना गर्नेछ ।

४. **प्राधिकरण स्वशासित संगठित संस्था हुने** : (१) प्राधिकरण अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित संस्था हुनेछ ।

(२) प्राधिकरणले व्यक्ति सरह चल वा अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेच बिखन वा अन्य कुनै किसिमले व्यवस्थापन गर्न सक्नेछ ।

नेपाल कानून आयोग

(३) प्राधिकरणले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र त्यस उपर पनि सोही नामबाट नालिस उजुर लाग्न  सक्नेछ ।

(४) प्राधिकरणले व्यक्ति सरह करार गर्न र करार बमोजिमको अधिकार प्रयोग गर्न र दायित्व निर्वाह गर्न सक्नेछ ।

(५) प्राधिकरणको काम कारबाहीका लागि यसको एउटा छुट्टै छाप हुनेछ ।

(६) प्राधिकरणको प्रधान कार्यालय काठमाडौं उपत्यकामा रहनेछ र प्राधिकरणले आवश्यकता अनुसार नेपालभित्र आफ्ना प्रदेश कार्यालय वा सम्पर्क कार्यालय खोल्न सक्नेछ ।

५. **सञ्चालक समितिको गठन** : (१) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम प्राधिकरणको तर्फबाट सम्पादन गर्नुपर्ने काम कारबाहीको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्न एक सञ्चालक समिति  (गभर्निङ्ग बोर्ड) गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोजिमका सदस्य रहने छन् :-

(क) दफा १२ बमोजिमको सिफारिस समितिले सिफारिश गरेका व्यक्तिहरुमध्येबाट नेपाल सरकारले नियुक्त गरेको व्यक्ति - अध्यक्ष

(ख) वन विज्ञान, प्राकृतिक स्रोत व्यवस्थापन, प्राणीशास्त्र, पशुविज्ञान वा वन्यजन्तु विज्ञान विषयमा कम्तिमा स्नातकोत्तर उपाधि हासिल गरी वन्यजन्तु संरक्षण, अध्ययन र अनुसन्धानका क्षेत्रमा कम्तिमा पन्ध्र वर्ष काम गरेको अनुभव भएका व्यक्तिमध्येबाट नेपाल सरकारले नियुक्ति गरेको एकजना महिला सहित तीनजना - सदस्य

(ग) कार्यकारी निर्देशक - सदस्य

(३) खण्ड (ख) बमोजिमका सदस्यको पदावधि दुई वर्षको हुनेछ ।

(४) सदस्यले पदीय जिम्मेवारी पूरा नगरेमा, प्राधिकरणको हित विपरीत कुनै काम गरेमा वा निजको खराब आचरण भएमा वा निजले इमान्दारीपूर्वक कार्यसम्पादन नगरेमा नेपाल सरकारले पदावधि पूरा नहुँदै निजलाई पदबाट हटाउन सक्नेछ ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने तोकिए बमोजिम मनासिब मौका दिनु पर्नेछ ।

६. **सञ्चालक समितिको बैठक** : (१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको कुल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(४) अध्यक्षले समितिको बैठकको अध्यक्षता गर्नेछ र निजको अनुपस्थितिमा आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(५) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णयात्मक मत दिनेछ ।

(६) समितिको बैठकको निर्णय अध्यक्ष सहित कम्तिमा तीन जना सदस्यले हस्ताक्षर गरी अभिलेख गरिनेछ र त्यसलाई कार्यकारी निर्देशकले प्रमाणित गर्नेछ ।

(७) समितिले आवश्यक देखेमा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको अधिकृत वा सम्बन्धित विषय विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

७. **उपसमिति वा कार्यटोली गठन गर्ने :** (१) प्राधिकरणले आफूले गर्नुपर्ने कुनै काम सम्पादनमा सहयोग पुऱ्याउन आवश्यकता अनुसार उपसमिति, कार्यटोली वा कार्यसमूह गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको उपसमिति, कार्यटोली वा कार्यसमूहको कार्यक्षेत्रगत शर्तहरु (टर्मस अफ रेफेरेन्स) गठन गर्दाको वखत प्राधिकरणले निर्धारण गरे बमोजिम हुनेछ ।

८. **प्राधिकरणको काम, कर्तव्य र अधिकार** : (१) यस ऐनमा अन्यत्र लेखिएको काम, कर्तव्य र अधिकारको अतिरिक्त प्राधिकरणको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) प्राणी उद्यानको नियमन, सुपरिवेक्षण, मुल्याङ्कन वा अनुगमन गर्ने,

(ख) प्राधिकरणको अल्पकालीन वा दिर्घकालीन नीति, योजना वा रणनीति बनाउने,

(ग) प्राधिकरणको मानवस्रोत व्यवस्थापन योजना बनाउने तथा कर्मचारीको दरवन्दी श्रृजना गर्ने,

(घ) कर्मचारीको सेवा शर्त सम्बन्धी विनियमावली बनाई लागू गर्ने,

(ङ) प्राणी उद्यानमा मरेका वन्यजन्तको आखेटोपहारको संरक्षण तथा संरक्षित वन्यजन्तुको आखेटोपहार संरक्षण सम्बन्धमा नियमनकारी व्यवस्था गर्ने,

(च) प्राणी उद्यानमा रहेका र आयु सकिन लागेका,असक्त वा दीर्घ रोगी वन्यजन्तुको त्यस्तो उद्यानबाट हटाउने, व्यवस्थापन गर्ने वा ओसार पसार गर्ने सम्बन्धमा आवश्यक कार्यविधि तय गर्ने,

(छ) प्राधिकरणको कार्यसंग सम्बन्धित काम कारवाहीलाई प्रभावकारी बनाउन विभिन्न गोष्ठी, सेमिनार तथा अन्तरक्रिया लगायतका अन्य कार्यक्रम सञ्चालन गर्ने,

(ज) वन्यजन्तु सम्बन्धी अध्ययन वा अनुसन्धान सम्बन्धी कार्य गर्ने वा गराउने,

(झ) प्राणी उद्यानको लागि आवश्यक पर्ने न्यूनतम जग्गा तथा त्यस्तो उद्यानको क्षमताका सम्बन्धमा मापदण्ड तोक्ने र त्यसको कार्यान्वयन गराउने,

(ञ) समान उद्देश्य भएका अन्य मुलुकका नियमनकारी अधिकारी, निकाय वा प्राणी उद्यानसंग सम्पर्क स्थापित गरी आवश्यक अनुभव, सर्वोत्तम अभ्यास, जानकारी वा सूचना आदान प्रदान गर्ने,

(ट) प्राधिकरणको काम कारबाही व्यवस्थित, प्रभावकारी र सुचारुरुपले सञ्चालन गर्ने वा गराउने,

(ठ) तोकिए बमोजिम अन्य आवश्यक काम गर्ने वा गराउने ।

(२) यस ऐनमा अन्यथा उल्लेख भएकोमा बाहेक यस ऐन बमोजिम प्राधिकरणका सदस्यले गर्ने कार्य प्राधिकरणको सञ्चालक समितिको निर्णयबाट सम्पादन हुनेछ ।

९. **अध्यक्ष :** (१) अध्यक्ष प्राधिकरणको प्रमुख अधिकारी हुनेछ ।

(२) अध्यक्षको पदावधि चार वर्षको हुनेछ र नेपाल सरकारले आवश्यक देखेमा निजको पदावधि पुनः एक पटक थप गर्न सक्नेछ ।

(३) अध्यक्षको पारिश्रमिक तथा सेवाको अन्य शर्त तथा सुविधा तोकिए बमोजिम हुनेछ ।

तर त्यसरी नतोकिएसम्म निजको पारिश्रमिक तथा सुविधा नेपाल सरकारले तोके बमोजिम हुनेछ ।

(४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका अवस्थामा नेपाल सरकारले प्राधिकरणको सिफारिसमा अध्यक्षलाई निजको पदबाट हटाउन सक्नेछ :

(क) निजले दफा १२ बमोजिमको कार्यसम्पादन करार बमोजिम कार्यसम्पादन पालना नगरेमा वा त्यस्तो करार उल्लंघन गरेमा,

(ख) निजको खराव आचरण भएमा वा निजले इमान्दारी पूर्वक पदीय जिम्मेवारी पालना नगरेको कारणबाट दफा ५ को उपदफा (४) बमोजिम निज पदमुक्त भएमा ।

**१०. <u>अध्यक्षको काम, कर्तव्य र अधिकार</u>** : (१) अध्यक्ष प्राधिकरणमा पूरा समय काम गर्ने पदाधिकारी हुनेछ र निजले सोही हैसियतमा प्राधिकरणको आर्थिक, प्रशासनिक, मानवस्रोत व्यवस्थापन लगायताका कार्यसम्पादन गर्नेछ ।

(२) उपदफा (१) को सर्वसामान्यतामा प्रतिकूल नहुने गरी अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) समितिको निर्णय कार्यान्वयन गर्ने वा गराउने,

(ख) प्राधिकरणको नीति, योजना, कार्यक्रम, बजेट तर्जुमा गरी स्वीकृतिको लागि समितिको बैठकमा पेश गर्ने,

(ग) प्राधिकरणको योजना, कार्यक्रम, बजेट तथा निर्णय र निर्देशन कार्यान्वयन गर्ने,

(घ) प्राधिकरणको दैनिक आर्थिक तथा प्रशासनिक कार्यको सञ्चालन, रेखदेख, सार्वजनिक खरिद तथा मानवस्रोत व्यवस्थापन, सुपरीवेक्षण तथा निरीक्षण गर्ने,

(ङ) प्राधिकरणले सम्पादन गर्ने नियमन, सुपरिवेक्षण, मूल्याङ्कन वा अनुगमन सम्बन्धी कार्यको कार्ययोजना तर्जुमा गर्ने,

(च) कार्यसम्पादन करार बमोजिमका गर्नुपर्ने अन्य काम गर्ने वा गराउने,

(छ) तोकिए बमोजिमका अन्य आवश्यक कार्य गर्ने ।

**११. <u>सिफारिस समिति :</u>** (१) प्राधिकरणको संचालक समितिको अध्यक्ष तथा कार्यकारी निर्देशकको नियुक्तिको लागि सिफारिस गर्न देहाय बमोजिमको एक सिफारिस समिति रहनेछ :- :

(क) निजामती सेवाको विशिष्ट श्रेणीको पदबाट अवकाश प्राप्त व्यक्तिमध्येबाट नेपाल सरकारले तोकेको एकजना - संयोजक

(ख) मन्त्रालयले तोकेको कम्तिमा राजपत्रांकित, प्रथम श्रेणीको अधिकृत एक जना -सदस्य



नेपाल कानून आयोग

(२) समितिले तोकेको प्राधिकरणको कुनै अधिकृतले सिफारिस समितिको सचिव भई काम गर्नेछ ।

(३) सिफारिस समितिले नेपाल सरकारद्वारा मान्यता प्राप्त विश्व विद्यालयबाट वन विज्ञान, प्राकृतिक स्रोत व्यवस्थापन, प्राणीशास्त्र, पशुविज्ञान वा वन्यजन्तु विज्ञान विषयमा कम्तिमा स्नातकोत्तर उपाधि हासिल गरी वन्यजन्तु संरक्षण, अध्ययन र अनुसन्धानका क्षेत्रमा कम्तिमा बीस वर्ष काम गरेको अनुभव हासिल गरेका व्यक्तिहरुमध्येबाट अध्यक्षको नियुक्तिको लागि तीनजनाको नाम सिफारिस गर्नेछ ।

(४) सिफारिस समितिले नेपाल सरकारद्वारा मान्यता प्राप्त विश्वविद्यालयबाट वन विज्ञान, प्राकृतिक स्रोत व्यवस्थापन, पर्यावरण, कृषि, व्यवस्थापन, वाणिज्यशास्त्र, अर्थशास्त्र वा सार्वजनिक प्रशासन बिषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तिमा बाह्र वर्षको अनुभव हासिल गरेका व्यक्तिहरुमध्येबाट कार्यकारी निर्देशकको नियुक्तिको लागि तीनजनाको नाम सिफारिस गर्नेछ ।

(५) प्राधिकरणको अध्यक्ष तथा कार्यकारी निर्देशकको नाम सिफारिस गर्दा सिफारिस समितिले अपनाउने कार्यविधि त्यस्तो समितिले आफैं निर्धारण गर्नेछ ।

**१२. <u>कार्यकारी निर्देशक :</u>** (१) प्राधिकरणको प्रशासकीय प्रमुखको रुपमा रही कार्य सम्पादन गर्नको लागि नेपाल सरकारले दफा १२ बमोजिमको सिफारिस समितिबाट सिफारिस भएका व्यक्तिमध्येबाट एकजना व्यक्तिलाई कार्यकारी निर्देशकको पदमा नियुक्ति गर्नेछ ।

(२) कार्यकारी निर्देशकको पदावधि चार वर्षको हुनेछ र नेपाल सरकारले आवश्यक देखेमा निजको पदावधि पुनः एक पटक थप गर्न सक्नेछ ।

(३) कार्यकारी निर्देशकको पारिश्रमिक तथा सेवाको अन्य शर्त तथा सुविधा तोकिए बमोजिम हुनेछ ।

तर त्यसरी नतोकिएसम्म निजको पारिश्रमिक तथा सुविधा नेपाल सरकारले तोके बमोजिम हुनेछ ।

(४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका अवस्थामा नेपाल सरकारले प्राधिकरणको सिफारिसमा कार्यकारी निर्देशनलाई निजको पदबाट हटाउन सक्नेछ :

(क) निजले दफा १२ बमोजिमको कार्यसम्पादन करार बमोजिम कार्यसम्पादन पालना नगरेमा वा त्यस्तो करार उल्लंघन गरेमा,

(ख) निजको खराव आचरण भएमा वा निजले इमान्दारी पूर्वक पदीय जिम्मेवारी पालना नगरेमा,



नेपाल कानून आयोग

(ग) निजले प्राधिकरणको हित विपरित कुनै काम गरेमा ।

(५) उपदफा (३) बमोजिम कार्यकारी निर्देशकको पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने तोकिए बमोजिम मनासिब मौका दिनु पर्नेछ ।

**१३. <u>कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार</u>** : (१) कार्यकारी निर्देशक प्राधिकरणमा पूरा समय काम गर्ने प्रमुख कार्यकारी अधिकृत हुनेछ र निजले सोही हैसियतमा कार्यसम्पादन गर्नेछ ।

(२) कार्यकारी निर्देशकको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) प्राधिकरणको नीति, योजना, कार्यक्रम, तर्जुमा गरी स्वीकृतिका लागि समितिमा पेश गर्ने,

(ख) समितिको निर्णय वा निर्देशन कार्यान्वयन गर्ने वा गराउने,

(ग) अध्यक्षको निर्णय तथा निर्देशन कार्यान्वयन गर्ने,

(घ) प्राधिकरणको वार्षिक कार्यक्रम र आय व्ययको विवरण तयार गरी अध्यक्ष समक्ष पेश गर्ने,

(ङ) प्राधिकरणको कोषको रेखदेख, नियन्त्रण, संरक्षण लगायतका कार्य गर्ने वा गराउने,

(च) प्राधिकरण र नेपाल सरकार तथा अन्य निकाय बीच समन्वय कायम गर्ने,

(छ) प्राधिकरणको आर्थिक प्रशासन तथा सार्वजनिक खरिद प्रशासन सम्बन्धी कार्य सम्पादन गर्ने,

(ज) प्राधिकरणको मानव स्रोतको प्रशासन तथा व्यवस्थापन गर्ने,

(झ) कार्यसम्पादन करार बमोजिम गर्नुपर्ने अन्य काम गर्ने वा गराउने,

(ञ) तोकिए बमोजिमका अन्य आवश्यक कार्य गर्ने ।

**१४. <u>कार्यसम्पादन करार</u> :** (१) अध्यक्ष वा कार्यकारी निर्देशकले नियुक्ति भएको मितिले एक्काइस दिनभित्र निजहरुले चार बर्षभित्र सम्पादन गर्ने कार्यविवरणको सम्बन्धमा अध्यक्ष भए नेपाल सरकार र कार्यकारी निर्देशक भए प्राधिकरणसंग कार्यसम्पादन करार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्य सम्पादन करारमा अन्य कुराको अतिरिक्त अध्यक्ष वा कार्यकारी निर्देशकले आफ्नो कार्य अवधिमा प्रत्येक बर्ष सम्पादन गर्नुपर्ने कार्यविवरण, सम्पादित कामको उपलब्धि मापन गर्ने संकेतहरु, सम्पादित काम मूल्यांकन

गर्ने विधि र त्यसको परिणाम, अनुभव गर्न सकिने उपलब्धि र कार्यसम्पादन बमोजिमको उपलब्धि हासिल हुन नसकेमा निजहरुले व्यहोर्नु पर्ने दायित्व समेत उल्लेख गर्नु पर्नेछ ।

(३) कार्यसम्पादन करार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१५. प्राधिकरणका मानवस्रोत**: (१) प्राधिकरणको कार्य सम्पादन गर्न आवश्यक संख्यामा कर्मचारी रहने छन् ।

(२) प्राधिकरणले आफ्नै स्रोतबाट व्यहोर्ने गरी निश्चित संख्यामा स्वीकृत दरबन्दी बमोजिमको कर्मचारी कानून बमोजिम खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गरी नियुक्ति गर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्राधिकरणमा कर्मचारी नियुक्त नभएसम्म मन्त्रालयले नेपाल सरकारका कर्मचारीलाई प्राधिकरणको काममा निश्चित अवधिका लागि काजमा खटाउन सक्नेछ ।

(४) प्राधिकरणलाई आवश्यक पर्ने स्वीकृत दरबन्दीका कम्प्यूटर अपरेटर, सवारी चालक वा कार्यालय सहयोगी जस्ता सामान्य सेवा प्रदान गर्ने अन्य कर्मचारी, सल्लाहकार, परामर्शदाता वा विज्ञ कर्मचारी करारमा नियुक्ति गरिनेछ ।

(५) उपदफा (२) बमोजिम नियुक्त कर्मचारीको पारिश्रमिक, सुविधा तथा सेवाको शर्त सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ र त्यसरी नतोकिएसम्म मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ ।

तर, उपदफा(४) बमोजिम नियुक्त सल्लाहकार, परामर्शदाता वा विज्ञको पारिश्रमिक र सेवाका शर्त निजसँग भएको करार बमोजिम हुनेछ ।

(६) प्राधिकरणका कर्मचारीको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**१६. प्राधिकरणको कोष** : (१) प्राधिकरणको आफ्नो एउटा छुट्टै कोष हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकम रहने छन् :-

(क) नेपाल सरकारबाट वार्षिक बजेटबाट प्राप्त हुने रकम,

(ख) इजाजतपत्र जारी गर्दा वा नवीकरण गर्दा प्राप्त हुने रकम,

(ग) प्राधिकरणले तोकेको अन्य नियमनकारी वा जरिवाना वापत प्राप्त हुने रकम,

(घ) कुनै स्वदेशी, विदेशी वा अन्तर्राष्ट्रिय संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(ङ) अन्य कुनै श्रोतबाट प्राप्त हुने रकम ।



नेपाल कानून आयोग

(३) उपदफा (२)को खण्ड (घ) बमोजिमको रकम प्राप्त गर्दा संघीय अर्थ मन्त्रालयको पूर्व सहमति लिनु  पर्नेछ ।

(४) उपदफा (१) बमोजिम प्राधिकरणलाई प्राप्त हुने सम्पूर्ण रकम कुनै “क” वर्गको बैंक तथा वित्तिय संस्थामा खाता खोली जम्मा गरिनेछ ।

(५) प्राधिकरणको सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(६) प्राधिकरणको कोषको व्यवस्थापन र सञ्चालन तोकिए बमोजिम हुनेछ ।

**१७. <u>लेखा र लेखापरीक्षण</u>** : (१) प्राधिकरणको आय र व्ययको लेखा दोहोरो लेखाप्रणालीमा आधारित हुनेछ ।

(२) प्राधिकरणले तोकिए बमोजिम आन्तरिक लेखापरीक्षण तथा नियन्त्रण प्रणाली अपनाउनु पर्नेछ ।

(३) प्राधिकरणको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

(४) प्राधिकरणको लेखा सम्बन्धी कागजात तथा नगदी र जिन्सी सम्बन्धी अभिलेख नेपाल सरकारले जुनसुकै बखत परीक्षण गर्न वा गराउन सक्नेछ ।

## परिच्छेद - ३

## <u>प्राणी उद्यानको नियमन तथा सञ्चालन</u>

**१८. <u>इजाजतपत्र नलिई प्राणी उद्यान सञ्चालन गर्न नहुने</u> :** (१) कसैले पनि इजाजतपत्र नलिई प्राणी उद्यान सञ्चालन गर्न वा गराउन हुदैन ।

(२) प्राणी उद्यान सञ्चालन गर्न चाहने व्यक्ति वा संस्थाले इजाजतपत्र प्राप्त गर्नका लागि आवश्यक पूर्वाधार पूरा गरेको विवरण तथा तोकिए बमोजिमको अन्य विवरण सहित तोकिए बमोजिमको ढाँचामा प्राधिकरणमा  निवेदन दिनु पर्नेछ ।

(३) यो ऐन प्रारम्भ हुँदाको बखत नेपाल सरकार आफैले स्थापना वा संचालन गरेको बाहेक नेपाल सरकारबाट स्वीकृति प्राप्त गरी वा नगरी वन्यजन्तु पालन गर्दै आएका व्यक्ति वा संस्थाले प्राणी उद्यान सञ्चालन गर्न चाहेमा तीन वर्षभित्र पूर्वाधार तयार गरी यस ऐन बमोजिम इजाजतपत्र प्राप्त गर्नु पर्नेछ ।

**१९. <u>स्थलगत निरीक्षण</u> :** (१) दफा १८ को उपदफा (२) बमोजिम निवेदन प्राप्त भएमा प्राधिकरणले निवेदन प्राप्त भएको पन्ध्र दिनभित्र तोकिए बमोजिमको पूर्वाधार पूरा गरे वा नगरेको सम्बन्धमा तोकिए बमोजिमको विज्ञ टोली गठन गरी देहाय बमोजिमको विवरण सहितको प्रतिवेदन प्राधिकरणमा पेश गर्न निर्देशन दिनेछ :-

(क) प्रस्तावित प्राणी उद्यान सञ्चालन गर्न निवेदकको पर्याप्त जग्गा भए वा नभएको,

(ख) प्रस्तावित प्राणी उद्यान निर्माणको गुरु योजना तथा त्यसको विस्तृत परियोजना प्रतिवेदन तयार भए वा नभएको,

(ग) प्रस्तावित प्राणी उद्यान सञ्चालन गर्न त्यस्तो उद्यानमा राखिने वन्यजन्तुको आवश्यकता अनुसारको पानी भए वा नभएको वा पानीको स्रोत व्यवस्थापन गर्न सकिने संभावना भएको वा नभएको,

(घ) विभिन्न प्रजातिका वन्यजन्तुको संरक्षण, पालनपोषण वा प्रजनन गराउन प्रस्तावित प्राणी उद्यानमा उपयुक्त वातावरण वा हावापानी भए वा नभएको,

(ङ) प्रस्तावित प्राणी उद्यान सञ्चालन गर्न आवश्यक मानवस्रोतको व्यवस्थापन हुने संभावना रहेको वा नरहेको,

(च) प्रस्तावित प्राणी उद्यान सञ्चालन गर्न आवश्यक वित्तिय स्रोत उपलब्ध भए वा नभएको,

(छ) प्राणी उद्यान स्वीकृत वर्गीकरणको आधार बमोजिम भए वा नभएको,

(ज) अन्य आवश्यक पूर्वाधार-संरचना भए वा नभएको ।

(२) उपदफा (१) बमोजिमको विज्ञ टोलीले काम प्रारम्भ गरेको मितिले तीन महिनाभित्र उपदफा (२) बमोजिमको विवरण सहितको प्रतिवेदन प्राधिकरणमा पेश गर्नेछ ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदन तयार गर्दा विज्ञ टोलीले आवश्यकता अनुसार सरोकारवालाहरुसँग स्थानीय स्तरमा सार्वजनिक सुनुवाई गराउन सक्नेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्राधिकरणले प्राणी उद्यान सञ्चालन गर्नु पर्ने उपयुक्त ठाउँ पहिचान गरी आफैले त्यस्तो ठाउँको सम्भाव्यता अध्ययन गरी उपदफा (१) बमोजिम पूर्वाधार तयार गर्न आवश्यक तयारी गर्न सक्नेछ ।

२०. **इजाजतपत्र दिने** : (१) प्राधिकरणले दफा १८ बमोजिम प्राप्त हुन आएका निवेदन तथा दफा १९ बमोजिमको संलग्न कागजात तथा स्थलगत प्रतिवेदन समेतको अध्ययन तथा छानविन गर्दा इजाजतपत्र प्रदान गर्न उपयुक्त देखिएमा प्राणी उद्यान सञ्चालन गर्न चाहने व्यक्ति वा संस्थालाई निवेदन प्राप्त भएको मितिले छ महिना भित्र तोकिए बमोजिमको दस्तुर लिई तोकिएको ढाँचामा तोकिएको शर्त पालना गर्ने गरी प्राणी उद्यान सञ्चालन गर्न इजाजतपत्र दिन सक्नेछ ।

(२) प्राधिकरणले  उपदफा (१) बमोजिम प्राप्त हुन आएका निवेदन, प्रतिवेदन संलग्न कागजात तथा पूर्वाधार समेतको अध्ययन तथा छानविन गर्दा इजाजतपत्र दिन उपयुक्त नदेखिएमा सम्बन्धित निवेदकलाई त्यस्को जानकारी दिनु पर्नेछ ।

(३) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह आफैले यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिमका पूर्वाधार पूरा गरी प्राणी उद्यान स्थापना गरी सञ्चालन गर्नु पर्ने भएमा इजाजतपत्र प्राप्त गर्न आवश्यक पर्ने छैन ।

तर त्यस्तो उद्यान अर्को व्यक्ति मार्फत सञ्चालन गर्नु पर्दा इजाजतपत्र प्राप्त गरेको व्यक्ति हुनु पर्नेछ ।

२१. **इजाजतपत्रको अवधि र नवीकरण** : (१) प्राधिकरणले दफा २० को उपदफा (१) बमोजिम प्राणी उद्यान सञ्चालन गर्न दिएको इजाजतपत्र बहाल रहने अवधि पन्ध्र बर्षको हुनेछ ।

(२) उपदफा (१) बमोजिमको इजाजतपत्रको अवधि नवीकरण गर्न चाहने व्यक्ति वा संस्थाले अवधि समाप्त हुनुभन्दा कम्तिमा छ महिना अगावै तोकिए बमोजिमका कागजात र दस्तुर सहित इजाजतपत्रको नवीकरणको लागि प्राधिकरणमा निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको निवेदन प्राप्त हुन आएमा प्राप्त कागजात, पूर्वाधार संरचनाको अवस्था तथा सञ्चालन भएको प्राणी उद्यानको कार्य संतोषजनक भएको र प्राधिकरणले समय समयमा जारी गरेको निर्देशन पालना भएको देखिएमा प्राधिकरणले तोकिए बमोजिमको दस्तुर लिई त्यस्तो उद्यानलाई एक पटकमा प्रत्येक **दश** वर्षको लागि इजाजतपत्र नविकरण गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम नवीकरण नभएको इजाजतपत्र स्वतः रद्द हुनेछ ।

२२. **प्राणी उद्यान सञ्चालन गर्नुपर्ने** : (१) दफा २० बमोजिम इजाजतपत्र लिएको दुई वर्षभित्रमा सम्बन्धित व्यक्ति वा संस्थाले आवश्यक पूर्वाधार संरचना र इजाजतपत्र जारी गर्दाका वखत प्राधिकरणले तोकेका शर्त पूरा गरी प्राणी उद्यान सञ्चालन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र पूर्वाधार संरचना निर्माण गर्न नसकी वा अन्य कुनै कारणवस प्राणी उद्यान सञ्चालन गर्न नसकेमा त्यसको कारण खुलाई सम्बन्धित व्यक्ति वा संस्थाले प्राधिकरणमा प्राणी उद्यान सञ्चालन गर्ने अवधिको म्याद थप गर्न निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भइ कारण मनासिव देखिएमा प्राधिकरणले एक वर्षसम्म म्याद थप गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिमको अवधिभित्र पनि प्राणी उद्यान सञ्चालन हुन नसकेमा दफा २० बमोजिम जारीभएको इजाजतपत्र स्वतः रद्द हुनेछ ।

२३. **पुनः इजाजतपत्र दिन सकिने :** दफा २१ वा २२ बमोजिम इजाजतपत्र रद्द भएमा वा एकपटक लिएको इजाजतपत्र बमोजिम प्राणी उद्यान सञ्चालन गर्न नसकेका सम्बन्धित व्यक्ति वा संस्थाले प्राणी उद्यान सञ्चालन गर्न चाहेमा यस ऐनको अधिनमा रही पुनः इजाजतपत्र लिनको लागि प्राधिकरणमा निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन पर्न आएमा प्राधिकरणले यस ऐनको अधीनमा रही पुनः इजाजतपत्र दिन सक्नेछ ।

२४. **इजाजतपत्रको खारेजी :** (१) प्राधिकरणले देहायको अवस्थामा कुनै पनि वखत इजाजतपत्र खारेज गर्न सक्नेछ :-

(क) प्राणी उद्यान संचालन गर्ने व्यक्ति वा संस्थाले यो ऐन वा यस ऐन अर्न्तगत बनेको नियम विपरीतको कार्य गरेमा,

(ख) इजाजतपत्रमा तोकिएका शर्त वा प्राधिकरणले जारी गरेको निर्देशन पालना नगरेमा,

(ग) प्राधिकरणले गठन गरेको कुनै विज्ञ निरीक्षक वा अनुगमन टोलीले निरीक्षण, अनुगमन, छानविन गर्दा ऐन बमोजिम प्राणी उद्यान सञ्चालन नभएको प्रतिवेदन बमोजिम प्राप्त भएमा खारेज गर्ने सिफारिस गरेकोमा,

(घ) प्रचलित कानून विपरित प्राणी उद्यान सञ्चालन गरेमा वा वन्य जन्तु वा वन्यजन्तुको विक्रि वितरण गरेमा वा त्यसको दुरुपयोग गरेमा,

(ङ) वन्यजन्तुको पालन पोषण, अनुसन्धान वा प्रजनन गराउने सम्बन्धमा प्राधिकरणले तोकेको मापदण्ड विपरितको कुनै काम कारवाही गरेमा ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्र खारेज गर्नु अघि सम्बन्धित प्राणी उद्यानलाई सफाई पेश गर्ने मनासिव मैका दिनु पर्नेछ ।

(३) प्राणी उद्यान सञ्चालन गर्ने प्राणी उद्यानको इजाजतपत्र उपदफा (१) बमोजिम खारेज भएमा वा दफा २१ को उपदफा (४) बमोजिम इजाजतपत्र रद्द भएमा त्यस्तो प्राणी उद्यानमा रहेका सम्पूर्ण वन्यजन्तु वा आखेटोपहारको स्वामित्व नेपाल सरकारमा हस्तान्तरण भएको मानिनेछ र त्यस्ता वन्यजन्तु यथाशिघ्र नेपाल सरकारलाई बुझाउनु पर्नेछ ।

नेपाल कानून आयोग

(४) उपदफा (३) बमोजिम नेपाल सरकारलाई वन्यजन्तु बुझाउनु अघि चिकित्सकबाट सम्बन्धित वन्यजन्तुको स्वस्थ्य परीक्षण गराउनु पर्नेछ ।

(५) इजाजतपत्र खारेजी सम्बन्धी अन्य व्यवस्था वा त्यस्तो इजाजतपत्र बमोजिम सञ्चालन भएको प्राणी उद्यानको पूर्वाधार संरचना, जायजेथा र दायित्वको व्यवस्थापन तोकिए बमोजिम हुनेछ ।

(६) यस दफा बमोजिम प्राधिकरणले इजाजतपत्र खारेज गरेकोमा त्यस उपर पैंतीस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सकिनेछ ।

**२५. <u>सार्वजनिक निजी साझेदारीमा प्राणी उद्यान सञ्चालन गर्न सकिने</u> :** (१) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह र निजी क्षेत्रको कुनै संगठीत संस्था वीच हुने सार्वजनिक साझेदारी सम्झौता बमोजिम प्राणी उद्यान सञ्चालन गर्न सकिनेछ ।

(२) सार्वजनिक निजी साझेदारी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२६. <u>वन्यजन्तु उपलब्ध गराउने :</u>** (१) प्राधिकरणले प्राणी उद्यानलाई देहायको उपाय अपनाई वन्यजन्तु उपलब्ध गराउन सक्नेछ :-

(क) नेपाल सरकारको स्वीकृत प्राप्त गरी कुनै वनक्षेत्र वा संरक्षित क्षेत्रबाट नियन्त्रणमा लिएको तोकिएको प्रजातिको तोकिएको संख्यामा नबढ्ने गरी तोकिएको वन्यजन्तु,

(ख) घाइते वा विरामी वन्यजन्तुलाई उद्धार तथा उपचार गरी स्वस्थ्य भएको वन्यजन्तु,

(ग) कसैले यस ऐन वा प्रचलित कानून विपरित नियन्त्रणमा लिएको, पालेको वा ओसार पसार गरेकोमा जफत गरिएको वन्यजन्तु,

(घ) सञ्चालनमा रहेको कुनै प्राणी उद्यानमा बढी भएका वन्यजन्तु ।

(२) उपदफा (१) बमोजिम वन्यजन्तु उपलब्ध गराउँदा प्राणी उद्यानले तोकिए बमोजिमको रोयल्टी नेपाल सरकारलाई बुझाउनु पर्नेछ ।

(३) दफा २४ को उपदफा (३) बमोजिम नेपाल सरकारलाई प्राप्त हुन आएका वन्यजन्तुलाई अन्य प्राणी उद्यानले पाल्न चाहेमा नेपाल सरकारले तोकिए बमोजिमको दस्तुर लिई त्यस्ता वन्यजन्तु अन्य प्राणी उद्यानलाई उपलब्ध गराउन गर्न सक्नेछ ।

(४) उपदफा (२)मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) को खण्ड ( घ) बमोजिम बढी भएका वन्यजन्तुलाई सञ्चालनमा रहेको अन्य कुनै प्राणी उद्यानसंग सट्टापट्टा वा आदान प्रदान गर्न सकिनेछ ।

नेपाल कानून आयोग

२७. **<u>नियमन, निरिक्षण वा सुपरीवेक्षण :</u>** (१) प्राणी उद्यानको काम कारबाहीको आवश्यकता अनुसार जुनसुकै वखत कार्यस्थलगत (अन साइट) वा आवश्यक कागजात झिकाई गैरकार्यस्थलगत (अफ साइट) निरीक्षण, नियमन, सुपरीवेक्षण वा अनुगमन गर्न सक्ने अधिकार प्राधिकरणमा रहनेछ ।

(२) उपदफा (१) को प्रयोजनका लागि प्राधिकरणले आफ्नो कर्मचारी, सम्बन्धित क्षेत्रको विषय विज्ञ वा विज्ञको टोली तोक्न वा खटाउन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम प्राधिकरणले प्राणी उद्यानको काम कारबाहीको नियमन, निरीक्षण, सुपरीवेक्षण वा अनुगमन गर्दा यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली, प्राधिकरणले समय समयमा जारी गरेको निर्देशन, प्राणी उद्यानको सञ्चालन तथा व्यवस्थापनका सम्बन्धमा अन्तर्राष्ट्रिय स्तरमा स्थापित मान्यता, मापदण्ड वा सर्वोत्तम अभ्यास (बेष्ट प्राक्टिस) र प्रचलनलाई आधार लिनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम खटिएको कर्मचारी, विज्ञ वा विज्ञको टोलीले सम्बन्धित उद्यानबाट वन्यजन्तुको लगत, विवरण, सूचना, वासस्थानको विवरण, वन्यजन्तुलाई दिइने आहारा र पोषक तत्वको मात्राको विवरण, उद्यानको वार्षिक बजेट र आय व्ययको विवरण र उद्यानमा प्रजनन गराइ जन्मिएका विभिन्न प्रजातिका वन्यजन्तुको विवरण र त्यसको स्थिति सम्बन्धी कागजात माग गर्न, अध्ययन गर्न वा त्यसको प्रतिलिपि माग गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम माग गरिएको विवरण र कागजात उपलब्ध गराउनु सम्बन्धित प्राणी उद्यान, त्यसको व्यवस्थापन गर्ने पदाधिकारी वा उद्यानका कर्मचारीको कर्तव्य हुनेछ ।

(६) उपदफा (२) बमोजिम खटिएको कर्मचारी, विज्ञ वा विज्ञटोलीले आवश्यक भएमा सम्बन्धित प्राणी उद्यानका पदाधिकारी वा कर्मचारीबाट कुनै कुरा बुझ्न वा त्यस्ता पदाधिकारी वा कर्मचारीको वयान गराई त्यसको अभिलेख गर्न सक्नेछ ।

(७) यस दफा बमोजिम नियमन, निरीक्षण, सुपरीवेक्षण वा अनुगमन गर्न तोकिएको वा खटिएको कर्मचारी, विज्ञ वा विज्ञ टोलीले प्राधिकरणले तोकेको अवधिभित्र आफ्नो प्रतिवेदन प्राधिकरणमा पेश गर्नु पर्नेछ ।

(८) उपदफा (७) बमोजिम प्राप्त प्रतिवेदनको आधारमा प्राधिकरणले उपयुक्त र आवश्यक निर्णय गर्नेछ ।

नेपाल कानून आयोग

२८. **आगन्तुकको आवागमन, सुरक्षा तथा अन्य सुविधा :** (१) प्राणी उद्यान सञ्चालन गर्दा त्यस्तो उद्यानभित्र आगन्तुकले प्रवेश गर्ने र त्यसबाट वाहिर प्रस्थान गर्ने ठाँउमा प्राणी उद्यान सञ्चालकले उपयुक्त प्रवेशद्वार र प्रस्थानद्वारको व्यवस्था गर्नु पर्नेछ ।

(२) प्राणी उद्यानभित्र हुनसक्ने आगलागी नियन्त्रण गर्ने उपयुक्त अग्नी प्रतिरोधात्मक उपाय, वन्यजन्तुको आकस्मिक आक्रमणबाट हुन सक्ने दुर्घटना निवारक उपाय वा विपद् व्यवस्थापन सम्बन्धी अन्य उपाय अवलम्बन गर्नु पर्नेछ ।

(३) उपदफा (२) मा उल्लिखित उपायका अतिरिक्त प्राणी उद्यानमा आउने आगन्तुकलाई वन्यजन्तुबाट हुन सक्ने संभावित आक्रमणका विरुद्ध पानीको फोहोरा वा प्राधिकरणले तोकेको अन्य उपयुक्त उपाय अवलम्बन गर्नु पर्नेछ ।

(४) प्राणी उद्यानभित्र आउने आगन्तुकले प्राणी उद्यानमा रहेका वन्यजन्तु छुने, स्पर्श गर्ने वा खेलाउने काम गर्न नपाउने गरी आवश्यक प्रबन्ध गर्नु पर्नेछ ।

(५) प्राणी उद्यानभित्र घरपालुवा जनावर वा पशुपंक्षी प्रवेश गर्न नसक्ने गरी आवश्यक व्यवस्था गर्नु पर्नेछ ।

(६) प्राणी उद्यानभित्र आउने आगन्तुकले त्यस्तो उद्यानभित्र रहँदाका बखत निशुल्क अन्तर्राष्ट्रिय सूचना प्रविधि सञ्जाल (फ्रि वाइफाई) प्रयोग गर्न सक्ने सुविधाको प्रबन्ध गर्नु पर्नेछ ।

(७) प्राणी उद्यानमा हुनु पर्ने अन्य सुविधा तोकिए बमोजिम हुनेछ ।

२९. **वन्यजन्तु अस्पताल :** (१) घाइते वा रोगी अवस्थामा रहेको कारणले आफ्नो प्रतिरक्षा आफै गर्न नसक्ने गरी राष्ट्रिय निकुञ्ज वा अन्य कुनै जंगल वा मानव वस्तीमा जीवित रुपमा कुनै वेवारिसे वन्यजन्तु फेला परेमा त्यसको अविलम्ब उद्धार गरी आवश्यक उपचार गर्न प्रत्येक प्राणी उद्यानमा एक वन्यजन्तु अस्पताल स्थापना गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अस्पतालमा त्यस्ता वन्यजन्तुलाई आश्रयमा राखी उपचार गर्ने र स्वस्थ बनाएपछि तोकिए बमोजिम व्यवस्थापन गर्ने वा आवश्यकता अनुसार इजाजतपत्र लिई सञ्चालनमा रहेको अन्य प्राणी उद्यानलाई उपलब्ध गराउन सकिनेछ ।

(३) उपदफा (१) बमोजिमको अस्पताल सञ्चालन गर्दा आवश्यक मानव स्रोत, वित्तिय स्रोत र बैज्ञानिक उपकरण सम्बन्धित प्राणी उद्यानले व्यवस्थापन गर्नेछ ।

३०. **वन्यजन्तु उद्धार केन्द्र :** (१) प्रत्येक प्राणी उद्यानमा तोकिए बमोजिमको एक वन्यजन्तु उद्धार केन्द्रको व्यवस्था गर्नु पर्नेछ ।

(२) घाइते वा रोगी वा वेवारिसे अवस्थामा मानव वस्ती वा अन्य कुनै ठाँउमा कुनै वन्यजन्तु फेला परेमा वा कसैले गैर कानूनी रुपमा थुनामा वा नियन्त्रण राखेमा वा ओसार पसार गरेमा तोकिए बमोजिम त्यस्तो वन्यजन्तुको तत्काल उद्धार गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम उद्धार गरिएको वन्यजन्तुलाई उपदफा (१) बमोजिम व्यवस्था गरिएको वन्यजन्तु उद्धार केन्द्र, वन्यजन्तु अस्पताल वा अन्य कुनै प्राणी उद्यानमा रहेको उद्धार केन्द्रमा राखी आवश्यक भएमा उपचार गर्नु पर्नेछ ।

३१. **प्राणी उद्यानको वर्गीकरण :** (१) प्राधिकरणले तोकिएको मापदण्डको आधारमा प्राणी उद्यानको देहाय बमोजिम वर्गीकरण गर्न सक्नेछ :

(क) ठूला प्राणी उद्यान,

(ख) मझौला प्राणी उद्यान,

(ग) साना प्राणी उद्यान,

(घ) लघु प्राणी उद्यान, र

(ङ) विशिष्टीकृत प्राणी उद्यान ।

(२) प्राणी उद्यानको वर्गीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३२. **वन्यजन्तुको लगत** : (१) प्राणी उद्यान सञ्चालन गर्ने सञ्चालकले आफ्नो उद्यानमा रहेका वन्यजन्तुको अद्यावधिक लगत कायम गरी आफ्नो कार्यालयमा राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको लगतमा उद्यानमा रहेका वन्यजन्तुको संख्या, त्यसको प्रजाति, भाले वा पोथीको विवरण, त्यस्तो वन्यजन्तुका उत्पतिस्थल, मोटामोटी उमेर, प्रजनन गराइएको भए त्यसको विवरण समेत उल्लेख गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम विवरण प्रत्येक छ/छ महिनामा प्राधिकरणमा पठाउनु पर्नेछ ।

३३. **घरपालुवा जन्तु राख्न सकिने** :(१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि वन्यजन्तु शिक्षा, अध्ययन, अनुसन्धान वा अवलोकनको दृष्टिकोणबाट आाकर्षक मानिने कुनै खास प्रजातिको घरपालुवा जन्तुलाई प्राधिकरणको पूर्व स्वीकृति लिई प्राणी उद्यानमा राख्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम राखिने घरपालुवा जन्तु सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३४. **प्राणी उद्यानले शुल्क लिनसक्ने :** प्राणी उद्यानले वन्यजन्तु अवलोकन, पर्यवेक्षण वा अध्ययन गर्न आउने आगन्तुकबाट प्राधिकरणले निर्धारण गरेको रकमभन्दा बढी नहुने गरी मनासिव प्रवेश शुल्क वा अवलोकन शुल्क लिन सक्नेछ ।

**३५. निर्देशन जारी गर्न सक्ने** : (१) प्राधिकरणले यस ऐन बमोजिम इजाजतपत्र प्राप्त गरी सञ्चालन रहेका प्राणी उद्यानले पालना गर्नुपर्ने शर्तका सम्बन्धमा समय समयमा आवश्यक निर्देशन जारी गर्न सक्नेछ ।

(२) उपदफा (१) को सर्वसामान्यतामा प्रतिकूल नहुने गरी प्राधिकरणले खास गरी देहायका विषयमा निर्देशन जारी गर्नेछ :

(क) प्राणी उद्यानभित्र रहने विभिन्न प्रजातिका वन्यजन्तुको प्रकृति अनुसार तयार गर्नुपर्ने उपयुक्त वासस्थान,

(ख) प्राणी उद्यान सञ्चालन गर्दा त्यसमा रहने विभिन्न प्रजातिका वन्यजन्तुको स्वभाव, वानी व्यहोरा, वन्यजन्तुको स्वभाव तथा प्रकृति अनुसार आधारभूत प्राकृतिक वातावरणीय कायम गर्न आवश्यक पर्ने वनस्पति, झाडी, रुख, लहरा, झ्याउ भएको वासस्थान वा आश्रयस्थल,

(ग) प्राणी उद्यानभित्र रहने वन्यजन्तुको आवश्यक आहारा, दाना वा पोषक तत्व र त्यसको मात्रा,

(घ) प्राणी उद्यानभित्र रहने वन्यजन्तुको स्वास्थ्य संरक्षण तथा रोगी वा विरामी वन्यजन्तुको गर्नुपर्ने उपचार,

(ङ) प्राणी उद्यानभित्र ल्याएका वन्यजन्तुलाई तोकिएको अवधिसम्म क्वारेन्टाइनमा राख्नु पर्ने व्यवस्था,

(च) वन्यजन्तुको नश्ल सुधार वा नयाँ प्रजातिको अनुसन्धान, अन्वेषण, प्रजनन वा विकास सम्बन्धी व्यवस्था,

(छ) रोगी, घाइते वा उमेर पूरा गर्न लागेका वन्यजन्तुको उपचार गर्ने वा व्यवस्थापन गर्ने उपयुक्त कक्ष वा स्थान ।

(३) उपदफा (१) बमोजिम जारी गरेको निर्देशन पालना गर्नु सम्बन्धित प्राणी उद्यान वा त्यसको सञ्चालक वा पदाधिकारीको कर्तव्य हुनेछ ।

## परिच्छेद-४

## विविध

**३६. वन्यजन्तुको ओसार पसार :** (१) नेपाल सरकार वा प्राधिकरणको पूर्व स्वीकृति विना कसैले पनि वन्यजन्तु पक्रन, नियन्त्रणमा लिन वा ओसार पसार गर्नु वा गराउन हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मानव वस्तीमा प्रवेश गरेको, रोगी वेवारिसे वा घाइते अवस्थामा रहेको वन्यजन्तुलाई पूर्व सावधानीका आवश्यक उपाय अपनाई पक्रन, नियन्त्रणमा लिन वा ओसार पसार गर्न सकिनेछ ।

तर त्यसको सूचना नेपाल सरकारको नजिकको संरक्षित क्षेत्र कार्यालय, वन कार्यालय वा प्राधिकरणलाई तुरुन्त दिनु पर्नेछ ।

(३) वन्यजन्तु ओसार पसार गर्दा अपनाउने कार्यविधि वा मापदण्ड प्राधिकरणले निर्धारण गरे बमोजिम हुनेछ ।

३७. **वन्यजन्तुको आदान प्रदान :** (१) प्राधिकरणको पूर्व स्वीकृति लिई प्राणी उद्यानले एक आपसमा विभिन्न प्रजातिको वन्यजन्तुको सट्टापट्टा वा आदान प्रदान गर्न सक्ने छन् ।

(२) उपदफा (१)मा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी प्राणी उद्यानसँग वन्यजन्तुको आदान प्रदान वा सट्टापट्टा गर्दा नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ र त्यस्तो स्वीकृति प्राधिकरण मार्फत प्राप्त गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम हुने वन्यजन्तुको आदान प्रदान सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३८. **फिर्ता गर्ने शर्तमा वन्यजन्तु आदान प्रदान गर्न सकिने:** (१) कुनै वन्यजन्तु अध्ययन, अनुसन्धान, संरक्षण, शिक्षा, अवलोकन वा प्रजननका दृष्टिकोणले कुनै प्राणी उद्यानले उपयुक्त र आवश्यक ठानेको कुनै खास प्रजातिको वन्यजन्तुलाई अर्को कुनै प्राणी उद्यानबाट फिर्ता गर्ने शर्तमा निश्चित अवधिका लागि लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम लिइएको वन्यजन्तुको प्रयोजन र अवधि समाप्त भएपछि स्वस्थ हालतमा सम्बन्धित प्राणी उद्यानमा फिर्ता गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम वन्यजन्तु लिदा त्यस्तो वन्यजन्तु लिने प्राणी उद्यानले त्यस वापत निश्चित रकम सम्बन्धित प्राणी उद्यानलाई भुक्तानी गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम सम्बन्धित प्राणी उद्यानले प्राप्त गरेको रकम त्यस्तो उद्यानले प्राधिकरणले निर्धारण गरे बमोजिमको संरक्षण कार्यमा खर्च गर्नु पर्नेछ ।

(५) उपदफा (१) बमोजिम वन्यजन्तु लिदा फिर्ता गर्नु पर्ने सुनिश्चितताको उपाय, फिर्ता गर्ने अवधि, वन्यजन्तु ओसार पसार गर्ने कार्यविधि तथा त्यस सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३९. **वन्यजन्तु तथा आखेटोपहारको स्वामित्व:** (१) प्राणी उद्यानमा रहेका तोकिए बमोजिमका दुर्लभ, लोपोन्मुख, संरक्षित प्रजातिका वन्यजन्तु वा त्यस्ता वन्यजन्तुका आखेटोपहारमा नेपाल सरकारको स्वामित्व रहनेछ ।

(२) उपदफा (१) बमोजिम नेपाल सरकारको स्वामित्वमा रहनेदेखि बाहेक अन्य प्रजातिका वन्यजन्तु तथा त्यस्ता वन्यजन्तुका आखेटोपहारमा सम्बन्धित प्राणी उद्यानको स्वामित्व रहनेछ ।

(३) प्राणी उद्यानले प्राणी उद्यानका आखेटोपहार सडीगली जान सक्ने अवस्था भएमा प्रचलित कानून बमोजिमको प्रकृया अपनाइ व्यवस्थापन गर्न सक्नेछ ।

४०. **वन्यजन्तुको वैज्ञानिक अनुसन्धानः** (१) प्राधिकरणले वन्यजन्तुको स्वभाव, बानी, आहार विहार, आचरण, व्यवहार तथा वन्यजन्तुको आखेटोपहारको वैज्ञानिक अध्ययन तथा अनुसन्धान गरी त्यस्तो अध्ययन तथा अनुसन्धानलाई सार्वजनिक गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अध्ययन तथा अनुसन्धानबाट प्राप्त नतिजा तोकिए बमोजिमको आफ्नो वेभसाइटमा समेत राख्नु पर्नेछ ।

४१. **आखेटोपहार संग्राहालयः** (१) प्राधिकरणले वन्यजन्तुको आखेटोपहारको वैज्ञानिक अध्ययन, अनुसन्धान, शैक्षिक प्रदर्शनी र अवलोकनका लागि आखेटोपहार संग्राहालय बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमका आखेटोपहार कुनै शैक्षिक वा अनुसन्धानमूलक प्रदर्शनीमा राख्नु पर्ने भएमा नेपाल सरकारबाट स्वीकृति लिनु पर्नेछ ।

(३) आखेटोपहार संग्राहालय सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४२. **जरिवाना** : (१) कुनै प्राणी उद्यानले दफा २० बमोजिम इजाजतपत्र नलिई प्राणी उद्यान सञ्चालन गरेमा त्यस्तो प्राणी उद्यान सञ्चालन गर्ने सञ्चालकलाई प्राधिकरणले दशलाख रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ र त्यस्तो उद्यान समेत बन्द गर्न आदेश दिनेछ ।

(२) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम प्राधिकरणले दिएको आदेश वा निर्देशन कुनै प्राणी उद्यानले विपरीत कुनै काम कारबाही गरेमा त्यस्तो प्राणी उद्यानका सञ्चालकलाई प्राधिकरणले तीनलाख रुपैयासम्म जरिबाना गर्न सक्नेछ ।

(३) उपदफा (१) वा (२) मा उल्लेख भए बाहेक कसैले यो ऐन वा यस ऐन अर्न्तगत बनेको नियम वा मापदण्ड विपरीत कुनै काम गरेमा त्यस्तो प्राणी उद्यानका सञ्चालकलाई प्राधिकरणले एकलाख रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

(४) यस दफा बमोजिम प्राधिकरणले गरेको जरिवाना उपर चित्त नबुझ्ने व्यक्तिले सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

**४३. बार्षिक प्रतिवेदन :** (१) प्राधिकरणले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले छ महिनाभित्र लेखा परीक्षकको प्रतिवेदन सहित देहायको विवरण सहित नेपाल सरकारमा आफ्नो वार्षिक प्रतिवेदन पेश गर्नु पर्नेछ :-

(क) आफूले बर्षभरी सम्पादन गरेको काम कारवाहीको विवरण,

(ख) प्राणी उद्यानलाई व्यवस्थित गर्न तयार गरेको कार्य योजना सम्बन्धी विवरण,

(ग) प्राणी उद्यानमा रहेका वन्यजन्तुको विवरण,

(घ) प्राधिकरणको खर्च र आम्दानीको स्रोत सम्बन्धी वित्तीय विवरण,

(ङ) नेपाल सरकारबाट प्राप्त निर्देशनको कार्यान्वयन सम्बन्धी विवरण,

(च) प्राधिकरणले उपयुक्त देखेका अन्य विवरण ।

(३) उपदफा (२) बमोजिमको वाषिक प्रतिवेदन मन्त्रालयले सार्वजनिक गर्नु पर्नेछ ।

(४) प्रत्येक प्राणी उद्यानले प्रत्येक आर्थिक बर्ष समाप्त भएको मितिले तीन महिनाभित्र तोकिए बमोजिमका विवरण उल्लेख गरी वार्षिक प्रतिवेदन प्राधिकरणमा पेश गर्नु पर्नेछ ।

(५) वार्षिक प्रतिवेदन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**४४. बैठक भत्ता**: समितिका सदस्यले समितिको बैठकमा भाग लिए वापत प्राधिकरणले निर्धारण गरे बमोजिमको बैठक भत्ता पाउने छन् ।

**४५. अधिकार प्रत्यायोजन** : (१) समितिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार आवश्यकता अनुसार समितिको अध्यक्ष, कुनै सदस्य, कार्यकारी निर्देशक वा कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) अध्यक्ष वा कार्यकारी निर्देशकले आफूलाई प्राप्त अधिकारमध्ये कुनै अधिकार आफ्नो मातहतको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अधिकार प्रत्यायोजन गर्न सकिने छैन :

(क) दफा २० वा २३ बमोजिम इजाजतपत्र जारी गर्ने,

(ख) दफा २१ बमोजिम इजाजतपत्र नवीकरण गर्ने,

(ग) दफा २२ बमोजिम म्याद थप गर्ने,

(घ) दफा २४ बमोजिम इजाजतपत्र खारेज गर्ने,

(ङ) दफा ३१ बमोजिम प्राणी उद्यानको वर्गीकरण गर्ने,

(च) दफा ३५ बमोजिम निर्देशन जारी गर्ने,

(छ) दफा ४२ बमोजिम जरिवाना गर्ने ।

४६. **नियम बनाउने अधिकार** : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न प्राधिकरणले आवश्यक नियमहरु बनाउन सक्नेछ र त्यस्तो नियम नेपाल सरकारबाट स्वीकृत भए पछि लागू हुनेछ ।

४७. **नेपाल सरकारसंग सम्पर्क** : प्राधिकरणले नेपाल सरकारसंग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

४८. **प्रचलित कानून बमोजिम हुने** : यस ऐनमा उल्लिखित बिषयमा यसै ऐन बमोजिम र अन्य बिषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

## (२) पेट्रोलियम पदार्थ तथा ग्यासको कारोबारका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७४

**प्रस्तावना**: पेट्रोलियम पदार्थ तथा ग्यासको पैठारी, सञ्चय तथा बिक्री वितरण सहज बनाउन, मुलुकमा गुणस्तरयुक्त तथा वातावरणमैत्री पेट्रोलियम पदार्थ तथा ग्यासको नियमित र सर्वसुलभ आपूर्तिलाई सुनिश्चित गर्न तथा त्यस्ता पदार्थको प्रतिस्पर्धी मूल्य सुनिश्चित गरी उपभोक्ताको हित संरक्षण गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदले यो ऐन बनाएकोछ ।

परिच्छेद-१

**प्रारम्भिक**

नेपाल कानून आयोग

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "पेट्रोलियम पदार्थ तथा ग्यासको कारोबार सम्बन्धी ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन नेपाल सरकारले नेपाल राजपत्रमा प्रकाशन गरी तोकेको क्षेत्रमा सोही सूचनामा तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "इजाजतपत्र" भन्नाले पेट्रोलियम पदार्थ वा ग्यासको कारोबार गर्नको लागि दफा ८ बमोजिम दिइएको इजाजतपत्र सम्झनु पर्छ ।

(ग) "इजाजतपत्रवाला" भन्नाले दफा ८ बमोजिम इजाजतपत्र प्राप्त गरेको कम्पनी सम्झनु पर्छ ।

(घ) "कच्चा तेल" भन्नाले प्रशोधन भई नसकेको प्राकृतिक रुपमा प्राप्त कच्चा तरल पेट्रोलियम तेल (हाइड्रो कार्बन) सम्झनु पर्छ ।

(ङ) "ग्यास" भन्नाले तरलीकृत पेट्रोलियम ग्यास (लिक्विफाइड पेट्रोलियम ग्यास), तरल प्राकृतिक ग्यास (लिक्विफाइड न्याचुरल ग्यास) वा खाँदिएको प्राकृतिक ग्यास (कम्प्रेस्सड न्याचुरल ग्यास) सम्झनु पर्छ र सो शब्दले मिथेन, इथेन, प्रोपेन र ब्यूटेन ग्यास वा त्यस्तो पदार्थको समिश्रण समेतलाई जनाउँछ ।

(च) "ग्यासको कारोबार" भन्नाले नेपालभित्र ग्यासको पैठारी, सञ्चय वा थोक विक्री वितरण गर्ने कार्य सम्झनु पर्छ र सो शब्दले सिलिण्डरमा ग्यास रिफिलिङ वा बोटलिङ गर्ने काम समेतलाई जनाउँछ ।

तर सो शब्दले डिपो, डिलर वा खुद्रा बिक्रेताले गर्ने ग्यासको बिक्रिलाई जनाउने छैन ।

(छ) "डिपो" भन्नाले इजाजतपत्रवालाले पेट्रोलियम पदार्थ वा ग्यासको संचय गर्न खालेको भण्डारण सम्झनु पर्छ ।

(ज) "डिलर वा बिक्रेता" भन्नाले पेट्रोलियम पदार्थ वा ग्यासको खुद्रा विक्री वितरण गर्न इजाजतपत्रवालाले नियुक्त गरेका डिलर वा बिक्रेता सम्झनु पर्छ ।

नेपाल कानून आयोग

(झ) “प्रशोधित पेट्रोलियम पदार्थ” भन्नाले इजाजतपत्रवालाले बिक्री गर्ने प्रशोधित मट्टीतेल, पेट्रोल, डिजेल वा हवाई ईन्धन सम्झनु पर्छ र सो शब्दले फर्नेश आयल, लाइट डिजेल आयल वा कच्चा तेलबाट प्रशोधन भई प्राप्त हुने त्यस्तै प्रकृतिका अन्य प्रशोधित पेट्रोलियम पदार्थ सम्झनु पर्छ ।

(ञ) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ट) “थोक बिक्री” भन्नाले पेट्रोलियम पदार्थ भए तीन हजार लिटर वा सो भन्दा बढी र ग्यास भए एक टन वा सो भन्दा बढी परिमाणको पेट्रोलियम पदार्थ वा ग्यासको बिक्री सम्झनु पर्छ ।

(ठ) “निरीक्षण अधिकृत” भन्नाले पेट्रोलियम पदार्थ वा ग्यासको कारोबार गर्ने वा तयारी पेट्रोलियम पदार्थको प्रशोधन गर्ने इजाजतपत्रवालाले गरेको पेट्रोलियम पदार्थको कारोबार वा प्रशोधन प्रक्रियाको निरीक्षण गर्न प्राधिकरणले खटाएको अधिकृत कर्मचारी सम्झनु पर्छ ।

(ड) “पेट्रोलियम पदार्थको कारोबार” भन्नाले नेपालभित्र पेट्रोलियम पदार्थको पैठारी, भण्डार वा थोक विक्री गर्ने काम सम्झनु पर्छ र सो शब्दले कच्चा तेल प्रशोधन(रीफाइन) गर्ने काम समेतलाई जनाउँछ ।

(ढ) “पेट्रोलियम पदार्थ” भन्नाले मट्टीतेल, पेट्रोल, डिजेल, हवाई इन्धन वा अन्य प्रशोधित पेट्रोलियम पदार्थ सम्झनु पर्छ र सो शब्दले कच्चा तेल समेतलाई जनाउँछ ।

(ण) “प्राधिकरण” भन्नाले दफा ३७ बमोजिम स्थापना भएको राष्ट्रिय पेट्रोलियम प्राधिकरण सम्झनु पर्छ ।

(त) “मन्त्रालय” भन्नाले नेपाल सरकार, आपूर्ति मन्त्रालय सम्झनु पर्छ ।

(थ) “समिति” भन्नाले दफा ४० बमोजिम गठन भएको प्राधिकरणको सञ्चालक समिति सम्झनु पर्छ ।

## परिच्छेद-२

## इजाजतपत्र सम्बन्धी व्यवस्था

३. **इजाजतपत्र नलिई पेट्रोलियम पदार्थ वा ग्यासको कारोबार गर्न नहुने** : (१) यस ऐन बमोजिम इजाजतपत्र प्राप्त नगरी कसैले पनि पेट्रोलियम पदार्थ वा ग्यासको कारोबार गर्न वा गराउन हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका वखत पेट्रोलियम पदार्थ वा ग्यासको कारोबार गरिरहेको कम्पनीले यो ऐन प्रारम्भ भएको मितिले एक वर्षसम्म त्यस्तो कारोबार जारी राख्न सक्नेछ ।

(३) यस ऐन बमोजिमको शर्त पूरा गर्ने कम्पनी बाहेक अन्य कसैलाई पनि इजाजतपत्र प्रदान गर्न सकिने छैन ।

४. **पूर्व स्वीकृति लिनु पर्ने** : (१) दफा ३ बमोजिको कारोबार सञ्चालन गर्ने उद्देश्य लिई कम्पनी संस्थापना गर्न चाहने व्यक्तिले प्रस्तावित कम्पनीको संस्थापना गर्नु अघि प्राधिकरणबाट पूर्व स्वीकृति प्राप्त गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पूर्व स्वीकृति प्राप्त गर्न तोकिए बमोजिमको दस्तूर सहित देहायका कागजात संलग्न गरी प्राधिकरणमा निवेदन दिनु पर्नेछ :

(क) प्रस्तावित कम्पनीको प्रबन्धपत्र तथा नियमावली,

(ख) पेट्रोलियम पदार्थ वा ग्यासको कारोबारको संचालनमा सम्भाव्यता अध्ययन प्रतिवेदन तथा व्यवसायिक योजना ( विजिनेश प्लान),

(ग) प्राधिकरणले तोकेको ढाँचामा संस्थापकहरुको व्यक्तिगत विवरण,

(घ) प्रस्तावित कम्पनी सस्थापना गर्नु अघि संस्थापकहरु बीच कुनै सम्झौता भए त्यस्तो सम्झौताको प्रमाणित प्रतिलिपी र सोको सारांश,

(ङ) पूर्व स्वीकृतिको लागि निवेदन दिनु भन्दा तत्काल अघिल्लो आर्थिक वर्षसम्मको संस्थापकले कर चुक्ता गरेको प्रमाण,

(च) पेट्रोलियम पदार्थ, ग्यास वा कच्चा लेत कुन मुलुकबाट पैठारी गर्ने र कुन कम्पनीबाट खरिद गर्ने हो सोको प्रस्तावित परिमाणको विवरण,

नेपाल कानून आयोग

(छ) प्राधिकरणले समय समयमा तोकेको अन्य विवरण तथा कागजात ।

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भएमा प्राधिकरणले आवश्यक अध्ययन तथा छानविन गर्दा त्यस्तो कम्पनी संस्थापना गर्न पूर्व स्वीकृति प्रदान गर्न उपयुक्त देखिएमा निवेदन प्राप्त भएको साठी दिनभित्र पूर्व स्वीकृति पत्र प्रदान गर्ने वा नगर्ने निर्णय गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम पूर्व स्वीकृति प्रदान गर्ने निर्णय गरेमा प्राधिकरणले तोकिएको ढाँचामा पूर्व स्वीकृति पत्र प्रदान गर्नु पर्नेछ ।

५. **पूर्वस्वीकृति दिन इन्कार गर्न सक्ने** : (१) दफा ४ जुनसुकै कुरा लेखिएको भए तापनि देहायका अवस्थामा प्राधिकरणले प्रस्तावित कम्पनी संस्थापना गर्न पूर्व स्वीकृत प्रदान गर्न इन्कार गर्न सक्नेछः

(क) प्रस्तावित कम्पनीको नाम पहिले नै दर्ता भई कायम रहेको कुनै कम्पनीको नामसंग मिल्ने भएमा,

(ख) प्रस्तावित कम्पनीले पेश गरेको सम्भाव्यता अध्ययन प्रतिवेदन, व्यावसायिक योजना, विवरण तथा कागजात र अन्य पूर्वाधारलाई अध्ययन गर्दा इजाजतपत्र दिँदा पेट्रोलियम पदार्थ वा ग्यासको कारोबारको व्यवसाय स्वस्थ र प्रतिस्पर्धात्मक रुपले सञ्चालन हुन सक्ने कुरामा विश्वास गर्न नसकिने आधार भएमा,

(ग) दफा ४ को उपदफा (२) को खण्ड (च) को विवरण विश्वसनिय नभएमा,

(घ) प्रस्तावित कम्पनीको उद्देश्य प्रचलित कानून, सार्वजनिक हित, सदाचार, शिष्टाचार विपरीत हुने वा भएको देखिएमा वा सार्वजनिक व्यवस्था (पब्लिक अर्डर) का दृष्टिकोणले अनुपयुक्त वा अवाञ्छनीय हुने देखिएमा,

(ङ) प्रबन्धपत्र वा नियमावलीमा प्रस्तावित कम्पनीका सबै संस्थापकहरुले आफ्नो नाम, ठेगाना नखुलाएको कम्तिमा एकजना साक्षीको रोहबरमा सहीछाप नगरेको वा गरेको भए

पनि त्यस्तो साक्षीको नाम, ठेगाना समेत खुलाइएको नभएमा,

(च) प्रस्तावित कम्पनीको प्रत्येक संस्थापकले प्रबन्धपत्र वा नियमावलीमा सही गर्दा आफूले लिने शेयर संख्या स्पष्ट रुपमा नखुलाएको भएमा

(छ) प्रस्तावित कम्पनीले दफा १२ बमोजिम चूक्ता पूँजी कायम गर्ने प्रस्ताव गरेको नदेखिएमा,

(ज) प्रस्तावित कम्पनीका कुनै संस्थापक बैंकिङ्ग कसुर, ठगी, जालसाजी, किर्ते, सम्पत्ति शुद्धिकरण, भ्रष्टाचार, मानव वेचविखन, अपहरण वा शरीर बन्धक वा नैतिकपतन देखिने अन्य कसुरमा अदालतबाट सजाय पाई त्यस्तो सजाय भुक्तान गरेको मितिले पाँच बर्ष पूरा नभएमा,

(झ) प्रस्तावित कम्पनीको कुनै संस्थापक वा निजको परिवारको कुनै सदस्य प्रचलित कानून बमोजिम कालो सूचीमा परी त्यस्तो सूचीबाट फुकुवा भएको तीनबर्ष पूरा नभएमा, र

(ञ) प्राधिकरणबाट समय समयमा जारी भएको इजाजतपत्र सम्बन्धी अन्य शर्त वा तोकिएको मापदण्ड पूरा नभएमा ।

(२) यस ऐन बमोजिम प्राधिकरणले कुनै कम्पनीलाई पूर्व स्वीकृति प्रदान गर्न इन्कार गरेमा त्यसको कारण खुलाई निवेदन परेको साठी दिन भित्र निवेदकलाई लिखित सूचना दिनु पर्नेछ ।

६. **इजाजतपत्रको लागि सूचना प्रकाशन गर्ने** : प्राधिकरणले प्रत्येक पाँच बर्षमा कम्तिमा एक पटक पेट्रोलियम पदार्थ वा ग्यासको कारोबार गर्न इजाजतपत्र प्रदान गर्नका लागि निवेदन दिने म्याद सहितको सूचना राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशन गर्नु पर्नेछ ।

तर यो ऐन प्रारम्भ भएको मितिले छ महीनाभित्र पहिलो पटक त्यस्तो सूचना प्रकाशन गर्नु पर्नेछ ।

७. **इजाजतपत्रको लागि निवेदन दिनु पर्ने** : (१) दफा ६ बमोजिम प्रकाशित सूचना बमोजिम पेट्रोलियम पदार्थ वा ग्यासको कारोबार गर्न चाहने देहाय बमोजिमको

योग्यता पुरा गरेको कम्पनीले तोकिएको दस्तूर सहित देहायको विवरण संलग्न गरी पेट्रोलियम पदार्थ वा ग्यासको कारोबार गर्न चाहेको क्षेत्रको लागि तोकिएको ढाँचामा प्राधिकरण समक्ष निवेदन दिनु पर्नेछ :-

(क) दफा (४) को उपदफा (३) बमोजिमको पूर्व स्वीकृति पत्र,

(ख) दफा १२ बमोजिमको चुक्ता पुँजी भएको विवरण,

(ग) इजाजतपत्र बमोजिमको कारोबार संचालन गर्न विस्तृत व्यावसायिक योजना तयार गरेको विवरण,

(घ) तोकिए बमोजिमको प्राविधिक तथा भौतिक क्षमता कायम गर्नका लागि प्रतिवद्धता व्यक्त गरेको विवरण, र

(ङ) तयारी पेट्रोलियम पदार्थको प्रशोधन गर्ने इजाजतपत्र भए कम्पनी वा उद्योग स्थापनाका लागि पेट्रोलियम पदार्थको कारोबार गर्न स्वीकृति प्राप्त कम्पनीसँग भएको सम्झौताको प्रतिलिपि ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ८ को उपदफा (१) को खण्ड (घ) बमोजिमको इजाजतपत्र जुनसुकै बखत लिन सकिनेछ ।

(३) दफा १२ को उपदफा (१) को खण्ड (ङ) बाहेक पेट्रोलियम पदार्थको अन्य कारोबार गर्न यस दफा बमोजिम इजाजतपत्र प्राप्त गर्ने कम्पनीले ग्यासको पनि कारोबार गर्नको लागि इजाजतपत्र प्राप्त गर्ने भएमा सोही उपदफाको (घ) बमोजिमको चुक्ता पूँजी पुरा गर्न आवश्यक हुने छैन ।

८ **इजाजतपत्र दिने** : (१) दफा ७ बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गर्दा इजाजतपत्र दिन उपयुक्त देखिएमा प्राधिकरणले निवेदन प्राप्त भएको नब्बे दिनभित्र पेट्रोलियम पदार्थ वा ग्यासको कारोबार गर्न चाहेको क्षेत्रको लागि देहाय बमोजिमको दस्तुर लिई निवेदकलाई इजाजतपत्र दिनेछ :-

(क) कच्चा तेल प्रशोधन (रीफाइन) गर्ने उद्योग स्थापना र सञ्चालन लागि दश लाख रुपैयाँ,

(ख) खण्ड (क) बाहेक पेट्रोलियम पदार्थको अन्य कारोबारका लागि पाँच लाख रुपैयाँ,

(ग) ग्यास कारोबार गर्नका लागि दुई लाख रुपैयाँ, र

(घ) प्रशोधित पेट्रोलियम पदार्थको प्रशोधनका लागि एक लाख रुपैयाँ ।

(२) दफा ७ बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गर्दा इजाजतपत्र दिन उपयुक्त नदेखिएमा प्राधिकरणले त्यसको कारण खुलाई उपदफा (१) बमोजिमको अवधिभित्र निवेदकलाई त्यसको जानकारी गराउनु पर्नेछ ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि हवाई ईन्धन र मट्टितेलको कारोबार नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्वमा रहेको कम्पनीले मात्र गर्न पाउने गरी प्राधिकरणले आवश्यक इजाजतपत्र जारी गर्नेछ ।

९. **इजाजतपत्रको बहाल अवधि र नविकरण** : (१) दफा ८ बमोजिम पेट्रोलियम पदार्थ वा ग्यासको कारोबार गर्न प्राप्त गरेको इजाजतपत्र बहाल रहने अवधि दश वर्षको हुनेछ ।

(२) इजाजतपत्र बहाल रहने अवधि समाप्त हुनु भन्दा कम्तीमा तीन महिना अगावै इजाजतपत्रवालाले इजाजतपत्र नवीकरणको लागि प्राधिकरण समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गर्दा इजाजतपत्र नविकरण गर्न उपयुक्त देखिएमा प्राधिकरणले दफा ८ को उपदफा (१) मा उल्लिखित रकम बराबरको नवीकरण दस्तुर लिई प्रत्येक पाँच बर्षको लागि इजाजतपत्र नवीकरण गरी दिनु पर्नेछ ।

१० **इजाजतपत्र निलम्बन वा रद्द गर्न सक्ने** : (१) कुनै इजाजतपत्रवालाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरित कुनै काम गरेमा प्राधिकरणले त्यस्तो इजाजतपत्रवालाको इजाजतपत्र तोकिएको अवधिसम्म निलम्बन गरी त्यसको सुधार गर्न इजाजतपत्रवालालाई आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्र निलम्बन भएकोमा त्यस्तो इजाजतपत्रवालाले निलम्बनको अवधिभर पेट्रोलियम पदार्थ वा ग्यास कारोबार गर्न सक्ने छैन ।

(३) उपदफा (२) बमोजिमको अवधिभित्र उपदफा (१) बमोजिमको आदेश अनुसार इजाजतपत्रवालाले गर्नु पर्ने सुधार गरेमा प्राधिकरणले त्यस्तो काम गरे

वापत निजलाई यस ऐन बमोजिम जरिबाना गरी त्यस्तो इजाजतपत्रको निलम्बन फुकुवा गरी दिन सक्नेछ ।

(४) देहायको अवस्थामा प्राधिकरणले इजाजतपत्रवालाले प्राप्त गरेको इजाजतपत्र रद्द गर्नेछ :-

(क) झुठो विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेको प्रमाणित भएमा,

(ख) उपदफा (१) बमोजिम निलम्बन भएकोमा निलम्बनको अवधिभित्र इजाजतपत्रवालाले गर्नु पर्ने आवश्यक सुधार नगरेमा वा इजाजतपत्रवाला प्राप्त गरेको इजाजतपत्र तीन पटकसम्म निलम्बन भएमा,

(ग) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा प्राधिकरणले जारी गरेको निर्देशन बमोजिम इजाजतपत्रवालाले पालना गर्नु पर्ने शर्त वा मापदण्ड पालना नगरेमा, वा

(घ) यस ऐन बमोजिम बुझाउनु पर्ने जरिवाना वा अन्य दस्तूर प्राधिकरणले निर्धारण गरेको अवधिभित्र चुक्ता नगरेमा ।

(५) उपदफा (१) बमोजिम निलम्वन गर्नु अघि वा उपदफा (४) बमोजिम इजाजतपत्र रद्द गर्नु अघि प्राधिकरणले सम्बन्धित इजाजतपत्रवालालाई आफ्नो सफाई पेश गर्न तोकिए बमोजिमको अवसर दिनु पर्नेछ ।

(६) उपदफा (२) बमोजिम ग्यास कारोबार गर्ने इजाजतपत्रवालाको इजाजतपत्र निलम्वन भएका त्यस्तो कारोबारबाट प्रवाहित उपभोक्ताको लागि प्राधिकरणले आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(७) उपदफा (६) बमोजिमको व्यवस्था गर्दा प्राधिकरणले त्यस्तो कारोबार गर्न अन्य इजाजतपत्रवालालाई दिन सक्नेछ ।

(८) उपदफा (४) बमोजिम इजाजतपत्र रद्द भएकोमा चित्त नबुझ्ने इजाजतपत्रवालाले इजाजतपत्र निलम्बन वा रद्द गरिएको मितिले पैतीस दिनभित्र उच्च अदालत समक्ष पुनरावेदन दिन सक्नेछ ।

११. **कारोबार प्रारम्भ गर्न स्वीकृति लिनु पर्ने** : (१) इजाजतपत्रवालाले पेट्रोलियम पदार्थ वा ग्यासको कारोबार गर्न दफा ८ बमोजिम इजाजतपत्र प्राप्त गरेको मितिले

पेट्रोलियम पदार्थको कारोबार भए दुई वर्षभित्र र ग्यासको कारोबार भए एक वर्षभित्र त्यस्तो कारोबार प्रारम्भ गरिसक्नु पर्नेछ ।

(२) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावली वा प्राधिकरणले जारी गरेको निर्देशन बमोजिमका पूर्वाधार, मापदण्ड तथा अन्य व्यवस्था पुरा गर्ने इजाजतपत्रवालाले पेट्रोलियम पदार्थ वा ग्यासको कारोबार प्रारम्भ गर्न प्राधिकरण समक्ष तोकिए बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम निवेदन पेश गर्दा इजाजतपत्रवालाले यस दफा बमोजिमको कारोबार गर्ने कुरा सुनिश्चित गर्नका लागि देहाय बमोजिमको रकम धरौटी राख्नु पर्नेछ :-

(क) कच्चा तेल प्रशोधन (रीफाइन) का लागि एक करोड रुपैयाँ,

(ख) खण्ड (क) बाहेक पेट्रोलियम पदार्थ वा अन्य कारोबारका लागि पचासलाख रुपैयाँ,

(ग) ग्यासको कारोबारका लागि तीस लाख रुपैयाँ, र

(घ) तयारी पेट्रोलियम पदार्थको प्रशोधनका लागि दश लाख रुपैया ।

(४) उपदफा (२) बमोजिम निवेदन प्राप्त भएमा निवेदकले दफा १३ बमोजिमको पूर्वाधार तयार गरेको वा नगरेको, उपदफा (३) बमोजिम धरौटी राखे वा नराखेको तथा यस ऐन बमोजिमका अन्य व्यवस्था पूरा गरे वा नगरेको सम्बन्धमा प्राधिकरणले स्थलगत निरीक्षण गरी जाँचबुझ गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम जाँचबुझ गर्दा निवेदकले सम्पूर्ण पूर्वाधार वा अन्य मापदण्ड वा शर्त पूरा गरेको देखिएमा त्यसरी जाँचबुझ गरेको तीस दिनभित्र प्राधिकरणले इजाजतपत्रवालालाई पेट्रोलियम पदार्थ वा ग्यास कारोबार प्रारम्भ गर्न स्वीकृति दिनेछ ।

(६) उपदफा (४) बमोजिम जाँचबुझ गर्दा पूर्वाधार पूरा नगरेको वा अन्य कुनै कारणले कारोबार प्रारम्भ गर्न स्वीकृत दिन नपर्ने कुनै कारण भएमा त्यसको लिखित जानकारी निवेदकलाई दिनु पर्नेछ ।

नेपाल कानून आयोग

(७) उपदफा (१) बमोजिमको अवधिभित्र इजाजतपत्रवालाले पेट्रोलियम पदार्थ वा ग्यासको कारोबार प्रारम्भ गर्न नसकेमा त्यसको कारण खुलाई म्याद थपको लागि प्राधिकरणमा निवेदन दिन सक्नेछ ।

(८) उपदफा (७) बमोजिम म्याद थपको लागि निवेदन पेश भएकोमा निवेदन व्यहोरा मनासिव देखिएमा प्राधिकरणले छ महिनासम्मको म्याद थप गरी दिन सक्नेछ ।

(९) उपदफा (८) बमोजिम थप गरेको म्यादभित्र पनि इजाजतपत्रवालाले पेट्रोलियम पदार्थ वा ग्यासको कारोबार प्रारम्भ गर्न नसकेमा निजले प्राप्त गरेको इजाजतपत्र स्वतः रद्द हुनेछ ।

(१०) उपदफा (९) बमोजिम इजाजतपत्रवालाको इजाजत रद्द भएमा दफा १० को उपदफा (३) बमोजिम राखिएको धरौटी स्वतः जफत हुनेछ ।

(११) इजाजतपत्र लिइ कारोबार गरेमा र सोको १० वर्ष पुरा भएमा दफा १० को उपदफा (३) बमोजिम राखेको धरौटी फिर्ता हुनेछ ।

१२. **चुक्ता पूँजी कायम गर्नु पर्ने** : (१) इजाजतपत्र प्राप्त गर्न चाहने कम्पनीले कम्तीमा देहायको चुक्ता पूँजी कायम गर्नु पर्नेछः-

(क) पेट्रोलियम पदार्थको कच्चा तेल प्रशोधन (रीफाइन) गर्ने पेट्रोलियम पदार्थको कारोबारका लागि बीस अर्ब रुपैयाँ,

(ख) खण्ड (क) बाहेकको पेट्रोलियम पदार्थको अन्य कारोबारका लागि दश अर्ब रुपैयाँ,

(ग) ग्यासको कारोबारका लागि तीन अर्ब रुपैयाँ,

(घ) खण्ड (क), (ख) र (ग) बमोजिमको पेट्रोलियम पदार्थ र ग्यासको कारोबारका लागि पच्चीस अर्ब रुपैयाँ,

(ङ) तयारी पेट्रोलियमजन्य पदार्थको प्रशोधन गर्ने पेट्रोलियम पदार्थको कारोबारका लागि पचास करोड रुपैयाँ ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्र लिन चाहने कम्पनीले इजाजतपत्रको लागि निवेदन पेश गर्दा कुल चुक्ता पूँजीको कम्तीमा दश प्रतिशत, इजाजतपत्र प्राप्त गर्दाका वखत कम्तीमा चालिस प्रतिशत, कारोबार प्रारम्भ गर्दाका बखत कम्तीमा

नेपाल कानून आयोग

पचहत्तर प्रतिशत र इजाजतपत्र प्राप्त गरेको तीन बर्षभित्र सत प्रतिशत चुक्ता पूँजी कायम गर्नु पर्नेछ ।

(३) इजाजतपत्र प्राप्त गरेपछि इजाजतपत्रवालाले उपदफा (२) बमोजिमको अवधिभित्र त्यस्तो पूँजी कायम गरी कारोबार प्रारम्भ गर्न नसकेमा त्यसको कारण खुलाई छ महीनासम्म म्याद थप गर्न प्राधिकरण समक्ष निवेदन दिन सक्नेछ र कारण मनासिव देखिएमा प्राधिकरणले त्यस्तो अवधिसम्म म्याद थप गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिमको अवधिभित्र पनि इजाजतपत्रवालाले सोही उपदफा बमोजिमको चुक्ता पूँजी कायम गर्न नसकेमा त्यस्तो इजाजतपत्र स्वतः रद्द हुनेछ ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रांरभ हुदाका बखत पेट्रोलियम पदार्थ वा ग्यासको कारोबार गरिरहेको कम्पनीले यो ऐन प्रारम्भ भएको मितिले तीनवर्षभित्र यस दफा बमोजिमको चुक्ता पूँजी कायम गरिसक्नु पर्नेछ ।

१३. **पेट्रोलियम पदार्थको कारोबारका लागि पुरा गर्नु पर्ने पूर्वाधार** : (१) इजाजतपत्रवालाले पेट्रोलियम पदार्थको कारोबार गर्ने इजाजतपत्र प्राप्त गरेको मितिले दुई वर्षभित्र त्यस्तो कारोबार प्रारम्भ गर्नु अघि देहाय बमोजिमका पूर्वाधार पुरा गर्नु पर्नेछ :-

(क) कम्तीमा चालीस हजार लिटर पेट्रोलियम पदार्थ मौज्दात राख्न सक्ने गरी आवश्यक संख्यामा सञ्चय भण्डारणको स्थापना,

(ख) एकभन्दा बढी प्रकारको पेट्रोलियम पदार्थको कारोबार गर्ने इजाजतपत्रवालाले प्रत्येक प्रकारको पेट्रोलियम पदार्थको कुल सञ्चयका लागि देहाय बमोजिमको क्षमता रहेको सञ्चय भण्डारको स्थापना :

(१) डिजेलको कारोबारको लागि कम्तीमा पच्चीसहजार किलो लिटर,

(२) पेट्रोलको कारोबारको लागि कम्तीमा दशहजार किलो लिटर,



नेपाल कानून आयोग

(३) मट्टीतेलको कारोबारको लागि कम्तीमा तीनहजार किलो लिटर ।

(ग) पेट्रोलियम पदार्थको ढुवानी गर्दा तोकिए बमोजिम क्षमता भएका वा मापदण्ड पूरा गरेको ढुवानी गर्ने साधनको प्रयोग,

(घ) तोकिए बमोजिमको अन्य पूर्वाधार ।

(२) कच्चा तेल प्रशोधन (रिफाइन) गर्ने उद्योग सञ्चालन गर्ने इजाजतपत्रवालाले पेट्रोलियम पदार्थ कारोबार गर्न इजाजतपत्र प्राप्त गरेको तीन वर्षभित्र देहाय बमोजिमको पूर्वाधार तयार गर्नु पर्नेछ :

(क) कम्तीमा असीहजार मेट्रीक टन कच्चा तेल मौज्दात रहने सञ्चय भण्डारणको स्थापना,

(ख) कम्तीमा चालीसहजार किलो लिटर प्रशोधित पेट्रोलियम पदार्थ मौज्दात रहने सञ्चय भण्डारण,

(ग) प्रशोधित पेट्रोलियम पदार्थको बिक्री वितरण गर्ने आवश्यक व्यापारिक सञ्जालको संरचना,

(घ) कच्चा तेल प्रशोधन (रीफाइन) गर्ने उद्योगको सुरक्षाको लागि प्राधिकरणले तोकिदिए बमोजिमको सुरक्षा उपकरणको व्यवस्था,

(ङ) कच्चा तेल प्रशोधन (रीफाइन) गर्ने इजाजतपत्रवालाको उद्योगमा प्राधिकरणले तोकिदिए बमोजिमको प्राकृतिक तथा सामाजिक वातावरण कायम गर्ने व्यवस्था, अग्नि प्रतिरोधक व्यवस्था, स्वास्थ्य सम्बन्धी सुविधा तथा प्रशोधन गर्ने उद्योगबाट निस्कने फोहरको समुचित व्यवस्थापन ।

(३) ग्यासको कारोबार गर्ने इजाजतपत्रवालाले स्वचालित रिफिल सहितको प्लान्ट स्थापना गरी तोकिएको आकार, रंग, क्षमता, गुणस्तर, तौल वा संख्याका सिलिण्डर हुनु पर्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि ग्यासको रिफिलिङ्ग वा बोटलिङ्गको मात्र कारोबार गर्ने इजाजतपत्रवालाले पूरा गर्नु पर्ने पूर्वाधार र मापदण्ड तोकिए बमोजिम हुनेछ ।

(५) उपदफा (१) वा (२) बमोजिमको अवधिभित्र इजाजतपत्रवालाले सोही उपदफामा उल्लिखित पूर्वाधार तयार गर्न नसकेमा त्यसको कारण खुलाई अवधि थपको लागि प्राधिकरणमा निवेदन दिन सक्नेछ ।

(६) उपदफा (५) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा निवेदकले उल्लेख गरेको कारण मनासिव देखिएमा प्राधिकरणले उपदफा (१) वा (२) बमोजिमको पूर्वाधार तयार गर्न पचास प्रतिशत थप दस्तुर लिई एक बर्षसम्मको अवधि थप गर्न सक्नेछ ।

(७) उपदफा (६) बमोजिम थप गरिएको अवधि भित्र पनि पूर्वाधार तयार गर्न नसकेमा इजाजतपत्रवालाले प्राप्त गरेको इजाजतपत्र स्वतः रद्द हुनेछ ।

परिच्छेद - ३

**इजाजतपत्रवालाले पालना गर्नु पर्ने शर्त तथा मापदण्ड**

१४. **इजाजतपत्रवालाले पालना गर्नु पर्ने शर्तहरु** : (१) इजाजतपत्रवालाले पेट्रोलियम पदार्थ वा ग्यासको कारोबार गर्दा देहायका शर्तहरु पालन गर्नु पर्नेछः-

(क) प्राधिकरणले तोकेको गुणस्तर अनुरुपको पेट्रोलियम पदार्थ वा ग्यासको कारोबार गर्ने,

(ख) प्राधिकरणले तोकेको मापदण्ड पूरा गर्ने ढुवानी साधनबाट पेट्रोलियम पदार्थ वा ग्यासको ढुवानी गर्ने,

(ग) पेट्रोलियम पदार्थ वा ग्यासको सञ्चय वा भण्डारण गर्दा शहरी क्षेत्र वा घनावस्तीबाट तोकिए बमोजिम दुरीमा गर्नु पर्ने,

(घ) पैठारी गर्ने इजाजतपत्रवालाले आफ्नो पहिचान देखिने गरी पेट्रोलियम पदार्थ वा ग्यास बिक्री वितरण गर्न वा गराउन डिपो, डिलर वा खुद्रा बिक्री स्थलमा आवश्यक व्यवस्था गर्ने,

(ङ) कच्चा तेलको प्रशोधन गर्ने इजाजजतपत्रवाला भए निज आफैले वा निजको पहिचान देखिने गरी डिपो वा डिलर मार्फत विक्रि गर्ने,

(च) पेट्रोलियम पदार्थ वा ग्यासको कारोबार गर्ने उपकरण, प्लान्ट वा डिपोले प्रदुषण निवारण गर्न तोकिए बमोजिमका शर्त पूरा गर्ने,

(छ) पेट्रोलियम पदार्थ वा ग्यासको कारोबार गर्ने डिपो वा प्लान्टमा आगलागि निवारणका लागि प्रभावकारी उपायहरु वा प्रभावकारी अग्नी प्रतिरोधकको व्यवस्था गर्ने,

(ज) तोकिए बमोजिमका अन्य शर्तहरु पालन गर्ने ।

(२) उपदफा (१) को खण्ड (ग) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुनु अघि नै स्थापना भइसकेका पेट्रोलियम पदार्थ वा ग्यासको सञ्चय वा भण्डारण भए त्यस्तो खण्ड बमोजिमको व्यवस्था लागू हुने छैन ।

१५. **बीमा गराउनु पर्ने**: (१) इजाजतपत्रवालाले पेट्रोलियम पदार्थ वा ग्यासको कारोबार गर्दा पेट्रोलियम पदार्थ वा ग्यास, त्यसको भण्डारण, ढुवानीका साधन, कारोबारको सिलसिलामा अन्तिम विन्दुसम्म हुन सक्ने दुर्घटना वा हानी नोक्सानी वा तेस्रो पक्षको विरुद्ध तोकिए बमोजिम बीमा गराउनु पर्नेछ ।

(२) इजाजतपत्रवालाले पेट्रोलियम पदार्थ वा ग्यासको कारोबारमा संलग्न कर्मचारी तथा कामदारको त्यस्तो कारोबारको सिलसिलामा हुन सक्ने दुर्घटनाको जोखिमका विरुद्ध तोकिए बमोजिम बीमा गराउनु पर्नेछ ।

१६. **रकम बुझाउनु पर्ने** : (१) पेट्रोलियम पदार्थ वा ग्यासको कारोबार गर्न इजाजतपत्र प्राप्त इजाजतपत्रवालाले प्रत्येक वर्षको साउन मसान्तभित्र निजले एक वर्षभित्र गरेको कारोबारबाट प्राप्त कूल रकमको शुन्य दशमलव दुई पाँच प्रतिशत रकम प्राधिकरणमा बुझाउनु पर्नेछ ।

(२) प्राधिकरणले उपदफा (१) बमोजिम प्राप्त रकम मध्ये पचास प्रतिशत रकम दफा ५३ बमोजिमको प्राधिकरणको कोषमा र पचास प्रतिशत रकम दफा ६३ बमोजिमको मूल्य स्थिरिकरण कोषमा जम्मा गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम मूल्य स्थिरीकरण कोषमा जम्मा भएको रकम दफा ६३ को उपदफा (४) को प्रयोजनका लागि बाहेक अन्य प्रयोजनका लागि खर्च गर्न सकिने छैन ।

परिच्छेद-४

## पेट्रोलियम पदार्थ वा ग्यास कारोबारको नियमन तथा नियन्त्रण

१७. **पेट्रोलियम पदार्थ वा ग्यास कारोबारलाई नियमन र नियन्त्रण** : (१) प्राधिकरणलाई पेट्रोलियम पदार्थ वा ग्यासको कारोबारलाई नियमन र नियन्त्रण गर्ने पूर्ण अधिकार हुनेछ ।

(२) उपदफा (१) को सर्वसामान्यतामा प्रतिकुल नहुने गरी पेट्रोलियम पदार्थ वा ग्यासको कारोबारलाई व्यवस्थित, नियमित तथा नियमन गर्ने सम्बन्धमा प्राधिकरणलाई यस ऐनमा उल्लेख भएको अन्य अधिकारको अतिरिक्त देहायको अधिकार हुनेछ :-

(क) इजाजतपत्रवाला वा डिपो, डिलर वा बिक्रेतालाई आफूले गरेको कारोबारको विवरण तोकिए बमोजिम अभिलेख राख्न लगाउने र त्यस्तो अभिलेख निरीक्षण गरी वा सोको प्रतिलिपि लिने,

(ख) इजाजतपत्रवाला, डिपो, डिलर वा बिक्रेताले पेट्रोलियम पदार्थ वा ग्यास लुकाएमा वा कृत्रिम अभाव खडा गर्ने उद्देश्यले मनासिव कारण विना आफ्नो व्यापारिक क्षमता भन्दा कम बिक्री वितरण गरेको पाइएमा त्यस्तो डिपो, डिलर, घर, ढुवानीका साधन, सञ्चय भण्डार, गोदाममा प्रवेश गर्न वा खानतलासी लिन र त्यसरी खानतलासी लिंदा पेट्रोलियम पदार्थ वा ग्यास लुकाएको देखिएमा त्यसको जफत गर्ने ।

(ग) कुनै खास अवधिका लागि कारण खुलाई कुनै ठाउँबाट पेट्रोलियम पदार्थ वा ग्यासको ढुवानी गर्न नदिने, कुनै ठाउँमा पेट्रोलियम पदार्थ वा ग्यासको सञ्चय गर्न नदिने वा कुनै खास ठाउँमा मात्र पेट्रोलियम पदार्थ वा ग्यासको सञ्चय वा बिक्री वितरण गर्न लगाउने,

(घ) इजाजतपत्रवालाले निर्धारण गरेको भन्दा बढी मूल्य लिई डिपो, डिलर वा खुद्रा बिक्रेताले बिक्री गरेको देखिएमा तत्काल रोक्ने,

(ङ) पेट्रोलियम पदार्थ वा ग्यासको बिक्री वितरणमा हुन सक्ने एकाधिकार वा नियन्त्रित वा अनुचित व्यापारिक अभ्यासको

अनुगमन, रोकथाम र नियन्त्रण गर्ने सम्बन्धमा कार्य योजना बनाई कार्यान्वयन गर्ने,

(च) पेट्रोलियम पदार्थ वा ग्यासको कृत्रिम वा अनुपयुक्त तवरले अभाव सृजना गर्ने किसिमका कुनै पनि अनुचित व्यापारिक क्रियाकलापलाई नियन्त्रण गर्ने ।

१८. **निरीक्षण, जाँचबुझ वा खानतलासी गर्न सक्ने :** (१) कुनै इजाजतपत्रवालाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरित कुनै काम गरे वा नगरेको सम्बन्धमा प्राधिकरणले आवश्यक स्थलगत निरीक्षण, सुपरिवेक्षण, अनुगमन वा जाँचबुझ गर्न वा गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निरीक्षण, सुपरिवेक्षण, अनुगमन वा जाँचबुझ गर्दा वा गराउंदा कुनै इजाजतपत्रवालाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा प्राधिकरणले जारी गरेको निर्देशन विपरित कुनै काम गरेको देखिएमा प्राधिकरणले त्यस्तो इजाजतपत्रवालालाई यस ऐन बमोजिम कारवाही तथा सजाय गर्नेछ ।

(३) इजाजतपत्रवालाले यस ऐन बमोजिमका शर्त पालना गरी उचित तरिकाले पेट्रोलियम पदार्थ वा ग्यासको पैठारी, ढुवानी, सञ्चय, भण्डारण गरे वा नगरेको वा डिलर वा विक्रेताले त्यस्ता शर्त पालना गरी पेट्रोलियम पदार्थ वा ग्यासको त्रिक्रि गरे वा नगरेको सम्बन्धमा प्राधिकरणले निरीक्षण अधिकृत वा अन्य कुनै विज्ञ वा आफ्ना कर्मचारी मार्फत समय समयमा निरीक्षण गर्ने वा गराउनेछ ।

(४) कुनै ठाउँमा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरित पेट्रोलियम पदार्थ वा ग्यासको कारोबार भइरहेको भन्ने विश्वास हुने मनासिव कारण भएमा वा त्यस्तो विषयमा कुनै उजुरी परेमा निरीक्षण अधिकृतले त्यस्तो ठाउँको निरीक्षण, जाँचबुझ वा खानतलासी गर्न सक्नेछ ।

(५) उपदफा (३) बमोजिम निरीक्षण अधिकृतले निरीक्षण, जाँचबुझ वा खानतलासी गरेकोमा तीन दिनभित्र तोकिए बमोजिमको ढांचामा प्राधिकरण समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(६) निरीक्षण अधिकृतले निरीक्षण, जाँचबुझ वा खानतलासी गर्दा अपनाउनु पर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

(७) निरीक्षण अधिकृतले खानतलासीको क्रममा स्थानीय प्रशासन तथा स्थानीय प्रहरी समक्ष सहयोग माग गरेमा त्यस्तो सहयोग तुरुन्त उपलब्ध गराउनु सम्बन्धित निकायको कर्तव्य हुनेछ ।

(८) निरीक्षण अधिकृतको अन्य काम, कर्तव्य र अधिकार तथा निरीक्षण अधिकृतले दिएको प्रतिवेदनको कार्यान्वयन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(९) निरीक्षण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१९. **निरीक्षण अधिकृत नियुक्त गर्न वा तोक्न सक्नेः** (१) पेट्रोलियम पदार्थ तथा ग्यासको कारोबारलाई प्रभावकारी बनाई उपभोक्ताहरुको हक हित संरक्षण गर्ने कार्यका लागि प्राधिकरणले तोकिए बमोजिमको योग्यता पुगेको व्यक्तिलाई निरीक्षण अधिकृत नियुक्त गर्न वा नेपाल सरकारको स्वीकृति लिई नेपाल सरकारको कुनै अधिकृत कर्मचारीलाई निरीक्षण अधिकृतको रुपमा तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त हुने वा तोकिने निरीक्षण अधिकृतको सेवाका शर्त तोकिए बमोजिम हुनेछ ।

२०. **पेट्रोलियम पदार्थको नमुना संकलन तथा त्यसको परीक्षणः** (१) इजाजतपत्रवाला डिलर वा बिक्रेताले पेट्रोलियम पदार्थमा कुनै पदार्थ मिसावट गरी वा अन्य कुनै तरिकाले गुणस्तरहिन पेट्रोलियम पदार्थको कारोबार गरेको कुरा प्राधिकरण आफैले वा अन्य कुनै व्यक्तिको सूचनाको आधारमा जानकारी प्राप्त गरेमा प्राधिकरणले तुरुन्त निरीक्षण अधिकृत खटाई त्यस्तो व्यक्तिको ढुवानीका साधन, सञ्चय, भण्डार, गोदाम वा डिपोमा खानतलासी गरी त्यस्तो ढुवानीका साधन, सञ्चय भण्डार, गोदाम वा डिपोबाट आवश्यक मात्रामा त्यस्तो पेट्रोलियम पदार्थको तोकिए बमोजिम नमूना संकलन गर्न सक्नेछ र त्यसरी नमूना संकलन गरेपछि त्यस्तो ढुवानीका साधन, सञ्चय भण्डार, गोदाम वा डिपो, डिलरमा शिलबन्दी लाहाछाप लगाई त्यस्तो पेट्रोलियम पदार्थको विक्री वितरण रोक्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम संकलन गरेको नमूनालाई निरीक्षण अधिकृतले तीन भाग लगाई तोकिए बमोजिमको मात्रामा छुट्टा छुट्टै भाडामा राख्ने गरी छुट्याई एक भागलाई आधिकारिक परीक्षणको लागि कुनै भाडामा राखी आफ्नो हस्ताक्षर सहित शिलबन्दी लाहाछाप लगाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम नमूना संकलन गर्दा निरीक्षण अधिकृतले सम्भव भएसम्म इजाजतपत्रवाला, डिलर वा बिक्रेता वा निजको प्रतिनिधि तथा अन्य व्यक्तिलाई रोहवरमा राख्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम छुट्याइएको नमूना मध्ये बाँकी दुई भाग छुट्टाछुट्टै भाडामा राखी निरीक्षण अधिकृतले आफ्नो हस्ताक्षर गरी शिलबन्दी लाहाछाप लगाई सञ्चयको लागि एक भाग सम्बन्धित इजाजतपत्रवाला, डिलर वा बिक्रेता वा निजको प्रतिनिधि र बाँकी एक भाग प्राधिकरणको जिम्मा दिनु पर्नेछ ।

(५) उपदफा (२) बमोजिम शिलबन्दी लाहाछाप लगाइएको भाडामा रहेको पेट्रोलियम पदार्थको नमूना परीक्षणको लागि प्राधिकरणले आधिकारिक प्रयोगशालामा पठाउनु पर्नेछ ।

**स्पष्टिकरण**: यस दफाको प्रयोजनको लागि "आधिकारिक प्रयोगशाला" भन्नाले पेट्रोलियम पदार्थको गुणस्तर परीक्षण गर्न नेपाल सरकारले तोकेको आधिकारिक प्रयोगशाला सम्झनु पर्छ ।

(६) उपदफा (५) बमोजिम नमूना प्राप्त भएमा त्यस्तो प्रयोगशालाले तोकिए बमोजिम परीक्षण तथा विश्लेषण गरी त्यस्तो पेट्रोलियम पदार्थ निर्धारित गुणस्तरको भए वा नभएको वा त्यसमा मिसावट भए वा नभएको प्रतिवेदन प्राधिकरण समक्ष पेश गर्नेछ ।

(७) उपदफा (६) बमोजिम प्रयोगशालाले गुणस्तर परीक्षण गरी प्रतिवेदन दिँदा मिसावट भएको पाइएमा के कति मात्रामा के कस्तो प्रकृतिको मिसावट भएको हो स्पष्ट रुपमा प्रतिवेदनमा उल्लेख गर्नु पर्नेछ ।

(८) प्राधिकरणले उपदफा (६) बमोजिम प्राप्त भएको प्रतिवेदनको विवरण सम्बन्धित इजाजतपत्रवाला वा डिलर वा बिक्रेतालाई जानकारी गराउनु पर्नेछ ।

(९) उपदफा (८) बमोजिमको विवरणमा चित्त नबुझ्ने इजाजतपत्रवाला वा डिलर वा बिक्रेताले त्यसको विवरण प्राप्त गरेको सात दिनभित्र उपदफा (४) बमोजिम आफूसंग रहेको नमूना तोकिए बमोजिम पुनः परीक्षण गराउन प्राधिकरण समक्ष अनुरोध गर्न सक्नेछ ।

(१०) उपदफा (९) बमोजिम गरिएको अनुरोध मनासिव देखिएमा प्राधिकरणले आफूसंग भएको नमूना समेत राखी आधिकारिक प्रयोगशाला मार्फत पुनः परीक्षण गराउन सक्नेछ ।

(११) उपदफा (१०) बमोजिम नमूना परीक्षण गराउँदा उपदफा (६) बमोजिम प्राप्त प्रतिवेदन भन्दा फरक प्रतिवेदन प्राप्त भएमा प्राधिकरणले नमूना परीक्षणका लागि तोकिए बमोजिम विशेषज्ञ नियुक्त गरी तोकिए बमोजिम पुनः परीक्षण गराउनु पर्नेछ ।

(१२) उपदफा (११) बमोजिमको परीक्षणबाट प्राप्त प्रतिवेदन अन्तिम हुनेछ ।

(१३) यस दफा बमोजिम नमूना संकलन गर्ने वा नमूना परीक्षण गर्ने अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२१. **पेट्रोलियम पदार्थ जफत हुने** : (१) दफा २० बमोजिम नमूना परीक्षण गर्दा पेट्रोलियम पदार्थ गुणस्तरहिन वा मिसावट भएको ठहरिएमा प्राधिकरणले त्यस्तो पेट्रोलियम पदार्थ जफत गरी सम्बन्धित इजाजतपत्रवाला वा निजको प्रतिनिधि वा ढुवानीकर्ता व्यक्तिलाई यस ऐन बमोजिम कारवाही र सजाय गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम जफत भएको पेट्रोलियम पदार्थ तोकिए बमोजिम व्यवस्थापन गरिनेछ ।

२२. **पेट्रोलियम कारोबार वा ग्यास कारोबारमा नियन्त्रण गर्न सक्ने** : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आन्तरिक उपद्रव, बाह्य आक्रमण वा अन्य कुनै कारणबाट मुलुकभर वा कुनै भागमा शान्ति र सुव्यवस्थामा खलल पर्ने अवस्था परी पेट्रोलियम पदार्थ वा ग्यासको कुनै प्रकारको कारोबारमा मनासिब नियन्त्रण कायम राख्न आवश्यक देखेमा प्राधिकरणले कुनै खास अवधिका लागि पेट्रोलियम पदार्थको कारोबार वा ग्यासको कारोबार उपर आवश्यक नियन्त्रण गर्न सक्नेछ ।

(२) यस दफा बमोजिम प्राधिकरणले पेट्रोलियम पदार्थ वा ग्यासको कारोबार नियन्त्रण लिने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२३. **सिलिण्डर रिफिल तथा बिक्री बितरण गर्न आदेश दिन सक्ने** : (१) ग्यास उद्योग सञ्चालन गर्ने इजाजतपत्रवालाको इजाजतपत्र कुनै कारणले रद्द वा निलम्बन भएमा त्यस्तो इजाजतपत्रवालाले उत्पादन वा बिक्री वितरण गर्ने ग्यास सिलिण्डरमा अन्य

इजाजतपत्रवालालाई ग्यास रिफिल गरी बिक्री वितरण गर्न वा गराउन प्राधिकरणले आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आदेश दिएमा सम्बन्धित इजाजतपत्रवालाले ग्यास सिलिण्डरमा ग्यास रिफिल गरी वितरण गर्नु वा गराउनु पर्नेछ ।

२४. **पेट्रोलियम पदार्थ वा ग्यास निकासी गर्न नहुने** : नेपाल सरकारको पूर्व स्वीकृति विना नेपालभित्र पैठारी गरिएको पेट्रोलियम पदार्थ वा ग्यास निकासी गर्न वा गराउन हुँदैन ।

तर नेपालबाट विदेशी मुलुकको नजिकको पेट्रोलियम विक्रि केन्द्रसम्म सवारी साधन पुग्नको लागि आवश्यक पर्ने परिमाणको पेट्रोलियम पदार्थ त्यस्तो सवारी साधनमा राख्न वाधा पर्ने छैन ।

२५. **पेट्रोलियम पदार्थ वा ग्यासको पैठारीमा रोक लगाउन सकिने** : (१) पेट्रोलियम पदार्थ वा ग्यासको पैठारीकर्ताले प्राधिकरणले निर्धारण गरेको गुणस्तर अनुकुल हुने गरी त्यस्तो पदार्थको पैठारी गर्नु पर्नेछ ।

(२) प्राधिकरणले सम्बन्धित भन्सार अधिकृतसँग समन्वय गरी पैठारी गर्ने विन्दुमा परीक्षण गरी पैठारी गरिएको पेट्रोलियम पदार्थ वा ग्यास उपदफा (१) बमोजिम भए नभएको यकिन गर्नेछ ।

(३) उपदफा (२) बमोजिमको परीक्षण गर्दा प्राधिकारणले निर्धारण गरेको गुणस्तर भन्दा कम गुणस्तरको भएको पाइएमा त्यस्तो पदार्थ वा ग्यास पैठारी गर्न रोक लगाउन सम्बन्धित भन्सार अधिकृतलाई अनुरोध गर्नेछ ।

(४) उपदफा (३) बमोजिम अनुरोध गरेमा सम्बन्धित भन्सार अधिकृतले त्यस्तो पेट्रोलियम पदार्थ वा ग्यास पैठारी गर्न रोक लगाउनेछ ।

(५) उपदफा (३) बमोजिम प्राधिकरणले गरेको परीक्षण चित्त नबुझेमा सम्बन्धित पैठारीकर्ताले दफा २० को उपदफा (५) बमोजिमको प्रयोगशालामा परीक्षणका लागि पठाउन लिखित माग गर्न सक्नेछ ।

(६) उपदफा (५) बमोजिम माग गरेमा प्राधिकरणले दफा २० बमोजिमको कार्यविधि अवलम्बन गरी नमुना संकलन गरी त्यस्तो प्रयोगशालामा पठाउनेछ र त्यस्तो प्रयागशालाले निर्धारण गरेको परीक्षण मान्य हुनेछ ।

(७) उपदफा (६) बमोजिम परीक्षणको लागि पठाइएकोमा परीक्षणको प्रतिवेदन प्राप्त नभएसम्म पेट्रोलियम पदार्थ वा ग्यास रहेको ढुवानीको साधन सम्बन्धित भन्सार अधिकृतले तोकेको ठाउमा यथास्थितिमा राख्नु पर्नेछ र त्यसवापत सम्बन्धित पैठारीकर्ता नै जिम्मेवार रहनेछ ।

(८) यस दफा बमोजिम परीक्षण भएको पेट्रोलियम पदार्थ वा ग्यास निर्धारित गुणस्तरको भएको नपाइएमा जुन मुलुकबाट त्यस्तो पदार्थ वा ग्यास पैठारी भएको हो सोही मुलुकमा फिर्ता लैजानु पर्नेछ ।

२६. **पेट्रोलियम कारोबार वा ग्यास कारोबारमा रोक लगाउन सक्ने** : (१) कुनै विशेष परिस्थितिमा सर्वसाधारणको सुविधा पेट्रोलियम पदार्थ वा ग्यासको सहज आपूर्ति वा सार्वजनिक हितको लागि कुनै ठाउँ वा क्षेत्रमा कुनै किसिमको पेट्रोलियम कारोबार वा ग्यास कारोबार वा बिक्री वितरणमा रोक लगाउन आवश्यक देखिएमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सो सूचनामा तोकिएको ठाउँमा सोही सूचनामा तोकिएको अवधिभरको लागि कुनै पेट्रोलियम पदार्थ वा ग्यास कारोबार वा बिक्री वितरणमा परिमाणत्मक बन्देज वा रोक लगाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम रोक लगाइएकोमा सम्बन्धित इजाजतापत्रवाला, डिपो, डिलर, खुद्रा बिक्रेता वा सम्बन्धित व्यक्तिले त्यस्तो सूचनाको पालना गर्नु पर्नेछ ।

२७. **विवरण पेश गर्नु पर्ने** : इजाजतपत्रवालाले प्रत्येक महिनाको पन्ध्र गतेभित्र पेट्रोलियम पदार्थ वा ग्यासको कारोबारको सम्बन्धमा अघिल्लो महिनाको देहायको विवरण सहितको प्रतिवेदन प्राधिकरण समक्ष पेश गर्नु पर्नेछ :-

(क) पैठारी गरेको भए पैठारी गरेको पेट्रोलियम पदार्थ वा ग्यासको किसिम, परिमाण, गुणस्तर र त्यसको मूल्य,

(ख) कच्चा तेल प्रशोधन (रीफाइन) गर्ने वा तयारी पेट्रोलियम पदार्थको प्रशोधन गरेको भए प्रशोधन गरेको पेट्रोलियम पदार्थको किसिम, परिमाण र गुणस्तर,

(ग) ग्यासको कारोबार गरेको भए उत्पादन तथा रिफिल गरेको ग्यासको किसिम, परिमाण र गुणस्तर,

(घ) डिपो, डिलर वा खुद्रा बिक्रेता मार्फत बिक्री वितरण गरेको भए पेट्रोलियम पदार्थ वा ग्यासको किसिम, परिमाण र गुणस्तर र त्यसको मूल्य दर,

(ङ) सञ्चित रहेको पेट्रोलियम पदार्थ वा ग्यासको किसिम, परिमाण र गुणस्तर,

(च) तोकिए बमोजिमको अन्य विवरण ।

परिच्छेद - ५

**पेट्रोलियम पदार्थ वा ग्यासको कारोबार सम्बन्धी अन्य व्यवस्था**

२८. **प्रतितपत्र खोल्नु पर्ने** : (१) पेट्रोलियम पदार्थ वा ग्यास पैठारी गर्ने इजाजतपत्रवालाले पेट्रोलियम पदार्थ वा ग्यास पैठारी गर्नको लागि प्रचलित कानून बमोजिम इजाजतपत्र प्राप्त बैंक वा वित्तीय संस्थामा प्रतितपत्र खोल्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रतितपत्र खोल्दा कुन किसिमको पेट्रोलियम पदार्थ वा ग्यास के कति परिमाणमा पैठारी गर्ने हो सोको विवरण प्राधिकरणबाट स्वीकृत स्पेशिफिकेशन तथा गुणस्तरको विवरण समेत प्रतितपत्रमा उल्लेख गर्नु पर्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि इजाजतपत्रवालाले निश्चित परिमाणमा कुनै खास किसिमको पेट्रोलियम पदार्थ वा ग्यास प्राधिकरणबाट स्वीकृति लिई अन्य व्यापारिक भुक्तानी प्रक्रिया अपनाई पैठारी गर्न सक्नेछ ।

(४) उपदफा (१) बमोजिम इजाजतपत्रवालाले प्रतितपत्र खोलेको जानकारी यथाशीघ्र प्राधिकरणलाई दिनु पर्नेछ ।

२९. **पेट्रोलियम पदार्थ वा ग्यास पैठारी गर्दा पालन गर्नु पर्ने शर्तहरु** : पेट्रोलियम पदार्थ वा ग्यासको पैठारी गर्ने इजाजतपत्रवालाले देहायका शर्तहरु पालन गर्नु पर्नेछ :-

(क) प्राधिकरणबाट स्वीकृत स्पेशिफिकेशन र गुणस्तरको पेट्रोलियम पदार्थ वा ग्यास पैठारी गर्ने,

(ख) पैठारी गरेको पेट्रोलियम पदार्थ वा ग्यास स्वीकृत स्पेशिफिकेशन र गुणस्तर बमोजिम भएको प्रमाणपत्र निकासी गर्ने मुलुकको बिक्रेताबाट प्राप्त गरी पैठारी गर्न ढुवानी भएको सवारी साधनमा

राख्ने र त्यसको प्रतिलिपि सम्बन्धित भन्सार कार्यालयमा दाखिला गर्ने,

(ग) पेट्रोलियम पदार्थ वा ग्यास लोड भएको ठाउँ देखि अनलोड हुने ठाउँसम्मको कुनै पनि किसिमको जोखिम विरुद्ध सुरक्षण वीमा गराउने,

(घ) तोकिए बमोजिमको अन्य शर्त पालना गर्ने ।

३०. **ढुवानी सम्बन्धी व्यवस्था**: पेट्रोलियम पदार्थ वा ग्यासको ढुवानी गर्ने इजाजतपत्रवालाले कायम गर्नु पर्ने ढुवानीको साधनको न्यूनतम संख्या, गुणस्तर त्यसको बनौट र मापदण्ड, ढुवानी गर्दा अपनाउनु पर्ने सुरक्षात्मक व्यवस्था तथा पालन गर्नु पर्ने अन्य शर्तहरु तोकिए बमोजिम हुनेछ ।

३१. **पेट्रोलियम पदार्थ वा ग्यासको सञ्चय गर्नु पर्ने** : (१) इजाजतपत्रवालाले आफूले पैठारी गरेको वा प्रशोधन (रीफाइन) गरेको पेट्रोलियम पदार्थ वा ग्यास प्राधिकरणबाट स्वीकृत प्राप्त ठाउँमा भण्डारण (स्टोरेज डिपो) खडा गरी सञ्चय गर्नु पर्नेछ ।

(२) पेट्रोलियम पदार्थ वा ग्यास सञ्चय गर्ने स्थान, ट्याङ्क (कन्टेनर) को बनौट र त्यसको क्षमता तथा सञ्चय गर्ने तरिका तोकिए बमोजिम हुनेछ ।

(३) पेट्रोलियम पदार्थ वा ग्यास सञ्चयको लागि ट्याङ्क (कन्टेनर) मा राख्ने ( लोड गर्ने) र खन्याउने (अनलोड गर्ने) विधि तोकिए बमोजिम हुनेछ ।

३२. **आगजनी विरुद्ध सतर्कता अपनाउनु पर्ने** : (१) पेट्रोलियम पदार्थ वा ग्यास सञ्चय गरी राखेको ठाँउ वा कच्चा तेल प्रशोधन (रीफाइन) गर्ने वा तयारी पेट्रोलियम पदार्थको प्रशोधन गर्ने प्लान्ट वा कारखानामा आकस्मिक तबरले आगलागी हुन गएमा त्यसलाई तत्काल निभाउने प्रयोजनको लागि अग्नि प्रतिरोधक उपकरणहरुको पर्याप्त व्यवस्था सम्बन्धित इजाजतपत्रवालाले गर्नु पर्नेछ ।

(२) पेट्रोलियम पदार्थ वा ग्यासका ढुवानीको साधन वा सञ्चय गरी राखेको भण्डारण (स्टोरेज) वा ट्याङ्क, कच्चा तेल प्रशोधन (रीफाइन) वा तयारी पेट्रोलियम पदार्थको प्रशोधन गर्ने प्लान्ट वा ग्यास प्लान्टको परिसर तथा त्यसको आसपासमा धुम्रपान गर्न वा कुनै किसिमको आगो बाल्न वा सल्काउन निषेध गरी

आगजनी हुन नदिन सम्बन्धित इजाजतपत्रवालाले आवश्यक पूर्व सावधानी वा सतर्कता अपनाउनु पर्नेछ ।

३३. **सुरक्षा व्यवस्था** : (१) इजाजतपत्रवालाले पेट्रोलियम पदार्थ वा ग्यासको सञ्चय भण्डार स्थल वा कच्चा तेल प्रशोधन (रीफाइन) उद्योग वा तयारी पेट्रोलियम पदार्थको प्रशोधन गर्ने प्लान्ट वा ग्यास उत्पादन प्लान्ट वा डिलर वा बिक्रेताले सुरक्षा सम्बन्धी तोकिए बमोजिमको सुरक्षा उपकरण, अग्नि नियन्त्रक तथा सुरक्षाको उचित व्यवस्था गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विशेष अवस्था सिर्जना भई पेट्रोलियम पदार्थ वा ग्यासको सञ्चय वा भण्डार स्थल वा कच्चा तेल प्रशोधन (रीफाइन) प्लान्ट वा तयारी पेट्रोलियम पदार्थको प्रशोधन गर्ने प्लान्ट वा ग्यास प्लान्ट रहेको ठाउँमा विशेष सुरक्षा गर्नु पर्ने भएमा सम्बन्धित इजाजतपत्रवालाले स्थानीय प्रशासनबाट कुनै खास अवधिको लागि सुरक्षा व्यवस्था माग गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम सुरक्षा माग गरेमा स्थानीय प्रशासनले इजाजतपत्रवालाले खर्च व्यहोर्ने गरी सुरक्षाको आवश्यक व्यवस्था गरी दिनु पर्नेछ ।

३४. **पेट्रोलियम पदार्थ वा ग्यासको बिक्री वितरण** : (१) इजाजतपत्रवालाले पेट्रोलियम पदार्थ वा ग्यासको बिक्री वितरण आफैले बिक्री डिपो स्थापना गरी वा डिलर वा बिक्रेता मार्फत गर्न वा गराउन सक्नेछ ।

(२) तयारी पेट्रोलियम पदार्थको प्रशोधन गर्ने इजाजतपत्रवालाले उत्पादित पेट्रोलियम पदार्थको बिक्री वितरण, संचय, भण्डारण गर्न स्वीकृत प्राप्त अन्य कम्पनी वा विक्रेतासंग सम्झौता गरी त्यस्तो कम्पनी वा विक्रेता मार्फत बिक्री गर्न वा गराउन सक्नेछ ।

३५. **डिलर वा खुद्रा बिक्रेताको नियुक्ति** : (१) इजाजतपत्रवालाले पेट्रोलियम पदार्थ वा ग्यासको बिक्री वितरण गर्न, डिपो स्थापना गर्न वा कुनै व्यक्ति वा कम्पनीलाई डिलर वा बिक्रेता नियुक्त गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम डिपो स्थापना गर्दा वा डिलर वा बिक्रेता नियुक्ति गर्दा इजाजतपत्रवालाले प्राधिकरणलाई त्यसको तुरुन्त जानकारी दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम इजाजतपत्रवालाले डिपो स्थापना गरेमा वा डिलर वा बिक्रेता नियुक्त गरे वा हटाएमा त्यसको तोकिए बमोजिमको विवरण सहितको जानकारी तुरुन्त प्राधिकरणलाई दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम विवरण दिईसकेपछि त्यस्तो विवरणमा कुनै किसिमको परिवर्तन भएमा इजाजतपत्रवालाले त्यसको जानकारी सात दिनभित्र प्राधिकरणलाई दिनु पर्नेछ ।

(५) डिलर वा बिक्रेताको नियुक्ति, योग्यता, आवश्यक पूर्वाधार, डिलर वा खुद्रा बिक्रेता हटाउने आधार तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३६. **<u>डिलर वा बिक्रेताको कर्तव्य</u>** : (१) डिलर वा बिक्रेताले डिपो खोली पेट्रोलियम पदार्थ विक्रि गर्दा देहाय बमोजिम गर्नु पर्नेछ :-

(क) पेट्रोलियम पदार्थ वा ग्यासको बिक्री वितरण विना भेदभाव पहिले आउने ग्राहकलाई पहिले विक्री गर्ने आधारमा गर्ने,

(ख) पेट्रोलियम पदार्थ वा ग्यास सिलिण्डर सुरक्षित रुपमा राख्ने तथा सुरक्षित रुपमा बिक्री आधारमा बतरण गर्ने,

(ग) स्पष्ट बुझिने गरी पेट्रोलियम पदार्थ वा ग्यासको मूल्य सूची सर्वसाधारणले देख्ने गरी राख्ने,

(घ) पेट्रोलियम पदार्थको खुद्रा विक्रि गर्दा सवारी साधनमा रहेको सर्भिस टैंक बाहेक अन्य कुनै उपकरण वा भाँडामा विक्रि नगर्ने,

तर सुरक्षाका पर्याप्त उपाय अवलम्वन गरी तोकिए बमोजिमको अवस्थामा अन्य भाँडामा पनि विक्रि गर्न वाधा पर्ने छैन ।

(ङ) प्राधिकरण, उपभोक्ता हित संरक्षणसँग सम्बन्धित निकाय तथा इजाजतपत्रवालाले समय समयमा दिएका निर्देशनहरु पालना गर्ने,

(च) तोकिए बमोजिमका कर्तव्य पालना गर्ने ।

(२) डिलर वा विक्रेताले उपदफा (१) बमोजिम डिपो मार्फत पेट्रोलियम पदार्थ वा ग्यासको विक्री गर्दा डिपोसंगै चिया वा कफी पसल, गैर अल्कोहोलिक हल्का पेय पदार्थ विक्रीस्थल तथा महिला तथा पुरुषका लागि छुट्टाछुट्टै उपयुक्त शौचालयको व्यवस्था गर्नु पर्नेछ ।

(३) पेट्रोलियम पदार्थ वा ग्यासको डिपो वा बिक्री बितरण स्थलको मापदण्ड र तत्सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

नेपाल कानून आयोग

परिच्छेद-६

## प्राधिकरणको स्थापना तथा काम, कर्तव्य र अधिकार

३७. **प्राधिकरणको स्थापना** : (१) पेट्रोलियम पदार्थ तथा ग्यासको कारोबारलाई नियमन गर्न र त्यस्तो कारोबारको नियमन गरी नियमित रुपमा उपभोक्तालाई पेट्रोलियम पदार्थ आपूर्ति गर्न राष्ट्रिय पेट्रोलियम प्राधिकरणको स्थापना गरिएको छ ।

(२) प्राधिकरणको प्रधान कार्यालय काठमाण्डौ उपत्यकामा रहनेछ र प्राधिकरणले आवश्यकता अनुसार प्रदेश र स्थानिय तहमा आफ्नो कार्यालय खोल्न सक्नेछ ।

३८. **प्राधिकरण स्वशासित संस्था हुने** : (१) प्राधिकरण अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ ।

(२) प्राधिकरणको काम कारबाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) प्राधिकरणले व्यक्ति सरह चल, अचल सम्पत्ति प्राप्त गर्न, उपयोग गर्न वा अन्य कुनै किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) प्राधिकरणले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न र प्राधिकरण उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

(५) प्राधिकरणले आफ्नो नामबाट करार गर्न र करार बमोजिमको अधिकार प्रयोग गर्न र दायित्व निर्वाह गर्न सक्नेछ ।

३९. **प्राधिकरणको काम, कर्तव्य र अधिकार** : यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त प्राधिकरणको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) पेट्रोलियम पदार्थको आपूर्ति वा बजार व्यवस्थापनका लागि अवलम्बन गर्नु पर्ने नीति, योजना तथा कार्यक्रमका सम्बन्धमा नेपाल सरकारलाई सल्लाह र सुझाव दिने,

(ख) उपभोक्ताको हित संरक्षण गर्न प्रतिस्पर्धात्मक बजारको माध्यमबाट उचित मूल्यमा पेट्रोलियम पदार्थ वा ग्यासको आपूर्ति व्यवस्थालाई नियमित, भरपर्दो र सर्वसुलभ बनाउने,

(ग) पेट्रोलियम पदार्थ वा ग्यासको बजार व्यवस्थापनको विकास तथ विस्तार गर्ने वा गराउने,

(घ) खण्ड (ग) बमोजिमको बजार व्यवस्थापनको क्षेत्रमा नयाँ प्रविधिको विकास तथा उपयोगबारे अनुसन्धान गर्ने वा गराउने,

(ङ) पेट्रोलियम पदार्थको गुणस्तर निर्धारण गरी लागू गर्ने वा गराउने,

(च) पेट्रोलियम पदार्थ वा ग्यासको अन्तर्राष्ट्रिय मूल्यसूची संकलन तथा विश्लेषण गरी त्यस्ता पदार्थको अधिकतम मूल्यको सीमा निर्धारण गर्ने र सार्वजनिक गर्ने,

(छ) प्रतिस्पर्धात्मक रुपमा पेट्रोलियम पदार्थ वा ग्यासको उचित मूल्य कायम हुन सक्ने संयन्त्रको विकास गर्ने,

(ज) निर्धारित गुणस्तर बमोजिम पेट्रोलियम पदार्थ वा ग्यासको आपूर्ति भए वा नभएको निरन्तर अनुगमन गर्ने वा गराउने,

(झ) पेट्रोलियम पदार्थ वा ग्यासको कारोबार गर्दा प्रयोग गर्नु पर्ने साधन वा उपकरणको किसिम, भौतिक पूर्वाधारको मापदण्ड, स्तर र कार्यविधि निर्धारण गरी तोकिए बमोजिम भए वा नभएको अनुगमन गर्ने वा गराउने,

(ञ) पेट्रोलियम पदार्थ वा ग्यासको कारोबारमा संलग्न कम्पनीहरु बीच स्वस्थ प्रतिस्पर्धा हुने व्यवस्था गर्न आवश्यक नीतिगत व्यवस्था गर्ने,

(ट) पेट्रोलियम पदार्थ वा ग्यासको नियमनका सम्बन्धमा नेपालको प्रतिनिधित्व गर्ने तथा बजार व्यवस्थापनको लागि स्वदेशी, विदेशी वा अन्तर्राष्ट्रिय संघ संस्थासँग सम्झौता गर्ने,

(ठ) मुलुकभित्र खपत हुने पेट्रोलियम पदार्थ वा ग्यासको माग र आपूर्तिको स्थिति अद्यावधिक विश्लेषण तथा समीक्षा गर्ने,

(ड) पेट्रोलियम पदार्थ वा ग्यासको ढुवानी किफायती र सरल बनाउनको लागि पाइपलाइन लगायत अन्य माध्यमबाट ढुवानी गर्ने व्यवस्थाको लागि स्वीकृति दिने,

(ढ) पेट्रोलियम पदार्थ वा ग्यासको कारोबार वा कच्चा तेलको प्रोशेसिङ (रिफाइन) गर्ने वा तयारी पेट्रोलियम पदार्थको प्रोशेसिङ गर्ने इजाजतपत्रवालासँग सम्बन्धित सुरक्षा मापदण्ड प्राविधिक मापदण्ड तथा आवश्यक अन्य मापदण्ड तय गरी कार्यान्वयन गराउने,

(ण) प्राधिकरणको सञ्चालन र व्यवस्थापन सम्बन्धी नीति निर्धारण गरी कार्यान्वयन गर्ने वा गराउने,

(त) प्राधिकरणको वार्षिक तथा आवधिक कार्यक्रम र बजेट स्वीकृत गर्ने र सोको लागि आवश्यक रकमको व्यवस्था गर्ने वा गराउने,

(थ) तोकिए बमोजिम अन्य काम गर्ने वा गराउने ।

४०. **सञ्चालक समितिको गठन** : (१) यस ऐन बमोजिम प्राधिकरणको तर्फबाट सम्पादन गर्नु पर्ने सम्पूर्ण कारवाही गर्न वा गराउन प्राधिकरणमा एक सञ्चालक समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिको गठन देहाय बमोजिम हुनेछ :-

| | | |
|---|---|---|
| (क) | नेपाल सरकारले नियुक्त गरेको व्यक्ति | - अध्यक्ष |
| (ख) | सहसचिव, आपूर्ति मन्त्रालय | - सदस्य |
| (ग) | सहसचिव, अर्थ मन्त्रालय | - सदस्य |
| (घ) | सहसचिव, वाणिज्य मन्त्रालय | - सदस्य |
| (ङ) | महानिर्देशक, आपूर्ति व्यवस्थापन विभाग | - सदस्य |
| (च) | महानिर्देशक, नेपाल गुणस्तर तथा नापतौल विभाग | - सदस्य |
| (छ) | मेकानिकल वा केमिकल इन्जिनियरिङ्ग विषयमा कम्तीमा स्नातकोत्तरउपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तीमा दश कार्य अनुभव भएको विज्ञ व्यक्तिहरु मध्येबाट मन्त्रालयले मनोनित एक जना | - सदस्य |
| (ज) | व्यवस्थापन, प्रशासन, कानून वा इन्जिनियरिङ्ग विषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तीमा दश वर्षको कार्य अनुभव भएका व्यक्तिहरु मध्येबाट नेपाल सरकारले नियुक्त गरेका एक जना महिला सहित दुई जना | - सदस्य |

(३) उपदफा (२) को (क) बमोजिमको अध्यक्षको पदावधि चार वर्ष र खण्ड (छ) वा (ज) बमोजिमको सदस्यको पदावधि दुई वर्षको हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (२) को खण्ड (छ) वा (ज) बमोजिमको सदस्यहरुलाई देहायको अवस्थामा नेपाल सरकारले जुनसुकै बखत निजको पदबाट हटाउन सक्नेछ ।

(क) आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा,

(ख) प्राधिकरणको हित विपरित काम गरेमा,

(ग) खराव आचरण भएमा,

(घ) कार्य क्षमताको अभाव भएमा

तर त्यसरी हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मनासिव मौका प्रदान गर्नु पर्नेछ ।

(५) उपदफा (२) को खण्ड (छ) वा (ज) बमोजिमको सदस्यको पद कुनै कारणबाट रिक्त हुन आएमा बाँकी अवधिको लागि निज पहिले जुन तरिकाले मनोनयन भएको हो सोही तरिकाबाट मनोनयन गरी रिक्त स्थानको पूर्ति गरिनेछ ।

(६) प्राधिकरणको वरिष्ठ कर्मचारीले समितिको सदस्य-सचिव भै काम गर्नेछ ।

४१. **<u>अध्यक्ष वा सदस्यको नियुक्ति</u>** : (१) नेपाल सरकारले उपदफा (२) बमोजिम गठित समितिको सिफारिसमा अध्यक्ष तथा मन्त्रालयले दफा ४० को उपदफा (२) को खण्ड (च) र (छ) बमोजिमका सदस्यको नियुक्ति गर्नेछ ।

(२) उपदफा (१) बमोजिम अध्यक्ष तथा सदस्यको नियुक्तिको सिफारिस गर्न देहाय बमोजिमको समिति रहनेछ :-

(क) नेपाल सरकारको सेवा निवृत्त सचिव मध्येबाट नेपाल सरकारले तोकेको एक जना - अध्यक्ष

(ख) सचिव, मन्त्रालय - सदस्य

(ग) नेपाल सरकारले तोकेको सम्बन्धित क्षेत्रको विज्ञ प्रतिनिधि - सदस्य

(३) उपदफा (२) बमोजिमको समितिको कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) अध्यक्ष तथा सदस्यको पद रिक्त भएको मितिले पन्ध्र दिनभित्र उपदफा (२) बमोजिमको समितिले नियुक्तिको लागि सिफारिस गरिसक्नु पर्नेछ ।

(५) उपदफा (२) बमोजिमको समितिले अध्यक्ष वा सदस्यको पदमा नियुक्तिको लागि नाम सिफारिस गर्दा प्रत्येक पदको लागि तीन जनाको दरले उपयुक्त ठहराएको व्यक्तिहरुको नाम सिफारिस गर्नेछ र त्यसरी सिफारिस भएका व्यक्तिहरु मध्येबाट नेपाल सरकारले उपयुक्त व्यक्तिलाई अध्यक्ष तथा मन्त्रालयले सदस्य पदमा नियुक्त गर्नेछ ।

४२. **अध्यक्ष वा सदस्य हुनको लागि आवश्यक योग्यता** : (१) अध्यक्ष वा सदस्य नियुक्त हुनको लागि देहाय बमोजिम योग्यता पुगेको हुनु पर्नेछ :-

(क) उच्च नैतिक चरित्र भएको,

(ख) पेट्रोलियम कारोबार वा ग्यास कारोबारसँग सम्बन्धित कम्पनीमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै संलग्नता नभएको वा सो संस्थामा निजी स्वार्थ नरहेको,

(ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहर नभएको,

(घ) प्राधिकरणसँगको ठेक्का पट्टा वा कुनै चल अचल सम्पत्ति सम्बन्धी कारोबारमा निज आफै वा निजको परिवारका कुनै सदस्यको संलग्नता नभएको, र

(ङ) दफा ४३ बमोजिम अयोग्य नभएको ।

(२) उपदफा (१) मा उल्लिखित योग्यताका अतिरिक्त अध्यक्ष हुन व्यवस्थापन, वाणिज्यशास्त्र, सार्वजनिक प्रशासन वित्त, अर्थशास्त्र वा इन्जिनियरिंङ बिषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी व्यवस्थापनको क्षेत्रमा कम्तीमा बीस बर्षको अनुभव प्राप्त गरेको हुनु पर्नेछ ।

४३. **अध्यक्ष वा सदस्य हुनको लागि अयोग्यता** : देहायका कुनै व्यक्ति अध्यक्ष वा सदस्य हुन योग्य मानिने छैन :-

(क) गैर नेपाली नागरिक,

(ख) चालीस वर्ष उमेर नपुगेको वा पचपन्न वर्ष उमेर पूरा भएको,

(ग) कुनै राजनैतिक दलको सदस्य वा पदाधिकारी रहेको,

(घ) प्रचलित कानून वमोजिम कालो सूचीमा परेको,

(ङ) साहुको ऋण तिर्न नसकी प्रचलित कानून बमोजिम दामासाहीमा परेको, वा

(च) मानसिक सन्तुलन बिग्रेको वा बहुलाएको ।

४४. **<u>अध्यक्ष वा सदस्य पद रिक्त हुने अवस्था</u>** : देहायको कुनै अवस्थामा नेपाल सरकारबाट नियुक्त अध्यक्ष वा मन्त्रालयबाट नियुक्त सदस्य आफ्नो पदमा बहाल रहने छैन :-

(क) निजले आफ्नो पदबाट दिएको राजीनामा स्वीकृत भएमा,

(ख) निज दफा ४३ बमोजिम अयोग्य भएमा,

(ग) मनासिव माफिकको कारण बिना लगातार तीन पटक भन्दा बढी समितिको बैठकमा निज अनुपस्थित भएमा,

(घ) निजको पदावधि समाप्त भएमा,

(ङ) निजको मृत्यु भएमा,

(च) खराब आचरण भएको, कार्य क्षमताको अभाव भएको वा पदीय जिम्मेवारी इमान्दारीपूर्वक पालना नगरेको आधारमा निजलाई नेपाल सरकारले पदमुक्त गरेमा,

४५. **<u>अध्यक्ष तथा सदस्यको सेवा, शर्त तथा सुविधा सम्बन्धी व्यवस्था</u>** : (१) अध्यक्षले नेपाल सरकारले तोके बमोजिमको पारिश्रमिक तथा सुविधाहरु पाउने छ ।

(२) सदस्यले समितिको बैठकमा भाग लिए बापत नेपाल सरकारले तोके बमोजिम बैठक भत्ता पाउने छन् ।

४६. **<u>समितिको काम, कर्तव्य तथा अधिकार</u>** : (१) यस ऐन बमोजिम प्राधिकरणले गर्नु पर्ने सम्पूर्ण काम र कारबाई समितिको निर्णयबाट हुनेछ ।

(२) उपदफा (१) को सर्वसामान्यतामा प्रतिकूल नहुने गरी यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा उल्लेख भएका काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिले खास गरी देहायका काम गर्ने वा गराउनेछ :-

(क) प्राधिकरणद्वारा सञ्चालित योजना तथा कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन गर्ने, गराउने र तत्सम्बन्धमा आवश्यक निर्देशन दिने,

(ख) समितिको बैठकमा छलफल गरिने विषयहरुको प्राथमिकता क्रम निर्धारण गर्ने,

(ग) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा उल्लेख भएकोमा बाहेक तथा विशेष परिस्थितिमा प्राधिकरणको उद्देश्य पुरा गर्नको निमित्त जुनसुकै काम कारबाही गर्न वा गराउन आवश्यक निर्देशन दिने,

(घ) प्राधिकरणको काम कारबाही व्यवस्थित, प्रभावकारी, लाभप्रद र सुचारु रुपबाट सञ्चालन गर्ने, गराउने,

(ङ) तोकिए बमोजिमका अन्य काम गर्ने ।

४७. **समितिको बैठक र निर्णय** : (१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) अध्यक्षले बैठकको अध्यक्षता गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(४) समितिको कुल सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकमा बहुमतको रायलाई समितिको निर्णय मानिनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(६) समितिको बैठकको निर्णय अभिलेख गरी अध्यक्ष र कम्तीमा तीन जना अन्य सदस्यद्वारा प्रमाणित गरिनेछ र त्यस्तो निर्णय समितिको सदस्य सचिवले सबै सदस्यहरूलाई उपलब्ध गराउनेछ ।

(७) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

४८ **प्राधिकरणलाई जानकारी गराउनु पर्ने** : समितिको अध्यक्ष वा सदस्यले समितिको बैठकमा भाग लिएको पन्ध्र दिनभित्र देहायको विषयको जानकारी समितिलाई गराउनु पर्नेछ ।

(क) आफू संलग्न रहेको पेशा, रोजगारी वा व्यवसाय र त्यसको कार्यालयको विवरण,

(ख) आफू वा आफ्नो परिवारको कुनै सदस्य पेट्रोलियम पदार्थ वा ग्यासको कारोबार गर्ने कुनै कम्पनीको शेयरधनी भए वा नभएको त्यस्तो कम्पनीमा वित्तिय स्वार्थ रहे वा नरहेको र भएको वा रहेको भए लिएको शेयर संख्याको र वित्तिय स्वार्स्थको विवरण,

(ग) आफू वा आफ्नो परिवारको कुनै सदस्य पछिल्लो तीन वर्षभित्र खण्ड (ख) बमोजिमको कुनै कम्पनीको कुनै सञ्चालक प्रमुख कार्यकारी अधिकृत वा अन्य पदाधिकारी भए वा नभएको,

(घ) आफ्नो र आफ्नो परिवारको नाममा रहेको चल वा अचल सम्पत्तिको विवरण ।

४९. **स्वार्स्थ बाझिने विषयमा निर्णय गर्न नहुने** : (१) अध्यक्ष, सदस्य वा निजको परिवारको कुनै सदस्यको वित्तिय स्वार्थ, निजी स्वार्थ वा व्यावसायीक स्वार्थ भएको कुनै पनि प्रस्ताव समितिको बैठकमा छलफल हुने भएमा त्यस्तो सदस्यले बैठक सुरु हुनु भन्दा अगावै त्यस्तो स्वार्थ सम्बन्धी कुराको जानकारी समितिलाई दिनु पर्नेछ ।

(२) कुनै सदस्य वा निजको परिवारको कुनै सदस्यको उपदफा (१) बमोजिम स्वार्थ भएको कुनै प्रस्तावका सम्बन्धमा समितिको बैठकमा छलफल हुँदा त्यस्तो सदस्यले त्यस्तो बैठकमा भाग लिन पाउने छैन ।

(३) उपदफा (१) वा (२) प्रतिकूल हुनेगरी भएको निर्णय त्यस्तो अवस्था रहेको कुनै पनि व्यक्तिको हकमा लागू हुने छैन ।

५०. **नियमनकारी अवसरको दुरुपयोग गर्न नहुने** : (१) समितिका अध्यक्ष, सदस्य, प्राधिकरणका कर्मचारी वा लेखापरीक्षकले आफ्नो पदीय हैसियतमा कार्य सम्पादन गर्दा निजको जानकारीमा आएको र सार्वजनिक भएको वा नभएको कुनै गोप्य सूचना कानूनले बाध्य गराएको अवस्थामा बाहेक अन्य कुनै व्यक्तिलाई उपलव्ध गराउन वा सोको स्रोत खोल्न हुँदैन ।

(२) उपदफा (१) मा उल्लेख भएका पदाधिकारीहरुले पदीय हैसियतमा कार्य सम्पादन गर्दा आफ्नो जानकारीमा आएको कुनै पनि सूचना आफ्नो वा परिवारको कुनै सदस्यको लाभ, हित वा फाइदाको लागि प्रयोग गर्न वा गराउन हुँदैन ।

(३) समितिका अध्यक्ष, सदस्य, कार्यकारी निर्देशक, कर्मचारी, लेखापरीक्षक, प्राधिकरणसंग कुनै करार गरी काम गर्ने व्यक्ति फर्म वा कम्पनीका कुनै पनि व्यक्तिले प्राधिकरणको तर्फबाट कुनै काम गर्दा प्राधिकरणको नियमनकारी अख्तियारी प्रयोग गरी आफ्नो, आफ्नो परिवार वा अरु कसैलाई कुनै किसिमको लाभ, सुविधा, सहुलियत वा फाइदा लिन दिन हुँदैन ।

(४) उपदफा (१), (२) वा (३) प्रतिकुल हुने गरी कुनै काम गरेमा सम्बन्धित पदाधिकारीले प्रचलित कानून बमोजिम अख्तियार दुरुपयोग गरेको मानिनेछ ।

५१. **अध्यक्षको काम, कर्तव्य र अधिकार**: (१) अध्यक्ष पूरा समय काम गर्ने पदाधिकारी हुनेछ र सोही हैसियतमा प्राधिकरणको आर्थिक, प्रशाासनिक, सार्वजनिक खरिद तथा मानवस्रोतको व्यवस्थापन गर्नेछ ।

(२) उपदफा (१) को सर्वसामान्यतामा प्रतिकूल नहुने गरी खासगरी अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) समितिको निर्णय कार्यान्वयन गर्ने वा गराउने,

(ख) प्राधिकरणको नीति, रणनीति, योजना, वार्षिक कार्यक्रम तथा बजेटको मसौदा तयार गरी स्वीकृतिको लागि समितिको बैठकमा पेश गर्ने,

(ग) समितिबाट स्वीकृत योजना, कार्यक्रम तथा बजेट कार्यान्वयन गर्ने,

(घ) प्राधिकरणको दैनिक आर्थिक तथा प्रशासनिक कार्यको सञ्चालन, रेखदेख, सार्वजनिक खरिद तथा मानवस्रोत व्यवस्थापन, सुपरीवेक्षण तथा निरीक्षण गर्ने,

(ङ) प्राधिकरणले सम्पादन गर्ने नियमनकारी कार्यको रणनीतिक कार्ययोजना तयार गरी स्वीकृतिका लागि समितिमा पेश गर्ने,

(च) तोकिए बमोजिमका अन्य काम गर्ने, गराउने ।

५२. **मानवस्रोत सम्बन्धी व्यवस्था** : (१) प्राधिकरणको कार्य सञ्चालनको लागि प्राधिकरणमा आवश्यक संख्यामा कर्मचारीहरु रहने छन् ।

(२) उपदफा (१) बमोजिमका कर्मचारी मध्ये प्राधिकरणको नियमनकारी कामको लागि अत्यावश्यक हुने नेपाल सरकारबाट स्वीकृत संख्याका खास (कोर) कर्मचारीको नियुक्ति, पारिश्रमिक, सुविधा तथा सेवाका शर्तहरु तोकिए बमोजिम हुनेछन ।

(३) उपदफा (२) बमोजिम कर्मचारी नियुक्ति नभएसम्मको लागि प्राधिकरणलाई आवश्यक पर्ने कर्मचारी नेपाल सरकारले उपलब्ध गराउनेछ ।

(४) उपदफा (२) मा लेखिए बाहेक अन्य कर्मचारी प्राधिकरणले खुला प्रतिस्पर्धाबाट करार सेवामा नियुक्ति गर्नेछ ।

(५) प्राधिकरणले यस ऐन बमोजिम विशिष्ट प्रकृतिको कार्यसम्पादन गर्नका लागि बढीमा दुई जनासम्म विशेषज्ञ नियुक्त गर्न सक्नेछ ।

(६) उपदफा (४) र (५ बमोजिम नियुक्त हुने कर्मचारी वा विशेषज्ञको योग्यता, पारिश्रमिक, सेवाको शर्त, सुविधा तोकिए बमोजिम हुनेछ ।

५३. **प्राधिकरणको कोष** : (१) प्राधिकरणको आफ्नो एउटा छुट्टै कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकम रहने छन् :-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ वा संस्थाबाट ऋण, अनुदान वा सहयोग वापत प्राप्त रकम,

(ग) इजाजतपत्रवालाबाट सेवा शुल्क वापत प्राप्त रकम,

(घ) इजाजतपत्र दस्तुर तथा नविकरण दस्तुर वापत प्राप्त रकम,

(ङ) दफा १६ को उपदफा (२) बमोजिम प्राधिकरणलाई प्राप्त हुने रकम,

(च) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (२) को खण्ड (ख) बमोजिम रकम प्राप्त गर्नु अघि प्राधिकरणले नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम प्राधिकरणलाई प्राप्त हुने सम्पूर्ण रकम “क” वर्गको बैंक तथा वित्तीय संस्थामा खाता खोली जम्मा गरिनेछ ।

(४) प्राधिकरणको सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिने छ ।

(५) प्राधिकरणको कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

५४. **सेवा शुल्क उठाउन सक्ने** : (१) प्राधिकरणले इजाजतपत्रवालालाई विभिन्न सेवा, सुविधा उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सेवा उपलब्ध गराए बापत प्राधिकरणले इजाजतपत्र प्राप्त व्यक्तिसँग पेट्रोलियम पदार्थ वा ग्यास पैठारी गर्दाको वखतको परिमाणमा तोकिए बमोजिमको रकम सेवा शुल्कको रुपमा असुल उपर गर्नेछ ।

५५. **लेखा र लेखापरीक्षण** : (१) प्राधिकरणले आफ्नो आय व्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँचामा राख्नु पर्नेछ ।

(२) प्राधिकरणले तोकिए बमोजिम आन्तरिक लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नु वा गराउनु पर्नेछ ।

(३) प्राधिकरणमा समितिको कुनै एक सदस्यको संयोजनमा तोकिए बमोजिमको लेखा परीक्षण समिति रहनेछ ।

(४) प्राधिकरणको आय व्ययको लेखापरीक्षण महालेखापरीक्षकबाट हुनेछ ।

(५) प्राधिकरणको हिसाब तथा अन्य कागजातहरु नेपाल सरकारले जुनसुकै बखत जाँच्न वा जचाउँन सक्नेछ ।

५६. **उपसमिति वा कार्यदल गठन गर्न सक्ने** : (१) प्राधिकरणले आफूले गर्नु पर्ने काम कारवाही सुचारु रुपले सम्पादन गर्नको लागि आवश्यकता अनुसार उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित उपसमिति वा कार्यदलको काम, कर्तव्य, अधिकार, कार्य सम्पादन, कार्यविधि तथा उपसमिति वा कार्यदलका सदस्यले पाउने सुविधा प्राधिकरणले त्यस्तो उपसमिति वा कार्यदल गठन गर्दाका बखत तोके बमोजिम हुनेछ ।

५७. **अधिकार प्रत्यायोजनः** (१) प्राधिकरणले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफुलाई प्राप्त अधिकारहरु मध्ये आवश्यकता अनुसार केही अधिकार अध्यक्ष, सदस्य, दफा ५६ बमोजिम गठित उपसमिति वा कार्यदल, प्राधिकरणको कुनै अधिकृत कर्मचारी वा निरीक्षण अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

तर देहायको अधिकार प्रत्योजन हुने छैन :-

(क) इजाजतपत्र दिने वा नविकरण गर्ने,

(ख) इजाजतपत्र रद्द गर्ने,

(ग) जरीवाना गर्ने र

(घ) यस ऐन बमोजिमको मुद्दा कारबाई र किनारा गर्ने ।

(२) अध्यक्षले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये कुनै अधिकार आफ्नो मातहतको अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम प्रत्यायोजित अधिकार जुनसुकै वखत फिर्ता गर्न सकिनेछ ।

५८. **वार्षिक प्रतिवेदन पेश गर्नु पर्ने :** (१) प्राधिकरणले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले छ महिनाभित्र अन्य कुराका अतिरिक्त देहायका कुराहरु समावेश गरी मन्त्रालयमा वार्षिक प्रतिवेदन पेश गर्नु पर्नेछ :-

(क) प्राधिकरणको आम्दानी र खर्चको विवरण,

(ख) प्राधिकरणले वर्षभरी आफुले सम्पादन गरेको कामको विवरण र सोको लागि लागेको प्रशासकीय खर्च,

(ग) प्राधिकरणले नियमनकारी अधिकार प्रयोग गरी भए गरेका कारबार्यको विवरण

(घ) नियमनकारी कार्य प्रभावकारी बनाउन र पेट्रोलियम पदार्थ वा ग्यासको सहज आपूर्ति गराउन गर्नु पर्ने नीतिगत तथा कानूनी सुधार,

(घ) अर्को आर्थिक वर्षको कार्ययोजनाको मोटामोटी प्रारुप र त्यसको लागि आवश्यक पर्ने अनुमानित बजेट तथा सोको स्रोत,

(ङ) तोकिए बमोजिमका अन्य विवरण .

(२) उपदफा (१) बमोजिम पेश गरेको प्रतिवेदन प्राधिकरणले सर्वसाधारणको जानकारीको लागि प्रत्येक बर्ष प्रकाशन गर्नु पर्नेछ ।

परिच्छेद - ७

**कसूर तथा सजाय सम्बन्धी व्यवस्था**

५९. **कसूर तथा सजाय** : (१) कसैले देहायको कुनै काम गरे वा गराएमा यस ऐन बमोजिम कसूर गरेको मानिनेछ :-

(क) गुणस्तरहिन पेट्रोलियम पदार्थ वा ग्यासको कारोबार गरेमा,

(ख) पेट्रोलियम पदार्थ वा ग्यासमा मिसावट गरेमा,

(ग) पेट्रोलियम पदार्थ वा ग्यास लुकाई कृत्रिम अभाव सृजना गरेमा,

(घ) पेट्रोलियम पदार्थ वा ग्यास रहेको ढुवानीका साधन, सञ्चय भण्डार, उद्योग, डिपो वा पाइपलाइन वा भौतिक संरचनामा आगजनी, चोरी, डकैती, तोडफोड वा अन्य कुनै विध्वंसात्मक कार्य गरी कुनै किसिमको क्षति पुऱ्याएमा,

(ङ) यस दफा विपरीत पेट्रोलियम पदार्थ वा ग्यास निकासी गरेमा,

(च) पेट्रोलियम कारोबार वा ग्यास कारोबार गर्न वाधा विरोध गरेमा वा हड्ताल गरेमा,

(छ) यस ऐन बमोजिम निर्धारण भएको अधिकतम मूल्य सीमाभन्दा बढी मूल्य लिई पेट्रोलियम पदार्थ वा ग्यासको बिक्री वितरण गरेमा,

(ज) यस ऐन बमोजिम प्राधिकरणले दिएको आदेश तथा निर्देशन पालना नगरेमा

(झ) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, विनियम वा निर्देशिका विपरीत अन्य कुनै काम कारवाही गरेमा,

(ञ) दफा ३ विपरित पेट्रोलियम पदार्थ वा ग्यासको कारोबार गरेमा,

(ट) अनधिकृत रुपमा पेट्रोलियम पदार्थ वा ग्यासको विक्रि वितरण गरेमा,

(२) उपदफा (१) बमोजिमको कसूर गरे वा गराएमा देहाय बमोजिमको सजाय हुनेछ :-

(क) खण्ड (क), (ख) र (ग) बमोजिमको कसूर गरेमा त्यस्तो पेट्रोलियम पदार्थ वा ग्यास जफत गरी छ महिनासम्म कैद वा बिगो बमोजिमको जरिवाना,

(ख) खण्ड (घ) बमोजिमको कसूर गरेमा एक बर्षदेखि पाँच वर्षसम्म कैद र एकलाख रुपैयाँदेखि दशलाख रुपैयाँसम्म जरिवाना,

(ग) खण्ड (ङ) बमोजिमको कसूर गरेमा दुई बर्षसम्म कैद वा विगो कायम भएकोमा बिगोको दोब्बर र बिगो कायम नभएकोमा एक लाख रुपैयाँदेखि दशलाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय,

(घ) खण्ड (च) बमोजिमको कसूर गरेमा तीन बर्षसम्म कैद र दशहजार रुपैयादेखि पाँच लाख रुपैयाँसम्म जरिवाना,

(ङ) खण्ड (छ) बमोजिमको कसूर गरेमा पचास हजार रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म जरिवाना,

(च) खण्ड (ज) बमोजिमको कसूर गरेमा तीनलाख रुपैयाँसम्म जरिवाना,

(छ) खण्ड (झ) बमोजिमको कसूर गरेमा पाँच लाख रुपैयाँसम्म जरिवाना,

(ज) खण्ड (ञ) र (ट) बमोजिमको कसूर गरेमा त्यस्तो कारोबार वा बिक्री वितरणमा रहेका पेट्रोलियम पदार्थ वा ग्यास जफत गरी दश लाख रुपैंयासम्म जरिवाना ।

(३) कसैले उपदफा (१) वा (२) बमोजिमको कुनै कार्य गरी कसैलाई कुनै किसिमको हानी नोक्सानी पुऱ्याएमा त्यस्तो हानी नोक्सानी पुऱ्याउनेबाट हानी नोक्सानीको रकम असुल गरी सम्बन्धित पक्षलाई क्षतिपूर्ति भराई दिनु पर्नेछ ।

(४) इजाजतपत्र प्राप्त व्यक्तिसँग सम्बन्धित कम्पनीको सञ्चालक वा कर्मचारीको लापरवाही वा प्रत्यक्ष संलग्नताबाट उपदफा (१) वा (२) बमोजिमको कुनै कार्य भए गरेकोमा त्यस्तो कार्य गर्ने सञ्चालक वा कर्मचारीलाई यस दफा बमोजिमको सजाय हुनेछ ।

(५) यस दफा बमोजिम एकपटक सजाय पाइसकेको व्यक्तिले पुनः सोही काम गरेमा प्रत्येक पटक दोब्बर सजाय हुनेछ ।

(६) कुनै इजाजतपत्र प्राप्त व्यक्तिलाई उपदफा (२) बमोजिम जरीवाना भएमा वा निजबाट उपदफा (३) बमोजिम क्षतिपूर्ति रकम भराई दिने निर्णय भएकोमा तीस दिनभित्र त्यस्तो जरिवाना वा क्षतिपूर्तिको रकम बुझाउनु पर्नेछ ।

(७) उपदफा (६) बमोजिमको क्षतिपूर्ति रकम नबुझाएमा प्राधिकरणले सो बापतको रकम निजले दफा ९ बमोजिम राखेको धरौटी रकमबाट कट्टा गरी असुल उपर गर्न वा सम्बन्धित पक्षलाई भराई दिनु पर्नेछ ।

६०. **मुद्दा हेर्ने अधिकारी :** यस ऐन बमोजिम मुद्दाको शुरु कारवाही र किनारा गर्ने अधिकार देहायका अदालत वा निकायलाई हुनेछ :-

(क) दफा ५९ को उपदफा (१) को खण्ड (क), (ख), (ग), (घ), (ङ) र (च) बमोजिमको मुद्दा सम्बन्धित जिल्ला अदालत,

(ख) दफा ५९ को उपदफा (१) को खण्ड (छ), (ज), (झ), (ञ) र (ट) बमोजिमको मुद्दा प्राधिकरण ।

६१. **पुनरावेदन** : दफा ६० बमोजिमको मुद्दा हेर्ने अधिकारीले गरेको निर्णय उपर चित्त नबुझ्ने पक्षले त्यस्तो निर्णय भएको मितिले पैतीस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन दिन सक्नेछ ।

परिच्छेद-८

## विविध

६२. **पेट्रोलियम पदार्थ तथा ग्यासको मूल्य निर्धारण :** (१) प्राधिकरणले पेट्रोलियम पदार्थ वा ग्यासको समय समयमा अधिकतम विक्रि मूल्य निर्धारण गर्नेछ ।

(२) उपदफा (१) बमोजिम मूल्य निर्धारण गर्ने प्रयोजनका लागि प्राधिकरणले समितिको कुनै सदस्यको संयोजकत्वमा नेपाल सरकारको प्रतिनिधि, नेपाल राष्ट्र बैंकको प्रतिनिधि, मूल्य निर्धारणमा अनुभव भएका अर्थविज्ञ, इजाजतपत्रवाला र उपभोक्ताहरुको एक एक जना प्रतिनिधि समेत रहेको एक सात सदस्यीय मूल्य निर्धारण सिफारिस समिति प्राधिकरणले गठन गर्नेछ ।

(३) उपदफा (१) बमोजिमको समितिले मूल्य निर्धारणको सिफारिस गर्दा देहायको विषयलाई आधार लिनु पर्नेछ :-

(क) प्राधिकरणले पेट्रोलियम पदार्थ वा ग्यासको अन्तर्राष्ट्रिय बजार मूल्य,

(ख) इजाजतपत्रवालाको खरिद मूल्य,

(ग) भन्सार महसुल तथा पैठारी गर्दा लागेको खर्च,

(घ) ढुवानी तथा सञ्चय खर्च,

(ङ) प्रशोधन तथा रिफिल गर्दा लागेको खर्च,

(च) ढुवानी वा संचयमा हुने मनासिव क्षति,

(छ) इजाजपत्रवालाले प्राप्त गर्ने मनासिव प्रतिफल,

(ज) तोकिए बमोजिमका अन्य आधार ।

(४) उपदफा (१) बमोजिमको समितिले उपदफा (२) बमोजिमको सिफारिसको आधारमा प्राधिकरणले पेट्रोलियम पदार्थ वा ग्यासको मूल्य निर्धारण गर्दा थोक वा खुद्राको अधिकतम मूल्य निर्धारण गर्न सिफारिस गर्नु पर्नेछ ।

(५) इजाजतपत्रवाला वा डिलर वा खुद्रा बिक्रेताले उपदफा (४) बमोजिम निर्धारण भएको मूल्य भन्दा बढी हुने गरी पेट्रोलियम पदार्थ वा ग्यासको बिक्री गर्न पाउने छैन ।

(६) उपदफा (१) बमोजिम प्राधिकरणले आफ्नो काम सम्पन्न गर्नका लागि सम्बन्धित कम्पनी, व्यक्ति, निकाय वा संस्थाबाट आवश्यक जानकारी तथा कागजात माग्न सक्नेछ र त्यस्तो कागजात उपलव्ध गराउनु त्यस्तो व्यक्ति, कम्पनी, निकाय वा संस्थाको कर्तव्य हुनेछ ।

(७) यस दफा बमोजिम मूल्य निर्धारणको लागि सुझाव दिदा प्राधिकरणले उपभोक्ता किसिम किसिम र पेट्रोलियम पदार्थ वा ग्यासको उपभोग अनुसारको मूल्य निर्धारण गर्न सक्नेछ ।

(८) इजाजतपत्रवालाले मूल्य वृद्धिको लागि प्राधिकरण समक्ष निवेदन दिएमा प्राधिकरणले निवेदन प्राप्त भएकै दिन पेट्रोलियम पदार्थ र ग्यासको मूल्य निर्धारण गर्नु पर्नेछ ।

(९) उपदफा (८) बमोजिमको समयमा मुल्य निर्धारण नगरेमा त्यसबाट हुन सक्ने हानि नोक्सानी प्राधिकरणले सम्बन्धित इजाजतपत्रवाला दिनु पर्नेछ ।

६३. **मूल्य स्थिरीकरण कोष :** (१) अन्तर्राष्ट्रिय बजारमा भएको उतार चढावबाट पेट्रोलियम पदार्थ वा ग्यासको मूल्यमा हुन सक्ने उतार चढावलाई सामान्य गरी स्थीर मूल्य कायम गर्न नेपाल सरकारले एक पेट्रोलियम तथा ग्यास मूल्य स्थिरीकरण कोष (पेट्रोलियम प्राइस स्टेबलाइजेशन फण्ड) स्थापना गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहने छन् :-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ वा संस्थाबाट ऋण, अनुदान वा सहयोग वापत प्राप्त रकम,

(ग) पेट्रोलियम पदार्थ वा ग्यासको पैठारी गर्दा भन्सार बिन्दुमा जम्मा गरेको बिशेष शुल्क (सर चार्ज) बापत प्राप्त रकम,

(घ) दफा १६ बमोजिम प्राधिकरणलाइ प्राप्त रकम,

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (२) को खण्ड (ख) बमोजिम रकम प्राप्त गर्नु अघि नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमको कोषको रकम देहायको कार्यको लागि खर्च गरिनेछ :-

(क) तोकिएको वर्गका उपभोक्तालाई पेट्रोलियम पदार्थ वा ग्यासमा राहत प्रदान गर्न दिइने अनुदान (सब्सिडिज),

(ख) लागत मूल्य भन्दा कम मूल्यमा पेट्रोलियम पदार्थ बेच्नु परेको कारण हुन सक्ने नोक्सानी वापत पेट्रोलियम पदार्थ वा ग्यासको कारोबारमा इजाजतपत्रवालालाई दिइने तोकिए बमोजिमको अनुदान,

(ग) बैकल्पिक उर्जा प्रवर्द्धन,

(घ) पेट्रोलियम पदार्थ वा ग्यासको मूल्य बृद्धिको कारणबाट उपभोक्ता वर्गमा पर्न जाने चापलाई कम गरी मूल्य स्थीरता कायम गर्न दिइने अनुदान ।

(५) उपदफा (१) बमोजिमको कोषको सञ्चालन तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।



नेपाल कानून आयोग

६४. **सरकार वादी हुने :** दफा ५९ को उपदफा (२) बमोजिम सजाय हुने मुद्दा नेपाल सरकार वादी भई चल्नेछ र त्यस्तो मुद्दा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची- १ मा समावेश भएको मानिनेछ ।

६५. **प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा नपर्ने** : यस ऐन बमोजिम कसुर ठहरिने काम कारवाही अन्य कानून अन्तर्गत पनि कसूर ठहरिने रहेछ भने त्यस्तो कानून बमोजिम मुद्दा चलाउन यस ऐनमा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

६६. **शपथ ग्रहण** : आफ्नो पदीय कार्यभार सम्हाल्नु अघि अध्यक्षले नेपाल सरकार,आपूर्ति मन्त्री समक्ष तथा सदस्यले अध्यक्ष समक्ष अनुसूची बमोजिमको ढाँचामा शपथ ग्रहण गर्नु पर्नेछ ।

६७. **निर्देशन दिन सक्ने :** (१) पेट्रोलियम पदार्थ वा ग्यासको कारोबारको सम्बन्धमा नेपाल सरकारले प्राधिकरणलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु प्राधिकरणको कर्तव्य हुनेछ ।

(२) पेट्रोलियम पदार्थ वा ग्यासको कारोबारको सम्बन्धमा इजाजतपत्रवाला, डिलर वा बिक्रेतालाई प्राधिकरणले आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित इजाजतपत्रवाला, डिपो, डिलर वा बिक्रेताको कर्तव्य हुनेछ ।

६८. **नेपाल सरकारसँग सम्पर्क :** प्राधिकरणले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

६९. **नियम वा विनियम बनाउने अधिकार :** (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) प्राधिकरणले यो ऐन तथा यस अन्तर्गत बनेको नियमको अधीनमा रही आवश्यक विनियम बनाउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राधिकरणले बनाएको विनियमबाट प्राधिकरण वा नेपाल सरकारलाई थप आर्थिक दायित्व पर्ने विषयमा नेपाल सरकारबाट स्वीकृत भएपछि लागु हुनेछ ।

नेपाल कानून आयोग

## अनुसूची

(दफा ६६ सँग सम्बन्धित)

## शपथ

म … … … … … …सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्छु/ईश्वरको नाममा शपथ लिन्छु कि नेपाली जनता र प्रचलित संविधान तथा अन्य कानुनप्रति निष्ठावान रही आफुले ग्रहण गरेको राष्ट्रिय पेट्रोलियम प्राधिकरणको अध्यक्ष/सदस्य पदको जिम्मेवारी र कर्तव्य कसैको डर, मोलाहिजा, पक्षपात, द्वेष वा लोभमा नपरी इमान्दारीसाथ पालन गर्नेछु र आफ्नो कर्तव्य पालनको सिलसिलामा आफुलाई ज्ञात हुन आएको कुरा प्रचलित कानूनको पालना गर्दा बाहेक आफु बहाल रहेको वा नरहेको कुनै पनि अवस्थामा प्रकट गर्ने छैन ।

मिति :

दस्तखत

नेपाल कानून आयोग

## (३) **<u>शिक्षाको अधिकारका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७४</u>**

**प्रस्तावना :** शिक्षा प्राप्त गर्ने प्रत्येक व्यक्तिको आधारभूत मानव अधिकारलाई व्यवहारमा कार्यान्वयन गरी शिक्षामा सबैको पहुँच सुनिश्चित गर्न, शिक्षा प्राप्त गर्ने संविधान प्रदत्त नागरिकको मौलिक हकलाई सरल, सहज तथा सर्वसुलभ र जीवनोपयोगी बनाउन र आधारभूत तहसम्मको शिक्षालाई अनिवार्य र माध्यमिक तहसम्मको शिक्षालाई निशुल्क बनाउन कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ ।

परिच्छेद - १

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "शिक्षाको अधिकार सम्बन्धी ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन प्रमाणिकरण भएको मितिले एकानब्बे औं दिनदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अभिभावक" भन्नाले बालबालिकाको बाबु, आमा वा विद्यालयमा अभिभावकको रुपमा नाम दर्ता भएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले निजको संरक्षक वा माथवर समेतलाई जनाउँछ ।

(ख) "आर्थिक रुपले विपन्न" भन्नाले तोकिएको रकम भन्दा वार्षिक कम आय भएको अवस्था सम्झनु पर्छ ।

(ग) "आधारभूत शिक्षा" भन्नाले कक्षा एक देखि कक्षा आठसम्मको विद्यालय शिक्षा सम्झनु पर्छ र सो शब्दले प्रारम्भिक बाल शिक्षा ( अर्लि चाइल्ड एजुकेशन) समेतलाई जनाउँछ ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ङ) "प्रधानाध्यापक" भन्नाले विद्यालयको प्रधानाध्यापक सम्झनु पर्छ र सो शब्दले विद्यालय वा शिक्षण संस्थाको व्यवस्थापनको प्रमुख जिम्मेवारी भएको प्रधानाचार्य वा कार्यकारी अधिकार प्रयोग गर्ने अन्य व्यक्ति समेतलाई जनाउँछ ।

(च) “माध्यमिक शिक्षा” भन्नाले कक्षा नौ देखि कक्षा बाह्र सम्म वा सो सरहको शिक्षा सम्झनु पर्छ ।

(छ) “विद्यालय” भन्नाले स्थानीय तहबाट सञ्चालन भएको वा स्थानीय तहबाट स्वीकृती प्राप्त सार्वजनिक वा निजी विद्यालय सम्झनु पर्छ र सो शब्दले यो ऐन प्रारम्भ हुँदाका बखत प्रचलित कानून बमोजिम कायम रहेका सामुदायिक वा संस्थागत विद्यालय समेतलाई जनाउँछ ।

(ज) “शिक्षण संस्था” भन्नाले उच्च शिक्षा प्रदान गर्ने शिक्षण संस्था सम्झनु पर्छ र सो शब्दले माध्यमिक शिक्षा प्रदान गर्ने विद्यालय र प्राविधिक शिक्षा समेतलाई जनाउँछ ।

(झ) “सार्वजनिक विद्यालय” भन्नाले सरकारी वा सामुदायिक विद्यालय सम्झनु पर्छ र सो शब्दले मुनाफा नकमाउने उद्देश्यले स्थापना वा सञ्चालन भएको अन्य विद्यालय समेतलाई जनाउँछ ।

(ञ) “निजी विद्यालय” भन्नाले निजी लगानीमा स्थापना वा संचालन भएको विद्यालय सम्झनु पर्छ र सो शब्दले यो ऐन प्रारम्भ हुँदाका वखत कायम रहेको संस्थागत विद्यालय समेत जनाउँछ ।

## परिच्छेद - २

## शिक्षामा नागरिकको पहुँच र राज्यको दायित्व

३. **शिक्षा प्राप्त गर्ने अधिकार** : (१) प्रत्येक नागरिकलाई शिक्षामा पहुँचको अधिकार हुनेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि प्रत्येक नागरिकलाई यो ऐन वा प्रचलित कानून बमोजिम साक्षर हुने,प्रारम्भिक बाल शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा र उच्च शिक्षा प्राप्त गर्ने अधिकार हुनेछ ।

(३) उपदफा (२) बमोजिम शिक्षा प्राप्त गर्ने प्रत्येक नागरिकलाई यो ऐन वा प्रचलित कानून बमोजिम विद्यालय वा शिक्षण संस्थामा प्रवेश पाउने, अध्ययन गर्ने, अनुसन्धान गर्ने, परीक्षामा सहभागी हुने वा शैक्षिक प्रमाणपत्र प्राप्त गर्ने अधिकार हुनेछ ।

(४) प्रत्येक निरक्षर प्रौढ नागरिकलाई कानून बमोजिम साक्षर हुने अधिकार हुनेछ ।

(५) औपचारिक रुपमा शिक्षा प्राप्त नगरी सीप विकास गरेका नागरिकलाई अनौपचारिक सीप विकास गर्ने अधिकार हुनेछ ।

(६) प्रौढ साक्षरता वा अनौपचारिक सीप विकास सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४. **शिक्षा प्रदान गर्ने राज्यको दायित्व हुने** : (१) प्रत्येक नागरिकलाई शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुनेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि देहाय बमोजिमको शिक्षा देहाय बमोजिम प्रदान गर्नुपर्नेछ :

(क) आधारभूत वा माध्यमिक तहसम्मको शिक्षा स्थानीय तहबाट,

(ख) उच्च शिक्षा प्रचलित कानून बमोजिम प्रदेश सरकार तथा नेपाल सरकारबाटस्थापित वा सञ्चालित, अनुदान प्राप्त वा स्वीकृती प्राप्त शिक्षण संस्थाबाट ।

५. **शिक्षाको प्रकृति :** (१) आधारभूत तहसम्मको शिक्षा अनिवार्य हुनेछ र त्यस्तो शिक्षा हासिल गर्नु प्रत्येक नागरिकको कर्तव्य हुनेछ ।

(२) माध्यमिक तहसम्मको शिक्षा साधारण, व्यावसायिक तथा रोजगारमूलक हुनेछ र त्यस्तो शिक्षा निशुल्क हुनेछ ।

(३) उच्च शिक्षा प्रतिस्पर्धी, सम्बन्धित व्यक्तिको योग्यता (मेरिट) र क्षमतामा आधारित हुनेछ ।

(४) यस ऐन वा अन्य प्रचलित कानून बमोजिम नागरिकले प्राप्त गर्ने औपचारिक शिक्षासाधारण, व्यावसायिक तथा प्राविधिक हुनेछन् ।

(५) प्रत्येक नागरिकलाई प्रचलित कानून बमोजिमको शर्त तथा मापदण्ड पूरा गरी आफ्नो क्षमता तथा रुची अनुसार उपदफा (४) बमोजिमको शिक्षा प्राप्त गर्ने अधिकार हुनेछ ।

(६) औपचारिक शिक्षा सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

नेपाल कानून आयोग

परिच्छेद - ३

## अनिवार्य तथा निशुल्क शिक्षा

६. **अनिवार्य शिक्षा प्रदान गर्नु पर्ने :** (१) यो ऐन प्रारम्भ भएपछि प्रत्येक स्थानीय तहले पाँच वर्ष पूरा भई चौध वर्ष उमेर पूरा नभएको प्रत्येक बालबालिकालाई आधारभूत तहसम्म अनिवार्य शिक्षा प्रदान गर्ने व्यवस्था गर्नु पर्नेछ ।

तर पाँच वर्षको उमेर पूरा हुनु अघि कम्तिमा एक वर्षको प्रारम्भिक बाल शिक्षा प्रदान गर्नु पर्नेछ ।

(२) स्थानीय तहले उपदफा (१) बमोजिमको शिक्षाप्रदान गर्दासम्बन्धित स्थानीय तहको इलाकाभित्र सञ्चालित वा स्वीकृती प्राप्त विभिन्न विद्यालय मार्फत प्रदान गर्ने व्यवस्था गर्नु पर्नेछ ।

(३) अनिवार्य शिक्षा प्रदान गर्ने अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

७. **बालबालिका भर्ना गराउनु पर्ने :** (१) यो ऐन प्रारम्भ भएपछि पाँच वर्षको उमेर पूरा भएको प्रत्येक बालबालिकालाई निजको उमेर अनुसार निजलाई पायक पर्ने विद्यालयमा सम्बन्धित अभिभावकले भर्ना गराउनु पर्नेछ ।

**स्पष्टीकरण** : यस परिच्छेदको प्रयोजनका लागि “पायक पर्ने विद्यालय” भन्नाले सम्बन्धित बालबालिकाको अभिभावक रहेको बासस्थानबाट बढीमा दुई किलोमिटरसम्मको दुरीमा रहेको विद्यालय सम्झनु पर्छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित जिल्लाको भौगोलिक स्थित, जनघनत्व, विद्यालय जाने उमेरमा बालबालिकाको संख्या समेतलाई ध्यान दिई दुई किलोमिटरभित्रको दुरीमा विद्यालय खोल्न बाधा परेको मानिने छैन ।

(३) उपदफा (१) बमोजिम विद्यालयमा भर्ना भएको बालबालिकाले आधारभूत तहसम्मको शिक्षा पूरा नगरी निजलाई पठनपाठनबाट वञ्चित गर्ने उद्देश्यले अभिभावकले विद्यालयबाट छुटाउनु वा विद्यालय जानबाट रोक लगाउनु हुँदैन ।

(४) विद्यालय जाने उमेरका बालबालिकालाई विद्यालयमा भर्ना नगराउने वा भर्ना भए पछि पनि आधारभूत तहसम्मको शिक्षा प्राप्त नगरी बालबालिकालाई

विद्यालयबाट छुटाउने अभिभावकलाई स्थानीय तहबाट प्रदान गरिने तोकिएका सुविधा प्राप्त गर्न रोक लगाउन सकिनेछ ।

८. **पायक पर्ने विद्यालयबाट शिक्षा प्राप्त पर्ने** : (१) प्रत्येक बालबालिकालाई निजको अभिभावकको बासस्थानबाट पायक पर्ने विद्यालयबाट आधारभूत तह वा माध्यमिक तहसम्मको शिक्षा प्राप्त गर्ने अधिकार हुनेछ ।

(२) आधारभूत तहको शिक्षा प्राप्त गर्ने उमेरको कुनै बालबालिकाको हकमा उपदफा (१) बमोजिमको विद्यालय उपलब्ध हुन नसकेमा सम्बन्धित स्थानीय तहले यो ऐन प्रारम्भ भएको पाँच वर्षभित्र त्यस्तो ठाउँमा विद्यालय स्थापना गर्ने वा त्यस्तो बालबालिकाका लागि आधारभूत तहसम्मको शिक्षा प्राप्त गर्न सक्ने बैकल्पिक व्यवस्था गर्नु पर्नेछ ।

(३) यस दफामा लेखिएका कुनै पनि कुराले सम्बन्धित अभिभावकले आफूले चाहेको अन्य विद्यालयमा आफ्ना बालबालिका भर्ना गराउन वा सम्बन्धित बालबालिकाले रोजेको अन्य विद्यालयमा भर्ना भई शिक्षा प्राप्त गर्न रोक लगाउने छैन ।

९. **भर्ना गर्न इन्कार गर्न नहुने** : (१) कुनै अभिभावकले आफ्नो बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा प्राप्त गर्न निजलाई पायक पर्ने विद्यालयमा वा अन्यकुनै विद्यालयमा भर्ना गर्न अनुरोध गरेमा देहायको अवस्थामा बाहेक त्यस्तो विद्यालयको प्रधानाध्यापकले भर्ना गर्न इन्कार गर्नु हुँदैन :

(क) कुनै कक्षाको लागि अध्यापन गराउने विद्यार्थी जति संख्या निर्धारण गरिएको हो त्यति नै संख्यामा बालबालिका भर्ना भइसेकेको भएमा,

(ख) जुन कक्षामा निज भर्ना हुन चाहेको हो निजले त्यस्तो कक्षाको न्यूनतम स्तरपूरा नगरेमा,

(ग) विद्यालयको भौतिक अवस्थाको कारणले थप बालबालिका भर्ना गर्न नसकिने भएमा ।

(२) उपदफा (१) बमोजिम बालबालिका भर्ना गर्न इन्कार गर्नु परेमा सम्बन्धित प्रधानाध्यापकले त्यस्तो विद्यालयको नजिकमा रहेको अन्य उपयुक्त

नेपाल कानून आयोग

विद्यालय भए सम्बन्धित बालबालिकालाई त्यस्तो विद्यालयमा भर्ना गर्न सिफारिस गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम कुनै बालबालिका भर्ना गर्न इन्कार गरेमा त्यसको कारण लिखित रुपमा अभिभावकलाई दिई सम्बन्धित वडा कार्यालयमा जानकारी गराउनु पर्नेछ र त्यस्तो कार्यालयले सम्बन्धित वडाभित्र वा अन्यत्र रहेका विद्यालयमा त्यस्तो बालबालिकाको भर्नाको सहजीकरण गर्नु पर्नेछ ।

(४) उपदफा (१) को खण्ड (ख) को अवस्थामा भर्ना गर्न नसकिने भएमा निजले आधारभूत तहको जुन कक्षाको स्तर पूरा गर्न सक्दछ निजको अभिभावकले चाहेमासोही कक्षामा सोही विद्यालयमा निजलाई भर्ना गराउनु पर्नेछ ।

(५) यस दफामा लेखिएको अवस्थामा बाहेक बालबालिकालाई भर्ना गर्न इन्कार गर्ने काम दण्डनीय हुनेछ ।

१०. **विद्यालयबाट निष्काशन गर्न नहुने** : (१) कुनै विद्यालयमा भर्ना भई आधारभूत तहको शिक्षा लिइरहेकोकुनै पनि बालबालिकालाई निजले आधारभूत तहसम्मको शिक्षा पूरा नगरी निजलाई विद्यालयबाट निष्काशन गर्न सकिने छैन ।

(२) विद्यालय भर्ना भएको बालबालिकाले कुनै अनुशासनहीन काम गरेको वा खराब आचरण भएको कारणले निजलाई आधारभूत शिक्षा प्राप्त गर्न वा परीक्षा दिन रोक लगाउन वा बञ्चितगर्न सकिने छैन ।

(३) आधारभूत तहको शिक्षा प्राप्त गरिरहेको कुनै बालबालिकाको अनुशासन, आचरण, पठन पाठन लगायतका विषयमाकुनै सुधार गर्नु पर्ने भएमा सम्बन्धित विद्यालयका प्रधानाध्यापकले सम्बन्धित अभिभावकसंग छलफलवा परामर्श गरी त्यस्तो बालबालिकाले आधारभूत तहसम्मको शिक्षा प्राप्त गर्ने वातावरण सिर्जना गर्न आवश्यक उपाय अवलम्बन गर्नुपर्नेछ ।

(४) उपदफा (१) वा (२) प्रतिकूल हुने काम दण्डनीय हुनेछ ।

११. **पुनः भर्ना गर्नु पर्ने** : (१) पाँच वर्ष पूरा भई चौध वर्ष उमेर पूरा नगरेको कुनै बालबालिकाकुनै कारणले विद्यालयमा भर्ना हुन नसकी आधारभूत तहसम्मको अध्ययन पूरा नगरेको वा आधारभूत तहको शिक्षा पूरा नगरी विद्यालय छोडेको भएमा निजको उमेर वा स्तर अनुरुप विद्यालयले दफा ९को अधीनमा रही निजलाई पुनः भर्ना गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम भर्ना भएको बालबालिकालाई निज भर्ना भएको कक्षाका अन्य बालबालिकाको समान स्तरमा पुऱ्याउन आवश्यक भएमा सम्बन्धित विद्यालयले बैकल्पिक उपायकोव्यवस्था गर्नु पर्नेछ ।

१२. **स्थानान्तरण गर्नु पर्ने** : (१) कुनै बालबालिका भर्ना भएको कुनै विद्यालयमा आधारभूत तह सम्मको अध्यापन गराउन स्वीकृत प्राप्त नभएको वा त्यस्तो विद्यालय अर्को विद्यालयमा गाभिएको वा कुनै कारणले विद्यालय बन्द गर्नु परेको अवस्थामा सम्बन्धित स्थानीय तहले त्यस्तो विद्यालयबाट आधारभूत तहको शिक्षा पूरा नगरेका बालबालिकालाई पायक पर्ने अर्को विद्यालयमास्थानान्तरण गर्ने व्यवस्था गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थानान्तरण हुने बालबालिकालाई त्यस्तो विद्यालयमा पुनः भर्ना गराउनु पर्ने छैन ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिमको विद्यार्थी वा निजको अभिभावकले रोजेको अन्य कुनै विद्यालयमा भर्ना हुन यस दफाले बाधा पुऱ्याउने छैन ।

१३. **स्थानान्तरण प्रमाणपत्र दिनु पर्ने** : (१) आधारभूत तह सम्मको शिक्षा पूरा नगरेको कुनै बालबालिका वा निजको अभिभावकले कुनै कारण देखाई निजले अध्ययन गरिरहेको विद्यालय छोडी त्यस्तो शिक्षा प्राप्त गर्न अर्को कुनै विद्यालयमा भर्ना हुन स्थानान्तरण प्रमाणपत्र माग गरेमा निजले पूरा गरेको अध्ययनको विवरण खुलाई सम्बन्धित प्रधानाध्यापकले निजलाई अविलम्ब स्थानान्तरण प्रमाणपत्र दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रमाणपत्र पेश गरेपछि दफा ९ को अधीनमा रही बालबालिकाले भर्ना हुन चाहेको विद्यालयले निजलाई अविलम्ब भर्ना गर्नु पर्नेछ ।

१४. **आधारभूत तहसम्म वैकल्पिक शिक्षा** : (१) पायक पर्ने विद्यालय उपलब्ध नभएको कारणले विद्यालयमा भर्ना भई पूरा समय अध्ययन गरी आधारभूत तहको शिक्षा प्राप्त गर्न नसक्ने बालबालिकालाई त्यस्तो तह सम्मको वैकल्पिक शिक्षा प्राप्त गर्ने अधिकार हुनेछ ।

(२) आधारभूत तहसम्मको वैकल्पिक शिक्षा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१५. **<u>खुला विद्यालय</u>** : (१) पायक पर्ने विद्यालय उपलब्ध नभएको कारणले विद्यालयमा भर्ना भई नियमित रुपमा अध्ययन गर्न नसक्ने बालबालिकाले आधारभूत तहभन्दा माथिको माध्यमिक तहको शिक्षा खुला विद्यालयबाट प्राप्त गर्न सक्नेछ ।

(२) खुला विद्यालय सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१६. **<u>परम्परागत शिक्षा प्रदान गर्न सकिने</u>** : (१)परम्परादेखि चलि आएका शिक्षा सम्बन्धी मूल्य, मान्यता, संस्कृति, रितिरिवाज र अभ्यासको संरक्षण र जगेर्ना गर्न र त्यसलाई समय सापेक्ष परिमार्जन गरी निरन्तरता दिन गुरुकूल, गुम्बा वा मदरशा जस्ता संस्था सञ्चालन गरी बालबालिकालाई शिक्षा प्रदान गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको शिक्षा प्रदान गर्नको लागि सञ्चालन गरिने गुरुकूल, गुम्बा वा मदरशा सम्बन्धित स्थानीय तहमा दर्ता गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम दर्ता भई सञ्चालन हुने गुरुकूल, गुम्बा वा मदरशाले बालबालिकालाई शिक्षा प्रदान गर्दा स्थानीय तहले कानून बमोजिम निर्धारण गरेको र तोकिए बमोजिमको अन्य शर्त तथा मापदण्ड पालना गर्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम दर्ता गरी सञ्चालनमा रहेका गुरुकूल, गुम्बा वा मदरशाले प्रदान गर्ने शिक्षाका अतिरिक्त संघीय कानून बमोजिम निर्धारण गरिएको पाठ्यक्रम बमोजिमको शिक्षा प्रदान गर्नु पर्नेछ ।

(५) यस दफा बमोजिम प्रदान गरिने शिक्षा आधारभूत तहसम्मको हुनेछ ।

(६) परम्परागत शिक्षा प्रदान गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१७. **<u>प्राविधिक शिक्षा सम्बन्धी व्यवस्था</u>** : (१) आधारभूत तह पूरा गरेको प्रत्येक नागरिकलाई प्रचलित कानून बमोजिम प्राविधिक शिक्षा प्राप्त गर्ने अधिकार हुनेछ ।

(२) यस ऐनमा लेखिएदेखि बाहेक आधारभूत तह पछि प्रदान गरिने प्राविधिक शिक्षा सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

१८. **<u>अभिभावकको पहिचान नभएका बालबालिकाको शिक्षा</u>**: (१) कुनै स्थानीय तहको इलाकाभित्र अभिभावक पहिचान नभएका वा पत्ता नलागेका बालबालिका भएमा त्यस्ता बालबालिकाको आधारभूत तहसम्मको शिक्षा उपलब्ध गराउने, पठन पाठन तथा त्यससँग सम्बन्धित अन्य कुराको व्यवस्था सम्बन्धित स्थानीय तहले गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको शिक्षा प्रदान गर्ने व्यवस्था गर्न स्थानीय तहको सम्बन्धित वडा समिति जिम्मेवार हुनेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित बालबालिकाको अभिभावकको पहिचान भएमा वा पत्ता लागेमा अभिभावकले नै त्यसको जिम्मेवारी लिनु पर्नेछ ।

(४) अभिभावक पहिचान नभएका बालबालिकाको पठन पाठन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१९. **योग्य नहुने** : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सम्पूर्ण नागरिकले आधारभूत शिक्षा अनिवार्य रुपमा प्राप्त गर्ने वातावरण सिर्जना गर्ने प्रयोजनको लागी सम्वत् २०८३ साल बैशाख १ गते पछि आधारभूत शिक्षा प्राप्त नगरेको व्यक्ति देहायको कुनै अवसर प्राप्त गर्न योग्यमानिनेछैन :

(क) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कुनै पनि सरकारी सेवामा वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व, अनुदान वा नियन्त्रणमा रहेको कुनै संस्थाको सेवामा प्रवेश गर्न वा कुनै पनि सरकारी, गैरसरकारी वा निजी क्षेत्रमा स्थापित कुनै पनि संस्थामा कुनै पनि पदमा निर्वाचित, नियुक्ति वा मनोनयन हुन वा कुनै रोजगारी प्राप्त गर्न,

(ख) कुनै पनि कम्पनी, फर्म, सहकारी संस्था वा गैरसरकारी संस्थाको संस्थापन गर्न वा त्यस्तो कम्पनी फर्म वा संस्थाको संस्थापक शेयरधनी, सञ्चालक वा सदस्य वा कुनै पदाधिकारी हुन,

(ग) कुनै पनि पेशा, रोजगार, व्यवसाय सञ्चालन गर्न कुनै नियमनकारी निकायबाट लिनुपर्ने अनुमतिपत्र वा इजाजतपत्र प्राप्त गर्न ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) को व्यवस्था प्रारम्भ हुनु अघि नैचौध वर्ष उमेर पूरा भइसकेको वा कुनै पदमा बहाल भइसकेको, निर्वाचित, मनोनयन वा नियुक्त भइ सकेको वा कार्यरत रहेको वा प्राप्त



नेपाल कानून आयोग

गरिसेकेको वा भोगिसकेको सुविधाको हकमा सो उपदफामा लेखिएको कुनै कुरालेअशर पुऱ्याउने छैन ।

२०. **माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुने :** (१) प्रत्येक नागरिकलाई आधारभूत तह र माध्यमिक तहसम्मको शिक्षा निःशुल्क प्राप्त गर्ने अधिकार हुनेछ ।

(२) निःशुल्क शिक्षा प्राप्त गर्दा प्रत्येक नागरिकले यो ऐन तथा अन्य प्रचलित कानून बमोजिमका शर्त पालना गर्नु पर्नेछ ।

(३) निःशुल्क शिक्षा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२१. **शुल्क, दस्तुर वा चन्दा लिन नहुने** : दफा २० को प्रयोजनका लागि आधारभूत तह वा माध्यमिक तहसम्मको शिक्षा प्राप्त गर्न कुनै बालबालिकासार्वजनिक विद्यालयमा भर्ना हुँदा, अध्ययन गर्दा वा परीक्षामा समावेश हुँदा निज वा निजको अभिभावकबाट कुनै पनि प्रकारको भर्ना शुल्क, मासिक वा अध्ययन शुल्क, परीक्षा शुल्क, प्रयोगशाला शुल्क, खेलकुद शुल्क वा अन्य कुनै पनि नाममा कुनै पनि प्रकारको शुल्क, दस्तुर, सहायता, चन्दा, दान वा अनुदान लिन सकिने छैन ।

तर,

(१) कसैले विद्यालयलाई आफूखुसी कुनै चन्दा, दान, सहयोग वा पुरस्कार प्रदान गर्न वाधा पर्ने छैन,

(२) निजी क्षेत्रबाट संचालित विद्यालयको हकमा दफा ३० बमोजिम हुनेछ ।

२२. **पाठ्यपुस्तक प्रकाशन गर्ने** : (१) नेपाल सरकारले प्रचलित कानून बमोजिमस्वीकृत पाठ्यक्रमको आधारमा नमूना पाठ्य पुस्तक प्रकाशन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रकाशन भएको पाठ्य पुस्तक वा स्वीकृत पाठ्यक्रमको आधारमा प्रदेश सरकार वा स्थानीय तह आफैले पाठ्य पुस्तक प्रकाशन गर्ने वा नमूना पाठ्यपुस्तक वा त्यस्तो पाठ्यक्रमको आवश्यकता पुरा गर्ने अन्य कुनै पाठ्यपुस्तक खरिद गर्न सक्नेछ ।

२३. **पाठ्यपुस्तक उपलब्ध गराउनु पर्ने :** (१) नेपाल सरकारले आधारभूत तह वा माध्यमिक तहसम्मको शिक्षा प्राप्त गर्ने प्रत्येक बालबालिकालाई पाठ्यपुस्तक वापतको रकमतोकिए बमोजिम स्थानीय तहलाईउपलब्ध गराउनेछ ।

(२) उपदफा (१) बमोजिमको रकम प्राप्त भएपछि सम्बन्धित स्थानीय तहले दफा २२ बमोजिमको पाठ्यपुस्तक प्रकाशन वा खरिद गरी शैक्षिक सत्र प्रारम्भ हुनुभन्दा कम्तिमा एक महिना अघि नै सम्बन्धित विद्यालय मार्फत उपलब्ध गराउनु पर्नेछ ।

(३) नेपाल सरकारले उपदफा (२) बमोजिमकोरकमशैक्षिक सत्र प्रारम्भ हुनु अघि नै उपलब्ध गराउन नसकेमा सम्बन्धित स्थानीय तह आफैले खरिद गरी बालबालिकालाई पाठ्यपुस्तक उपलब्ध गराउनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिमको रकम नेपाल सरकारले तोकिए बमोजिम सम्बन्धित स्थानीय तहलाई शोधभर्ना गर्नु पर्नेछ ।

२४. **पोशाक सुविधा उपलब्ध गराउनु पर्ने** : (१) आधारभूत तहसम्मको शिक्षा प्राप्त गर्न बालबालिकाले विद्यालयले निर्धारण गरेको पोशाक लगाउनु पर्नेछ रविद्यालयमा भर्ना भएका बालबालिकालाई त्यस्तो पोशाक सुविधा वा त्यस वापतको रकम सम्बन्धितस्थानीय तहले उपलब्ध गराउनु पर्नेछ ।

तर संस्थागत विद्यालयमा अध्ययन गर्ने बालबालिकालाई सम्बन्धित स्थानीय तहले उपलब्ध गराउनु पर्ने छैन ।

(२) पोशाक सुविधा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२५. **दिवा खाजाको व्यवस्था गर्नुपर्ने** : (१) स्थानीय तहले आधारभूत तहसम्मको शिक्षा प्राप्त गर्न विद्यालयमा भर्ना भएका बालबालिकालाई दिवा खाजा, दिवा खाजा खर्च वा त्यस्तै अन्य सुविधाको व्यवस्था गर्नेछ ।

(२) स्थानीय तहले उपलब्ध गराउने दिवा खाजावा दिवा खाजा खर्च सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२६. **शैक्षिक सामाग्री प्रदान गर्न सक्ने** : (१) स्थानीय तहले आधारभूत तहसम्मको शिक्षा प्राप्त गर्न विद्यालयमा भर्ना भएका बालबालिकालाई आवश्यक पर्ने कापी, कलम लगायतका शैक्षिक सामाग्री प्रदान गर्न सक्नेछ ।

(२) स्थानीय तहले आधारभूत तहसम्मका शिक्षा प्रदान गर्ने विद्यालयको लागि तोकिए बमोजिम आवश्यक प्रयोगशाला, कम्प्यूटर तथा सूचना प्रविधिको पँहुचको व्यवस्था गर्नु पर्नेछ ।

नेपाल कानून आयोग

(३) शैक्षिक सामाग्री प्रदान गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२७. **छात्रवृत्ति वा आर्थिक सहायता प्रदान गर्न सक्ने** : (१) मानव विकास सूचांकको दृष्टिकोणले तोकिएको सुचकांकभन्दा पछाडि परेका क्षेत्रकातोकिएका समुदायका वा आर्थिक रुपले विपन्न परिवारका बालबालिकालाई सम्बन्धित स्थानीय तहले आधारभूत तह सम्मको शिक्षा प्राप्त गर्न तोकिए बमोजिम मासिक छात्रवृत्ति प्रदान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमका परिवारका बालबालिकालाई विद्यालयमा अध्ययन गर्न पठाए वापत त्यस्ता बालबालिकाको अभिभावकलाई दोहोरो नपर्ने गरी तोकिए बमोजिम आर्थिक सहायता वा आर्थिक प्रोत्साहनरकम प्रदान गर्न सक्नेछ ।

(३) मासिक छात्रवृत्ति, आर्थिक सहायता वा आर्थिक प्रोत्साहन रकम सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२८. **प्राथमिक स्वास्थ्योपचार उपलब्ध गराउने** : (१) स्थानीय तहले प्रत्येक विद्यालयमा तोकिए बमोजिमको निशुल्क प्राथमिक स्वास्थ्य उपचारको व्यवस्था उपलब्ध गराउनु पर्नेछ ।

(२) निःशुल्क प्राथमिक स्वास्थ्योपचार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२९. **विद्यालय शिक्षाको भाषा** : (१) विद्यालयले प्रदान गर्ने शिक्षा नेपाली भाषा, अंग्रेजी भाषा वा दुवै भाषा हुन सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विद्यालयले चाहेमा भाषागत विषयमा बाहेक सिकाई वा पठन पाठनका अन्य सम्पूर्ण विषयमा अंग्रेजी भाषामा शिक्षा प्रदान गर्न सक्नेछ ।

(३) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि भाषागत विषयमा देहायको अवस्थामा देहाय बमोजिम शिक्षा प्रदान गर्नु पर्नेछ :

(क) अनिवार्य अंग्रेजी विषय अध्ययन गराउँदा अंग्रेजी भाषामा गराउनु पर्नेछ,

(ख) खण्ड (क) बाहेक अन्य भाषागत विषयमा अध्यापन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ,



नेपाल कानून आयोग

(ग) खण्ड (क) र (ख) मा लेखिए बाहेक कुनै प्रदेश सरकारले चाहेमा अन्य विषयमा अध्यापन गराउँदा त्यस्तो प्रदेशमा बहुसंख्यक जनताले बोल्ने मातृभाषा शिक्षाको माध्यम भाषा हुन सक्नेछ,

(घ) गैर नेपाली व्यक्तिले नेपालमा अध्ययन गर्दा अनिवार्य नेपाली विषय अध्ययन गर्नुपर्ने अवस्थामा निजले चाहेमा त्यसको सट्टा अन्य कुनै भाषागत विषय अध्ययन गर्न सक्नेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मितिदेखि सोही सूचनामा तोकेको प्रदेश वा स्थानीय तहका विद्यालयमा भाषागत विषय बाहेक कक्षा छ वा सोभन्दा माथिको आधारभूत तह र माध्यमिक तहको शिक्षा अंग्रेजी भाषामा दिनु पर्ने गरी तोक्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम तोकेकोमा सम्बन्धित प्रदेश वा स्थानीय तहका विद्यालयले सोही बमोजिम विद्यालय शिक्षा प्रदान गर्नु पर्नेछ ।

३०. **संस्थागत विद्यालयको विशेष जिम्मेवारी** : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि संविधानको धारा ३१ को उपधारा (२) बमोजिमको मौलिक हक प्रचलन गराउनको लागि यो ऐन प्रारम्भ भएपछि प्रत्येक संस्थागत विद्यालयलले सञ्चालन गरेका प्रत्येक कक्षामा कम्तिमा पच्चीस प्रतिशत स्थानमा माध्यमिक तहसम्म निशुल्क शिक्षा प्रदान गर्ने प्रयोजनका लागि बालबालिकाको स्थान आरक्षण गरी भर्ना गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम भर्ना भएका बालबालिका वा निजका अभिभावकको हकमा दफा २१ बमोजिमको सुविधा प्राप्त हुनेछ ।

(३) उपदफा (१) बमोजिम आरक्षण गरिएको स्थानमा सार्वजनिक सूचना प्रकाशन गरी प्रतिस्पर्धाको आधारमा योग्य र सक्षम बालबालिकालाई भर्ना गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम भर्ना भएका बालबालिकालाई उपदफा (२) का अतिरिक्त दफा २३, २४, २५, २६ र २७ बमोजिमको सुविधा समेत त्यस्तो विद्यालयले प्रदान गर्नु पर्नेछ ।

नेपाल कानून आयोग

## परिच्छेद - ४

## मातृभाषामा दिइने शिक्षा तथा विद्यालय सञ्चालन

३१. **मातृभाषामा शिक्षा प्राप्त गर्न सक्ने** : (१) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायका नागरिकलाई आफ्नो मातृभाषामा आधारभूत तह वा माध्यमिक तहसम्मको शिक्षा प्राप्त गर्ने अधिकार हुनेछ ।

तर त्यस्तो शिक्षा प्रचलित कानून बमोजिम निर्धारण भएको पाठ्यक्रम बमोजिम हुनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको शिक्षा प्रदान गर्न त्यस्तो समुदायले माध्यमिक तह सम्मको शिक्षा भए छुट्टै विद्यालय वा शिक्षण संस्था खोल्न र सञ्चालन गर्न सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले सञ्चालन गरेका वा अनुदान दिएका शिक्षण संस्था वा सामुदायिक विद्यालयमा कुनै खास विषयमा नेपाली नागरिकलाई निजको मातृभाषामा शिक्षा प्रदान गर्न सकिनेछ ।

३२. **विद्यालय वा शिक्षण संस्था सञ्चालन गर्नु पर्ने :** (१) दफा ३१ को उपदफा (२) बमोजिमको बिद्यालय वा शिक्षण संस्था जुन समुदायबाट खोलिएको हो सोही समुदायबाट सञ्चालन र व्यवस्थापन गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले त्यस्तो शिक्षण संस्था वा सामुदायिक विद्यालय सञ्चालन गर्न त्यस्तो समुदायको अनुरोध बमोजिम सञ्चालन र व्यवस्थापन खर्चमा सघाउ पुऱ्याउन निश्चित रकम प्रत्येक वर्ष समपूरक अनुदान प्रदान गर्न सक्नेछ ।

३३. **मातृभाषामा पाठ्यपुस्तकको तयारी र प्रकाशन :** (१) प्रदेश सरकाले नेपालमा बसोबास गर्ने समुदायको भाषामा शिक्षा प्रदान गर्ने प्रयोजनको लागि आवश्यक पाठ्यपुस्तक तयार गरी प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पाठ्यपुस्तक तयार गर्दा प्रचलित कानून बमोजिम निर्धारण भएको पाठ्यक्रम बमोजिम गर्नु पर्नेछ ।

(३) प्रदेश सरकारले उपदफा (१) बमोजिम प्रकाशन भएका पाठ्यपुस्तक सम्बन्धित स्थानीय तह मार्फत निशुल्क उपलब्ध गराउनु पर्नेछ ।

नेपाल कानून आयोग

परिच्छेद - ५

## शिक्षाको लागि बजेट विनियोजन तथा अनुदान

३४. **अनुदान रकम विनियोजन गर्नु पर्ने :** (१) नेपाल सरकारले प्रत्येक वर्ष आफ्नो बजेट मार्फत प्रत्येक स्थानीय तहलाई आधारभूत तहतथा माध्यमिक शिक्षाको प्रयोजनका लागि र प्रत्येक प्रदेशलाई उच्च शिक्षाको लागि अनुदान रकम विनियोजन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम रकम विनियोजन गर्दा प्रचलित संघीय कानून बमोजिम विशेष अनुदान, सशर्त अनुदान, समानीकरण अनुदानसमपूरक वा समानीकरण अनुदानको रुपमा गर्नु पर्नेछ ।

(३) प्रदेश सरकारले प्रत्येक वर्ष आफ्नो बजेट मार्फत प्रत्येक स्थानीय तहलाई माध्यमिक तहसम्मको शिक्षाको लागि प्रदेश कानून बमोजिम निश्चित रकम आवश्यक अनुदानको रुपमा विनियोजन गर्नु पर्नेछ ।

(४) नेपाल सरकार तथा प्रदेश सरकार आफैले सञ्चालन गरेका वा अनुदान प्रदान गरेका शिक्षण संस्थालाई नेपाल सरकार वा प्रदेश सराकारले संघीय कानून वा प्रदेश कानून बमोजिम आवश्यक अनुदान रकम विनियोजन गर्नेछन् ।

३५. **स्थानीय तहले बजेट विनियोजन गर्ने :** (१) स्थानीय तहले आफ्नो वार्षिक बजेटमा आधारभूत तह तथा माध्यमिक तहको शिक्षा प्रदान गर्ने प्रयोजनका लागि आवश्यक वजेट विनियोजन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम बजेट विनियोजन गर्दा आधारभूत तह वा माध्यमिक तहको शिक्षा प्रदान गर्ने सामुदायिक विद्यालय तथा स्थानीय तहले सञ्चालन गरेका प्रत्येक विद्यालयलाई बजेट प्राप्त हुने गरी गर्नु पर्नेछ ।

३६. **अन्य व्यक्ति वा संस्थाले सहायता दिन सक्ने :** (१) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहका अतिरिक्त अन्य कुनै व्यक्ति, संघ, संस्थाले पनि आधारभूत तह वा माध्यमिक तहको शिक्षा प्रदान गर्ने सामुदायिक विद्यालयलाई कुनै किसिमको आर्थिक सहायता, सहयोग वा अनुदान रकम उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सहायता, सहयोग वा रकम उपलब्ध गराउँदा स्थानीय तह मार्फत वा स्थानीय तहको स्वीकृति प्राप्त गरी गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम सहायता, सहयोग वा रकम उपलब्ध गराउन कार्यविधि र ढाँचा स्थानीय तहले बनाएको कानून बमोजिम हुनेछ ।

तर गैर आवासिय नेपाली बाहेक विदेशी व्यक्ति, संस्था वा सरकारबाट कुनै सहायता, सहयोग वा रकम प्राप्त गर्दा नेपाल सरकारको अर्थ मन्त्रालयको पूर्व सहमति प्राप्त गर्नु पर्नेछ ।

परिच्छेद - ६

## कसुर तथा जरिवाना

३७. **कसुर तथा जरिवाना गर्ने** : (१) कसैले देहायको कार्य गरेमा यस ऐन बमोजिम कसुर गरेको मानिनेछ :-

(क) दफा ९ को उपदफा (१) बमोजिम बालबालिकालाई भर्ना गर्न इन्कार गरेमा वा उपदफा (३) बमोजिम लिखित जानकारी नदिएमा,

(ख) दफा १० को उपदफा (१) बमोजिम निष्काशन गरेमा वा उपदफा (२) बमोजिमको आधारभूत शिक्षा प्राप्त गर्न वा परीक्षा दिन रोक लगाउने वा वञ्चित गरेमा,

(ग) दफा ११ बमोजिम पुनः भर्ना गर्न इन्कार गरेमा वा दफा १३ बमोजिम स्थानान्तरण प्रमाणपत्र दिन इन्कार गरेमा,

(घ) दफा १६ विपरितको कुनै कार्य गरेमा,

(ङ) दफा २१ विपरितको कुनै शूल्क, दस्तूर, चन्दा वा सहायता प्राप्त गरेमा,

(च) दफा ३० को उपदफा (२),(३) वा (४) विपरितको कुनै कार्य गरेमा ।

(२) कसैले उपदफा (१) बमोजिमको कसुर गरेमा सम्बन्धित बालबालिकाको अभिभावकले त्यस्तो कसुर गरेको पन्ध्र दिनभित्र सम्बन्धित स्थानीय तहको न्यायिक समितिमा उजुरी निवेदन दिन सक्नेछ ।

**स्पष्टीकरण** : यस दफाको प्रयोजनको लागि "न्यायिक समिति" भन्नाले नेपालको संविधानको धारा २१७ बमोजिमको न्यायिक समिति सम्झनु पर्छ ।

(३) उपदफा (१) बमोजिमको कसुर गरेमा न्यायिक समितिले सम्बन्धित प्रधानाध्यापकलाई देहाय बमोजिम जरिवाना गर्न सक्नेछ :

(क) खण्ड (क) बमोजिमको कसुर गर्नेलाई पाँच हजार रुपैँयासम्म,

(ख) खण्ड (ख) बमोजिमको कसुर गर्नेलाई तीन हजार रुपैँयासम्म,

(ग) खण्ड (ग) बमोजिमको कसुर गर्नेलाई पाँच हजार रुपैँयासम्म,

(घ) खण्ड (घ) बमोजिमको कसुर गर्नेलाई तीन हजार रुपैँयासम्म,

(ङ) खण्ड (ङ) बमोजिमको कसुर गर्नेलाई दश हजार रुपैँयासम्म,

(च) खण्ड (च) बमोजिमको कसुर गर्नेलाई विगो बमोजमको रकम वा पच्चीस हजार रुपैँया मध्ये जुन बढी हुन्छ सो रकम ।

(४) दफा २१ वा ३० प्रतिकूल हुने गरी कुनै रकम अशुल उपर गरेको रहेछ भने त्यस्तो रकम समेत सम्बन्धित व्यक्तिलाई फिर्ता गराउनु पर्नेछ ।

(५) उपदफा (३) वा (४) बमोजिम न्यायिक समितिले गरेको निर्णय उपर सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सकिनेछ ।

## परिच्छेद - ७

## विविध व्यवस्था

३८. **विपन्न नागरिकको शिक्षाको अधिकार** : (१) आर्थिक रुपले विपन्न नागरिकलाई निशुल्क उच्च शिक्षा प्राप्त गर्ने हक हुनेछ ।

**स्पष्टीकरण** : यस ऐनको प्रयोजनको लागि “आर्थिक रुपले विपन्न नागरिक” भन्नाले तोकिएको रकम भन्दा बार्षिक कम आय भएको नागरिकको परिवारको सदस्य सम्झनु पर्छ ।

(२) उपदफा (१) बमोजिम निशुल्क शिक्षा नेपाल सरकार वा प्रदेश सरकारबाट सञ्चालित वा नेपाल सरकार वा प्रदेश सरकारबाट अनुदान प्राप्त जुनसुकै शिक्षण संस्थाबाट प्राप्त गर्नु पर्नेछ ।

नेपाल कानून आयोग

(३) यस दफा बमोजिम निशुल्क शिक्षा प्राप्त गर्ने नागरिकले प्रचलित कानून बमोजिम गरिब घर परिवार पहिचान भई त्यस्तो परिचयपत्र प्राप्त गरेको घरपरिवारको सदस्य हुनु  पर्नेछ ।

३९. **अपांगता तथा दलित नागरिकको विशेष अधिकार** : (१) अपांगता भएका तथा दलित नागरिकलाईशिक्षा प्राप्त गर्ने सम्बन्धमा यस ऐनमा लेखिएका अधिकारका अतिरिक्त प्रचलित कानून बमोजिम थप विशेष अधिकार प्राप्त हुनेछ ।

४०. **विशेष सुविधा सम्पन्न विद्यालय सञ्चालन गर्न सक्ने** : (१) संघीय वा प्रदेश सरकारले पूर्ण वा आंशिक  अनुदानमा विशेष सुविधा सम्पन्न विद्यालय खोल्न वा सञ्चालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम खोलिएका वा सञ्चालन गरिएका विद्यालय स्थानीय तहमा दर्ता गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम खोलिएका वा सञ्चालन गरिएका विद्यालयले प्रचलित कानूनले तोकेको मापदण्ड पूरा गर्नु पर्नेछ ।

(४) यो ऐन प्रारम्भ हुँदाका बखत नेपाल सरकारको पूर्ण वा आंशिक अनुदानमा सञ्चालनमा रहेको विद्यालय वा शिक्षण संस्था यसै ऐन बमोजिम सञ्चालन भएको मानिनेछ ।

४१. **अनुगमन सुचकांक** : (१) नेपाल सरकारले यस ऐन बमोजिम व्यवस्था भएको शिक्षाको अधिकारको कार्यान्वयनका लागि अनुगमन सुचाकांक तयार पार्नेछ ।

(२) उपदफा (१) बमोजिमको अनुगमन सुचाकांक जानकारीको लागि सार्वजनिक गर्नु पर्नेछ ।

(३) राष्ट्रिय मानव अधिकार आयोगले उपदफा (१) बमोजिम तयार गरेको सूचकांकको आधारमा आवश्यकता अनुसार यस ऐनको कार्यान्वयनमा भएको प्रगतिको मापन गर्नेछ ।

(४) राष्ट्रिय मानव अधिकार आयागले उपदफा (३) बमोजिम प्रगतिको मापन गर्दा यस ऐनको कार्यान्वयन, हासिल भएको उपलब्धि तथा प्रगति, कार्यान्वयनका क्रममा देखिएका कमी, कमजोरी र भविष्यमा गर्नुपर्ने सुधार समेत खुलाउनु पर्नेछ ।

(५) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि राष्ट्रिय मानव अधिकार आयोगले पेश गर्ने बार्षिक प्रतिवेदनमा अन्य कुराको अतिरिक्त यस ऐन बमोजिम गरेको अनुगमनको विषय समेत उल्लेख गर्नु पर्नेछ ।

४२. **प्रतिवेदन पेश गर्ने :** (१) प्रत्येक गाउँपालिका वा नगरपालिकाले प्रत्येक वर्ष गाउँ सभा वा नगर सभामा देहायको विवरण सहितको प्रतिवेदन पेश गर्नु पर्नेछ :

(क) सम्बन्धित स्थानीय तहमा सञ्चालनमा रहेका सामुदायिक तथा संस्थागत विद्यालय र त्यस्ता विद्यालयमा अध्ययन गर्ने बालबालिकाको संख्या,

(ख) आधारभूत तहसम्मविद्यालयमा भर्ना भएका बालबालिकाको संख्या,

(ग) विद्यालयमाभर्ना भई त्यस वर्ष आधारभूत तहको शिक्षा पूरा गरेका र पूरा गर्ने बालबालिकाको संख्या,

(घ) विद्यालयमा भर्ना भई त्यस वर्ष आधारभूत तहको शिक्षा पूरा नगरी विद्यालय छोड्ने विद्यार्थीका संख्या,

(ङ) आधारभूत तह, माध्यमिक शिक्षाको लागि विनियोजित रकम र त्यसको स्रोत,

(च) अन्य आवश्यक कुरा ।

(२) उपदफा (१) बमोजिम प्रतिवेदन जानकारीको लागि संघीय शिक्षा मन्त्रालय र प्रदेश शिक्षा मन्त्रालयमा पठाउनु पर्नेछ ।

४३. **यसै ऐन बमोजिम हुने** : यो ऐन प्रारम्भ भएका बखत सञ्चालनमा रहेका विद्यालय वा शिक्षण संस्था यसै ऐन बमोजिम स्थापना र सञ्चालन भएको मानिनेछ ।

४४. **नियम बनाउने अधिकार** : नेपाल सरकारले यो ऐनको कार्यान्वयन गर्न आवश्यक नियम बनाउन सक्नेछ ।

४५. **निर्देशिका तथा मापदण्ड बनाउने अधिकार** : (१) संघीय शिक्षा मन्त्रालयले यो ऐन तथा यस ऐन अर्न्तगत बनेको नियमको अधिनमा रही आवश्यक निर्देशिका बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बनाएको निर्देशिका मन्त्रालयले सार्वजनिक गर्नु पर्नेछ ।

नेपाल कानून आयोग

नेपाल कानून आयोग

## (४) **शिक्षा सम्बन्धी कानूनलाई संशोधन तथा एकिकरण गर्न बनेको विधेयक, २०७५**

**प्रस्तावना**: विद्यालयको भौतिक पूर्वाधार तथा मापदण्ड, विद्यालय शिक्षाको पाठ्यक्रमको ढाँचा तथा पाठ्यपुस्तकको स्तर, सिकाइको सुनिश्चिता तथा शिक्षाको गुणस्तर, परीक्षण प्रणाली तथा समकक्षताको आधार निर्धारण, छात्रवृत्ति, अनुसन्धान तथा विकास र शिक्षासँग सम्बन्धित अन्य आवश्यक व्यवस्था गर्न र विद्यालय तथा शिक्षण संस्थामा सुशासन प्रवर्द्धन गर्न वान्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ ।

परिच्छेद - १

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "शिक्षा ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन प्रमाणिकरण भएको मितिले एकानब्बेऔं दिनदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "छात्रवृत्ति" भन्नाले कुनै अध्ययन, अनुसन्धान वा प्रशिक्षणका लागि प्रदान गरिने वा प्राप्त हुने देहायको कुनै रकम वा सुविधा सम्झनु पर्छ :-

(१) नेपाल सरकारले उपलब्ध गराएको आर्थिक अनुदान वा सुविधा,

(२) नेपाल सरकारलाई कुनै विदेशी मुलुक, अन्तर्राष्ट्रिय वा अन्य दातृ संस्था वा कुनै स्वदेशी वा विदेशी शैक्षिक संस्थाले उपलब्ध गराएको आर्थिक अनुदान वा सुविधा वा प्राविधिक सहायता,

(३) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी छात्रवृत्ति भनी तोकेको अन्य सुविधा ।

(ख) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ग) "बोर्ड" भन्नाले दफा २७ बमोजिमको राष्ट्रिय परीक्षा बोर्ड सम्झनु पर्छ ।

नेपाल कानून आयोग

(घ) "मन्त्रालय" भन्नाले संघीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्छ ।

(ङ) "विद्यालय" भन्नाले स्थानीय तहबाट सञ्चालन भएको वा स्थानीय तहबाट स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ र सो शब्दले यो ऐन प्रारम्भ हुँदाका बखत प्रचलित कानून बमोजिम कायम रहेका सामुदायिक वा संस्थागत विद्यालय समेतलाई जनाउँछ ।

(च) "शिक्षक" भन्नाले विद्यालयको शिक्षक सम्झनु पर्छ ।

(छ) "शिक्षण संस्था" भन्नाले उच्च शिक्षा प्रदान गर्ने उच्च शिक्षा शिक्षण संस्था सम्झनु पर्छ र सो शब्दले प्राविधिक शिक्षा प्रदान गर्ने विद्यालय र प्राविधिक शिक्षालय समेतलाई जनाउँछ ।

परिच्छेद - २

**भौतिक पूर्वाधार तथा मापदण्ड**

३. **भौतिक पूर्वाधार संरचना :** (१) प्रचलित कानून बमोजिम विद्यालय वा शिक्षण संस्था स्थापना र सञ्चालन गर्दा विद्यालय वा शिक्षण संस्था सञ्चालन गर्नु अघि आवश्यक भवन तथा अन्य भौतिक पूर्वाधार संरचनाको व्यवस्था गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमका संरचनामा अन्य कुराका अतिरिक्त विद्यालय वा शिक्षण संस्थाको स्तर तथा प्रकृति अनुसार देहायका भौतिक पूर्वाधार संरचना समावेश हुनेछन् :-

(क) प्रत्येक कक्षाका लागि कम्तिमा एक कोठा हुने गरी तोकिए बमोजिमको संख्यामा कक्षा कोठा,

(ख) प्रधानाध्यापक, शिक्षक, विज्ञान तथा कम्प्यूटर प्रयोगशाला, वर्कशप (कार्यशाला), भण्डारका लागि तोकिए बमोजिमका कोठा,

(ग) अध्ययनका लागि उपयुक्त ठाउँ सहित आवश्यक कोठा भएको पुस्तकालय तथा वाचनालय,

(घ) शिक्षक तथा छात्र छात्राको संख्या वा विद्यालय वा शिक्षण संस्थाले पठन पाठन र अध्यापन गराउन सक्ने क्षमताको

अनुपातमा हुने शिक्षक तथा विद्यार्थी संख्याको आधारमा पुरुष र महिलाको लागि छुट्टा छुट्टै शौचालय,

(ङ) खेलकूद तथा मनोरञ्जनका लागि तोकिए बमोजिमको क्षेत्रफल भएको खुला जग्गा तथा फूलबारी बगैंचा,

(च) पिउने प्रयोजन तथा सरसफाईका लागि पानी आपूर्तिको प्रवन्ध,

(छ) विद्युत आपूर्ति तथा वितरण भएको स्थानीय तहको इलाका भित्र विद्यालय वा शिक्षण संस्था स्थापना भएको भए विद्युत आपूर्तिको प्रवन्ध,

(ज) विद्यालय वा शिक्षण संस्थामा आवागमन गर्नको लागि उपयुक्त सडक, बाटो वा मार्ग,

(झ) विद्यालयमा वालमैत्री, अपाङ्गतामैत्री तथा लैङ्गिकमैत्री बातावरणको प्रबन्ध गर्ने,

(ञ) फोहोर मैला विसर्जन वा व्यवस्थापनको उपयुक्त प्रवन्ध,

(ट) शिक्षण संस्था भए आवश्यकता अनुसार छात्र तथा छात्राको लागि छुट्टाछुट्टै छात्रावास भवन,

(ठ) तोकिए बमोजिम अन्य आवश्यक भौतिक पूर्वाधार ।

(३) विद्यालय वा शिक्षण संस्थाको भवन वा कक्षाकोठा तोकिए बमोजिम भूकम्प प्रतिरोधात्मक क्षमता भएको हुनु पर्नेछ ।

(४) विद्यालयको पूर्वाधार तथा मापदण्ड सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४. **प्रयोगशाला वा कार्यशाला :** (१) विद्यालय वा शिक्षण संस्थाले प्रयोग गर्ने शिक्षाको स्तर तथा प्रकृति अनुसार उपयुक्त विज्ञान प्रयोगशाला वा व्यावहारिक शिक्षाको लागि उपयुक्त कार्यशाला (वर्कशप) को व्यवस्था हुनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रयोगशाला वा कार्यशालामा आवश्यक उपयुक्त उपकरण, मेशिन तथा औजारको प्रवन्ध हुनु पर्नेछ ।

५ **सूचना प्रविधिको सुविधा** : (१) विद्युत आपूर्ति तथा वितरणको व्यवस्था भएको स्थानीय तहको इलाका भित्र स्थापना भएको विद्यालय वा शिक्षण संस्था भए सूचना प्रविधि संजाल (वाइफाइ) सुविधाको व्यवस्था गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सुविधा विद्यालय वा शिक्षण संस्थामा कार्यरत शिक्षक वा कर्मचारी, अध्ययनरत विद्यार्थी वा विद्यालय वा शिक्षण संस्था भ्रमण गर्ने आगन्तुकले निशुल्क प्रयोग गर्न पाउने व्यवस्था हुनु पर्नेछ ।

६. **मानव स्रोत सम्बन्धी व्यवस्था** : (१) विद्यालय वा शिक्षण संस्था सञ्चालन गर्नु अघि विद्यालय वा शिक्षण संस्थाको स्तर तथा प्रकृति अनुसार आवश्यक संख्यामा विषयगत शिक्षक, प्रधानाध्यापक, प्रशिक्षक (इन्स्ट्रक्टर), प्राध्यापक तथा कर्मचारीको व्यवस्था गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमका शिक्षक, प्रधानाध्यापक, प्रशिक्षक, प्राध्यापक वा कर्मचारी नियुक्ति गर्दा प्रचलित कानून बमोजिम खुला प्रतियोगिताबाट छनौट भएका व्यक्तिलाई गर्नु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम नियुक्ति हुने शिक्षक, प्राध्यापक, प्रशिक्षक वा कर्मचारी विषयगत, पेशागत, विधागत, विशेषज्ञ वा सामान्य सेवाका हुन सक्नेछन् ।

(४) प्रचलित कानून बमोजिम विद्यालयको प्रधानाध्यापक नियुक्ति गर्दा सम्बन्धित विद्यालयमा बहाल रहेका शिक्षक मध्ये बरिष्टता र व्यवस्थापकीय क्षमताको आधारमा उपयुक्त शिक्षकलाई नियुक्ति गर्नु पर्नेछ ।

७. **न्यूनतम शिक्षण अवधि** : (१) कुनै पनि विद्यालय वा शिक्षण संस्थामा पठन पाठन हुने शिक्षण अवधि विद्यालयमा भए कम्तिमा दुई सय बीस दिन र शिक्षण संस्थामा भए प्रचलित कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

तर दैनिक शिक्षण अवधि तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम शिक्षण अवधि कायम नभएको अवस्थामा त्यस्तो अवधि पूरा नगरेका विद्यार्थीले त्यस सम्बन्धी अन्तिम परीक्षामा सहभागी हुन सक्ने छैन ।

(३) उपदफा (१) बमोजिमको समयावधिसम्म विद्यालय वा शिक्षण संस्थामा पठन पाठनको व्यवस्था मिलाउने, विद्यालय वा शिक्षण संस्था सञ्चालन गर्ने वा

गराउने र त्यसको अनुगमन गर्ने जिम्मेवारी विद्यालय भए सम्बन्धित स्थानीय तह र शिक्षण संस्था भए सम्बन्धित शिक्षण संस्थाको प्रमुखको हुनेछ ।

परिच्छेद - ३

## <u>शिक्षक तथा शिक्षकको सेवाका शर्त</u>

८. **<u>आवश्यक संख्यामा शिक्षक रहनु पर्ने</u>** : (१) स्थानीय तहले आधारभूत शिक्षा वा माध्यमिक शिक्षा प्रदान गर्ने विद्यालय संचालन गर्दा वा संचालन गर्ने अनुमति प्रदान गर्दा त्यस्तो विद्यालयमा अध्ययनरत छात्रछात्राको संख्याको अनुपातमा आवश्यक संख्यामा पठन पाठन गराउने शिक्षकको बन्दोबस्त सुनिश्चित गर्नु पर्नेछ ।

(२) विद्यालय शिक्षक तथा छात्रछात्राको अनुपात तोकिए बमोजिम हुनेछ ।

९. **<u>शिक्षकको योग्यता</u>** : (१) देहायको योग्यता पूरा भएको नेपाली नागरिक आधारभूत तह वा माध्यमिक तहको शिक्षा प्रदान गर्ने विद्यालयको शिक्षक नियुक्त हुन योग्य हुनेछ :-

(क) आधारभूत तहको भए कम्तिमा स्नातक र माध्यमिक तहको भए कम्तिमा स्नातकोत्तर उपाधि प्राप्त गरेको,

(ख) सम्बन्धित विषयमा प्रचलित कानून बमोजिम शिक्षक अनुमतिपत्र प्राप्त गरेको,

(ग) अठार वर्ष पूरा भई चालीस वर्ष पूरा नभएको,

(घ) नैतिक पतन देखिन फौजदारी कसूरमा सजाय नपाएको,

(ङ) प्रचलित कानून बमोजिम शिक्षक नियुक्त हुन अयोग्य नभएको ।

(२) विशेष शिक्षा प्रदान गर्ने शिक्षकको योग्यता तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम योग्यता पूरा गरेका व्यक्तिले शिक्षकको रुपमा कार्य सम्पादन गर्दा तोकिए बमोजिमको आधारभूत र त्यसपछि समय समयमा आवधिक तालिम प्राप्त गर्नु पर्नेछ ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका वखत तत्काल प्रचलित कानून बमोजिम योग्यता पूरा गरी नियुक्ति भएका आधारभूत तह वा माध्यमिक तहका शिक्षक वा विशेष शिक्षा प्रदान गर्ने शिक्षकले यसै ऐन बमोजिम योग्यता पूरा गरेको मानिनेछ ।

१०. **शिक्षकको नियुक्ति, सरुवा तथा बढुवा** : (१) विद्यालयका शिक्षकको नियुक्ति शिक्षक सेवा आयोगको सिफारिसमा सम्बन्धित स्थानीय तहले गर्नेछ ।

तर संस्थागत (निजी) विद्यालयका शिक्षकको नियुक्ति सम्बन्धित विद्यालयको व्यवस्थापनले गर्नेछ ।

(२) विद्यालय शिक्षकको सरुवा, काज, बढुवा वा विभागीय कारवाही प्रदेश कानून बमोजिम हुनेछ ।

(३) यो ऐन प्रारम्भ हुँदाका बखत विद्यालयको स्थायी शिक्षक पदमा बहाल गरेको शिक्षक यसै ऐन बमोजिम नियुक्त भएको मानिनेछ र त्यस्तो शिक्षकले यो ऐन प्रारम्भ हुनु अघि गरेको सेवा अवधि यसै ऐन बमोजिम गरेको सेवा अवधि मानिनेछ ।

(४) उपदफा (३) बमोजिमका शिक्षकको उपदान, निवृत्तिभरण, औषधोपचार सुविधाका सम्बन्धमा नेपाल सरकार र सम्बन्धित स्थानीय तह बीचको दायित्व व्यवस्थापन गर्न नेपाल सरकारले तोकिए बमोजिमको सेवा अवधिका लागि तोकिए बमोजिम आवश्यक व्यवस्था गर्नेछ ।

तर सम्वत् २०७४ साल साउन १ गते पछि नियुक्त शिक्षकको दायित्व नेपाल सरकारले व्यहोर्ने छैन ।

११. **विद्यालय शिक्षकको सेवाका शर्त** : (१) यस ऐनमा अन्यथा व्यवस्था भएकोमा बाहेक विद्यालय शिक्षकको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त प्रदेश कानून बमोजिम हुनेछ ।

तर विद्यालय शिक्षकले पाउने न्यूनतम पारिश्रमिक नेपाल सरकारले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कानून बनाउँदा सम्वत् २०७४ साल साउन १ गते अघि कायम रहेका शिक्षकको पारिश्रमिक र सुविधा त्यस्तो शिक्षकले पाइरहेको पारिश्रमिक तथा सुविधाभन्दा प्रतिकूल हुने गरी कानूनी व्यवस्था गर्न सकिने छैन ।

(३) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्वत् २०७४ साल साउन १ गते अघि नै निवृत्तभरण पाउने गरी जुनसुकै कारणले सेवा निवृत्त भइसकेका शिक्षकको निवृत्तिभरण नेपाल सरकारले प्रदान गर्ने व्यवस्था गर्नेछ ।

नेपाल कानून आयोग

१२. **दरबन्दी मिलान गर्ने**: (१) नेपाल सरकारले यो ऐन प्रारम्भ भएको तीन महिनाभित्र तत्काल कायम रहेको शिक्षकको मौजुदा दरबन्दी विद्यालय र विद्यार्थी संख्याको अनुपातमा सम्भव भएसम्म समान अनुपात कायम गर्न त्यसको पुनरावलोकन तथा मिलान गरी प्रत्येक स्थानीय तहका लागि शिक्षकको दरबन्दी निर्धारण गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दरबन्दी पुनरावलोकन तथा मिलानगर्दा यो ऐन प्रारम्भ हुंदाको वखत कायम रहेका प्राथमिक, निम्न माध्यमिक तह र माध्यमिक तहका शिक्षकको दरवन्दी हेरफेर, परिवर्तन गर्न वा तल्लो तहको दरवन्दी माथिल्लो तहको दरवन्दीमा स्तर बृद्धि गर्न सक्नेछ ।

(३) नेपाल सरकारले उपदफा (१) बमोजिम निर्धारण गरेको विवरण सम्बन्धित स्थानीय तहलाई उपलब्ध गराउनेछ ।

(४) उपदफा (३) बमोजिम उपलब्ध भएको शिक्षकको दरबन्दी संख्याको आधारमा सम्बन्धित स्थानीय तहले त्यस्तो स्थानीय तहभित्र कायम रहेका विद्यालयको शिक्षकको दरबन्दी आवश्यकता अनुसार समायोजन गरी कायम गर्नेछ ।

## परिच्छेद - ४

## राष्ट्रिय पाठ्यक्रम संरचना तथा पाठ्य पुस्तक

१३. **पाठ्यक्रमको संरचना निर्धारण** : (१) नेपाल सरकारले मुलुकका सबै नागरिकलाई समान स्तरमा गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्यले दफा १४ बमोजिमको राष्ट्रिय पाठ्यक्रम विकास परिषद्को सिफारिसमा आधारभूत तह र माध्यमिक तहका शिक्षाको मुख्य विषय (कोर सब्जेक्टस) मा एक रुपताको राष्ट्रिय पाठ्यक्रम संरचना (युनिफर्म नेशनल क्यारिकुलम फ्रेमवर्क) निर्धारण गर्नेछ ।

(२) नेपाल सरकारले यस दफा बमोजिम निर्धारण भई प्रकाशन गरिएको राष्ट्रिय पाठ्यक्रम संरचना कार्यान्वयनका लागि प्रदेश सरकार र स्थानीय तहमा पठाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त भएको राष्ट्रिय पाठ्यक्रम संरचनामा उल्लेखित विषय अनिवार्य विषयहरु हुनेछन् र स्थानीय तहले सोही बमोजिम आधारभूत तह वा माध्यमिक तहको शिक्षा प्रदान गर्ने व्यवस्था गर्नु पर्नेछ ।

(४) राष्ट्रिय पाठ्यक्रम संरचना निर्धारण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

नेपाल कानून आयोग

१४. **राष्ट्रिय पाठ्यक्रम विकास परिषद्** : (१) राष्ट्रिय पाठ्यक्रम संरचना निर्धारणका लागि नेपाल सरकारलाई सिफारिस गर्न र राष्ट्रिय पाठ्यक्रम संरचना निर्माण सम्बन्धी नीति निर्धारण गर्न देहाय बमोजिमको एक राष्ट्रिय पाठ्यक्रम विकास परिषद् रहनेछ :-

(क) संघीय शिक्षा मन्त्री वा राज्यमन्त्री - अध्यक्ष

(ख) प्रदेश मुख्य मन्त्री वा निजले तोकेको प्रदेश सरकारको मन्त्री - सदस्य

(ग) सदस्य, राष्ट्रिय योजना आयोग (शिक्षा हेर्ने) - सदस्य

(घ) मन्त्रालयको सचिव - सदस्य

(ङ) सह-सचिव, मन्त्रालय (सम्बन्धित विषय हेर्ने) - सदस्य

(च) अध्यक्ष, राष्ट्रिय परीक्षा बोर्ड - सदस्य

(छ) पाठ्यक्रम सम्बन्धी विशेषज्ञहरु मध्ये मन्त्रालयबाट मनोनीत एकजना - सदस्य

(ज) विद्यालय शिक्षामा ख्यातिप्राप्त शिक्षाविद्हरु मध्ये शिक्षा मन्त्रालयबाट मनोनीत कम्तीमा एक जना महिला सहित तीनजना - सदस्य

(झ) प्रतिनिधि, शिक्षक महासंघ, केन्द्रीय समिति - सदस्य

(ञ) कार्यकारी निर्देशक, पाठ्यक्रम विकास केन्द्र - सदस्य-सचिव

(२) राष्ट्रिय पाठ्यक्रम विकास परिषद्को बैठकमा सम्बन्धित विषयका बढीमा तीन जना विशेषज्ञलाई भाग लिन आमन्त्रण गर्न सकिनेछ ।

(३) उपदफा (१) बमोजिम मनोनीत सदस्यको पदावधि नियुक्ति भएको मितिले चार वर्षको हुनेछ ।

(४) पाठ्यक्रम विकास केन्द्रले राष्ट्रिय पाठ्यक्रम विकास परिषद्को सचिवालयको काम गर्नेछ ।

(५) राष्ट्रिय पाठ्यक्रम विकास परिषद्को बैठक सम्बन्धी कार्यविधि सो परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१५. **<u>राष्ट्रिय पाठ्यक्रम विकास परिषद्को काम, कर्तव्य र अधिकार</u>** : यस ऐनमा लेखिएका अन्य काम, कर्तव्य र अधिकारका अतिरिक्त राष्ट्रिय पाठ्यक्रम विकास परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विद्यालयमा लागू गरिने पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण गर्ने सम्बन्धमा नीति निर्धारण गर्ने,

(ख) पाठ्यक्रम निर्माणको लागि आवश्यकतानुसार विषय समिति वा उपसमिति गठन गर्ने,

(ग) पाठ्यक्रम तथा पाठ्यपुस्तक स्वीकृति गर्न नेपाल सरकार समक्ष पेश गर्ने,

(घ) पाठ्यक्रम परिमार्जनको नीति तथा प्रक्रिया स्वीकृत गर्ने,

(ङ) पाठ्यपुस्तक लेखन, स्वीकृति तथा प्रयोग सम्बन्धमा नीति निर्धारण गर्ने,

(च) पाठ्यपुस्तक लेखन सम्बन्धमा पारिश्रमिक र वितरण सम्बन्धमा कार्यनीति निर्धारण गर्ने,

(छ) पाठ्यक्रम सम्बन्धी सुझाव लिनको लागि प्रत्येक विकास क्षेत्रमा निर्देशकको अध्यक्षतामा र प्रत्येक जिल्लामा जिल्ला शिक्षा अधिकारीको अध्यक्षतामा समिति गठन गरी सो समितिको काम, कर्तव्य र अधिकार तोक्ने,

(ज) पाठ्यक्रम विकास तथा गुणस्तर सम्बन्धी आवश्यक काम गर्ने,

(झ) थप पाठ्यसामग्री तथा पाठ्यपुस्तकको सूची स्वीकृत गर्ने,

(ञ) स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक मूल्याङ्कन गरी आवश्यकतानुसार संशोधनको लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(ट) राष्ट्रिय शिक्षा नीतिको अधीनमा रही कुनै खास प्रकृतिका संस्थाले सञ्चालन गरेको विद्यालयमा नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रमको कुल पाठ्यभारमा फरक नपर्ने गरी थप विषय अध्यापन गर्न स्वीकृतिको लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने,

नेपाल कानून आयोग

(ठ) बहु पाठ्यपुस्तक स्वीकृति सम्बन्धमा नीति तर्जुमा गरी नेपाल सरकार समक्ष पेश गर्ने,

(ठ) आवश्यकता अनुसार आफ्नो काम, कर्तव्य र अधिकार पाठ्यक्रम विकास केन्द्रलाई प्रत्यायोजन गर्ने,

(ढ) पाठ्यक्रमको विकास तथा त्यसको गुणस्तरको सम्बन्धमा अन्य आवश्यक काम गर्ने ।

(२) नेपाल सरकारले यस दफा बमोजिम राष्ट्रिय पाठ्यक्रम संरचना निर्धारण गर्दा आवश्यकता अनुसार प्रदेश सरकार, स्थानीय तह, विभिन्न शिक्षण संस्था, शिक्षाविद् तथा अन्य सम्बन्धित सरोकारवाला सरकारी तथा गैरसरकारी संस्थासँग परामर्श गर्न सक्नेछ ।

(३) पाठ्यक्रम संरचना निर्धारण गर्दा शिक्षा जीवनोपयोगी, व्यावहारिक, सूचनामूलक र नागरिकको बौद्धिक तथा समग्र व्यक्तित्व विकास गर्ने प्रकृतिको हुनु पर्नेछ ।

(४) नेपाल सरकारले राष्ट्रिय पाठ्यक्रम संरचना निर्धारण गर्दा समान कक्षा र स्तरको अन्य विदेशी मुलुकको पाठ्यक्रमलाई समेत ध्यान दिनु पर्नेछ ।

१६. **प्रदेश सरकार वा स्थानीय तहले पाठ्यक्रम निर्धारण** : (१) दफा १३ बमोजिम निर्धारण भएको राष्ट्रिय पाठ्यक्रम संरचनाको अतिरिक्त प्रदेश सरकार वा स्थानीय तहले सम्बन्धित प्रदेश वा स्थानीय तहको विशिष्टता, भूगोल, इतिहास वा स्थानीय भाषा वा संस्कृति तथा स्थानीयस्तरमा उपलव्ध वा आवश्यक भएको व्यवसायको जानकारी गराउने उद्देश्यले थप इच्छाधिन विषयको पाठ्यक्रम निर्धारण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम थप विषयको पाठ्यक्रम निर्धारण भएकोमा स्थानीय तहले त्यस्तो पाठ्यक्रम बमोजिम पठन पाठन गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम निर्धारण हुने इच्छाधिन विषयहरु मध्ये कम्तिमा दुई विषय सम्बन्धित प्रदेश वा स्थानीय तहमा रहेका विद्यालयमा अध्ययन गर्ने विद्यार्थीले अध्ययन गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम निर्धारण गरेको थप विषय सम्बन्धित प्रदेश सरकार वा स्थानीय तहले नेपाल सरकारलाई जानकारी गराउनु पर्नेछ ।

(५) प्रदेश सरकार वा स्थानीय तहले पाठ्यक्रम निर्धारण गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१७. **पाठ्यक्रम पुनरावलोकन** : (१) नेपाल सरकारले प्रत्येक दुई वर्षमा दफा १३ बमोजिम निर्धारण भएको पाठ्यक्रमको नियमित रुपमा सम्बन्धित क्षेत्रका विषयविज्ञ मार्फत पुनरावलोकन गरी समय सापेक्ष र अद्यावधिक बनाउनु पर्नेछ ।

(२) पाठ्यक्रम पुनरावलोकन गर्ने प्रयोजनका लागि प्रत्येक प्रदेशका विज्ञहरु रहने गरी नेपाल सरकारले राष्ट्रिय स्तरमा तोकिए बमोजिमका विषय विज्ञको सूची खडा गर्नेछ ।

(३) सम्बन्धित विषय विज्ञले उपदफा (१) बमोजिमको पुनरावलोकन गर्दा शिक्षालाई बढी भन्दा बढी जीवनोपयोगी र व्यावहारिक बनाउन आधारभूत तह वा माध्यमिक शिक्षा प्रदान गर्दा विकास भएका सर्वोत्तम अभ्यास (बेष्ट प्राक्टिस), उपलब्ध सूचना प्रविधि र विद्यालय शिक्षामा त्यसको प्रयोग, रोजगारीको अवसर सिर्जना गर्न सक्ने सम्भावना तथा दफा १३ को उपदफा (२) बमोजिमका विषयमा ध्यान दिनु पर्नेछ ।

(४) पाठ्यक्रमको पुनरावलोकन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१८. **पाठ्य पुस्तक प्रकाशन तथा वितरण** : (१) नेपाल सरकारले दफा १३ बमोजिम निर्धारण भएको  राष्ट्रिय पाठ्यक्रम संरचना बमोजिम विभिन्न विषयमा विभिन्न कक्षाको नमूना पाठ्य पुस्तक तयार गरी प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमका नमूना पाठ्य पुस्तक तयार गर्दा सम्बन्धित विषयमा त्यस्तो क्षेत्रको योग्यता र अनुभव भएका विज्ञ मार्फत पाण्डुलिपी तयार गराउनु पर्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा १६ बमोजिम प्रदेश सरकार वा स्थानीय तह आफैले निर्धारण गरेको पाठ्यक्रम बमोजिमको पाठ्य पुस्तक सम्बन्धित प्रदेश सरकार वा स्थानीय तहले नै तयार गरी प्रकाशन गर्नु पर्नेछ र सम्बन्धित विद्यालय मार्फत उपदफा (३) बमोजिम बालबालिकालाई निःशुल्क वितरण गर्नु पर्नेछ ।

(४) पाठ्यपुस्तक प्रकाशन तथा वितरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१९. **राष्ट्रिय पाठ्यक्रम विकास केन्द्र** : (१) नेपाल सरकारले दफा १५ बमोजिमको कार्य सम्पादन गर्ने कार्यमा समन्वय गर्न राष्ट्रिय पाठ्यक्रम विकास केन्द्र स्थापना गर्नेछ ।

(२) नेपाल सरकारले तोकेको निजामती सेवाको राजपत्रांकित प्रथम श्रेणीको अधिकृतले उपदफा (१) बमोजिमको केन्द्रको कार्यकारी निर्देशक भई काम गर्नेछ ।

(३) राष्ट्रिय पाठ्यक्रम विकास केन्द्रलाई आवश्यक पर्ने कर्मचारी तथा अन्य स्रोत नेपाल सरकारले उपलब्ध गराउने छ ।

(४) यो ऐन प्रारम्भ हुनु भन्दा अघि कायम रहेको पाठ्यक्रम विकास केन्द्र यो ऐन प्रारम्भ भएपछि स्वतः राष्ट्रिय पाठ्यक्रम विकास केन्द्रमा परिणत हुनेछ ।

(५) राष्ट्रिय पाठ्यक्रम विकास केन्द्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद - ५

## शिक्षाको गुणस्तर तथा प्रमाणपत्रको मान्यता

२०. **गुणस्तरीय शिक्षा प्रदान गर्नु पर्ने** : (१) शिक्षा प्रदान गर्ने उद्देश्यले स्थापना भएको वा संचालनमा रहेको विद्यालय वा शिक्षण संस्थाले बालबालिका वा विद्यार्थीलाई गुणस्तरीय शिक्षा प्रदान गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको शिक्षा प्रदान गर्न आवश्यक भौतिक वा अभौतिक पूर्वाधार, मानव स्रोत तथा अन्य आवश्यक सुविधा जुटाउने वा व्यवस्था गर्ने जिम्मेवारी सम्बन्धित विद्यालय वा शिक्षण संस्थाका सञ्चालकको हुनेछ ।

(३) गुणस्तरीय शिक्षाको मानक तथा त्यसको मूल्यांकनका मापदण्ड तथा शर्तहरु तोकिए बमोजिम हुनेछ ।

२१. **प्रमाणपत्र प्राप्त गर्ने** : (१) प्रत्येक व्यक्तिले यस ऐन वा प्रचलित कानून बमोजिम प्राप्त गरेको शिक्षाको निर्धारित पाठ्यक्रम बमोजिम सिकाई, अध्ययन वा अनुसन्धान कार्यक्रम सफलतापूर्वक पूरा गरेपछि शैक्षिक प्रमाणपत्र पाउनेछ ।

(२) उपदफा (१) बमोजिम प्रदान गर्ने शैक्षिक प्रमाणपत्र तथा सिकाई, अध्ययन वा अनुसन्धानको मूल्यांकन विधि तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम प्रमाणपत्र प्राप्त गर्नको लागि सम्बन्धित व्यक्तिले त्यसको गुणस्तर कायम गर्न सञ्चालन हुने परीक्षामा सहभागी हुनु पर्नेछ ।

(४) उपदफा (२) को परीक्षाको देहायको निकायबाट सञ्चालन हुनेछ :-

(क) आधारभूत तहको अन्तिम परीक्षा स्थानीय तहले निर्धारण गरेको परीक्षा बोर्ड,

(ख) कक्षा दशको अन्तिम परीक्षा प्रदेश सरकारले निर्धारण गरेको परीक्षा बोर्ड,

(ग) माध्यमिक तहको अन्तिम परीक्षा नेपाल सरकारले निर्धारण गरेको परीक्षा बोर्ड,

(घ) खण्ड (क), (ख) वा (ग) मा उल्लेख भएका परीक्षा बाहेक विद्यालय स्तरका अन्य आवधिक परीक्षा सम्बन्धित विद्यालय,

(ङ) उच्च शिक्षाको वार्षिक वा अन्तिम परीक्षा प्रचलित कानून बमोजिम व्यवस्था भएको शिक्षण संस्था वा त्यसको परीक्षा नियन्त्रण इकाई ।

(५) उपदफा (४) बमोजिमको परीक्षामा सहभागी भई सफल भएको व्यक्तिलाई उपदफा (१) बमोजिमको शैक्षिक वा प्राज्ञिक प्रमाणपत्र प्रदान गरिनेछ ।

(६) यस दफा बमोजिमका परीक्षा सञ्चालन तथा प्रमाणपत्र वितरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२२. **प्रमाणपत्रको मान्यता** : (१) दफा २१ को उपदफा (५) बमोजिमको शैक्षिक वा प्राज्ञिक प्रमाणपत्र पाएको व्यक्तिले त्यस्तो प्रमाणपत्रमा उल्लिखित शिक्षा निर्धारित पाठ्यक्रम बमोजिम प्राप्त गरेको मानिनेछ ।

(२) उपदफा (१) बमोजिमको प्रमाणपत्रलाई नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहका सम्पूर्ण सरकारी वा गैर सरकारी कार्यालय, अदालत, संवैधानिक निकाय, सार्वजनिक संस्थान, शिक्षण संस्थाले मान्यता दिनु पर्नेछ र अन्यथा प्रमाणित भएकोमा बाहेक त्यसको प्रामाणिकता सबैको लागि मान्य हुनेछ ।

(३) कसैले नेपालमा माध्यमिक शिक्षा वा उच्च शिक्षा पूरा गरेको विषयसँग सम्बन्धित शैक्षिक वा प्राज्ञिक प्रमाणपत्रले अन्य मुलुक र अन्तर्राष्ट्रिय स्तरमा

मान्यता प्राप्त गर्ने सम्बन्धमा नेपाल सरकारले आवश्यक उपाय अवलम्वन गर्नु पर्नेछ ।

(४) शैक्षिक वा प्राज्ञिक प्रमाणपत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२३. **विद्यालय वा शिक्षण संस्थाको जिम्मेवारी :** (१) कुनै पनि विद्यालय वा शिक्षण संस्थाले गुणस्तरीय शिक्षा प्रदान गर्नु आफ्नो प्रमुख जिम्मेवारी रहेको कुरा बोध गरी प्रचलित कानून बमोजिम विद्यालय वा शिक्षण संस्था सञ्चालन गर्नु पर्नेछ र शिक्षण मैत्री वातावरणमा सहज रुपमा पठन पाठन हुने गरी व्यवस्था मिलाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पठन पाठन गर्दा वा गराउँदा सम्बन्धित विषयको प्रकृति अनुसार प्रयोगशाला परीक्षण वा व्यावहारिक प्रशिक्षण (इन्टर्नशीप) को माध्यम समेत अपनाउनु पर्नेछ ।

(३) कुनै पनि विद्यालय वा शिक्षण संस्थाले विद्यालय वा शिक्षण संस्थाबाट विद्यार्थीलाई प्रदान गरिने शिक्षा,सुविधाको वितरण, बैकल्पिक शिक्षाको अवसर विना भेदभाव उपलव्ध स्रोत र साधनको अधिकतम परिचालन गरी दिनु पर्नेछ ।

(४) कुनै पनि विद्यालय वा शिक्षण संस्थाले प्रत्येक वर्ष विद्यार्थी भर्ना गर्ने, परीक्षा सञ्चालन गर्ने र परीक्षाफल प्रकाशन गर्ने शैक्षिक क्यालेण्डर प्रकाशन गरी सोही बमोजिम कार्य सम्पादन गर्नु पर्नेछ ।

(५) उपदफा (३) बमोजिमको शैक्षिक क्यालेण्डर बमोजिम शैक्षिक कार्यक्रम संचालन गर्ने सम्बन्धित विद्यालयको प्रधानाध्यापक वा शिक्षण संस्थाको प्रमुख र सम्बन्धित अधिकारी बीच कार्य सम्पादन करार गर्नु पर्नेछ ।

(६) मनासिव कारण विना उपदफा (४) बमोजिमको करार बमोजिम कार्य सम्पादन हुन नसकेमा सम्बन्धित विद्यालय वा शिक्षण संस्थाको प्रमुख जिम्मेवार हुनेछ ।

(७) विद्यालय शिक्षण संस्थाको जिम्मेवारी तथा कार्य सम्पादन करार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

परिच्छेद - ६

## शैक्षिक गुणस्तर परीक्षण केन्द

२४. **शैक्षिक गुणस्तर परीक्षण केन्द्र** : (१) सिकाइको स्तर तथा शैक्षिक गुणस्तर परीक्षण गर्ने कार्य सम्पादन गर्नका लागि एक शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहनेछ ।

(२) नेपाल सरकारले शैक्षिक गुणस्तर परीक्षण केन्द्रको प्रमुखको रुपमा काम गर्न एकजना प्रमुख शैक्षिक गुणस्तर परीक्षक नियुक्त गर्नेछ ।

(३) प्रमुख शैक्षिक गुणस्तर परीक्षकको नियुक्ति, पारिश्रमिक र सेवाको अन्य शर्तहरु तोकिए बमोजिम हुनेछन् ।

२५. **सिफारिस समिति** : (१) प्रमुख शैक्षिक गुणस्तर परीक्षकको नियुक्तिको लागि नेपाल सरकार समक्ष सिफारिस गर्न देहाय बमोजिमका पदाधिकारी रहेको एक सिफारिस समिति रहनेछ ।

(क) लोक सेवा आयोगको अध्यक्ष - अध्यक्ष

(ख) राष्ट्रिय योजना आयोग (शिक्षा हेर्ने) का सदस्य - सदस्य

(ग) मन्त्रालयको सचिव - सदस्य

(२) उपदफा (१) बमोजिमको समितिले नेपाल शिक्षा सेवाको कम्तीमा राजपत्राङ्कित प्रथम श्रेणीको पदमा काम गरेका व्यक्तिहरुमध्येबाट प्रमुख शैक्षिक गुणस्तर परीक्षकको पदमा नियुक्तिको लागि नाम सिफारिस गर्नेछ ।

२६. **शैक्षिक गुणस्तर परीक्षण केन्द्रको अन्य काम, कर्तव्य र अधिकार** : शैक्षिक गुणस्तर परीक्षण केन्द्रको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

परिच्छेद - ७

## राष्ट्रिय परीक्षा बोर्ड

२७. **बोर्डको गठन** : (१) माध्यमिक तहको शिक्षाको परीक्षाको सञ्चालन, व्यवस्थापन, नियन्त्रण र समन्वय गर्न एक राष्ट्रिय परीक्षा बोर्ड रहनेछ ।

**स्पष्टिकरण** : "माध्यमिक तहको शिक्षाको परीक्षा" भन्नाले वाह्र कक्षाको अन्तिम परीक्षा सम्झनु पर्छ र सो शब्दले त्यस्तो परीक्षाको पूरक परीक्षा समेतलाइ जनाउँछ ।

(२) बोर्ड अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित संस्था हुनेछ ।

(३) उपदफा (१) बमोजिमको बोर्डको गठन देहाय बमोजिम हुनेछः-

(क) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर उपाधी

हासिल गरेको र शिक्षा तथा परीक्षा सम्बन्धी क्षेत्रमा कम्तीमा
बाह्र वर्षको अनुभव प्राप्त व्यक्तिहरुमध्येबाट नेपाल सरकारले
नियुक्त गरेको व्यक्ति - अध्यक्ष

(ख) मन्त्रालयको सचिव - उपाध्यक्ष

(ग) मन्त्रालयको सहसचिव (विद्यालय शिक्षा हेर्ने) - सदस्य

(घ) महानिर्देशक, शिक्षा विभाग - सदस्य

(ङ) कार्यकारी निर्देशक, पाठ्यक्रम विकास केन्द्र - सदस्य

(च) सदस्य-सचिव, प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् - सदस्य

(छ) परीक्षा नियन्त्रक, त्रिभुवन विश्वविद्यालय - सदस्य

(ज) प्राध्यापन, शिक्षा प्रशासन र परीक्षा क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव प्राप्त गरी विशेषज्ञता हासिल गरेका व्यक्तिहरुमध्येबाट बोर्डले मनोनीत गरेका कम्तीमा दुईजना महिला सहित तीनजना - सदस्य

(झ) सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयका प्रधानाध्यापकहरूमध्येबाट कम्तीमा एकजना महिला सहित मन्त्रालयले मनोनीत गरेका दुईजना -सदस्य

(ञ) नेपाल शिक्षा सेवाको राजपत्रांकित प्रथम श्रेणीको अधिकृत वा बोर्डको वरिष्ठ कर्मचारीहरूमध्येबाट मन्त्रालयले तोकेको एकजना अधिकृत -सदस्य-सचिव

(४) बोर्डको अध्यक्षको नियुक्तिको लागि नेपाल सरकारलाई सिफारिस गर्न लोक सेवा आयोगको अध्यक्षको अध्यक्षतामा ख्यातिप्राप्त शिक्षाविद्हरु मध्येबाट कम्तीमा एकजना महिला सहित मन्त्रालयले मनोनयन गरेका दुईजना सदस्य रहेको एक तीन सदस्यीय सिफारिस समिति गठन गर्नेछ र त्यस्तो समितिले सिफारिस गरेको व्यक्तिलाई नेपाल सरकारले बोर्डको अध्यक्षमा नियुक्ति गर्नेछ ।

(५) बोर्डका अध्यक्ष तथा मनोनीत सदस्यको पदावधि चार वर्षको हुनेछ ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि बोर्डको अध्यक्ष वा मनोनीत सदस्यले आफ्नो पदीय जिम्मेवारी इमान्दारीपूर्वक पूरा नगरेको भनी तोकिए बमोजिमको समितिको सिफारिसमा अध्यक्षको हकमा नेपाल सरकारले र सदस्यको हकमा मन्त्रालयले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मनासिव मौकाबाट बञ्चित गरिने छैन ।

(७) बोर्डको बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

२८. **बोर्डको काम, कर्तव्य र अधिकार** : बोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) मन्त्रालयले स्वीकृत गरेको परीक्षासम्बन्धी नीतिको अधीनमा रही बोर्डको नीति निर्धारण गरी कार्यान्वयन गर्ने, गराउने,

(ख) बोर्डको दीर्घकालीन योजना तयार गरी कार्यान्वयन गर्ने, गराउने,

(ग) विद्यालय शिक्षा परीक्षाको मर्यादा र गुणस्तर कायम भए नभएको सम्बन्धमा मूल्याङ्कन गर्ने, गराउने,

(घ) बोर्डको वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गर्ने,

(ङ) बोर्डको काम सुचारु रुपले सञ्चालन गर्न आवश्यक आर्थिक स्रोत जुटाउने,

(च) बोर्डको आवधिक तथा वार्षिक प्रतिवेदन मन्त्रालयमा पेश गर्ने,

(छ) तोकिए बमोजिमको अन्य कार्य गर्ने, गराउने ।

२९. **बोर्डको पदाधिकारीको सेवाको शर्त**: (१) बोर्डको अध्यक्ष बोर्डको पूर्णकालीन काम गर्ने प्रमुख पदाधिकारी हुनेछ ।

(२) बोर्डको सदस्य-सचिव बोर्डको पूर्णकालीन काम गर्ने प्रमुख प्रशासकीय पदाधिकारी हुनेछ ।

(३) बोर्डको अध्यक्ष तथा सदस्य-सचिवको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा तोकिए बमोजिम हुनेछ ।

(४) बोर्डको अध्यक्ष तथा सदस्य-सचिवको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(५) बोर्डको अध्यक्ष, उपाध्यक्ष, सदस्य र सदस्य-सचिवले बोर्डको बैठकमा भाग लिए बापत् अर्थ मन्त्रालयको सहमतिमा मन्त्रालयले तोके बमोजिमको बैठक भत्ता पाउने छन् ।

३०. **मानव स्रोत तथा वित्तिय व्यवस्था** : (१) बोर्डमा आवश्यकता अनुसार कर्मचारीहरु रहनेछन् ।

(२) उपदफा (१) बमोजिमको कर्मचारी नेपाल सरकारले उपलव्ध गराउनेछ ।

(३) बोर्डका कर्मचारीको पारिश्रमिक, सेवाको शर्त र सुविधा तोकिए बमोजिम हुनेछ ।

(४) उपदफा (३) बमोजिम सेवाका शर्तको व्यवस्था गर्दा यो दफा प्रारम्भ हुँदाका बखत उच्च माध्यमिक शिक्षा परिषद्मा कम्तीमा एक वर्ष निरन्तर अस्थायी सेवा गरिरहेका कर्मचारीको हकमा यो दफा प्रारम्भ भएपछि एकपटकको लागि आन्तरिक विज्ञापन गरी स्थायी पदपूर्तिको लागि हुने प्रतियोगितात्मक परीक्षामा सहभागी हुन पाउने र त्यसरी हुने विज्ञापनमा सहभागी हुन नचाहेमा त्यस्तो परिषद्मा कम्तीमा पाँच वर्ष निरन्तर अस्थायी सेवा गरिरहेका कर्मचारीलाई सुविधा दिई अवकाश दिने व्यवस्था गर्नु पर्नेछ ।

(५) बोर्टलाइ आवश्यक पर्ने वजेट नेपाल सरकारले उपलव्ध गराउने छ

३१. **बोर्डको कार्यालय** : (१) बोर्डको कार्यालय काठमाडौं उपत्यकाभित्र रहनेछ ।

(२) बोर्डले आवश्यकता अनुसार प्रदेशस्तरमा कार्यालय खोल्न सक्नेछ ।

३२. **अन्य परीक्षाको सञ्चालन व्यवस्था** : (१) दफा २१ वा २७ मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी प्रदेश कानून बमोजिम गठित प्रदेश परीक्षा बोर्डले परीक्षा संचालन र व्यवस्थापन गर्ने गरी निर्धारण नगरेसम्म माध्यमित तह अन्तर्गत कक्षा दश र एघारको अन्तिम परीक्षाको संचालन व्यस्थापन, नियन्त्रण तथा समन्वय बोर्डबाट हुनेछ ।

(२) उपदफा (१) बमोजिम हुने परीक्षा क्षेत्रीयस्तरमा वा जिल्लास्तरमा सञ्चालन गर्न सकिनेछ।

(३) उपदफा (१) बमोजिमको परीक्षा सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

परिच्छेद - ८

## राष्ट्रिय योग्यता निर्धारण समिति

३३. **राष्ट्रिय योग्यता निर्धारण समिति** : (१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी विदेशी विद्यालय वा शिक्षण संस्थाबाट प्राप्त उपाधिको समकक्षता निर्धारण गर्न देहाय बमोजिमको एक राष्ट्रिय योग्यता निर्धारण समिति (नेशनल क्वालिफिकेशन बोर्ड) गठन गर्नेछ :-

(क) अध्यक्ष, विश्व विद्यालय अनुदान आयोग - अध्यक्ष

(ख) नेपाल सरकारले नियुक्ति गरेको एक जना शिक्षाविद्- सदस्य

(ग) सहसचिव, मन्त्रालय, नेपाल सरकार - सदस्य

(घ) समकक्षता निर्धारण गर्नु पर्ने विषयसँग सम्बन्धित समितिले समय समयमा तोकेको विषय विज्ञ - सदस्य

(ङ) कार्यकारी निर्देशक, राष्ट्रिय पाठ्यक्रम विकास केन्द्र -सदस्य- सचिव

(२) शिक्षा प्रशासनमा कम्तिमा पन्ध्र वर्षको अनुभव प्राप्त गरी विशिष्ट श्रेणीको पदबाट अवकाश प्राप्त वा कुनै विश्व विद्यालयको प्राध्यापक पदबाट अवकाश प्राप्त व्यक्ति उपदफा (१) को खण्ड (ख) वा (घ) बमोजिमको पदमा नियुक्ति हुन योग्य मानिनेछ ।

(३) नेपाल सरकारले उपदफा (१) को खण्ड (घ) बमोजिमको विषयविज्ञ समकक्षता निर्धारण गर्ने प्रयोजनका लागि आवश्यकता अनुसार तोक्नेछ र समकक्षता निर्धारण भएपछि त्यस्तो पद स्वतः रिक्त हुनेछ ।

(४) उपदफा (१) बमोजिमको समितिले राष्ट्रिय योग्यता निर्धारण अधिकारी (नेशनल क्वालिफिकेशन अथोरिटी) को हैसियतमा कार्य सम्पादन गर्नेछ ।

(५) समितिको अध्यक्ष, सदस्य वा सदस्य सचिवले तोकिए बमोजिमका बैठक भत्ता तथा अन्य सुविधा पाउनेछन् ।

(६) समितिको सचिवालय तोकिए बमोजिम रहनेछ ।

(७) समितिको बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

३४. **राष्ट्रिय योग्यता निर्धारण समितिको काम, कर्तव्य र अधिकार :** राष्ट्रिय योग्यता निर्धारण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) कुनै विदेशी सरकारबाट स्वीकृत प्राप्त वा संचालित विद्यालय वा शिक्षण संस्थाबाट जारी भएको शैक्षिक प्रमाणपत्र वा प्राज्ञिक उपाधिको नेपालमा मान्यता दिने वा नदिने सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,

(ख) खण्ड (क) बमोजिमको शैक्षिक प्रमाणपत्र वा प्राज्ञिक उपाधिलाई मान्यता दिन सकिने हो भने त्यस्तो प्रमाणपत्र वा उपाधिलाई नेपालका विद्यालय वा शिक्षण संस्थाबाट प्रदान गर्ने कुन तह वा स्तरको उपाधि सरह मान्यता दिने हो त्यसको समकक्षता निर्धारण गर्ने,

(ग) नेपाल सरकारबाट मान्यता प्राप्त विदेशी विद्यालय वा शिक्षण संस्थाबाट जारी भएको शैक्षिक प्रमाणपत्र वा प्राज्ञिक उपाधिको तह वा स्तर निर्धारण गरी त्यसको प्रमाणपत्र जारी गर्ने,

(घ) खण्ड (ग) बमोजिम मान्यता प्राप्त विद्यालय वा शिक्षण संस्थाबाट जारी भएको शैक्षिक प्रमाणपत्र वा प्राज्ञिक उपाधिको मान्यता कायम राख्न पुनरावलोकन गर्नु पर्ने देखिएमा त्यसको कारण खुलाई नेपाल सरकार समक्ष सुझाव दिने,

(ङ) तोकिए बमोजिम अन्य काम गर्ने वा गराउने ।

३५. **उपसमिति वा कार्यदल गठन गर्न सक्ने**: (१) दफा ३३ बमोजिमको समितिले कुनै खास विषयमा कार्यसम्पादन गर्न समितिलाई सघाउन वा कुनै खास विषयको समकक्षताका सम्बन्धमा अध्ययन गरी समितिमा प्रतिवेदन पेश गर्न आवश्यकता अनुसार उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिको उपसमिति वा कार्यदलको गठन विधि, कार्यक्षेत्रगत शर्तहरु (टर्मस अफ रेफेरेन्स) गठन गर्दाका वखत समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

३६. **समकक्षता निर्धारण**: (१) विदेशी विद्यालय वा शिक्षण संस्थाबाट प्राप्त शैक्षिक वा प्राज्ञिक प्रमाणपत्र वा प्राज्ञिक उपाधिले नेपालभित्र मान्यता प्राप्त गर्नको लागि त्यस्तो प्रमाणपत्र वा उपाधिको समकक्षता निर्धारण गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रमाणपत्र वा उपाधिको समकक्षता निर्धारण गर्न चाहने व्यक्तिले त्यस्तो प्रमाणपत्र वा उपाधि प्राप्त गरेको व्यक्तिले दफा ३३ बमोजिमको राष्ट्रिय योग्यता निर्धारण समितिमा तोकिए बमोजिमको ढाँचामा तोकिए बमोजिमका कागजात संलग्न गरी निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भएमा समितिले तोकिए बमोजिमको कार्यविधि पूरा गरी समकक्षता निर्धारण गर्नेछ ।

(४) उपदफा (३) बमोजिम समकक्षता निर्धारण भए पछि समितिको सदस्य सचिवले तोकिए बमोजिमको ढाँचामा सम्बन्धित व्यक्तिलाई समकक्षता निर्धारण भएको प्रमाणपत्र प्रदान गर्नेछ ।

(५) समकक्षता निर्धारण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३७. **समकक्षता निर्धारण गर्न आवश्यक नहुने** : (१) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विदेशी विद्यालय वा शिक्षण संस्थाबाट जारी भएको शैक्षिक प्रमाणपत्र वा प्राज्ञिक उपाधिलाई नेपाल सरकारले एक पटक मान्यता दिई त्यसको समकक्षता निर्धारण भइसकेकोमा दफा ३४ बमोजिम अन्यथा व्यवस्था भएकोमा बाहेक त्यस्तो विद्यालय वा शिक्षण संस्थाबाट जारी भएको शैक्षिक प्रमाणपत्र वा प्राज्ञिक उपाधिलाई नेपाल सरकारले मान्यता दिएको र स्तर निर्धारण भएको मानिनेछ र त्यसपछि प्राप्त भएका सोही विद्यालय वा शिक्षण संस्थाबाट प्राप्त सोही विषय र स्तरका शैक्षिक प्रमाणपत्र वा उपाधिको समकक्षता निर्धारण हुन आवश्यक पर्ने छैन ।

(२) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार पक्ष रहेको विदेशी शैक्षिक संस्थाको प्रमाणपत्र वा उपाधिको पारस्पारिक मान्यता तथा समकक्षता निर्धारणका सम्बन्धमा व्यवस्था भएको कुनै बहुपक्षीय सन्धि वा नेपाल सरकारले कुनै विदेशी मुलुकसँग गरेको सन्धिको हकमा त्यस्तो सन्धिको व्यवस्था बमोजिम नै हुनेछ ।

(३) नेपाल सरकारले उपदफा (१) वा (२) बमोजिम निर्धारण भएको समकक्षता समय समयमा सार्वजनिक गर्नु पर्नेछ ।

३८. **समकक्षता निर्धारण सम्बन्धी प्रचलित कानूनमा असर नपर्ने** : यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विश्व विद्यालयको प्रयोजनका लागि विदेशी विद्यालय वा शिक्षण संस्थाबाट प्रदान गरिएको शैक्षिक प्रमाणपत्र वा प्राज्ञिक उपाधिको स्तर वा समकक्षता सोही विश्व विद्यालयबाट निर्धारण भए बमोजिम हुनेछ ।

तर,

(१) विदेशी विश्व विद्यालयको प्रमाणपत्रको मान्यता दिदा दफा ३४ को खण्ड (क) बमोजिमको सुझावलाई आधार लिनु पर्नेछ ।

(२) विश्व विद्यालय बाहेकका शिक्षण संस्थाले समकक्षता वा स्तर निर्धारण र मान्यता प्रदान गर्ने काम गर्न सक्ने छैन ।

३९. **समकक्षता निर्धारण सम्बन्धी निवेदन सर्ने** : (१) यो ऐन प्रारम्भ हुँदाका बखत प्रचलित कानून बमोजिम समकक्षता निर्धारण गर्न विभिन्न निकायमा विचाराधीन रहेका निवेदनहरु यो ऐन प्रारम्भ भए पछि दफा ३३ बमोजिमको राष्ट्रिय योग्यता निर्धारण समितिमा सर्ने छन् ।

(२) उपदफा (१) बमोजिम सारिएको निवेदनका सम्बन्धमा राष्ट्रिय योग्यता निर्धारण समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद - ९

## शिक्षण संस्था सम्बन्धी विशेष व्यवस्था

४०. **शिक्षण संस्थाको स्थापना तथा स्तर** : (१) नेपाल सरकार वा प्रदेश सरकारले प्रचलित कानून बमोजिम शिक्षण संस्था स्थापन गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम शिक्षण संस्था स्थापना गर्दा परिच्छेद-२ को अधीनमा रहीत्यस्तो शिक्षण संस्था सञ्चालन गर्न आवश्यक हुने भौतिक, वित्तीय र मानव स्रोतको समेत व्यवस्था गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम शिक्षण संस्था नेपाल सरकारले स्थापना गरेको भए केन्द्रीय स्तरको र प्रदेश सरकारले स्थापना गरेको भए प्रदेश स्तरको विश्व विद्यालय वा शिक्षण संस्था मानिनेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत कायम रहेका विश्व विद्यालय वा शिक्षण संस्थाको स्तर नेपाल सरकारले निर्धारण गरी नेपाल राजपत्रमा सूचना प्रकाशन गरे बमोजिम हुनेछ।

तर त्यसरी निर्धारण नगरेसम्म त्यस्तो विश्व विद्यालय वा शिक्षण संस्था केन्द्रीय स्तरको हुनेछ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले प्रदेश सरकारसँग समन्वय र सहकार्य गरी कुनै विश्व विद्यालय वा शिक्षण संस्था स्थापना गरी सञ्चालन गर्न वाधा पर्ने छैन।

४१. **सम्बन्धन प्रदान गर्ने** : (१) प्रचलित कानून बमोजिम स्थापना भएको विश्व विद्यालयले कुनै विश्व विद्यालय बाहेकको शिक्षण संस्थालाई पठन पाठन गराउन सम्बन्धन प्रदान गर्न सक्नेछ।

तर मानित विश्व विद्यालय वा सम्बन्धित विषय आफ्नो प्राज्ञिक विभाग नभएको विश्व विद्यालयले त्यस्तो विषयमा पठन पाठन गराउन सम्बन्धन प्रदान गर्न सक्ने छैन।

(२) उपदफा (१) बमोजिम सम्बन्धन प्राप्त गरेको शिक्षण संस्थाले सम्बन्धन प्रदान गर्ने विश्व विद्यालयको पाठयक्रम, शिक्षण विधि तथा शर्त बमोजिम पठन पाठन गराउनु पर्ने छ।

(३) उपदफा (१) बमोजिम सम्बन्धन प्रदान गर्दा केन्द्रिय स्तरको विश्व विद्यालय भए जुनसुकै प्रदेशमा रहेको र प्रदेश स्तरको विश्व विद्यालय भए सम्बन्धित प्रदेशमा रहेको शिक्षण संस्थालाई सम्बन्धन प्रदान गर्नु पर्नेछ।

(४) यस दफा बमोजिम सम्बन्धन प्रदान गर्ने शिक्षण संस्थाले शिक्षाको राष्ट्रिय स्तरको गुणस्तर कायम गर्ने र परीक्षा लिने काम गर्नु पर्नेछ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ भएको वा दफा ४० को उपदफा (४) बमोजिम सूचना प्रकाशन गरेको पाँच वर्षमध्ये जुन पहिला हुन्छ सो अवधिसम्म यो ऐन प्रारम्भ हुँदाका बखत कायम रहेको शिक्षण संस्थाले प्राप्त गरेको सम्बन्धन कायम रहने छ।

४२. **विदेशी विश्व विद्यालयको सम्बन्धन**: (१) नेपालभित्र स्थापना वा सञ्चालन भएका कुनै पनि शिक्षण संस्थाले विदेशी विश्व विद्यालय पाठ्यक्रम वा शैक्षिक कार्यक्रम

बमोजिम पठन पाठन गराउने गरी त्यस्तो विश्व विद्यालयको सम्बन्धन प्राप्त गर्न सक्ने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपालसँग कूटनैतिक सम्बन्ध कायम भएको कुनै मुलुकको प्रतिष्ठित विश्व विद्यालयको पाठ्यक्रम, शिक्षण विधि तथा शर्त बमोजिम तोकिएको विषय पठन पाठन गराउने गरी विश्व विद्यालय अनुदान आयोगको सिफारिसमा नेपाल सरकारले कुनै शिक्षण संस्थालाई सम्बन्धन प्राप्त गर्न स्वीकृति प्रदान गर्न सक्नेछ ।

(३) उपदफा (१) मा जनुसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले देहायका कुनै अवस्थामा कुनै शिक्षण संस्थालाई विदेशी विश्व विद्यालयको सम्बन्धन प्राप्त गर्न स्वीकृत प्रदान गर्ने छैन :-

(क) त्यस्तो विश्व विद्यालय सम्बन्धित मुलुकमा स्वीकृति प्राप्त नगरी स्थापना वा सञ्चालन भएकोमा,

(ख) त्यस्तो विश्व विद्यालयबाट प्रदान हुने प्रमाणपत्रको सम्बन्धित मुलुकमा मान्यता प्राप्त नभएमा,

(ग) त्यस्तो विश्व विद्यालयले सम्वन्धित मुलुकको अधिकार प्राप्त अधिकारीबाट गुणस्तर सुनिश्चित प्रत्यायन (क्वालिटी एसुरेन्स ऐक्रेडिटेशन) प्राप्त नगरेको भएमा,

(घ) त्यस्तो विश्व विद्यालयको संस्थापना पत्र (चार्टर) वा सम्बन्धित मुलुकको कानून बमोजिम त्यस्तो विश्व विद्यालयले विदेशी शिक्षण संस्थालाई सम्बन्धन प्रदान गर्न नसक्ने भएमा,

(ङ) त्यस्तो विश्व विद्यालयको पाठ्यक्रम तथा शिक्षण विधि नेपालमा पठन पाठन हुने समान स्तरको पाठ्यक्रम तथा शिक्षण विधिभन्दा तल्लो स्तरको भएमा,

(च) त्यस्तो विश्व विद्यालयको शिक्षण अवधि समान स्तरको नेपालको शिक्षण अवधि भन्दा कम अवधिको भएमा ।

(४) विदेशी विश्व विद्यालयको सम्बन्धन प्राप्त गर्नका लागि उपदफा (३) बमोजिम स्वीकृति प्राप्त गर्न चाहने शिक्षण संस्थाले नेपाल सरकारले तोके

नेपाल कानून आयोग

बमोजिमको रकम सुरक्षण वापत नेपाल सरकारको नाममा धरौटी राख्नु पर्नेछ र त्यस्तो धरौटी प्रत्येक चार वर्षमा नवीकरण गराउनु पर्नेछ ।

(५) विदेशी विश्व विद्यालयको सम्बन्धन प्राप्त गर्न स्वीकृत प्राप्त गर्न चाहने शिक्षण संस्थाले पूरा गर्नुपर्ने अन्य शर्त तथा मापदण्ड तोकिए बमोजिम हुनेछ ।

(६) यस दफा बमोजिम सम्बन्धन प्राप्त शिक्षण संस्थाले विश्व विद्यालय अनुदान आयोगको सिफारिसमा नेपाल सरकारले निर्धारण गरेको भन्दा बढी हुने गरी शिक्षा शूल्क, दस्तूर वा अन्य कुनै रकम अशुल गर्न सक्ने छैन ।

(७) यो ऐन प्रारम्भ हुँदाका बखत कुनै शिक्षण संस्थाले विदेशी विश्व विद्यालयबाट प्राप्त गरेको सम्बन्धन यस ऐन बमोजिम प्राप्त गरेको मानिनेछ ।

तर उपदफा (३) बमोजिमको अवस्थामा त्यस्तो सम्बन्धन यो ऐन प्रारम्भ भएको चार वर्ष पछि स्वतः अन्त्य हुनेछ ।

(८) यस दफा विपरित हुने गरी सम्बन्धन प्राप्त गरेको वा शिक्षा शुल्क, दस्तूर वा अन्य कुनै रकम असुल गर्ने शिक्षण संस्थालाई तोकिएको कार्य विधि पूरा गरी नेपाल सरकारले दश लाख रुपैयाँसम्म जरिवाना वा त्यस्तो शिक्षण संस्था बन्द गर्न वा दुबै कारबाई र सजाय गर्न सक्नेछ ।

४३. **विश्व विद्यालयले प्रतिवेदन पेश गर्नु पर्ने**: (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण वा अधिकांश अनुदान बमोजिम सञ्चालन भएको केन्द्रीय स्तरको विश्व विद्यालय भए संघीय शिक्षा मन्त्री र प्रदेश स्तरको विश्व विद्यालय भए सम्बन्धित मुख्य मन्त्री मार्फत क्रमशः प्रतिनिधि सभा र प्रदेश सरकारको सम्बन्धित समितिमा प्रत्येक वर्षको वैशाख महिनाभित्र वार्षिक प्रतिवेदन पेश गर्नु पर्नेछ ।

**स्पष्टीकरण** : यस दफाको प्रयोजनका लागि “विश्व विद्यालय” भन्नाले मानित विश्व विद्यालय समेतलाई जनाउनेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा देहायका विषय उल्लेख हुनु पर्नेछ :

(क) सम्बन्धित विश्व विद्यालयको भौतिक, वित्तिय तथा मानव स्रोतको विवरण,

(ख) सम्बन्धित विश्व विद्यालयलाई नेपाल सरकार वा प्रदेश सरकार मार्फत प्राप्त भएको वार्षिक अनुदान,

(ग) सम्बन्धित विश्व विद्यालयमा अध्ययनरत विद्यार्थी संख्या,

(घ) सम्बन्धित विश्व विद्यालयबाट अघिल्लो शैक्षिक वर्षमा उत्तीर्ण भएका र उपाधि प्राप्त व्यक्तिको संख्या र त्यस वर्ष विनियोजन भएको रकमको अनुपातमा प्रत्येक विद्यार्थी वापतको लागत रकम,

(ङ) सम्बन्धित विश्व विद्यालयमा गर्नु पर्ने सुधार,

(च) अन्य आवश्यक विषय ।

परिच्छेद -१०

## छात्रवृत्ति

४४. **प्रतिस्पर्धाबाट छात्रवृत्ति प्रदान गर्नु पर्ने :** (१) नेपाल सरकारलाई प्राप्त हुने वा नेपाल सरकारबाट वितरण हुने देहायको उच्च शिक्षाको छात्रवृत्ति तोकिए बमोजिम खुला प्रतिस्पर्धा गराई छानिएको नेपाली नागरिकलाई प्रदान गर्नु पर्नेछ :-

(क) चिकित्साशास्त्र, इन्जिनियरिङ्ग, कृषि, वनविज्ञान वा तोकिए बमोजिमका अन्य प्राविधिक विषयमा नेपाल स्थित शिक्षण संस्थाबाट प्राप्त छात्रवृत्ति,

(ख) विदेशी सरकार, विदेशी विश्व विद्यालय वा शिक्षण संस्था वा अन्तर्राष्ट्रिय संस्थाबाट प्राप्त छात्रवृत्ति,

(ग) नेपाल सरकारको स्रोतबाट वितरण हुने वा नेपाल सरकार मार्फत वितरण हुने छात्रवृत्ति,

(घ) तोकिए बमोजिमका अन्य छात्रवृत्ति ।

(२) उपदफा (१) बमोजिमको छात्रवृत्तिको लागि प्रतिस्पर्धा गराउँदा प्रतिस्पर्धा गराउने कुल स्थान मध्ये महिला, आदिवासी जनजाति, मधेशी, दलित, विपन्न खस आर्य, थारु, अपांगत भएका व्यक्ति, मुस्लिम वा पिछडिएको क्षेत्रका नागरिकलाई तोकिए बमोजिमको स्थान सुरक्षित गरी त्यस्तो समूहका नागरिकहरु बीच छुट्टाछुट्टै प्रतिस्पर्धा गराउनु पर्नेछ ।

(३) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारका विभिन्न सेवामा बहाल रहेका कर्मचारीलाई मात्र वितरण हुने गरी नेपाल

सरकारलाई प्राप्त हुने उच्च शिक्षाको कुनै स्वदेशी वा विदेशी छात्रवृत्ति त्यस्तो सेवाका कर्मचारीको सेवाका शर्त सम्बन्धी कानून बमोजिम वितरण गर्नु पर्नेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि निरपेक्ष गरिबीको रेखा मुनि रहेका परिवारका बालबालिका वा विद्यार्थीलाई नेपाल सरकारले तोकिए बमोजिमको आधारमा तोकिए बमोजिमको छात्रवृत्ति प्रदान गर्न सक्नेछ ।

(५) नेपाल सरकारलाई प्राप्त हुने वा नेपाल सरकारबाट वितरण हुने छात्रवृत्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४५. **प्रदेश सरकार वा स्थानीय तहलाई प्राप्त हुने छात्रवृत्ति** : (१) प्रदेश सरकार वा स्थानीय तहलाई प्राप्त हुने विद्यालय स्तर वा उच्च शिक्षाको छात्रवृत्ति सम्बन्धित प्रदेश कानून वा स्थानीय तहको कानून बमोजिम प्रतिस्पर्धा गराई पारदर्शी ढँगबाट वितरण गर्नु वा गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रतिस्पर्धा गराउँदा प्रतिस्पर्धा गराउने कुल स्थानमध्ये तोकिए बमोजिमका स्थानमा दफा ४४ को उपदफा (२) बमोजिमका समूहका लागि तोकिए बमोजिमको छात्रवृत्ति सुरक्षित गरी त्यस्ता समूहका नागरिकहरु बीच छुट्टाछुट्टै प्रतिस्पर्धा गराउनु पर्नेछ ।

(३) प्रदेश सरकार वा स्थानीय तहबाट वितरण हुने छात्रवृत्ति सम्बन्धी अन्य व्यवस्था प्रदेश कानून वा स्थानीय तहको कानून बमोजिम हुनेछ ।

४६. **छात्रवृत्ति पाउने विद्यार्थीको दायित्व** : (१) दफा ४४ बमोजिम छात्रवृत्तिको लागि खुला प्रतिस्पर्धाबाट छानिएका नेपाली नागरिकले त्यस्तो छात्रवृत्ति प्राप्त गर्नु अघि छात्रवृत्ति अन्तर्गत अध्ययनरत वा अनुसन्धान पूरा गरेपछि नेपाल सरकारले तोकेका ठाउँमा काम गर्न मञ्जुर गरी नेपाल सरकारसँग करार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम छात्रवृत्ति पाउने नागरिकले आफ्नो अध्ययन वा अनुसन्धान अवधि समाप्त भएको मितिले तीन महिनाभित्र मन्त्रालय वा सम्बन्धित निकायमा अध्ययन वा अनुसन्धान पूरा भएको प्रतिवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रतिवेदन पेश भएको मितिले एक वर्षभित्र नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह वा नेपाल सरकारको स्वामित्व भएको वा नेपाल सरकारले आर्थिक सहायता प्रदान गरेको कुनै संस्था वा निकायको कुनै पदमा

बढीमा पाँच वर्षसम्म सेवा गर्न खटाउन सक्नेछ र त्यसरी खटाएमा सो बमोजिम सेवा गर्नु सम्बन्धित व्यक्तिको कर्तव्य हुनेछ ।

(४) उपदफा (३) बमोजिम नेपाल सरकारले खटाएको स्थानमा काम नगर्ने व्यक्ति नेपाल सरकारको कुनै सेवा वा पद वा नेपाल सरकारको स्वामित्व भएको वा नेपाल सरकारले आर्थिक सहायता प्रदान गरेको संस्था वा निकायको कुनै पदमानियुक्त हुन सामान्यतःअयोग्य हुनेछ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामासो उपदफा लागू हुने छैन :

(क) नेपाल सरकारले एक वर्षको अवधि भित्र त्यस्तो व्यक्तिलाई कुनै काम लगाउन वा खटाउन नसकेमा,

(ख) नेपाल सरकारले एक वर्षको अवधि भित्र निजलाई कुनै गैर सरकारी सेवामा प्रवेश गर्ने अनुमति दिएमा,

(ग) निज नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कर्मचारी भए निज आफू बहाल रहेको कार्यालयमा हाजिर भई आफ्नो पद अनुसारको जिम्मेवारी बहन गरेमा ।

(६) छात्रवृत्ति पाउने व्यक्तिले छात्रवृत्तिमा अध्ययन वा अनुसन्धान गरी रहेको अवस्थामा नेपाल सरकारको पूर्व स्वीकृति नलिई नेपाल सरकारले स्वीकृत गरेको विषय वाहेक अन्य विषयमा वा सोही विषयमा पनि थप उच्चस्तर अध्ययन वा अनुसन्धान गर्न वा छात्रवृत्ति प्राप्त गरेपछि नेपाल सरकारको स्वीकृति नलिई अध्ययन वा अनुसन्धान समाप्त नगरी बीचैमा छाड्नु हुदैन ।

(७) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालय स्तरको छात्रवृत्ति प्राप्त गरेको नेपाली नागरिकले यस दफा र दफा ४७ बमोजिमको दायित्व निर्वाह गर्न आवश्यक हुने छैन ।

४७. **विगो भराउन सकिने** : (१) दफा ४४ बमोजिम नेपाल सरकारबाट छात्रवृत्ति प्राप्त गरी अध्ययन वा अनुसन्धान पूरा गर्ने व्यक्तिले दफा ४६ बमोजिमको करार गरी नेपाल सरकारले खटाएको ठाउँमा सोही दफाको उपदफा (३) बमोजिमको सेवा नगरेमा त्यस्तो व्यक्तिले अध्ययन गरेको मुलुक, विषय, स्तर, अवधि, निजले प्राप्त गरेको छात्रवृत्ति रकम र निजले अध्ययन गरेको शिक्षण संस्था वा विश्वविद्यालयको

प्रतिष्ठा बमोजिम विगो निर्धारण गरी विगो बराबरको रकम निजबाट भराउन सक्नेछ ।

(२) नेपाल सरकारले उपदफा (१) बमोजिमको विगो निर्धारण गर्न तोकिए बमोजिमको एक प्राविधिक समिति गठन गर्नेछ ।

(३) उपदफा (२) बमोजिमको समितिले तोकिए बमोजिमको अवधिभित्र बिगो रकम निर्धारण गरी त्यसको प्रतिवेदन नेपाल सरकारमा पेश गर्नेछ ।

(४) उपदफा (३) बमोजिम विगो निर्धारण भएको प्रतिवेदन प्राप्त भएको पन्ध्र दिनभित्र निर्धारण भएको बिगो बमोजिमको रकम तीन महिनाभित्र भुक्तानी गर्न सम्बन्धित व्यक्ति र निजको संरक्षकलाई सूचना दिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिमको अवधिभित्र निज वा निजको संरक्षकले विगो रकम नेपाल सरकारलाई नबुझाएमा निजको चल वा अचल सम्पत्ति रोक्का राखी बिगो असुल उपर गर्न नेपाल सरकारले कारबाई चलाउनेछ ।

(६) उपदफा (५) बमोजिम विगो असुल उपर हुन नसकेमा प्रचलित कानून बमोजिम सरकारी बिगो असुल हुन नसके वापतको सरह कैद सजाय हुनेछ ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायका अवस्थामा त्यस्तो व्यक्ति उपर विगो असुल सम्बन्धी कारबाई गर्नु पर्ने छैन :-

(क) करार बमोजिम सेवा पूरा नगर्दै निजको मृत्यु भएमा,

(ख) शारीरिक अंपागता भएको वा होस ठेगान नभएको कारणले निजले अध्ययन वा अनुसन्धान गरेको विषयमा निज आफैले सेवा गर्न सकिने अवस्था उत्पन्न भएमा,

(ग) नेपाल सकार, प्रदेश सरकार वा स्थानीय तह वा त्यस्तो सरकार वा तहको पूर्ण वा आंशिक संगठित संस्थाको पदमा निज स्थायी नियुक्ति भएमा,

(घ) निजको विशेषज्ञता वा विज्ञताको आधारमा नेपाल सरकारले निजलाई कुनै विशेष जिम्मेवारी दिएमा ।

४८. **<u>सेवा अन्त्य हुने</u>** : (१) दफा ४४ बमोजिम नेपाल सरकारबाट प्राप्त छात्रवृत्तिमा अध्ययन वा अनुसन्धान गर्न सुविधा प्राप्त गरेको कर्मचारी, शिक्षक वा प्राध्यापकले अध्ययन वा अनुसन्धान पूरा गरेको तीन महिनाभित्र आफू बहाल रहेको कार्यालय,

विद्यालय वा शिक्षण संस्थामा हाजिर नभएमा सम्बन्धित विभागीय प्रमुख वा अधिकार प्राप्त अधिकारीले निजको सेवा शर्त सम्बन्धी कानून बमोजिम सेवा अन्त्य गर्ने कारबाई गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सेवा अन्त्य भएमा दफा ४७ बमोजिम निजबाट विगो असुल गर्नु पर्नेछ ।

४९. **राहदानी रद्द गर्न सकिने** : (१) दफा ४४ बमोजिम छात्रवृत्तिमा अध्ययन वा अनुसन्धानको लागि नेपाल बाहिर गएको व्यक्तिले दफा ४६ बमोजिम सेवा नगरेमा नेपाल सरकारले निजको राहदानी रद्द गर्न वा नयाँ राहदानी जारी नगर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम राहदानी रद्द गरेको वा नयाँ राहदानी जारी नगरेको कारणले दफा ४७ बमोजिमको विगो निजबाट असुल उपर गर्न बाधा पुगेको मानिने छैन ।

५०. **स्वीकृति पत्र लिनु पर्ने** : (१) नेपाली नागरिकले नेपाल सरकारको पूर्व स्वीकृति पत्र प्राप्त नगरी विदेशमा उच्च शिक्षा अध्ययन वा अनुसन्धान गर्न गएमा निजलाई विदेशी मुद्राको सटही सुविधा प्राप्त हुने छैन ।

(२) उपदफा (१) को प्रयोजनको लागि विदेशमा उच्च शिक्षा अध्ययन गर्न जान चाहने नेपाली नागरिकले स्वीकृति पत्र प्राप्त गर्नको लागि तोकिए बमोजिमको विवरण खुलाई तोकिए बमोजिमको शुल्क सहित मन्त्रालयमा निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा निवेदनको व्यहोरा मनासिब देखिएमा मन्त्रालयले तोकिए बमोजिमको ढाँचामा निवेदकलाई विदेशमा उच्च शिक्षा अध्ययन गर्न जाने स्वीकृति (नो अब्जेक्सन लेटर) दिनेछ ।

(४) उपदफा (३) बमोजिम विदेशमा अध्ययन गर्न जाने स्वीकृति पाएको व्यक्तिले त्यस्तो अध्ययनको लागि विदेशी मुद्राको सटही सुविधा पाउनको लागि मन्त्रालयमा निवेदन दिएमा मन्त्रालयले निवेदकलाई त्यस्तो विदेशी मुद्राको सटही सुविधा दिनको लागि तोकिए बमोजिम सिफारिस गर्न सक्नेछ ।

(५) विदेशमा उच्च शिक्षा अध्ययनको लागि आवश्यक पर्नेस्वीकृति पत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

परिच्छेद - ११

## प्राविधिक शिक्षा

५१. **प्राविधिक तथा व्यावसायिक शिक्षा सम्बन्धी व्यवस्थाः** (१) शिक्षालाई बढी रोजगारमूलक तथा जीवनोपयोगी बनाउन नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले आवश्यकता अनुसार प्रचलित कानून बमोजिम प्राविधिक तथा व्यावसायिक शिक्षण संस्था वा विद्यालय स्थापना गरी संचालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम शिक्षण संस्था वा विद्यालय संचालन गर्नु अघि त्यस्तो शिक्षण संस्था वा विद्यालयमा यस ऐनमा उल्लेख भएका पूर्वाधारका अतिरिक्त प्रचलित कानून बमोजिम अन्य पूर्वाधार, शर्त तथा मापदण्ड पूरा गर्नु पर्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट अनुमति प्राप्त गरी कुनै पनि व्यक्तिले प्राविधिक तथा व्यावसायिक शिक्षण संस्था वा विद्यालय स्थापना गर्न वा संचालन गर्न सक्नेछ ।

तर त्यस्तो व्यक्तिले त्यस्तो शिक्षण संस्था वा विद्यालय संचालन गर्नु अघि उपदफा (२) बमोजिम पूर्वाधार, शर्त तथा मापदण्ड पूरा गर्नु पर्नेछ ।

नेपाल कानून आयोग

परिच्छेद - १२

## **अनुसन्धान तथा विकास**

५२. **अनुसन्धान तथा विकासका लागि अनुदान दिनुपर्ने** : (१) मुनाफा कमाउने संगठित संस्थाले आर्जन गरेको खुद मुनाफाको (सून्य दशमलव एक सून्य प्रतिशत वा एकलाख रुपैयाँमध्ये जुन बढी हुन्छ सो बराबरको रकम) (तोकिए बमोजिमको रकम) त्यस्तो संगठित संस्थासँग सम्बन्धित क्षेत्र वा त्यस्तो संगठित संस्थाले तोकेको क्षेत्रमा अनुसन्धान गर्न वा त्यस्तो क्षेत्रमा उत्पादनको नयाँ प्रविधि, शीप वा विधि विकास गर्न अनुदान रकम छुट्याउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको रकमको अनुसन्धान तथा विकासको प्रयोजनको लागि उपयोग गर्न सम्बन्धित संगठीत संस्था र कुनै शिक्षण संस्था बीच सम्झौता गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको शिक्षण संस्थाले त्यस्तो सम्झौतामा उल्लेख भए बमोजिम अनुसन्धान वा विकासका लागि प्रयोगशाला परीक्षण, प्रविधि, शीप वा प्रविधि विकासको अभ्यास, अनुसन्धानकर्तालाई दिनुपर्ने छात्रवृत्ति वा अनुसन्धान सुपरिवेक्षकलाई दिनुपर्ने विद्वतवृत्तिको लागि खर्च गर्नु पर्नेछ ।

(४) यस दफा बमोजिम अनुसन्धान वा विकासका लागि छात्रवृत्ति प्राप्त गर्ने व्यक्तिले सम्बन्धित विषयमा कम्तिमा स्नातकोत्तर उपाधि हासिल गरेको हुनु पर्नेछ ।

(५) अनुदान तथा विकासका लागि छुट्याउनु पर्ने अनुदान रकम सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५३. **मानव संशाधन विकास गर्ने** : (१) राष्ट्रिय विकासको लागि कुनै खास विधाको प्राविधिक वा व्यावसायिक मानव संशाधन वा विशेषज्ञ आवश्यक देखिएमा नेपाल सरकारले तोकिए अवधिभित्र त्यस्तो संशाधन वा विशेषज्ञ उत्पादन गर्न कुनै खास शिक्षण संस्थालाई निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्देशन दिएकोमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो अवधिभित्र मानव संशाधन वा विशेषज्ञ उत्पादन गर्नु त्यस्तो शिक्षण संस्थाको कर्तव्य हुनेछ ।

५४. **अनुदान दिनु पर्ने** : (१) शिक्षण संस्थाले दफा ५३ बमोजिमको मानव संशाधन उत्पादन गर्न वा त्यस्तो संशाधन उत्पादन गर्न आवश्यक फ्याकल्टी वा शिक्षण संस्थाको संस्थागत क्षमता विकास गर्न आवश्यक अनुदान रकम माग गरी त्यसको परियोजना विवरण सहित नेपाल सरकारसँग अनुरोध गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम रकम माग भएकोमा नेपाल सरकारले त्यस्तो शिक्षण संस्थासँग परामर्श गरी उपयुक्त रकम सम्बन्धित शिक्षण संस्थालाई उपलब्ध गराउन सक्नेछ ।

परिच्छेद -१३

## स्वयम्सेवा परिचालन

५५. **स्वयम्सेवा परिचालन गर्न सकिने** : (१) कुनै शिक्षण संस्थाले कुनै विषयमा स्नातकोपाधि प्राप्त गरेका स्नातकलाई राष्ट्र विकासमा सहभागी गराउन मन्त्रालयले त्यस्तो स्नातकलाई स्वयम्सेवकको रुपमा परिचालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परिचालन भएका स्नातकलाई स्थानीय तहको माग बमोजिम मुलुकका विभिन्न स्थानीय तहमा पठाउन सकिनेछ ।

(३) उपदफा (२) बमोजिम स्वयम् सेवम परिचालन गर्दा मन्त्रालय र स्वयम्सेवा प्रदान गर्ने सम्बन्धित स्नातकबीच सम्झौता हुनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम हुने सम्झौतामा अन्य कुराको अतिरिक्त स्वयम्सेवकले स्वयम् सेवा प्रदान गर्ने स्थानीय तह, स्वयम्सेवा प्रदान गर्ने कामको विवरण, स्वयम्सेवाको अवधि, निजले पाउने सुविधा उल्लेख गर्नु पर्नेछ ।

(५) उपदफा (२) बमोजिम पठाइएको स्नातकले पठाएको सम्बन्धित स्थानीय तहमा आफै उपस्थित भई त्यस्तो स्थानीय तहको सामान्य सुपरीवेक्षणमा तोकिए बमोजिमको अवधिका लागि सम्झौता उल्लेख भए बमोजिमको कामको स्वयम् सेवा प्रदान गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम स्वयम् सेवा प्रदान गर्ने स्नातकलाई निज खटिएको स्थानीय तहको आर्थिक अवस्था अनुसार निजलाई खान र बस्नको खर्च पूरा गर्न प्रति महिना निर्वाह भत्ता उपलब्ध गराउनु पर्नेछ ।

(७) यस दफा बमोजिम स्वयम् सेवा प्रदान गर्ने स्वयम् सेवकले सम्झौता बमोजिमको काम गर्दा सम्झौता बमोजिम पाउने सुविधा र उपदफा (६) बमोजिम पाउने निर्वाह भत्ता बाहेक अन्य कुनै पारिश्रमिक र रकम पाउने छैन ।

(८) उपदफा (३) बमोजिमको सम्झौता अनुसार सफल कार्य सम्पादन गर्ने स्वयम् सेवकलाई सम्बन्धित स्थानीय तहले स्वयम् सेवा पूरा गरेको तोकिएको ढाँचामा प्रमाणपत्र दिनु पर्नेछ ।

(९) यस दफा बमोजिम प्रदान गरिने स्वयम् सेवाको अवधि बढीमा दुई वर्षको हुनेछ ।

(१०) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विषयमा अध्ययन पूरा गरी उपाधि प्राप्त गर्न आवश्यक व्यावहारिक अभ्यास (इन्टर्नशीप) पूरा गरी तोकिएको शर्त पूरा गरी स्वैच्छाले थप व्यावहारिक अभ्यास गरेकोमा त्यसरी गरेको थप व्यावहारिक अभ्यासको अवधिलाई पनि स्वयम् सेवा गरेको मानिनेछ ।

(११) स्वयम् सेवा संचालन तथा परिचालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५६. **प्राथमिकता दिनु पर्ने** : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि संघीय निजामती सेवा, प्रदेश निजामती सेवा वा स्थानीय तहको सेवाका स्थायी पदमा कानून बमोजिम नियुक्तको लागि अन्य मापदण्ड बमोजिम समान स्थितिमा रहेका उमेद्वारमध्ये छनौट गर्दा दफा ५५ बमोजिम स्वयम्सेवा प्रदान गरेको उम्मेद्वारलाई प्राथमिकता दिई छनौट गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राथमिकता नदिई उम्मेद्वार छनौट भएको देखिएमा त्यस्तो छनौट तथा त्यस बमोजिम भएको नियुक्ति स्वतः बदर हुनेछ ।

५७. **विदेशमा नेपाली शिक्षण संस्था खोल्न सक्ने:** (१) कुनै व्यक्ति वा संस्थाले कुनै विदेशी मुलुकमा नेपाली पाठ्यक्रम बमोजिम कुनै नेपाली विद्यालय वा शिक्षण संस्थासञ्चालन गर्न चाहेमा सम्बन्धित मुलुकको कानून बमोजिम अनुमति प्राप्त गरी नेपाल सरकार समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको विद्यालय वा शिक्षण संस्था खोल्न वा सञ्चालन गर्नको लागि निवेदन परेमा तोकिएको अधिकारीले आवश्यक छानविन

गरी त्यस्तो विद्यालय वा शिक्षण संस्थालाई अनुमति दिन उपयुक्त देखिएमा नेपाल सरकार समक्ष सिफारिस गर्नेछ ।

(३) उपदफा (२) बमोजिमको सिफारिसको आधारमा नेपाल सरकारले विदेशमा कुनै विद्यालय वा शिक्षण संस्था खोल्न अनुमति प्रदान गर्नेछ ।

(४) उपदफा (३) बमोजिम अनुमतिप्राप्त विद्यालय वा शिक्षण संस्थाले नेपाल सरकारले तोकेको शर्त पालना गर्नु पर्नेछ ।

(५) विदेशी मुलुकमा नेपाली विद्यालय वा शिक्षण संस्था खोल्ने वा सञ्चालन गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

परिच्छेद-१४

## कसूर, सजाय तथा विभागीय कारवाही

५८. **कसुर तथा सजाय** : (१) कसैले देहायको कुनै काम गर वा गराएमा यस ऐन अन्तर्गतको कसुर गरेको मानिनेछ :-

(क) उत्तरपुस्तिका परीक्षण गर्दा लापरबाही वा गैर जिम्मेवारपूर्ण कार्य गरेमा,

(ख) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(ग) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(घ) अरुको तर्फबाट परीक्षा दिएमा,

(ङ) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा ।

(च) विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा,

(छ) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा ।

(२) उपदफा (१) बमोजिमको कसुर गर्ने व्यक्तिलाई कसुरको मात्रा बमोजिमक एक लाख रुपौयासम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै साजाय हुनेछ ।

नेपाल कानून आयोग

(३) उपदफा (१) बमोजिमको कसूरको सम्बन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर मुद्दा हेर्ने अधिकारी वा अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मितिदेखि मुद्दाको टुङ्गो नलागेसम्म निलम्बन हुनेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिमको कसुर कुनै शिक्षक, कर्मचारी वा राष्ट्रसेवाक मानि अन्य कुनै व्यक्तिबाट भएमा त्यस्तो कसुर प्रचलित कानून बमोजिम अन्य कसुर पनि हने रहेछ भने त्यस्तो व्यक्ति उपर यस ऐनका अतिरिक्त प्रचलित कानून बमोजिम छुट्टै मुद्दा चलाउन वाधा पर्ने छैन ।

५९. **विभागीय कारवाही गर्नु पर्ने** : दफा ६१ बमोजिम कसुरदार ठहरिएको व्यक्तिलाई अधिकार प्राप्त अधिकारीले निजको सेवा शर्त सम्बन्धी प्रचलित कानून बमोजिम विभागीय कारवाही गर्नु पर्नेछ ।

६०. **सम्पत्ति अशुल उपर गर्नु पर्ने**: (१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा हानी नोक्सानी गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारीले हिनामिना वा हानी नोक्सानी भएको विगो अशुल गरी पच्चीस हजार रुपैंयासम्म जरिवाना गर्न सक्नेछ ।

(२) कसैले दफा ६७ विपरित विद्यालयको सम्पत्ति विक्रि वितरण वा कुनै किसिमले हक छाडी दिएमा निजलाई विगो बमोजिम जरिवाना गरी विगो जफत गर्नु पर्नेछ ।

(३) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (२) बमोजिम भएको लिखत स्वतः बदर हुनेछ ।

६१. **मुद्दाको दायरी र मुद्दा हेर्ने अधिकारी** : (१) दफा ५८ बमोजिमको कसुर अन्तर्गतको मुद्दामा नेपाल सरकार वादी हुनेछ र त्यस्तो मुद्दा फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को अनुसूची-२ मा समावेश भएको मानिनेछ ।

(२) दफा ५८ बमोजिमको मुद्दाको तोकिएको अधिकारीले अनुसन्धान गनेछ ।

(३) उपदफा (२) बमोजिम भएको अनुसन्धानको आधारमा सम्बन्धित जिल्ला सरकारी वकीलले सम्बन्धित प्रमुख जिल्ला अधिकारी समक्ष मुद्दा दायर गर्नेछ ।

(४) उपदफा (३) बमोजिमको अधिकारीले गरेको निर्णय उपर सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सकिनेछ ।

परिच्छेद - १५

## विविध

६२. **विद्यालयका कर्मचारी** : (१) विद्यालयमा शिक्षक बाहेक आवश्यक संख्यामा कर्मचारी रहने छन् ।

(२) उपदफा (१) बमोजिमका कर्मचारी खुला प्रतिस्पर्धाबाट प्रचलित कानून बमोजिम स्थानीय तह वा सम्बन्धित विद्यालयबाट नियुक्ति हुनेछन् ।

(३) उपदफा (२) बमोजिम नियुक्त कर्मचारीको पारिश्रमिक, सुविधा र सेवाका शर्त स्थानीय तहले बनाएका कानून बमोजिम हुनेछन् ।

तर त्यस्ता कर्मचारीको पारिश्रमिक नेपाल सरकारले निर्धारण गरेको न्यूनतम पारिश्रमिक भन्दा कम हुन सक्ने छैन ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्वत् २०७४ साल श्रावण १ गते अघि नै नेपाल सरकारले स्वीकृत गरेको दरबन्दीमा नियुक्त भई सकेको कर्मचारीको सेवाका शर्तहरु त्यस्तो मिति भन्दा अघि निजले पाइरहेको पारिश्रमिक तथा सुविधा प्रतिकूल हुने गरी कानूनी व्यवस्था गर्न सकिने छैन ।

६३. **शिक्षक युनियन सम्बन्धी व्यवस्था** : (१) सामुदायिक विद्यालयका शिक्षकहरुको पेशागत हक हितको संरक्षण गर्ने कार्य सम्पादन गर्न एक आधिकारिक शिक्षक ट्रेड युनियन गठन गर्न सक्नेछन् ।

(५) आधिकारिक शिक्षक ट्रेड युनियन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६४. **शैक्षिक परामर्श तथा जानकारीपत्र दिनुपर्नेः** (१) कुनै विद्यालय वा शिक्षण संस्थामा कुनै विद्यार्थी भर्ना हुन चाहेमा त्यस्तो विद्यालय वा शिक्षण संस्थामा हुने पठनपाठन, शिक्षण विधि, पाठ्यक्रम, तिर्न बुझाउन पर्ने शैक्षिक शुल्क वा रकम, शैक्षिकक्यालेण्डर लगायतका बिषयमा विद्यार्थी भर्ना हुनु भन्दा अघि नै त्यस्तो विद्यालय वा शिक्षण संस्थाका सञ्चालकले सम्बन्धित अविभावक वा विद्यार्थीलाई शैक्षिक परामर्श तथा जानकारीपत्र उपलव्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम उपलब्ध गराएको जानकारीपत्रको पालना गर्नु सम्बन्धित विद्यालय वा शिक्षण संस्थाको कर्तव्य हुनेछ ।

६५. **शैक्षिक परामर्श दिने संस्थाको नियमनः** (१) प्रचलित कानून बमोजिम दर्ता भै सञ्चालनमा रहेका शैक्षिक परामर्श दिने संस्थाले तोकिएको अधिकारीबाट अनुमतिपत्र प्राप्त नगरी विदेशस्थित शिक्षण संस्थामा नेपाली नागरिकलाई अध्ययन गर्न पठाउने वा अन्य कुनै शैक्षिक परामर्श सेवा प्रदान गर्न वा गराउन हुँदैन ।

(२) उपदफा (१) बमोजिमको अनुमतिपत्र प्राप्त गर्न चाहने शैक्षिक परामर्श दिने संस्थाले तोकिएको ढाँचामा तोकिए बमोजिम निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भएमा त्यसको जाँचबुझ गरी तोकिएको अधिकारीले तोकिएको ढाँचामा अनुमतिपत्र प्रदान गर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्रदान गरिएको अनुमतिपत्र पाँच वर्षसम्म बहाल रहनेछ र त्यसपछि प्रत्येक पाँच वर्षका लागि तोकिए बमोजिमको दस्तूर भक्तानी गरी नवीकरण गराउनु पर्नेछ ।

(५) उपदफा (३) बमोजिमको अनुमति पत्र प्राप्त गर्नु अघि निवेदकले तोकिए बमोजिमको रकम तोकिएको अधिकारीको बैंक खातामा धरौटी स्वरुप जम्मा गर्नु पर्नेछ ।

(६) यस दफा बमोजिम अनुमतिपत्र प्राप्त शैक्षिक परामर्श दिने संस्थाले कुनै नेपाली नागरिकलाई विदेशी शिक्षण संस्थामा अध्ययन गर्न पठाउन वा त्यस्तो शिक्षण संस्थामा भर्ना गर्न शैक्षिक परामर्श सेवा लिइ सकेपछि निज भर्ना हुन नसकेमा वा त्यस्तो शिक्षण संस्थाले सम्बन्धित मुलुकमा गुणस्तर सुनिश्चित प्रत्यायन् प्राप्त नगरेको भएमा त्यस्तो संस्थालाई तोकिएको अधिकारीले तोकिए बमोजिम कारबाई गरी उपदफा (५) बमोजिमको धरौटी रकम जफत गर्न सक्नेछ ।

(७) यस दफा बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिले पालना गर्नु पर्ने शर्त तथा त्यसको अनुगमन तथा नियमन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजम हुनेछ ।

६६. **राष्ट्रिय शिक्षा समन्वय समितिः** (१) शिक्षासंग सम्बन्धित नीतिगत विषयमा नेपाल सरकारलाई सुझाव दिन, शिक्षासँग सम्बन्धित प्रचलित कानूनको प्रभावकारी कार्यान्वयन तथा शिक्षा सम्बन्धमा नेपाल सरकार र प्रदेश सरकार बीचमा समन्वय कायम गर्नको लागि देहायको राष्ट्रिय शिक्षा समन्वय समिति गठन हुनेछ :-

(क) संघीय शिक्षा मन्त्री - संयोजक

(ख) प्रदेश मुख्यमन्त्री वा निजले तोकेको शिक्षा वा मानवस्रोत विकाससंग सम्बन्धित मन्त्री - सदस्य

(ग) लब्ध प्रतिष्ठित शिक्षाविदहरु मध्येबाट प्रत्येक प्रदेशको प्रतिनिधित्व हुनेगरी प्रदेश सरकारको सिफारिसमा संघीय शिक्षा मन्त्रीले तोकेका कम्तिमा तीनजना महिला सहित सातजना - सदस्य

(घ) मन्त्रालयको सचिव - सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको राष्ट्रिय शिक्षा समन्वय समितिको अन्य काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।

६७. **विद्यालयको सम्पत्ति** : (१) यो ऐन प्रारम्भ हुँदाका बखत विद्यालयको स्वामीत्व वा हक भोगमा रहेको वा यो ऐन प्रारम्भ भएपछि विद्यालयले प्राप्त गरेको सम्पूर्ण चल अचल सम्पत्ति विद्यालयको सम्पत्ति मानिने छ।

(२) उपदफा (१) बमोजिमको सम्पत्तिको अभिलेख राखी त्यसको संरक्षण गर्नु सम्बन्धित स्थानीय तह र विद्यालयको कर्तव्य हुनेछ।

(३) नेपाल सरकारको स्वीकृति विना उपदफा (१) बमोजिमको अचल सम्पत्ति विद्यालयले कुनै किसिमले हक छाडी कसैलाई दिन सक्ने छैन।

(४) मनासिव कारण परी विद्यालयको सम्पत्ति बेचविखन वा सट्टा पट्टा गर्नु परेमा स्वीकृतिको लागि सम्बन्धित विद्यालयले त्यसको कारण खुलाई सम्बन्धित स्थानीय तह मार्फत नेपाल सरकार समक्ष अनुरोध गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम अनुरोध प्राप्त भएमा नेपाल सरकारले तोकिएको अवधिभित्र स्वीकृति दिने वा नदिने निर्णय गरी स्थानीय तह मार्फत सम्बन्धित विद्यालयलाई जानकारी दिनु पर्नेछ।

(६) कुनै विद्यालयको अनुमति रद्द भएका कुनै सामुदायिक विद्यालय आपसमा गाभिएमा वा विद्यालय खारेज भएमा सम्बन्धित स्थानीय तहले त्यस्तो विद्यालयको अचल सम्पत्ति त्यस्तै प्रकृतिको विद्यालयले प्रयोग गर्ने वा अन्य सार्वजनिक प्रयोजनका लागि प्रयोग हुने गरी व्यवस्थापन गर्नु पर्नेछ।

तर संस्थागत विद्यालय भए त्यस्तो विद्यालयको सम्पत्ति तोकिए बमोजिम हुनेछ।

नेपाल कानून आयोग

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संस्थागत विद्यालयको अचल सम्पत्ति सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६८. **कूटनैतिक नियोगले विद्यालय खोल्ने सक्ने** : (१) यस ऐनमा अयन्त्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विदेशी मुलुकको पाठ्यक्रम बमोजिम पठन पाठन गराउने वा कुनै विदेशी शिक्षण संस्थाबाट सम्बन्धन प्राप्त गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन ।

तर विदेशी शिक्षण संस्थासँग सम्बन्धन गरी विद्यालय खोल्ने सम्बन्धमा नेपाल सरकारसँग सम्झौता भएमा वा त्यसरी विद्यालय खोल्न कूटनैतिक नियोगबाट सिफारिस भएमा नेपाल सरकारले शर्त तोकी विद्यालय खोल्न अनुमति वा स्वीकृति दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम विद्यालय खोल्नको लागि नेपाल सरकार समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम अनुमति वा स्वीकृति प्राप्त विद्यालयले नेपाल सरकारले ताकेको शर्त बमोजिम विद्यालय सञ्चालन गर्नु पर्नेछ  र त्यसरी संचालन नगरेमा नेपाल सरकारले जुनसुकै बखत त्यस्तो विद्यालय बन्द गर्न आदेश दिन सक्नेछ ।

(४) दश कक्षा भन्दा माथिको विद्यालय शिक्षा प्रदान गर्ने विद्यालय भए नेपाल सरकारले तोकेको शर्त पालना गर्ने गरी अनुमति दिन सक्नेछ ।

(५) यो दफा प्रारम्भ हुंदाका वखत कायम रहेका कुटनैतिक नियोगबाट संचालित विद्यालय वा विर्दी शिक्षण संस्थाबाट सम्बन्धन प्राप्त विद्यालय यसै ऐन बमोजिम अनुमति प्राप्त गरेको मानिनेछ ।

(६) कुटनैतिक नियोगबाट संचालित वा विदेशी शिक्षण संस्थाबाट सम्बन्धन प्राप्त विश्वविद्यालय सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६९. **निर्देशन दिन सक्ने** : (१) मन्त्रालयले बोर्डलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु बोर्डको कर्तव्य हुनेछ ।

७०. **अधिकार प्रत्यायोजन** : बोर्डले यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार बोर्डको अध्यक्ष,

उपाध्यक्ष, सदस्य, सदस्य-सचिव, नेपाल सरकारको कुनै अधिकृत वा बोर्डको अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

७१. **हस्तान्तरण भएको मानिने** : (१) यो ऐन प्रारम्भ हुँदाका बखत प्रचलित कानून बमोजिम कायम रहेका सामुदायिक विद्यालय यो ऐन प्रारम्भ भए पछि स्वतः सम्बन्धित स्थानीय तहमा हस्तान्तरण भएको मानिनेछ ।

(२) नेपाल सरकारले उपदफा (१) बमोजिम हस्तान्तरण भएका विद्यालयमा कार्यरत शिक्षकको तोकिए बमोजिम व्यवस्थापन गर्नु पर्नेछ ।

७२. **यसै ऐन बमोजिम हुने** : यो ऐन प्रारम्भ हुदाका वखत प्रचलित कानून बमोजिम सञ्चालनमा रहेका कुनै विद्यालय वा शिक्षण संस्था यसै ऐन बमोजिम सञ्चालन भएको मानिनेछ ।

तर यो ऐन बमोजिम पूरा गर्नु पर्ने भौतिक पूर्वाधार तथा मापदण्ड यो ऐन प्रारम्भ भएको पाँच वर्षभित्र पूरा गर्नु पर्नेछ ।

७३. **संक्रमणकालिन व्यवस्था** : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय तहबाट आवश्यक कानूनी व्यवस्था नभए सम्मका लागि विद्यालय खोल्ने अनुमति प्रदान र संचालन, विद्यालयको व्यवस्थापन तथा व्यवस्थापन समिति, शिक्षा समितिको गठन, घुम्ती विद्यालय संचालन, शिशु विकास केन्द्रको अनुमति र संचालन, विद्यालय कोष तथा त्यसको संचालन, विद्यालयको नक्सांकन, विद्यालय सार्ने, एक अर्कामा समायोजन गर्ने वा गाभ्ने, नाम परिवर्तन गर्ने वा बन्द गर्ने व्यवस्था, विद्यालयका कर्मचारी सम्बन्धी व्यवस्थाको सम्बन्धमा सम्बन्धित स्थानीय तहले शिक्षा ऐन, २०२८ तथा सो ऐन अन्तर्गत बनेको नियमावलीमा भएको व्यवस्था आवश्यक हेरफेर सहित प्रयोग गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्वत् २०७६ साल बैशाख १ गते पछि सो उपदफा बमोजिमको अधिकार प्रयोग गर्न सकिने छैन ।

७४. **नेपाल सरकारसँग सम्पर्क** : बोर्डले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

७५. **नियम बनाउने अधिकार** : नेपाल सरकारले यो ऐनको उद्देश्य कार्यान्वयन गर्न आवश्यक नियम बनाउन सक्नेछ ।

७६. **मापदण्ड वा निर्देशिका बनाउने अधिकार** : (१) संघीय मन्त्रालयले यो ऐन तथा यस ऐन अर्न्तगत बनेको नियमको अधीनमा रही आवश्यक मापदण्ड वा निर्देशिका बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बनाएको निर्देशिका संघीय मन्त्रालयले सार्वजनिक गर्नु पर्नेछ ।

७७. **खारेजी र बचाऊः** (१) देहायका ऐन खारेज गरिएका छन :-

(क) शिक्षा ऐन, २०२८ ।

(ख) छात्रवृत्ति सम्बन्धी ऐन, २०२१ ।

(२) उपदफा (१) बमोजिम खारेज भएका ऐन बमोजिम भए गरेका काम कारवाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

**द्रष्टव्य** : तत्कालीन मा. उपप्रधानमन्त्री तथा शिक्षा मन्त्रीज्यूको कार्यकक्षमा शिक्षा मन्त्रालयका विभिन्न अधिकृतहरु संलग्न रहेको बैठकको समझदारी अनुसार शिक्षा ऐन, २०२८ को सट्टामा नयाँ शिक्षा ऐन र शिक्षक सेवा आयोग ऐनको मसौदा तर्जूमा गर्ने व्यवस्था भए अनुसार प्रस्तावित मसौदामा शिक्षा ऐन, २०२८ खारेज गर्ने प्रस्ताव गरिएको छ । सोही समझदारी बमोजिम दुई छुट्टाछुट्टै विधेयकलाई एकैसाथ आवश्यक कारबाई गर्ने गरी प्रस्तावित मसौदामा शिक्षा ऐन, २०२८ खारेज गर्ने प्रस्ताव गरिएको छ ।

नेपाल कानून आयोग

## (५) वैयक्तिक गोपनियताका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५

संशोधित मसौदा

**प्रस्तावनाः** प्रत्येक व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्यांक, पत्राचार तथा चरित्र सम्बन्धी विषयको गोपनियताको हकलाई सुनिश्चित गर्न, सार्वजनिक निकाय वा संगठीत संस्थामा रहेका वैयक्तिक सूचनाको संरक्षण र सुरक्षित उपयोगको सुनिश्चितता गर्न तथा व्यक्तिको गोपनियता अतिक्रमण हुन नदिने व्यवस्था गरी मर्यादित जीवनस्तर प्रबर्द्धन गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ ।

### परिच्छेद - १

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "वैयक्तिक गोपनियता सम्बन्धी ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन प्रमाणिकरण भएको मितिले एकानब्बेऔं दिनदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "आवास" भन्नाले कुनै पनि व्यक्तिले बसोवास गर्ने घर, डेरा, अर्पाटमेन्ट, कोठा वा वासस्थान सम्झनु पर्छ र सो शब्दले निजले रात बिताउने गरी बसेको होटल, रिसोर्ट, लज, पाहुनाघर वा शिविरको कोठा वा त्यस्तै प्रकृतिको अन्य कुनै ठाउँ समेतलाई जनाउँछ ।

(ख) "वैयक्तिक सूचना" भन्नाले कुनै पनि व्यक्तिसँग सम्बन्धित देहायको सूचना सम्झनु पर्छ :-

(क) निजको जात, जाति, नागरिकता, उत्पति, धर्म, बर्ण वा वैवाहिक स्थिति,

(ख) निजको शिक्षा वा शैक्षिक उपाधि,

(ग) कुनै पनि व्यक्तिको ठेगाना, टेलिफोन वा विद्युतीय पत्र (इमेल) को ठेगाना,

नेपाल कानून आयोग

(घ) निजको राहदानी, नागरिकता वा राष्ट्रिय परिचयपत्र नम्बर वा सवारी चालक अनुमतिपत्र वा मतदाता परिचयपत्रको विवरण,

(ङ) वैयक्तिक सूचना उल्लेख गरी निजले कसैलाई पठाएको वा निजले प्राप्त गरेको पत्र,

(च) निजको औँलाको छाप, हस्तरेखा, आखाँको रेटिना, रगत समूह वा निजको अन्य वायोमेट्रिक सूचना,

(छ) निजको आपराधिक गतिविधि वा निजले फौजदारी कसुरमा सजाय पाएको वा कसुर भुक्तान गरेको विवरण,

(ज) कुनै निर्णय प्रक्रियामा पेशागत वा विशेषज्ञ राय दिने व्यक्तिले त्यस्तो प्रकृयामा के कस्तो राय वा धारणा व्यक्त गरेको थियो भन्ने विषय ।

(ग) "सम्पत्ति" भन्नाले चल वा अचल, भौतिक वा अभौतिक, मूर्त वा अमूर्त सम्पत्ति सम्झनु पर्छ र सो शब्दले बौद्धिक सम्पत्ति समेतलाई जनाउँछ ।

(घ) "सार्वजनिक निकाय" भन्नाले देहायका निकाय सम्झनु पर्छ :-

(१) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह अन्तर्गतका सरकारी कार्यालय,

(२) संवैधानिक निकाय, अदालत वा मातहतका संवैधानिक कार्यालय वा अदालत वा अन्य न्यायिक निकाय,

(३) नियमनकारी निकाय वा त्यस अन्तर्गतका कार्यालय,

(४) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहका पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रण भएको कम्पनी, बैंक वा समिति वा कानुन बमोजिम नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहहरुद्वारा स्थापित आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद् र यस्तै प्रकृतिका अन्य संगठित संस्था,



नेपाल कानून आयोग

(५) प्रचलित कानून बमोजिम दर्ता भएका राजनितिक दल तथा संगठन,

(६) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहद्वारा स्थापित वा सञ्चालित वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक अनुदान प्राप्त विश्वविद्यालय, महाविद्यालय, विद्यालय, अनुसन्धान केन्द्र र अन्य त्यस्तै प्राज्ञिक वा शैक्षिक संस्था,

(७) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको ऋण, अनुदान वा जमानतमा सञ्चालित संस्था,

(८) उपखण्ड (१), (२), (३) वा (४) मा उल्लिखित संस्थाको पूर्ण वा आंशिक स्वामित्व भएको वा नियन्त्रण रहेको संस्था,

(९) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सार्वजनिक निकाय भनी तोकेको अन्य कुनै संस्था ।

(ङ) "संगठीत संस्था" भन्नाले प्रचलित कानून वमोजिम स्थापना भएका संस्था, कम्पनी, बैंक, समिती, सहकारी संघ, महासंघ वा यस्तै प्रकृतिका अन्य संगठीत संस्था सम्झनु पर्छ ।

## परिच्छेद-२

## व्यक्तिको जीउ सम्बन्धी गोपनियता

३. **व्यक्तिको शारीरिक तथा निजी जीवनको गोपनियता** :(१) कुनै पनि व्यक्तिको शारीरिक र मानसिक अवस्था सम्बन्धी विषयको गोपनियता अनतिक्रम्य हुनेछ ।

(२) कुनै पनि व्यक्तिको शारीरिक गोपनियताको बिषय निजको शरीर वा स्वास्थ्य परीक्षण गर्दा, आपतकालीन उद्धार कार्य गर्दा वा उपचारको अवस्थामा बाहेक सम्बन्धित व्यक्ति वा अठार वर्ष उमेर पूरा नभएको वा होस ठेगानमा नरहेको व्यक्ति भए निजको संरक्षकको मञ्जुरी बिना अनतिक्रम्य रहनेछ ।

(३) कुनै पनि व्यक्तिलाई निजको निजी जीवनसँग सम्बन्धित जैविक वा आनुवंशीक पहिचान, लैङ्गीक पहिचान, यौनिकता, यौन सम्बन्ध, गर्भाधान वा गर्भपतन, कुमारीत्व, पुरुषत्व, नपुंशकत्व वा शारिरीक रोग जस्ता विषयको गोपनियता कायम राख्ने अधिकार हुनेछ ।

(४) कसैले कुनै पनि व्यक्तिको निजी जीवनका कुनै पनि बिषयमा असर पार्ने, आघात पुऱ्याउने वा वेइज्जती गर्ने नियतले कुनै पनि विषय लेखेर, बोलेर, प्रकाशन गरेर वा विद्युतीय माध्यम प्रयोग गरेर वा अन्य कुनै पनि प्रकारले सार्वजनिक गर्नु वा गराउनु हुँदैन ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा व्यक्तिको शारिरीक वा मानसिक अवस्था वा निजी जीवनको गोपनीयता खुलासा गर्न सकिनेछ :-

(क) सम्बन्धित व्यक्तिको मञ्जुरी भएको विषय भएमा,

(ख) सम्बन्धित व्यक्तिले नै आफूखुशीले सार्वजनिक गरिसकेको विषय भएमा,

(ग) अनुसन्धान वा अभियोजन गर्ने अधिकारीले कुनै कसूरको सिलसिलामा अनुसन्धान गरेको विषय भएमा,

(घ) कुनै सुविधा वा सहुलियत प्राप्त गर्न उपदफा (३) सँग सम्बन्धित विषय वा सम्बन्धित व्यक्तिको शारिरीक अवस्था वा निजी जीवन खुलासा गर्नु पर्ने भई निजले त्यस्तो सुविधा वा सहुलियत प्राप्त गरेमा वा प्राप्त गर्न इच्छा गरेमा ।

४. **पारिवारिक गोपनियता हुने** : (१) कुनै पनि व्यक्तिलाई पारिवारिक जीवन कायम राख्न वा पारिवारिक अखण्डता कायम राख्नको लागि पारिवारिक गोपनियता कायम राख्न पाउने अधिकार हुनेछ ।

(२) दाम्पत्य जीवनको क्रममा पति र पत्नी बीच मात्र जानकारी हुने एक अर्काको गोपनियतासँग सम्बन्धित विषय दाम्पत्य जीवनको सम्बन्धमा वा पति र पत्नी बीच मुद्दा चलेको  अवस्थामा बाहेक अनतिक्रम्य हुनेछ ।

५. **शरीरको तलासी लिन नहुने** : (१) कुनै पनि व्यक्तिको मञ्जुरी नलिई निजको जीउ वा निजको साथमा रहेको वा निजले प्रयोग गर्ने कुनै बस्तुको अनधिकृत खान तलासी लिन हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कानून बमोजिम कुनै सुरक्षा जाँच वा फौजदारी कसुरको अनुसन्धानको शिलशिलामा कानून बमोजिम कुनै व्यक्तिको तलासी लिनुपर्ने अवस्था भएमा कानून बमोजिम अधिकार प्राप्त

अधिकारी वा निजको आदेशले वा सुरक्षाको प्रयोजनको लागि खटिएका कुनै व्यक्ति वा सुरक्षाकर्मीले अधिकार प्राप्त अधिकारीको अनुमतिवाट तलासी लिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम सुरक्षा जाँच गर्नको लागि खटिएका अधिकारीले आफूले सुरक्षा जाँचको लागि प्राप्त गरेको अख्तियारी आफ्नो साथमा राख्नु पर्नेछ र सम्बन्धित व्यक्तिले त्यसरी तलासी लिनुभन्दा अघि हेर्न चाहेमा देखाउनु पर्नेछ ।

**स्पष्टीकरण :** यस दफाको प्रयोजनको लागि सुरक्षा जाँच वा परीक्षणका लागि सार्वजनिक ठाउँमा खटिई आफ्नो ओहोदा अनुसारको चिन्ह र पोशाक लगाई कर्तव्य पालना गर्ने सुरक्षाकर्मीलाई अन्यथा प्रमाणित भएकोमा बाहेक सुरक्षा जाँचको अख्तियारी भएको मानिनेछ ।

६. **प्रजनन स्वास्थ्य र गर्भावस्था सम्बन्धी गोपनियता** : कुनै पनि महिलाको प्रजनन स्वास्थ्य र गर्भावस्था सम्बन्धी विषय अनतिक्रम्य हुनेछ र निजको मञ्जुरी बिना त्यस्तो विषयको जानकारी अरु कसैलाई दिन वा सार्वजनिक गर्न हुँदैन ।

तर स्वास्थ्य उपचारको क्रममा सम्बन्धित विशेषज्ञहरु बीच त्यस विषयमा छलफल गर्न वा निजको एकासगोलका परिवारका सदस्य र अठार वर्ष उमेर पूरा नभएको वा होस ठेगानमा नरहेको व्यक्ति भए निजको संरक्षकलाई जानकारी गराउन बाधा पर्ने छैन ।

## परिच्छेद-३

## आवास सम्बन्धी गोपनियता

७. **आवासको गोपनियता हुने** : (१) कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिलाई निजको आवासको गोपनियताको अधिकार हुनेछ ।

(२) कानून बमोजिम खान तलासी लिन अधिकार प्राप्त अधिकारी वा निजको आदेश बमोजिम बाहेक कुनै पनि व्यक्तिको आवासमा प्रवेश गर्न वा गराउन वा खानतलासी लिन वा लिन लगाउन हुँदैन ।

(३) उपदफा (२) बमोजिम प्रवेश गर्दा सम्बन्धित व्यक्ति वा निजको परिवारको गोपनियता भंग हुने गरी प्रवेश गर्न वा प्रवेश गराउन वा खानतलासी लिन वा लिन लगाउन हुँदैन ।

नेपाल कानून आयोग

(४) कानून बमोजिम अधिकार प्राप्त अधिकारी वा त्यस्तो अधिकारीको आदेश बमोजिम कुनै व्यक्तिलाई निजको आवास बाहिर पक्राउ गरिएकोमा निज पक्राउ परेको कारणले मात्र निजको आवास खानतलासी गर्न वा गराउन हुँदैन ।

(५) उपदफा (४) बमोजिम कुनै व्यक्तिलाई पक्राउ गरिएकोमा निजको आवासको समेत खानतलासी लिनुपर्ने मनासिव कारण भएमा त्यस प्रयोजनका लागि कानून बमोजिम अधिकार प्राप्त अधिकारीको छुट्टै आदेश लिई निजको आवासको खान तलासी लिन सकिनेछ ।

(६) आवासको गोपनियता कायम राख्ने तथा खानतलासी वा अनुसन्धान सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

८. **आवासमा प्रवेश गर्दा सूचना दिनुपर्ने** : (१) कुनै फौजदारी कसुरको सिलसिलामा दफा ७ बमोजिम कसैको आवासमा खानतलासी गर्नु पर्ने भएमा निजको आवासमा प्रवेश गर्नु पर्ने प्रयोजन खुल्ने गरी निजलाई लिखित सूचना दिनु पर्नेछ ।

तर विपद् व्यवस्थापन वा आपतकालीन उद्धार गर्नुपर्दा त्यस्तो सूचना दिन आवश्यक पर्ने छैन ।

(२) उपदफा (१) बमोजिम कुनै व्यक्तिको आवासमा प्रवेश गर्दा प्रचलित कानून बमोजिमको शर्त तथा कार्यविधि पूरा गर्नु पर्नेछ ।

तर तत्काल खानतलासी नलिएमा आरोपित व्यक्ति भाग्ने वा उम्कने वा प्रमाण नष्ट हुने मनासिव कारण भएमा सो कुराको अभिलेख राखी प्रवेश गर्न सकिनेछ ।

९. **आवासमा बन्द परिपथ टेलिभिजन (सिसिटिभि) क्यामेरा जडान गर्न नहुने** : कसैले कुनै पनि व्यक्तिको मन्जुरी विना निजको आवासमा बन्द परिपथ टेलिभिजन (सिसिटिभि) क्यामेरा जडान गर्न वा गराउन हुँदैन ।

## परिच्छेद - ४

## सम्पत्ति सम्बन्धी गोपनियता

१०. **सम्पत्तिको गोपनियता हुने** : (१) कुनै पनि व्यक्तिलाई निजको सम्पत्ति तथा त्यस्तो सम्पत्ति सम्बन्धी विवरण गोप्य राख्न पाउने अधिकार हुनेछ ।

(२) कसैले पनि अर्काको घर, जग्गा, सवारी साधन वा अन्य सम्पत्तिमा त्यस्तो सम्पत्ती धनीको अनुमती वा मञ्जुरी बिना अनाधिकृत तवरले प्रवेश गर्न हुँदैन ।

(३) व्यक्तिको सम्पत्ति सम्बन्धी विवरण राख्ने वा त्यसको जानकारी हुन सक्ने सार्वजनिक निकाय वा संगठित संस्था वा त्यस्तो संस्थामा काम गर्ने कुनै कर्मचारीले कुनै पनि व्यक्तिको सम्पत्तिको विवरण सम्बन्धित व्यक्तिको मञ्जुरी विना कुनै पनि तरिकाले अरु कसैलाई जानकारी दिन वा सार्वजनिक गर्न वा गराउन हुँदैन ।

(४) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कसुरको अनुसन्धानको सिलसिलामा अधिकार प्राप्त अधिकारीको आदेश बमोजिम सम्पत्ति विवरण माग भएको अवस्थामा माग गरिएको सम्पत्ति विवरण अभिलेख राख्ने सम्बन्धित निकाय, संगठीत संस्था वा अधिकारीले सोको अभिलेख उपलब्ध गराउनु पर्नेछ ।

(५) प्रचलित कानून बमोजिम सार्वजनिक पद धारण गरेको मानिने कुनै पदाधिकारीले कानून बमोजिम पेश गरेको सम्पत्ति विवरण प्रचलित कानून बमोजिम बाहेक सार्वजनिक गर्न हुँदैन ।

तर नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको पदाधिकारीले पेश गरेको सम्पत्ति विवरण सार्वजनिक गर्न बाधा पर्ने छैन ।

## परिच्छेद - ५

## <u>लिखत सम्बन्धी गोपनियता</u>

११. **<u>लिखतको गोपनियता हुने</u>** : (१) कुनै पनि व्यक्तिलाई निजसँग सम्बन्धित वैयक्तिक लिखतको गोपनियताको अधिकार हुनेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि देहायको लिखत सम्बन्धित व्यक्तिको वैयक्तिक लिखत मानिनेछ :

(क) शैक्षिक योग्यता सम्बन्धी प्रमाणपत्र,

(ख) चिकित्सकीय इतिहास, प्रमाणपत्र वा स्वास्थ्य परीक्षण प्रतिवेदन,

(ग) नागरिकता, राहदानी, मतदाता परिचय पत्र, सवारी चालक अनुमतीपत्र वा यस्तै प्रकृतिका परिचय खुल्ने अन्य कागजात,

(घ) बैंकमा रहेको खाता वा त्यस्तो खातामा रहेको रकमको विवरण,

(ङ) बैकिंङ्ग तथा वित्तिय कारोबारसँग सम्बन्धित चेक, ड्राफ्ट, डेभिट कार्ड, क्रेडिट कार्ड वा बैंक हिसाव विवरण (स्टेटमेण्ट) वा अन्य विनिमेय अधिकार पत्र,

(च) जैविक वा आनुबांशिक विवरण (वायोमेट्रिक डाटा) र ल्याप्चे सहिछाप,

(छ) अचल सम्पत्तिसँग सम्बन्धित जग्गाधनी प्रमाण पुर्जा वा जग्गाको स्वामीत्व सम्बन्धी अन्य कागजात,

(ज) सवारी धनी पुर्जा (ब्लु बुक) वा अन्य सम्पत्तीको स्वामीत्व सम्बन्धी कागजात,

(झ) धितोपत्र वा त्यससँग सम्बन्धित विवरण,

(ञ) कर्मचारी सञ्चय कोषको परिचय पत्र, निवृत्तिभरणपत्र वा यस्तै प्रकृतिका अन्य कागजात,

(ट) तोकिए बमोजिमका अन्य कागजात ।

(३) सार्वजनिक निकायमा रहेको कुनै पनि व्यक्तिको उपदफा (२) बमोजिमको वैयक्तिक लिखत कसैले सार्वजनिक गर्न वा गराउनु हुँदैन ।

(४) उपदफा (१) वा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा कुनै पनि व्यक्तिको वैयक्तिक लिखत वा त्यसको कुनै विवरण सार्वजनिक गर्न वा गराउन वा त्यसको कुनै विवरण अध्ययन, अनुसन्धान वा परीक्षण गर्न गराउन सकिने छ :

(क) सम्बन्धित व्यक्तिको मञ्जुरी भएमा,

(ख) कानून बमोजिम अधिकार प्राप्त अधिकारीको आदेश भएमा,

(ग) फौजदारी कसूरको अनुसन्धान वा अभियोजनको सिलसिलामा त्यस्तो अधिकारीले आदेश दिएमा ।

## परिच्छेद-६

## तथ्याङ्क सम्बन्धी गोपनियता

१२. **तथ्याङ्कको गोपनियता हुने:** (१) कुनै पनि व्यक्तिलाई निजसँग सम्बन्धित वैयक्तिक तथ्याङ्क वा विवरण गोप्य राख्न पाउने अधिकार हुनेछ ।

(२) कसैले कुनै पनि व्यक्तिको वैयक्तिक वा पारिवारिक तथ्याङ्क संकलन गर्दा निजको मञ्जुरी लिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम मन्जुरी लिई संकलन गरिएको तथ्याङ्क जुन प्रयोजनको लागि संकलन गरिएको हो सार्वजनिक निकाय वा संगठित संस्थाले सोही प्रयोजनको लागि मात्र प्रयोग गर्नु पर्नेछ ।

तर राष्ट्रिय सुरक्षाको प्रयोजनको लागि कुनै तथ्याङ्क माग भएमा प्रचलित कानून बमोजिम त्यस्तो तथ्याङ्क उपलब्ध गराउन बाधा परेको मानिने छैन ।

(४) कुनै पनि व्यक्तिको मञ्जुरी नलिई कसैले पनि निजसँग सम्बन्धित देहायका तथ्याङ्कहरु अरु कसैलाई दिन वा सार्वजनिक गर्न गराउन हुँदैन ।

(क) स्वास्थ्य परीक्षण सम्बन्धी विवरण,

(ख) सम्पत्ती तथा आय आर्जन सम्बन्धी विवरण,

(ग) रोजगारी सम्बन्धी विवरण,

(घ) पारीवारिक विषय सम्बन्धी विवरण,

(ङ) जैविक विवरण र ल्याप्चे सहिछाप,

(च) हस्ताक्षर वा विद्युतीय हस्ताक्षर,

(छ) राजनितिक सम्बद्धता र निर्वाचन सम्बन्धी विवरण,

(ज) व्यवसाय वा कारोबार सम्बन्धी विवरण ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै फौजदारी कसुरको अनुसन्धानको शिलशिलामा अदालत वा कानून बमोजिम अधिकार प्राप्त निकाय, अधिकारी वा निजको आदेशले कुनै वैयक्तिक तथ्याङ्क वा विवरण उपलब्ध गराउनु पर्ने अवस्था भएमा त्यस्तो तथ्याङ्क वा विवरण उपलब्ध गराउनु पर्नेछ ।

(६) उपदफा (४) को खण्ड (क), (ख), (ग) र (ज) मा जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक पदमा वहाल रहेको कुनै व्यक्तिको उमेर, योग्यता, चरित्र, यौनिकता, अपांगता जस्ता विषयमा कुनै प्रश्न उत्पन्न भएमा अधिकार प्राप्त

नेपाल कानून आयोग

अधिकारीको माग वमोजिम सम्बन्धित व्यक्तिले त्यस्तो कागजात उपलब्ध गराउन सक्नेछ ।

## परिच्छेद-७

## पत्राचार सम्बन्धी गोपनियता

**१३. पत्राचारको गोपनियता हुने** : (१) कुनै पनि व्यक्तिलाई निजको चिठ्ठीपत्र, पत्राचार वा विद्युतीय पत्र (इमेल) वा विद्यूतीय माध्यमबाट प्रवाह हुने सम्वाद वा त्यस्तै प्रकृतिका अन्य पत्राचारको गोपनियता कायम राख्न पाउने अधिकार हुनेछ ।

(२) कसैले कुनै पनि व्यक्तिको उपदफा (१) बमोजिमका चिठ्ठीपत्र, पत्राचार वा विद्युतीय पत्र (इमेल) वा विद्यूतीय माध्यमबाट प्रवाह हुने सम्वाद वा त्यस्तै प्रकृतिका अन्य पत्राचार अनधिकृत रुपमा पढ्न, हेर्न, अरु कसैलाई उपलब्ध गराउन वा गर्न लगाउन, प्रकाशन गर्न, प्रसारण गर्न वा अन्य कुनै किसिमले सार्वजनिक गर्न हुँदैन ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित व्यक्तिको मन्जुरी वा कानून बमोजिम अधिकार प्राप्त अधिकारीको आदेशले कुनै पनि व्यक्तिको चिठ्ठीपत्र, पत्राचार वा विद्युतीय पत्र (इमेल) वा विद्यूतीय माध्यमबाट प्रवाह हुने सम्वाद वा त्यस्तै प्रकृतिका अन्य पत्राचार उपलब्ध गर्न वा गराउन सकिनेछ ।

**१४. चिठ्ठीपत्र खोल्न नहुने**: (१) सम्बन्धित व्यक्तिको अनुमति वा कानून बमोजिम अधिकार प्राप्त अधिकारीको आदेश भएकोमा बाहेक कसैको वैयक्तिक चिठ्ठीपत्र अनाधिकृत रुपमा खोल्न वा खोल्न लगाउन हुँदैन ।

(२) कुनै पनि व्यक्तिले अन्य व्यक्तिको विद्यूतीय पत्र खोल्न, हेर्न वा अन्य कसैलाई पठाउन (फरवार्ड गर्न) हुँदैन ।

## परिच्छेद-८

## चरित्र सम्बन्धी गोपनियता

**१५. चरित्रको गोपनियता हुने**: (१) कुनै पनि व्यक्तिलाई निजको वैयक्तिक आचरण र व्यवहारको गोपनियता राख्न पाउने अधिकार हुनेछ ।

(२) कुनै व्यक्तिको आचरण वा व्यवहारको सम्बन्धमा कुनै प्रश्न उठेमा त्यस सम्बन्धमा छानवीन गरी कानून बमोजिम कारवाही गर्ने क्रममा बाहेक निजको चरित्रको सम्बन्धमा कसैले कुनै टिप्पणी गर्न हुँदैन ।

(३) कुनै व्यक्तिको चरित्रलाई लिएर कसैले पनि निजको चरित्रमा आँच आउने कुनै पनि काम गर्न वा गराउन हुँदैन ।

(४) कसैले कुनै पनि व्यक्तिको चरित्रमा आघात पार्ने वा निजको वेइज्जती वा अपमान हुने गरी कुनै पनि प्रकारको काम कारबाही गर्न वा निजको आचरण सम्बन्धी कुनै पनि कुरा सार्वजनिक गर्न वा गराउन हुँदैन ।

१६. **<u>तस्वीर खिच्न वा बिक्रि गर्न नहुने</u>**: (१) कसैले कुनै पनि व्यक्तिको चरित्र वा सामाजिक प्रतिष्ठामा क्षति पुग्ने गरी निजको मन्जुरी विना जानी जानी निजको तस्वीर खिच्न वा निजलाई बदनाम गर्ने नियतले निजको तस्वीरसँग अरु कसैको तस्वीर राखी जुनसुकै तरिकाले अर्को तस्वीर बनाउन वा एक व्यक्तिको तस्वीरको केही अंश अर्को व्यक्तिको तस्वीरको अर्को अंशसँग मिलाई अर्कै तस्वीर बनाउन, प्रकाशन गर्न वा सार्वजनिक गर्न गराउन हुँदैन ।

तर कसैले कुनै सार्वजनिक ठाँउको तस्वीर खिच्दा त्यस्तो ठाउँमा रहेको कुनै व्यक्ति समेतको तस्वीर खिचिन गएकोमा बाधा पर्ने छैन ।

(२) कसैले कुनै पनि व्यक्तिलाई सताउने, हैरान पार्ने वा निजबाट कुनै अनुचित फाइदा लिने वा तस्वीरको व्यापारिक प्रयोग गरी फाइदा लिने नियतले निजको मन्जुरी नलिई निजको तस्वीर अरु कसैलाई दिन वा प्रकाशन, प्रचार प्रसार, खरिद विक्रि वा सार्वजनिक गर्न गराउन हुँदैन ।

१७. **<u>अनुसन्धानको सिलसिलामा रहेको व्यक्तिलाई सार्वजनिक गर्न नहुने</u>** : कानून बमोजिम अनुसन्धानको सिलसिलामा रहेको कुनै पनि व्यक्तिलाई लागेको कसुरको सम्बन्धमा सम्बन्धित निकायमा अभियोगपत्र दायर नभएसम्म जुनसुकै तरिकाले पनि अधिकार प्राप्त अधिकारीले निजलाई सार्वजनिक गर्न वा गराउन हुदैन ।

तर त्यस्तो अभियोग लागेको व्यक्तिको नाम र निजलाई लागेको अभियोगको विवरण वा सूचना सार्वजनिक गर्न बाधा पर्ने छैन ।

१८. **<u>गोप्य कुरा प्रकट गर्न नहुने</u>** : कसैले आफ्नो व्यावसायिक कामको सिलसिलामा कुनै व्यक्तिबाट कसैको आचारण सम्बन्धी कुनै कुरा जानकारी पाएको भए अधिकार प्राप्त अधिकारीको आदेश वा सम्बन्धित व्यक्तिले मन्जुरी दिएको अवस्थामा बाहेक निजले त्यस्तो कुरा कसैलाई प्रकट गर्नु हुँदैन ।

## परिच्छेद – ९

## विद्युतीय माध्यम र गोपनियता

१९. **विद्युतीय माध्यमको गोपनियता हुने :** (१) कुनै पनि व्यक्तिलाई विद्युतीय माध्यममा रहेको निजको कुनै पनि वैयक्तिक सूचना, लिखत, पत्राचार, तथ्याङ्क वा चरित्र सम्बन्धी कुराको गोपनियता राख्न पाउने अधिकार हुनेछ ।

(२) कसैले कुनै पनि व्यक्तिको विद्युतीय माध्यममा रहेको वा प्रवाह हुने सूचना, जानकारी, पत्राचार अनाधिकृत रुपमा प्राप्त गर्न, त्यसको गोपनियता भंग गर्न वा अनाधिकृत रुपमा कसैलाई उपलब्ध गराउन हुँदैन ।

(३) कसैले पनि कुनै दुई वा दुईभन्दा बढी व्यक्तिहरु बीचमा विद्युतीय माध्यमबाट भएका कुनै सम्वाद वा कुराकानी कानून बमोजिम अधिकार प्राप्त अधिकारीले आदेश दिएकोमा वा त्यसरी कुरा गर्ने सम्बन्धित व्यक्तिहरुले मन्जुरी दिएको अवस्थामा बाहेक कुनै यान्त्रिक उपकरणको प्रयोग गरी सुन्न वा त्यस्तो कुराको ध्वनी अङ्कन वा टेप रेकर्ड गर्न गराउन हुँदैन ।

तर सार्वजनिक रुपमा गरिएको भाषण वा वक्तव्यको हकमा यस उपदफाको व्यवस्था लागू हुने छैन ।

(४) उपदफा (२) वा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित व्यक्तिहरुको मन्जुरी वा अधिकार प्राप्त अधिकारीको आदेशले कुनै पनि सूचना, जानकारी वा पत्राचार सुन्न, ध्वनी अंकन वा टेप रेकर्ड गर्न गराउन सकिनेछ ।

(५) विधुतीय सूचना र तथ्याङ्कको गोपनियता सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२०. **सार्वजनिक स्थलमा बन्द परिपथ टेलिभिजन (सिसिटिभि) क्यामेरा जडान गर्ने सम्बन्धमा:** (१) कुनै पनि सार्वजनिक स्थलमा बन्द परिपथ टेलिभिजन (सिसिटिभि) क्यामेरा जडान गर्न आवश्यक भएमा शौचालय, स्नान गृह वा कपडा फेर्ने कक्ष ( चेन्जिङ रुम) बाहेकका ठाँउमा त्यस्तो क्यामेरा जडान गर्न वा गराउन सकिने छ ।

(२) उपदफा (१) बमोजिम बन्द परिपथ टेलिभिजन (सिसिटिभि) क्यामेरा जडान गरेको ठाउँमा सबैले देख्ने र जानकारी पाउने गरी त्यस्तो क्यामेरा जडान गरिएको सूचना दिने व्यवस्था गर्नु पर्नेछ ।

(३) कुनै स्थानमा बन्द परिपथ टेलिभिजन (सिसिटिभि) क्यामेरा जडान गर्ने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद – १०

## वैयक्तिक सूचना संकलन तथा संरक्षण

२१. **कानून बमोजिम बाहेक वैयक्तिक सूचना संकलन गर्न नहुने :** (१) कानून बमोजिम अधिकार प्राप्त अधिकारी वा त्यस्तो अधिकारीबाट अनुमति प्राप्त व्यक्ति बाहेक अन्य कसैले कुनै पनि व्यक्तिको वैयक्तिक सूचना संकलन, भण्डारण, संरक्षण, विश्लेषण, प्रशोधन वा प्रकाशन गर्न हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै खास विषयमा अध्ययन वा अनुसन्धान गर्न वा जनमत संकलन गर्ने प्रयोजनका लागि सम्बन्धित व्यक्तिको मञ्जुरी लिई निजले दिएको सूचना संकलन गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिम सूचना संकलन गर्दा देहायका विषय स्पष्ट रुपमा खुलाउनु पर्नेछ :-

(क) सूचना संकलन गर्ने समय,

(ख) सूचनाको विषयवस्तु,

(ग) सूचनाको प्रकृति,

(घ) सूचना संकलनको उद्देश्य,

(ङ) सूचना परिक्षणको विधि र प्रक्रिया,

(च) सङ्कलित सूचनाको गोपनियता राख्ने बिषयको सुनिश्चितता,

(छ) सङ्कलित सूचनाको सुरक्षा लगायतका विषय ।

(४) कानून बमोजिम सूचना संकलन गर्न अधिकार प्राप्त अधिकारिले कुनै व्यक्तिको सूचना संकलन गर्दा सम्बन्धित व्यक्तिबाट नै जानकारी लिई संकलन गर्नु पर्नेछ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको व्यक्तिको तर्फबाट देहायका व्यक्तिले सूचना दिन सक्नेछ :

(क) अठार वर्ष उमेर नपुगेको वा होस ठेगानामा नरहेको व्यक्ति भए निजको संरक्षक,

(ख) संरक्षक नभएको खण्ड (क) बमोजिमको व्यक्ति वा निजको माथवर,

(ग) अन्य व्यक्ति भए निजको अख्तियारी दिएको वारिस वा प्रतिनिधि ।

(६) देहायको अवस्थामा बाहेक उपदफा (१) बमोजिम अधिकार प्राप्त अधिकारीले वैयक्तिक सूचना संकलन गर्न हुँदैन :

(क) जून कानून बमोजिमको अख्तियारी प्रयोग गरी त्यस्तो अधिकारीले वैयक्तिक सूचना संलकन गरेको हो सोही कानून बमोजिम निजले संकलन गरेको भएमा,

(ख) कुनै प्रचलित कानून बमोजिम त्यस्तो अधिकारीले त्यस्तो सूचना संकलन गर्ने कानून व्यवस्था भएकोमा,

(ग) फौजदारी कसूरको अनुसन्धान, अभियोजन वा अदालती कारबाई वा कानून कार्यान्वयनको सिलसिलामा संकलन गरेको भएमा,

(घ) कुनै संगठित संस्था वा सार्वजनिक निकायले जून व्यक्तिको सम्बन्धमा सूचना संकलन गरेको हो त्यस्तो व्यक्ति त्यस्तो संस्थाको कुनै पदमा बहाल रहेको वा बहाल रहन लागेको वा त्यस्तो सूचना त्यस्तो संस्था वा निकायको स्वीकृत कार्यक्रम अन्तर्गत रहेकोमा ।

(७) वैयक्तिक तथ्याङ्कको संकलन, प्रशोधन, विश्लेषण र उपयोग सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२२. **जानकारी नदिई सूचना संकलन गर्न नसकिने** : कुनै पनि व्यक्तिबाट निजको वैयक्तिक सूचना संकलन गर्दा कुन प्रयोजनको लागि सूचना संकलन गरेको हो सो सम्बन्धमा निजलाई पूर्ण जानकारी नदिई त्यस्तो सूचना वा तथ्यांक संकलन गर्न हुँदैन ।

**स्पष्टिकरण** : सर्वसाधारणलाई सम्वोधन गरी आम सञ्चारका माध्यमबाट तथ्यांक संकलन गर्ने सूचना प्रसारण वा सार्वजनिक भएकोमा त्यस्तो जानकारी दिएको मानिनेछ ।

२३. **वैयक्तिक सूचना नमानिने** : कानून बमोजिम अन्यथा व्यवस्था भएकोमा बाहेक सार्वजनिक पद धारण गरेको मानिने व्यक्तिका सम्बन्धमा देहायको सूचना निजको वैयक्तिक सूचना मानिने छैन :

(क) निज कुन सार्वजनिक निकायमा बहाल रहेको पदाधिकारी हो भन्ने विषय,

(ख) निजको पद र सो हैसियतमा सम्पर्क गर्न सकिने कार्यालयको ठेगाना, टेलिफोन नम्बर वा विद्युतीय पत्र (ईमेल) को ठेगाना,

(ग) सार्वजनिक निकायले जारी गरेको वा लेखेको कुनै पत्र वा लिखतमा हस्ताक्षर गर्ने व्यक्तिको नाम र निजको पद,

(घ) निजले सम्पादन गर्ने कामको कार्य विवरण र त्यसको प्रकृति,

(ङ) निजको सेवा शर्त सम्बन्धि विषय ।

२४. **संकलित सूचनाको संरक्षण** : (१) कुनै सार्वजनिक निकायले संकलन गरेको वा त्यस्तो निकायको जिम्मा वा नियन्त्रण रहेको वैयक्तिक सूचना त्यस्तो निकायले संरक्षण गर्नु पर्नेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागी सार्वजनिक निकायले त्यस्तो सूचनामा हुन सक्ने अनाधिकृत पहुँच वा त्यस्तो सूचनाको अनाधिकृत उपयोग, हेरफेर, खुलासा, प्रकाशन वा प्रसारण विरुद्द हुन सक्ने जोखिमका विरुद्द सुरक्षाको उपयुक्त प्रवन्ध गर्नु पर्नेछ ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक निकायले तोकिएको अवस्थामा तोकिएको वैयक्तिक सूचना खुलासा गर्न वा गराउन सक्नेछ ।

२५. **सहमति विना वैयक्तिक सूचनाको उपयोग गर्न नहुने** : (१) सार्वजनिक निकाय वा संगठित संस्थाले संकलन गरेको वा त्यस्तो निकाय वा संस्थाको जिम्मा वा नियन्त्रणमा रहेको वैयक्तिक सूचना देहायको अवस्थामा बाहेक सम्बन्धित व्यक्तिको सहमती बिना उपयोग गर्न वा कसैलाई दिन  हुँदैन ।

(क) जुन प्रयोजनका लागि वैयक्तिक सूचना संकलन गरेको हो सोही प्रयोजनको लागी सार्वजनिक वा वितरण भएकोमा,

(ख) फौजदारी मुद्दाको अनुसन्धान वा अभियोजनको सिलसिलामा त्यस्तो अनुसन्धान वा अभियोजन गर्ने अधिकार प्राप्त अधिकारीको लिखित माग भएकोमा,

(ग) अदातलबाट विचाराधिन रहेको मुद्दाको कारबाहिको सिलसिलामा अदालतबाट आदेश भएकोमा,

(घ) प्रचलित कानून बमोजिम सार्वजनिक पद धारण गरेको मानिने व्यक्तिको योग्यता वा अन्य कुनै विषयमा प्रश्न उत्पन्न भई त्यसको निवारण गर्नु परेमा,

(ङ) कुनै खास विषयको प्रश्न उत्पन्न भई सोको निवारण गर्न कुनै खास किसिमको सूचना अधिकार प्राप्त अधिकारीद्वारा लिखित माग भएकोमा ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि वैयक्तिक सूचना संकलन वा संरक्षण गर्ने जिम्मेवारी भएको निकायको अधिकार प्राप्त अधिकारीले देहायको अवस्थामा सार्वजनिक प्रयोजनका लागी गरिएको अध्ययन वा अनुसन्धानको प्रयोजनका लागी कुनै वैयक्तिक सूचना सार्वजनिक गर्ने वा गराउन सक्नेछ :

(क) जुन विषयको अनुसन्धान गरिएको हो त्यस्तो विषय वैयक्तिक पहिचान विना पूरा नहुने भएमा,

(ख) जुन विषयको वैयक्तिक सूचना अनुसन्धानको प्रयोजनका लागि दिइएको हो त्यस्तो सूचना दिँदा सम्बन्धित व्यक्तिलाई हानी नोक्सानी नहुने भएमा,

(ग) सम्बन्धित व्यक्तिले सार्वजनिक प्रयोजनका लागि वैयक्तिक सूचना प्राप्त गर्दा कै बखत वा त्यसपछि जुनसुकै बखत सहमति दिएको भएमा ।

(३) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार वा प्रदेश सरकारले आधिकारिक रुपमा स्थापना गरेको अभिलेखालयको प्रयोजनको लागि देहायको अवस्थामा वैयक्तिक सूचना प्रदान गर्न सकिनेछ :

(क) सम्बन्धित व्यक्तिको वैयक्तिक हैसियत, पेशागत वा वैयक्तिक गोपनियतालाई प्रतिकुल प्रभाव नपुऱ्याउने कुनै सूचना भएमा,

(ख) ऐतिहासिक अनुसन्धान वा ऐतिहासिक तथ्य वा सूचना संकलन वा संग्रहका लागि त्यस्तो सूचना प्रदान भएमा,

(ग) कुनै व्यक्तिको वैयक्तिक सूचना भए त्यस्तो व्यक्तिको मृत्यु भएको तीस वर्ष वा सो भन्दा बढी अवधी व्यतित भईसकेको भएमा,

तर त्यस्तो व्यक्तिको वैयक्तिक सूचना सार्वजनिक गरेको कारणले निजका हकदार वा सन्तानलाई कुनै किसिमले हानि नोक्सानी वा अपमान हुने सूचना भए त्यस्तो सूचना प्रदान गर्न सकिने छैन ।

(घ) एक सय वर्ष वा सोभन्दा बढी अवधीदेखि त्यस्तो सूचना अभिलेखित हुँदै आएको भएमा ।

२६. **संवेदनशील सूचना प्रशोधन गर्न नहुने** : (१) सार्वजनिक निकायले आफ्नो जिम्मा वा नियन्त्रणमा रहेको कुनै पनि सम्वेदनशील वैयक्तिक सूचनाको प्रशोधन गर्न वा गराउन हुँदैन ।

(२) उपदफा (१) को प्रयोजनका लागि देहायको सूचनालाई सम्बन्धित व्यक्तिको सम्वेदनशील वैयक्तिक सूचना मानिनेछ :

(क) निजको जात, जाति वा उत्पति,

(ख) राजनैतिक आवद्धता,

(ग) धार्मिक आस्था वा विश्वास,

(घ) शारिरीक वा मानसिक स्वस्थता वा अवस्था,

(ङ) यौनिक अभिमुखिकरण वा यौन जीवन सम्बन्धि घटना,

(च) सम्पत्ति सम्बन्धि विवरण ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा त्यस्तो सूचनाको प्रशोधन गर्न सकिनेछ :

नेपाल कानून आयोग

(क) सम्बन्धित विषयको इजाजत प्राप्त चिकित्सक वा निजको निर्देशनमा स्वास्थ्यकर्मीले सम्बन्धित विषयको रोग निवारण गर्न वा सार्वजनिक स्वास्थ्य संरक्षण गर्न, रोग पहिचान वा स्वास्थय उपचार गर्न वा स्वास्थ्य संस्थाको व्यवस्थापन तथा स्वास्थ्य सेवा प्रदान गर्ने सिलसिलामा सम्बन्धित व्यक्तिलाई अपमान वा हीनताबोध नहुने गरी आवश्यक प्रशोधन गरेकोमा,

(ख) सम्बन्धित व्यक्तिले नै त्यस्तो सार्वजनिक गरिसकेको सूचना भएमा ।

२७. **सूचना सच्याउन निवेदन दिन सकिने** : (१) कुनै सार्वजनिक निकायको जिम्मा, संरक्षण वा नियन्त्रणमा रहेको आफूसँग सम्बन्धित कुनै सूचना गलत भएको वा तथ्यमा आधारित नभएको कुनै व्यक्तिलाई लागेमा निजले जुनसुकै बखत त्यस्तो सूचना सुधार गरी सच्याउन सम्बन्धित सार्वजनिक निकायमा तोकिएको ढाँचामा निवेदन दिन सक्नेछ ।

तर त्यस्तो सूचनाको आधारमा निजले कुनै लाभ, फाइदा वा सुविधा लिइसकेको भए त्यसलाई सच्याउन निवेदन दिन सक्ने छैन ।

(२) उपदफा (१) बमोजिम निवेदन दिँदा निजले के कस्तो कारणबाट त्यस्तो सूचना गलत भएको वा तथ्यमा आधारित नभएको हो त्यसको विवरण तथा निजले दावि गरेको तथ्य वा विवरणलाई पुष्टि वा प्रमाणित गर्ने प्रमाण समेत दाखिला गर्नु पर्छ ।

(३) उपदफा (१) बमोजिम निवेदन परेमा सार्वजनिक निकायले तोकिए बमोजिम छानविन गरी त्यस्तो सूचनामा सुधार गरी सच्याउनु पर्ने देखिएमा आवश्यक सुधार गरी सच्याउन सक्नेछ ।

## परिच्छेद –११

## अनुगमन

२८. **अनुगमन सम्बन्धी व्यवस्था** : (१) यस ऐन बमोजिम गोपनियताको हक सुरक्षित भए नभएको सम्बन्धमा राष्ट्रिय सूचना आयोगले अनुगमन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा राष्ट्रिय सूचना आयोगले यस ऐनको कार्यान्वयनको अवस्था, कार्यान्वयनका क्रममा देखिएका कमि कमजोरी तथा भविष्यमा गर्नुपर्ने सुधार समेतको विषयमा अनुगमन गर्नेछ ।

(३) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि राष्ट्रिय सूचना आयोगले पेश गर्ने प्रतिवेदनमा यस ऐन बमोजिम गरेको अनुगमनको विषय समेत उल्लेख गर्नु पर्नेछ ।

## परिच्छेद –१२

## विविध

२९. **क्षतिपूर्ति भराउन सक्ने** : व्यक्तिगत गोपनियता अतिक्रमण भएको कारण कसैलाई कुनै हानी, नोक्सानी वा क्षती पुगेकोमा त्यस्तो नोक्सानी वा क्षती पुऱ्याउने व्यक्ति वा निकायले पिडितलाई कानून बमोजिम उचित क्षतिपूर्ति दिनु पर्नेछ ।

३०. **सीमित गरेको नमानिने :** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कानून बमोजिम कुनै कसुरको अनुसन्धान वा अभियोजन गर्ने अधिकारी वा अदालतले प्रयोग गर्ने अधिकार तथा अदालतको कारबाहीका सम्बन्धमा यस ऐनमा लेखिएको कुनै कुराले प्रतिकूल असर पारेको मानिने छैन ।

३१. **कसूर तथा सजाय** : (१) कसैले देहायको कुनै काम गरे वा गराएमा यस ऐन अन्तर्गत कसुर गरेको मानिनेछ :-

(क) दफा ३ को उपदफा (१), (२) र (४) विपरीत हुने काम,

(ख) दफा ४ को उपदफा (२) विपरीत हुने काम,

(ग) दफा ५ को उपदफा (१) विपरित हुने काम,

(घ) दफा ६ विपरित हुने काम,

(ङ) दफा ७ को उपदफा (२), (३) र (४) विपरित हुने काम,

(च) दफा ९ विपरित हुने काम,

(छ) दफा १० को उपदफा (२) वा (३) विपरित हुने काम,

(ज) दफा ११ को उपदफा (३) विपरीत हुने काम,

(झ) दफा १२ को उपदफा (४) विपरीत हुने काम,

(ञ) दफा १३ को उपदफा (२) विपरीत हुने काम,

(ट) दफा १४ विपरित हुने काम,

(ठ) दफा १५ को उपदफा (२), (३) र (४) विपरित हुने काम,

(ड) दफा १६ को उपदफा (१) र (२) विपरीत हुने काम,

(ढ) दफा १९ को उपदफा (२) र (३) विपरीत हुने काम,

(ण) दफा २१ को उपदफा (१) र (६) विपरित हुने काम,

(त) दफा २५ को उपदफा (१) विपरीत हुने काम,

(थ) दफा २६ को उपदफा (१) विपरित हुने काम ।

(२) उपदफा (१) बमोजिमको कसूर वापत तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुबै सजाय हुनेछ ।

(३) उपदफा (१) को खण्ड (ग), (ड), (ण), (त) वा (थ) बमोजिमको कसूरमा नेपाल सरकारबादी हुनेछ र त्यस्तो कसूर फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१ मा समावेश भएको मानिनेछ ।

३२. **उजुर गर्न सक्ने** : (१) दफा ३१ को उपदफा (३) मा उल्लेख भएकोमा बाहेक यस ऐन अन्तर्गतका अन्य कुनै कसूर गरेकोमा सरोकारवाला व्यक्तिले सम्बन्धित जिल्ला अदालतमा उजुर गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उजुर गर्दा त्यस्तो काम भएको मितिले तीन महिना भित्र गर्नु पर्नेछ ।

३३. **क्षतिपूर्ति** : (१) यस ऐन अन्तर्गत कुनै कसूर मानिने वा अन्य कुनै काम गरेको कारणबाट कसैलाई कुनै प्रकारको हानी नोक्सानी हुन गएमा वा क्षति पुग्न गएमा सरोकोरवाला वा पिडित व्यक्तिले त्यस्तो हानी नोक्सानी तथा पिडितलाई क्षतिपूर्ति समेत भराई पाउन सम्बन्धित जिल्ला अदालतमा उजुर गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको उजुरी परेमा सम्बन्धित जिल्ला अदालतले क्षतिपूर्ति भराई दिनु पर्ने देखेमा कसूरदारबाट पिडितलाई मनासिव क्षतिपूर्ति भराई दिनु पर्नेछ ।

३४. **यस ऐन प्रतिकुल गर्न नहुने** : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पनि सार्वजनिक सूचना प्रवाह गर्ने निकायले त्यस्तो सूचना प्रवाह गर्दा यस ऐनको प्रतिकूल नहुने गरी सूचना प्रवाह गर्नु पर्नेछ ।

३५. **नियम बनाउने अधिकार** : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

नेपाल कानून आयोग

नेपाल कानून आयोग

# अनुसूची-११

## <u>आयोगको वेवसाइटमा रहेका कानूनहरुको विवरण</u>

| सामग्रीको विवरण | नेपाली | | | अङ्ग्रेजी | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|
| | मौजुदा | अभिलेख | जम्मा | मौजुदा | अभिलेख | जम्मा | |
| संबिधान | १ | ६ | ७ | १ | ३ | ४ | ११ |
| ऐन | ३२७ | ४०९ | ७३६ | ३०२ | ४७ | ३४९ | १०८५ |
| नियम | ३०४ | १६८ | ४७२ | १६६ | १० | १७६ | ६४८ |
| सन्धी र महासन्धी | २९ | ० | २९ | ६९ | ० | ६९ | ९८ |
| गठन आदेश | १११ | १ | ११२ | ७ ६ | १ | ७७ | १८९ |
| नीति | २९ | ० | २९ | ० | ० | ० | २९ |
| अध्यादेश | ७ | ४ | ११ | ० | ० | ० | ११ |
| अन्य | ० | ० | ० | ४६ | ८ | ५४ | ५४ |
| ऐतिहासिक दस्तावेज | ० | २० | २० | ० | १५ | १५ | ३५ |
| जम्मा | ८०८ | ६०८ | १४१६ | ६६० | ८४ | ७४४ | २१६० |

नेपाल कानून आयोग

# अनुसूची-१२

## आ.व. २०७४/७५ सम्पन्न भएको कार्यक्रम सम्बन्धी विवरण

| क.स. | कार्यक्रम | स्थान | कैफियत |
|---|---|---|---|
| १. | कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार नियन्त्रण सम्बन्धी कानूनको प्रचार प्रसार | दैलेख, सर्लाही र सिन्धुली | ३ वटा |
| २. | कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार नियन्त्रण सम्बन्धी कानूनको प्रचारप्रसार | मकवानपुर, चितवन, सुर्खेत र पर्सा | UNDP को सहकार्यमा ४ वटा |
| ३. | देवानी संहिता र अपराध संहिताका मुख्य विषयहरुको प्रचार प्रसार | हेटौंडा, निजगढ, कोल्हवी र जितपुर सिमरा | ४ वटा |

नेपाल कानून आयोग